नेपाल सरकार

# मन्त्रालयगत प्रगति विवरण

नेपाल सरकार

## अर्थ मन्त्रालय

२०७९

# नेपाल सरकार

# मन्त्रालयगत प्रगति विवरण

(आर्थिक वर्ष २०७७/७८ को यथार्थ र आर्थिक वर्ष २०७८/७९ को चैतसम्मको विवरण)

## नेपाल सरकार

# अर्थ मन्त्रालय

२०७९, जेठ

***www.mof.gov.np***

# प्राक्कथन

नेपालको संविधानको धारा ११९(२) बमोजिम प्रत्येक आर्थिक वर्षको वार्षिक आय-व्यय अनुमान संघीय संसदको दुवै सदनको संयुक्त बैठक समक्ष प्रस्तुत गर्दा विभिन्न मन्त्रालयहरूलाई उपलब्ध गराएको बजेट, बजेटको खर्च तथा उपलब्धी समेटेर मन्त्रालयगत प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। उपर्युक्त संवैधानिक व्यवस्था बमोजिम आर्थिक वर्ष २०७७/७८ मा विनियोजित बजेट र सोको उपलब्धी तथा आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेट र २०७८ चैत मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समेटेर **"मन्त्रालयगत प्रगति विवरण, २०७९"** तयार पारिएको छ।

आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको विवरण तथा त्यसलाई केही परिमार्जन गर्न ल्याइएको प्रतिस्थापन बजेटले समग्रमा कोभिड-१९ को महामारीबाट नागरिकको जीवन रक्षा गर्दै अर्थतन्त्रको शीघ्र पुनरुत्थान गर्न आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तीव्रता दिने, सामाजिक सुरक्षा एवम् संरक्षण प्रदान गर्ने र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने, सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील अर्थतन्त्र निर्माण गर्ने, बहुआयामिक गरिबी न्यूनीकरण गर्ने, उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, समावेशी र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने उद्देश्य लिए बमोजिम बजेटको प्रभावकारी कार्यान्वयन भई कार्यक्रम/क्रियाकलापहरू अगाडि बढिरहेका छन्। यसका अलावा पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्ने तथा खर्च प्रणालीमा मितव्ययिता कायम गर्ने र सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ, उत्तरदायी र नतिजामूलक बनाउन जोड दिइएको छ।यसलाई साकार पार्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली लगायतका विषयगत कानून समेत कार्यान्वयनमा ल्याइएको छ।यसका साथै करको दायरा फराकिलो बनाई कर प्रणालीलाई व्यवस्थित, वैज्ञानिक र प्रविधिमैत्री बनाउन समेत सरकार निरन्तर लागि परिरहेको छ।यस अवस्थामा मन्त्रालयगत प्रगतिको समीक्षा, विवरण सङ्कलन र प्रकाशनले तात्विक महत्व राख्दछ भन्नेमा दुई मत छैन।

कोभिड-१९ बाट शिथिल अर्थतन्त्रलाई क्रमशः पुनरुत्थान र सशक्त वनाउन थालेसँगै सरकारका प्राथमिकता र बजेटले निर्दिष्ट गरेका कार्यक्रम तथा विनियोजित रकमको खर्च एवम् उपयोग सन्तोषजनक रहेको छ।यद्यपी बजेट कार्यान्वयन र पुँजीगत खर्च अपेक्षित हुन नसक्नु खर्च प्रणालीमा समस्याको रुपमा रहेको छ।कोभिड १९ लगायत वाह्य प्रभावकाबीच आत्मनिर्भर, प्रगतिशील र समावेशी माध्यमबाट अपेक्षित आर्थिक वृद्धि दर हासिल गर्ने, प्रक्षेपित विकासका गुणात्मक लक्ष्यहरु प्राप्त हुने गरी समृद्ध विकासको नक्साङ्कन गर्नु अबको आवश्यकता हो।

प्रस्तुत विवरणबाट चालु आर्थिक वर्षमा मन्त्रालयबाट भएको खर्च र त्यसबाट भएको उपलब्धिको यथार्थ जानकारी हुनुका साथै सम्बन्धित सबैलाई उपयोगी हुने विश्वास लिएको छु।

अन्त्यमा, यो विवरण तयार गर्ने कार्यमा संलग्न हुनुहुने मन्त्रालयका सचिव लगायत सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**२०७९, जेठ**

**जनार्दन शर्मा "प्रभाकर"**
**अर्थ मन्त्री**

# प्रगति विवरणको सम्बन्धमा

यस मन्त्रालयगत प्रगति विवरण पुस्तिकामा सबै मन्त्रालयको दीर्घकालीन सोच, उद्देश्य तथा रणनीति सहितको संक्षिप्त परिचय, अघिल्लो आर्थिक वर्ष (२०७७/७८) को यथार्थ खर्च र प्रगतिका साथै चालु आर्थिक वर्षको चैत मसान्तसम्मको विनियोजित बजेट बमोजिमको खर्चको विवरण समावेश गरिएको छ।साथै, चालु आर्थिक वर्ष (२०७८/७९) को बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको सम्बन्धमा २०७८ चैत मसान्तसम्मको वित्तीय र भौतिक प्रगति विवरणका अतिरिक्त सम्बन्धित मन्त्रालयबाट सोही अवधिमा सम्पादन भएका अन्य महत्त्वपूर्ण कार्यहरुलाई समेत संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

विषयगत मन्त्रालयको कार्यक्षेत्रका सम्बन्धमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम तोकिएको कार्यक्षेत्र नै भएकोले मन्त्रालयगत प्रगति विवरणमा पुनः उल्लेख गरिएको छैन।

यसमा आर्थिक ऐन, २०७७ बमोजिम आर्थिक वर्ष २०७७/७८ को पूर्ण अवधिको तथा आर्थिक ऐन, २०७८ बमोजिम चैत मसान्तसम्म सम्बन्धित निकायको सिफारिसमा प्रदान गरिएको राजस्व छुटको विवरण तथा आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक सहायता र चालु आर्थिक वर्ष (२०७८/७९) को चैतसम्म नेपाल सरकारलाई प्राप्त वैदेशिक सहायताको आयोजनागत प्रतिबद्धता विवरण समेत समावेश गरिएको छ।

प्रस्तुत विवरणमा सम्बन्धित मन्त्रालयले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवम् सोसँग सम्बन्धित विवरणका अतिरिक्त खर्चको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीमा आधारित तथ्याङ्क प्रस्तुत गरिएको छ।

# विषय-सूची


| क.सं. | मन्त्रालयको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | अर्थ मन्त्रालय | १३ |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३८ |
| ४. | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ५५ |
| ५. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ८० |
| ६. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ८५ |
| ७. | खानेपानी मन्त्रालय | १०६ |
| ८. | गृह मन्त्रालय | ११७ |
| ९. | परराष्ट्र मन्त्रालय | १३३ |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १४५ |
| ११. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५७ |
| १२. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १७५ |
| १३. | युवा तथा खेलकुद मन्त्रालय | १९० |
| १४. | रक्षा मन्त्रालय | १९७ |
| १५. | वन तथा वातावरण मन्त्रालय | २०७ |
| १६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २२५ |
| १७. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २४१ |
| १८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २५० |
| १९. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २६२ |
| २०. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २७४ |
| २१. | शहरी विकास मन्त्रालय | २८७ |
| २२. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २९६ |
| **अनुसूचीहरू** | | |
| १. वैदेशिक सहायता प्राप्तिको विवरण<br>२. वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताको विवरण<br>३. विभिन्न कार्यालय, संघ/संस्था तथा व्यक्तिलाई दिइएको राजस्व छुटको विवरण | | |

# संवैधानिक निकाय/मन्त्रालयगत व्यय विवरण

(रू. हजारमा)

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७७/७८ | | आर्थिक वर्ष २०७८/७९ | |
|---|---|---|---|---|---|
| | | खुद बजेट | खर्च | खुद बजेट | चैतसम्मको खर्च |
| १०१ | राष्ट्रपति | १६३६१३ | १२२६३७ | १४९३४१ | ९४७०४ |
| १०२ | उपराष्ट्रपति | ५३५०० | ४६३७८ | ४८४०० | ३३०३४ |
| १०३ | प्रदेश प्रमुखहरु | २३०२३७ | १५६०७३ | २०७४३१ | १०८३२० |
| २०२ | संघीय संसद | १२५५८६२ | १०४१५६८ | १२५३७६४ | ८१७०३० |
| २०४ | अदालत | ८२७६२१२ | ६९६०२१९ | ७२१००२० | ४९६०३१४ |
| २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १३३०४०० | ८३०३९८ | १२७६९०३ | ५०९००२ |
| २०८ | महालेखा परीक्षकको कार्यालय | ६२३२०० | ५१५८८१ | ६७२७०० | ४२९७३२ |
| २१० | लोक सेवा आयोग | ७९५५२२ | ५३६५६० | ९९०६९९ | ६७१०७५ |
| २१२ | निर्वाचन आयोग | ५९४०१५ | ४८९२८१ | १६८१८४२ | ५१७३७२ |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २६३६३७ | १७७३७१ | २५३६०० | १३८५७७ |
| २१८ | न्याय परिषद् | ४८१३४ | ४०६३५ | ४९३९५ | ३१९३४ |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८८००० | ४६०१० | ८२९०० | ३६६१२ |
| २२२ | राष्ट्रिय महिला आयोग | १२६४०० | ६९०४५ | १०१३०० | ४३२८८ |
| २२४ | राष्ट्रिय दलित आयोग | ३२८०० | २६३९० | ३२४६६ | १८३०१ |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ३४१०० | २०८९७ | ३०४४५ | २१५६३ |
| २२८ | आदिवासी जनजाति आयोग | ३१५०० | २१५२८ | २७१०० | १८६५४ |
| २३० | मधेशी आयोग | ५१८३९ | ४३२२२ | ३२६०० | १९९९९ |
| २३२ | थारू आयोग | ५५७११ | ३९०३६ | ५७८२५ | ३९७५० |
| २३४ | मुस्लिम आयोग | ४४४०० | २७४४६ | ४२९०० | १९४६३ |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४३८१०७५ | ३०३०४९६ | ४०४०८८५ | २३१८०५६ |
| ३०५ | अर्थ मन्त्रालय | ३१५५७७८६ | १४३५१९३५ | ३८२५९७१३ | १३४२५९९३ |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९४२७००० | ५४९०३२४ | १०५५०५२८ | ३६३४३३६ |
| ३०८ | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | ४२७२८७६२ | २४४९२१२२ | ४२१४५३१८ | १४११५२३६ |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४९६१५१ | २८५८५३ | ४९३४२१ | २२०९२१ |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २८६२३६१८ | २३००६८०२ | ३६१४८५३३ | १६३३००६५ |
| ३१३ | खानेपानी मन्त्रालय | २५३३१००० | १२१९८८८५ | २३७५७००४ | ५७०४१०० |
| ३१४ | गृह मन्त्रालय | १४६०३९४४७ | १३५३५६७२० | १६९२४२८२१ | ११२७३७१७३ |
| ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५९७२०३८ | ४५२८७३४ | ५६४५३३४ | २५१००९८ |
| ३२६ | परराष्ट्र मन्त्रालय | ६८२४७२१ | ६०५०८८१ | ६८५११७० | ३०९७३७४ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | १२७९२०४८ | १००६४३२१ | ११७२१७२४ | ५४३४७२७ |
| ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ८१३१६४७ | ५५९८६७९ | ७०७८६६५ | ३२६८३८६ |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १४८२८९८४६ | १०२३६८५७२ | १५६३६७९५५ | ५२८९६१०९ |
| ३४० | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६७५९९६ | ४९६५६८ | ६६६०१६ | २८३५४७ |
| ३४३ | युवा तथा खेलकूद मन्त्रालय | २०५७५७९ | १३९५२११ | १९०४३०० | ७१५०६५ |
| ३४५ | रक्षा मन्त्रालय | ५४७६९५०४ | ५२६५४२५४ | ५२५६०९९३ | ३७४६३५३१ |
| ३४७ | शहरी विकास मन्त्रालय | ३०८५९७१४ | २४५५६२०६ | ३०८४६०५७ | ९८५१८८७ |

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७७/७८ | | आर्थिक वर्ष २०७८/७९ | |
|---|---|---|---|---|---|
| | | खुद बजेट | खर्च | खुद बजेट | चैतसम्मको खर्च |
| ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४७७५४२२२ | ३६८७९२६४ | ४९७७३७४८ | ३१८०६३५७ |
| ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७३७३२७९ | ६३६९७७९ | ७१९२७९२ | ३४७६२७० |
| ३६५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २७७८७१६५ | १५७६१९७७ | १९०७४८८० | ५२८९४३१ |
| ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ६२३६७३२६ | ४१५०११६८ | ९४१६१४४५ | ३२६१९२८७ |
| ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३१७३८३६ | १६२३११५ | २५७५२९५ | ६३०८७३ |
| ३९१ | राष्ट्रिय योजना आयोग | १६६३२७७ | ९२५२७० | ३६५३६५२ | २४३३२५७ |
| ३९२ | राष्ट्रिय पुनःनिर्माण प्राधिकरण | ६९३३७६७४ | ५२९४४५३५ | ३६९६११८५ | १११६४४५१ |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | १०९९६९९०० | ६१३९२२८० | १०६३२६९०० | १९०५७३७० |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ६५६४१७०० | ६५३६१६८८ | ८५०७०९०० | ५२९३६९५३ |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २७४०९२०० | २६३४५००५ | ३३२२६२०० | १८५६०३१५ |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ७१०७४०० | ३२६४७०१ | ९५२३९०० | २९८२०५८ |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ५९८२४५८५ | ५२५३८८३२ | ९०५६८०२९ | ४९४८८०३६ |
| ६०२ | अर्थ मन्त्रालय- विविध | २७६७५९४ | १५०१७० | ७०६६४७७७ | ९६१३७८ |
| ७०१ | प्रदेश | ११३५४१२४३ | ११०३४८०६२ | १०८२१९५७८ | ६०९८१७०८ |
| ८०१ | स्थानीय तह | २९५८६९९८४ | २८४१३२९७८ | ३०३३५३८५१ | २०९४२२७२७ |
| | **कुल जम्मा** | **१४७४६४५४००** | **११९६६७५९६३** | **१६३२८२९२००** | **७९४३४५८००** |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमि

मुलुकको सर्वोच्च प्रशासनिक निकायको रूपमा रहेको यस कार्यालयले समग्र सार्वजनिक नीति तर्जुमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्दछ। नेपाल सरकारको तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिको तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको अनुगमन, मूल्याङ्कन गर्ने, विधेयक तथा अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने, नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य यस कार्यालयले गर्दछ। यस कार्यालयले नेपाल सरकारका मन्त्रालय एवम् निकायहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन र मूल्याङ्कनको कार्य गर्दछ। प्रादेशिक सन्तुलन तथा अन्तर प्रदेश समन्वय, तीन तहका सरकारबीचमा समन्वय सहकार्यसम्बन्धी काम गर्ने तथा देशको समग्र राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा अद्यावधिक जानकारी लिने तथा अनुगमन गर्ने, व्यवस्थापन सूचना प्रणालीको विकास, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन, प्रशासनिक पुनःसंरचना, द्विपक्षीय वा बहुपक्षीय सन्धि/सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यहरू पनि गर्दछ।

## २. दीर्घकालीन सोच

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुशासनको नेतृत्वदायी र उत्कृष्ट निकायको रूपमा स्थापित गर्ने।

## ३. उद्देश्य

- प्रशासन संयन्त्रलाई विश्वसनीय, परिणाममुखी, जनउत्तरदायी र सक्षम बनाउने,
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नतिजामूलक बनाउने,
- सार्वजनिक सेवा प्रवाहलाई दक्ष र प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने,
- मन्त्रालय तथा निकायहरूको रेखदेख, नियन्त्रण तथा निरीक्षण गर्ने,
- विद्युतीय सुशासनलाई बढावा दिने,
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउने,
- शून्य सहनशीलता मार्फत भ्रष्टाचार निवारण गरी सदाचार पद्धतिलाई प्रोत्साहन गर्ने।

## ४. रणनीति

- कार्यसम्पादन सूचकमार्फत नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने,
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- मानव अधिकारको सम्मान, संरक्षण एवम् प्रवर्द्धन गर्ने,
- भौतिक पूर्वाधार विकासमा समन्वय एवम् सुधार गर्ने,

- विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गर्ने,
- गुनासो व्यवस्थापनलाई सुदृढ गरी सुशासन कायम राख्ने,
- संघ, प्रदेश र स्थानीय सरकारको बीचमा सहकार्य, समन्वय एवम् सहजीकरण गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २३३ | २३३ | ० | ० | |
| २ | महान्यायाधिवक्ताको कार्यालय | १५८ | १४८ | १० | ० | |
| ३ | उच्च सरकारी वकील कार्यालयहरू | ३५५ | ३०६ | ४९ | ० | |
| ४ | विशेष सरकारी वकील कार्यालय | ३९ | ३६ | ३ | ० | |
| ५ | जिल्ला सरकारी वकील कार्यालयहरू | ९५४ | ८३४ | १२० | ० | |
| ६ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ४६ | ३८ | ८ | ० | |
| ७ | नेपाल ट्रष्टको कार्यालय | ६६ | ६२ | ४ | ० | |
| ८ | राष्ट्रिय सतर्कता केन्द्र | १२३ | ९३ | ३० | ० | |
| ९ | राजस्व अनुसन्धान विभाग र अन्तर्गत | १४५ | १६० | ० | ० | |
| १० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७९ | ५६ | २३ | ० | |
| ११ | राष्ट्रिय अनुसन्धान विभाग | २२६४ | २०५९ | २०५ | ० | |
| १२ | लगानी बोर्डको कार्यालय | ३० | २९ | १ | ० | |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्यसमेत) मा उल्लिखित नीति तथा कार्यक्रमसम्बन्धी बुँदाहरूका २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६७ | सडक, ऊर्जा, रेलमार्ग र विमानस्थल आयोजना निर्माण, सञ्चालन र मर्मत सम्भारमा सार्वजनिक निजी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याइने। भायविलिटी ग्याप फण्डिङ्गका लागि परियोजना लागतको ३० प्रतिशतसम्म पुँजीगत अनुदान उपलव्ध गराउन कानूनी व्यवस्था गरिने। यसबाट निजी लगानी प्रवर्द्धन हुनुका साथै रोजगारी सिर्जनामा योगदान पुग्ने विश्वास लिइएको। भायविलिटी ग्याप फण्डिङ्गको लागि बजेट व्यवस्था गरिने। | • अवधारणा पत्र तयार भएको। |
| १०० | खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गरिने। तीन वर्षभित्र रासायनिक मल कारखाना स्थापना | • रासायनिक मलसम्बन्धी लगानी बोर्डको कार्यालयले अध्ययन सम्पन्न गरी प्रतिवेदन सार्वजनिक गरिएको। रासायनिक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गर्ने गरी प्रारम्भिक कार्य अघि बढाइने। रासायनिक मलमा प्रदान गरिने अनुदानलाई वृद्धि गरी रु.१२ अर्ब पुऱ्याइएको। | मल कारखाना स्थापना सम्बन्धमा ढल्केबर, हेटौडा र बर्दघाटमा गरी तीन वटा कम्पनीले लगानी बोर्डको कार्यालयमा Unsolicited Proposal हरू पेश गरेकोमा बोर्डको मिति २०७८।१२।१७ मा बसेको ५०औं बैठकबाट DIAG Industries GmbH Germany लाई रासायनिक मल प्लाण्ट स्थापनाका लागि अध्ययन अनुमति प्रदान गर्ने निर्णय भएको। |
| १८४ | तुलनात्मक लाभका उद्योगको स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिने। वैदेशिक लगानीबाट स्थापित उद्योगको लगानी फिर्ता प्रक्रियालाई सरलीकरण गरिने। एकल विन्दु सेवा केन्द्रबाट लगानीकर्तालाई प्रदान गरिने सेवा विद्युतीय माध्यमबाट गरिने। | • आवश्यक हार्डवेयर खरिद कार्य सम्पन्न गरी डाटा सेन्टर स्थापनाको कार्य भइरहेको र सफ्टवेयर खरिदको सम्झौता सम्पन्न भई काम भइरहेको। |
| ३१६ | बुढीगण्डकी, पश्चिम सेती, उत्तरगङ्गा र नलसिङगाढ जलविद्युत आयोजनाको निर्माण ढाँचा निर्धारण र स्रोत व्यवस्थापन गरी कार्यान्वयन गरिने। वेतन कर्णाली जलविद्युत आयोजनामा वित्तीय व्यवस्था गरी निर्माण गरिने। कर्णाली चिसापानी जलविद्युत आयोजना कार्यान्वयन गर्न पूर्वतयारी कार्य अघि बढाइने। | • आयोजनाको खाका (Project Structuring) एवम् आयोजना विकास तथा लगानीको खाका (Project Development and Investment Modality) सम्बन्धी अध्ययन गरी सिफारिस सहितको प्रतिवेदन बोर्ड समक्ष पेश गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा समिति गठन भएकोमा अध्ययनको कार्य अन्तिम चरणमा पुगेको। |
| ३८५ | महान्याधिवक्ता कार्यालयको रणनीतिक योजना कार्यान्वयन गरी संस्थागत सुदृढीकरण गरिने। | • महान्याधिवक्ता कार्यालयको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना २०७८/७९-२०८२/८३ मिति २०७८/०४/०१ बाट लागू भई कार्यान्वयनमा रहेको। |
| ४१७ | भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गर्दै शासकीय स्वच्छता कायम गरिने। "म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म | • सङ्कलित कुल जम्मा ७ सय ३१ उजुरी मध्ये ४ सय ३५ वटा फछ्र्यौट गरिएको। <br>• ६ वटा प्रदेश स्तरीय सचेतना गोष्ठी तथा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा पूर्णरूपमा लागू गरिने। | स्थानीय तहमा १८ वटा सदाचार शिक्षा कार्यक्रम सम्पन्न भएको।<br>• २ सय २७ कार्यालयहरूको समय पालना तथा पोशाक अनुगमन तथा २ सय ४ कार्यालयहरूको नागरिक बडापत्र कार्यान्वयन अवस्था अनुगमन गरिएको। |
| ४१८ | सार्वजानिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइने। सेवाग्राहीको पृष्ठपोषण दिने पद्धतिलाई संस्थागत गरिने। नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइने। | • नागरिक बडापत्र कार्यान्वयन अवस्थाको अनुगमन र सेवाग्राही सर्वेक्षण गरी पृष्ठपोषण प्राप्त गरिएको।<br>• हेलो सरकार कक्षमा दर्ता भएका जम्मा ७ हजार ६ सय ७० गुनासो मध्ये ३ हजार ८ सय ४२ (५०.०९प्रतिशत) गुनासोहरू फछ्र्यौट गरिएको। |
| ४२१ | पूर्वाधार आयोजनाको गुणस्तर अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्र मार्फत प्राविधिक परीक्षणको दायरा विस्तार गरिने। | • NPDOP तर्फ ३७ वटा र BIMP तर्फ ३५ वट्टा आयोजनाको प्राविधिक परीक्षण गरिएको। |
| ४३७ | राष्ट्रिय आयोजना बैंकलाई मापदण्डमा आधारित बनाई नियमित रूपमा अद्यावधिक गरिने। सम्भाव्यता अध्ययन लगायत पूर्वतयारी सम्पन्न भएका आयोजना मात्र कार्यान्वयनमा लगिने। | • ५ वटा परियोजनाको RFP मूल्याङ्कन भइरहेको र चाडै सेवा खरिद सम्झौता सम्पन्न भई कार्य शुरु हुने। |
| ४५६ | सम्पत्ति शुद्धीकरण निवारण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण र जोखिम न्यूनीकरण गर्न राष्ट्रिय रणनीतिको कार्यान्वयनलाई थप प्रभावकारी बनाइने। | • राष्ट्रिय जोखिम मूल्याङ्कनको पूरक कार्ययोजना तयार भएको।<br>• आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा ९५ उजुरी दर्ता भएकोमा १२ प्रतिवादी कायम गरी कुल बिगो दाबी रकम रू.२५ करोड ८३ लाख ३३ हजार ३ सय ३७ रुपैया र कुल जरिबाना मागदाबी रकम रू.५१ करोड ६६ लाख ६ हजार ६ सय बिगो कायम गरी विशेष अदालत समक्ष २ मुद्दामा अभियोग पत्र दायर गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४८८ | राजस्व चुहावटलाई नियन्त्रण गर्नका लागि केन्द्रीय विजक अनुगमन प्रणाली, आशिकुडा प्रणाली, भिसिटिएस सूचना प्रणाली, भूमि व्यवस्थापन तथा अभिलेख र बैंक तथा वित्तीय संस्थाहरूको सूचना प्रणालीबीच अन्तर-आवद्धता कायम गरी एकीकृत करदाता सूचना प्रणालीको विकास गरिने। | • राजस्व अनुसन्धान विभागका उपमहानिर्देशकको अध्यक्षतामा अन्तर-आवद्धता समिति गठन गरिएको।<br>• राजस्व अनुसन्धान विभाग, भन्सार विभाग र आन्तरिक राजस्व विभागबीच MOU गर्नको लागि गृहकार्य गरिएको।<br>• राष्ट्र बैंक अन्तर्गतको FIU सँग MOU सम्पन्न भएको र निश्चित सूचनाहरू आदानप्रदान हुने गरेको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| ६३ | सार्वजनिक खरिद सम्झौताको हर्जाना नलाग्ने गरी छ महिनासम्म म्याद थप गर्ने। बैंक ग्यारेन्टीको अवधि बढाउँदा थप दस्तुर नलिने व्यवस्था मिलाउने। निर्माण व्यवसायीलाई चालु पुँजी व्यवस्थापनमा सहयोग पुऱ्याउन रिटेन्सन मनी बापतको ५० प्रतिशत रकम बराबरको बैंक ग्यारेन्टी राखी फिर्ता लिन पाउने व्यवस्था मिलाइने। | • सार्वजनिक खरिद नियमावलीको एघारौं संशोधनबाट व्यवस्था मिलाइएको।<br>• सम्बन्धित बैंकहरूबाट प्रगति प्राप्त हुने व्यवस्था मिलाइएको। |
| ७२ | नक्कली विल विजक, नक्कली अन्तःशुल्क स्टिकरको प्रयोग एवम् अन्तः शुल्क चुहावट नियन्त्रण गर्न कडाइका साथ अनुगमन, सुक्ष्म निगरानी एवम् वृहत् अनुसन्धानलाई तिव्रता दिइने। | • नियमित, आकस्मिक र द्रुत गस्ती नियमित रूपमा सञ्चालन गरिएको।<br>• Promotional रणनीति अन्तर्गत चेतनामूलक र संयुक्त अनुगमन कार्यक्रम सञ्चालन गरिएको। |
| ४४३ | सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न खरिद कानुनमा समयानुकुल परिमार्जन गरिने। नियमित संरचनाबाट सम्पादन हुने काममा परामर्शदाता नियुक्त गर्न नपाइने व्यवस्था कडाइका साथ लागू गरिने। | • सार्वजनिक खरिद नियमावलीको एघारौं संशोधनबाट सार्वजनिक खरिद व्यवस्थापन समयानुकुल बनाइएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरुः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/कानुन/कार्यविधि/ निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १. | सैनिक सेवा (चौथो संशोधन) नियमावली, २०७८ | संशोधन | |
| २. | राहदानी (पहिलो संशोधन) नियमावली, २०७८ | संशोधन | |

| क.सं. | नीति/कानुन/कार्यविधि/ निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| ३. | शिक्षक सेवा आयोग (एघारौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| ४. | प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| ५. | बर्ड फ्लु रोग नियन्त्रण नियमावली, २०७८ | नयाँ तर्जुमा | |
| ६. | राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| ७. | नेपाल मेडिकल काउन्सिल (पाँचौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| ८. | सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| ९. | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८ | नयाँ तर्जुमा | |
| १०. | औद्योगिक व्यवसाय नियमावली, २०७८ | नयाँ तर्जुमा | |
| ११. | डिजिटल प्रणाली मार्फत जग्गाको नापनक्सा तथा जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८ | नयाँ तर्जुमा | |
| १२. | हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका २०७८ | नयाँ तर्जुमा | |
| १३. | बी.पी. कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा | |
| १४. | प्रशिक्षार्थी (इन्टर्न) भर्ना, सञ्चालन, एवम् नियमनसम्बन्धी मापदण्ड, २०७८ | नयाँ तर्जुमा | लगानी बोर्ड नेपाल |
| १५. | बिशेषज्ञ समिति वा कार्यदल गठन तथा विशेषज्ञ नियुक्ति र पारिश्रमिक एवम् सुविधासम्बन्धी मापदण्ड, २०७८ | नयाँ तर्जुमा | लगानी बोर्ड नेपाल |
| १६. | जोखिममा आधारित जाँचबुझ, अनुसन्धान एवम् अभियोजनसम्बन्धी मार्गदर्शन, २०७८ | नयाँ तर्जुमा | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग |
| १७. | सार्वजनिक खरिदका लागि नमुना बोलपत्रसम्बन्धी कागजात (Standard Bidding Documents) | संशोधन | सार्वजनिक खरिद अनुगमन कार्यालय |

## ख. अन्य सम्पदित महत्त्वपूर्ण कार्यहरुः

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरू सहितको नेपाल सरकारको वार्षिक प्रतिवेदन तयारी गरी सम्माननीय प्रधानमन्त्री मार्फत राष्ट्रपति समक्ष पेश भएको।
- मन्त्रिपरिषद्को ४५ वटा बैठक बसी १ हजार ७३ वटा निर्णय भएको साथै २९ वटा मन्त्रिपरिषद् समितिको बैठक बसी ६९ वटा निर्णय भएको।
- नेपाल सरकार मन्त्रिपरिषद्का विभिन्न बैठकबाट भएका जम्मा ६ सय ३० निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्राप्त गरी मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक गरिएको।
- नेपाल सरकारका सबै केन्द्रीय निकायहरूसँग आयोग, प्रतिष्ठान, बोर्ड, समिति वा यस्तै प्रकृतिका संस्थाहरूको सम्बन्धमा मिति २०७५/३/२० को नेपाल सरकार मन्त्रिपरिषद् निर्णय कार्यान्वयनसम्बन्धी विवरण माग भएकोमा प्राप्त प्रगति विवरण अद्यावधिक गरिएको।
- राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाहरूको समस्या समाधान तथा आवश्यक समन्वयका लागि आयोजना सहजीकरण समितिको बैठक आयोजना गरी समन्वय र सहजीकरण गरिएको।
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित मन्त्रालय निकायसँग समन्वय गर्न १४ वटा आयोजना सहजीकरण समितिको बैठक सम्पन्न भएको।

- राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका ३० वटा सिफारिस कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको।
- सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, संवैधानिक परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाइ सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका ३ सय ७२ थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र, तथा प्रतिउत्तर पत्र तयार गरी अदालतहरूमा पठाइएको।
- यस कार्यालय समेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान १ सय ४३) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनामा राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदनको पूरक कार्ययोजना तयार गरिएको। जोखिम मूल्याङ्कन प्रतिवेदन, २०७७ पारित गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाइएको। नेपालको तर्फबाट पारस्परिक मूल्याङ्कनको प्रतिवेदन तयार भइरहेको।
- APG ले गर्ने Mutual Evaluation को प्राविधिक परिपालना तर्फको ४० वटा Recommendations को प्रारम्भिक रेस्पोन्स लेखन कार्य सम्पन्न भएको।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

- सार्वजनिक निकायका खरिद कार्यमा संलग्न १ सय ६७ कर्मचारीको संलग्नतामा ४ वटा सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम सञ्चालन गरिनुका साथै २ सय ७५ जनालाई विद्युतीय खरिद (e-GP) सम्बन्धी तालिम प्रदान गरिएको।
- सार्वजनिक निकायका खरिद कार्यमा संलग्न पदाधिकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरूसमेत ४ सय ४५ जनाको सहभागितामा ६ वटा सार्वजनिक खरिदसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।
- सार्वजनिक निकायका खरिद कार्यमा संलग्न पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधिहरूसमेत कुल १ सय जनाको सहभागितामा कालो सूचीसम्बन्धी २ वटा अन्तर्क्रिया सम्पन्न भएको।
- सार्वजनिक निकायका खरिद कार्यमा संलग्न ५५ जना कर्मचारीहरूलाई सहभागी बनाई एउटा परामर्श सेवाको बोलपत्र कागजात तयारी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको।
- सार्वजनिक खरिदसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा निरीक्षण कार्यक्रम दोलखा, सिन्धुपलाञ्चोक, मकवानपुर, मोरङ, तनँहु र नवलपरासी जिल्लामा ६ वटा सम्पन्न भएका।
- दोलखा र म्याग्दीमा खरिद योजना तथा गुरुयोजनासम्बन्धी अनुगमन, मूल्याङ्कन तथा निरीक्षण कार्यक्रम २ पटक सम्पन्न भएको।
- प्राप्त भएका १ सय ५८ वटा गुनासाहरूको सम्बोधन गरिएको।
- ८६ वटा राय परामर्श माग भई आएकोमा ८२ वटामा राय दिनु नपर्ने देखिएकोले ४ वटामा मात्र राय परामर्श प्रदान गरिएको।
- स्वास्थ्य सेवा विभागसँगको सहकार्यमा नेपाल सरकारका उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीहरूलाई १० दिने Advance Training on Procurement & Contract Management तालिम सञ्चालन गरिएको।

- वित्तीय सुधार आयोजना अन्तर्गत ८ जिल्लाहरुः कैलाली, सिराहा, झापा, मकवानपुर, चितवन, स्याङ्जा, अर्घाखाँची र पर्वतमा सार्वजनिक खरिद व्यवस्थापन तालिम सञ्चालन गरिएको।

**नेपाल ट्रष्टको कार्यालय**

- नेपाल ट्रष्टको सम्पत्ति संरक्षण तथा थप सम्पत्ति खोजबिन कार्यमा टेवा पुऱ्याउने उद्देश्यले वृत्तचित्र तयार भएको।
- नेपाल ट्रष्टद्वारा वा नेपाल ट्रष्टलाई विपक्षी बनाई दायर मुद्दाहरूको नियमित वहस/पैरवी, प्रतिउत्तरका कार्यहरू भई सम्पत्ति संरक्षण गर्ने कार्य भएको। यस अवधिमा नेपाल ट्रष्ट स्वामित्वको दरबारमार्ग स्थित जग्गा र काठमाडौं प्लाजा प्रयोगसम्बन्धी २ वटा मुद्दा नेपाल ट्रष्टको पक्षमा फैसला भएको।
- नेपाल ट्रष्ट स्वामित्वको जग्गा लिज भाडामा दिने सम्बन्धमा कमलादीस्थित जग्गा खुल्ला प्रतिस्पर्धाको लागि टेण्डर आह्वान भएको।
- ट्रष्टको स्वामित्वमा रहेका सल्लाघारी भक्तपुर र पोखरास्थित रत्न मन्दिर परिसरका जग्गाहरू छोटो अवधिका लागि भाडामा लगाइएको।

**लगानी बोर्ड नेपाल**

- लगानी बोर्डको व्यवसायिक योजना सहितको रणनैतिक योजना तयार गरिएको।
- विभिन्न १० वटा परियोजनाहरूको प्रोजेक्ट आइडिया नोटहरू तयारी भइरहेको।
- लगानी प्रवर्द्धन, परियोजना विकास तथा व्यवस्थापन, परियोजनाको आर्थिक सामाजिक तथा वातावरणीय प्रभाव लगायतका विषयमा विभिन्न १० वटा अध्ययन कार्यहरू भइरहेको। पश्चिम सेती तथा सेती रिभर-६ को आर्थिक सामाजिक तथा वातावरणीय प्रभाव अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको।
- राइजन क्लिन इनर्जी परियोजनाको अध्ययनको लागि MoU गरी सर्भे लाइसेन्स जारी गरिएको।
- तल्लो अरुण परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गरिएको।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाको लागि परियोजनाको खाका एवम् परियोजना विकास तथा लगानीको ढाँचा सम्बन्धमा अध्ययन गरी प्रतिवेदन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा समिति गठन भएको।
- अरुण-३ जलविद्युत परियोजनाबाट नेपाल सरकारले प्राप्त गर्ने निःशुल्क ऊर्जासम्बन्धी अध्ययन गरी सिफारिस गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा समिति गठन भएको।

**राष्ट्रिय अनुसन्धान विभाग**

- राष्ट्रिय सुरक्षा तथा हितको प्रतिकूल हुने गतिविधिमा संलग्न व्यक्ति, समूह तथा पक्षहरू क्रमशः नियन्त्रित र निष्तेज हुँदै आपराधिक गतिविधि न्यून हुँदै गएको।
- स्थानीयस्तरमा सूचना सञ्जाल निर्माण गरी परिचालन गरिएको तथा आवश्यकतानुसार लक्षित क्षेत्रमा सूचना सञ्जाल निर्माण गर्ने कार्य निरन्तर चलिरहेको।
- कोभिड रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी सूचना सङ्कलन र सम्प्रेषण कार्य प्रभावकारी रूपमा गरिएक जसबाट नेपाल सरकारको नीति निर्माण एवम् कार्यान्वयनमा सघाउ पुगेको।

- जनशक्ति व्यवस्थापन एवम् क्षमता अभिवृद्धि अन्तर्गत अधिकृत तथा सहायकस्तरीय विभिन्न दर्जाका रिक्त दरबन्दी पदपूर्ति गरिएको, पदपूर्ति गरिएका जनशक्तिलाई आधारभूत तालिम सञ्चालन गरिएको (भइरहेको) तथा सेवारत कर्मचारीलाई सीप एवम् दक्षता वृद्धिसँग सम्बन्धित विभिन्न सेवाकालीन तालिम सञ्चालन गरिएको।
- भौतिक पूर्वाधार व्यवस्थापन अन्तर्गत निर्माणाधीन ४ भवन मध्ये २ भवन निर्माण सम्पन्न भई २ को निर्माण कार्य चलिरहेको।साथै, चालु आर्थिक वर्षमा नयाँ निर्माण प्रारम्भ गरिने ७ भवनको विद्युतीय खरिद (e-bidding) को प्रकृया शुरू भएको।

**नीति अनुसन्धान प्रतिष्ठान**

- वार्षिक कार्ययोजना बमोजिम १४ वटा नीति अनुसन्धान परियोजनाहरूको अवधारणापत्र र विस्तृत परियोजना प्रस्ताव तयार भई सोका आधारमा अनुसन्धान कार्य अघि बढेको।
- नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका लागि व्यापार लजिष्टिक विकास नीतिको मस्यौदा, २०७८ मा विज्ञ समीक्षा सम्पन्न गरी सार्वजनिक सुझाव आह्वान गरिएको।
- नीति निर्माणमा प्रदेश मन्त्रालयहरूको भूमिकालाई सहजीकरण गर्न नीति अनुसन्धान प्रतिष्ठान तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगको संयुक्त आयोजनामा गण्डकी प्रदेशका सबै मन्त्रालयमा कार्यरत सहसचिव तथा उपसचिवहरूलाई मार्गदर्शनको आधारमा नीति निर्माणसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।१४ वटा सार्वजनिक नीति सम्वाद कार्यक्रम सम्पन्न गरिएको।
- **सम्पन्न भएका १० वटा अनुसन्धान परियोजनाहरूः-**
  - Addressing Trade Deficit of Nepal: Nepal's Productive Structure and Avenues for Diversification,
  - Preparing for Nepal's Graduation from LDC Category,
  - COVID-19 Pandemic, Vaccine Diplomacy and Recommended Course of Action for the Government of Nepal,
  - Policy Makers' Knowledge Survey -Nepal,
  - Psychological Impact of COVID-19 and Resilient Well-being in Nepal,
  - Effective Boarder Management of Nepal,
  - नेपालमा विद्युतीय मतदान प्रणालीको प्रयोग,
  - जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरूको सेवाग्राही सन्तुष्टि मापन तथा नीति अध्ययन,
  - जिल्ला प्रहरी कार्यालयबाट प्रवाह हुने सेवाहरूको सेवाग्राही सन्तुष्टि मापन तथा नीति अध्ययन,
  - नेपालको आर्थिक विकास नीतिको सन्दर्भमा विभिन्न मुलुकहरूको आर्थिक नीति तथा आवधिक योजनाहरूको अनुभव र बजेट तर्जुमा प्रकृयाको सिंहावलोकन।
- **चारवटा सोचपत्र प्रकाशन गरिएकोः**
  - नेपालको आर्थिक अवस्था तथा पूर्वाधार विकासमा पहल,
  - Nepal's National Interests, Foreign Policy and Strategic Affairs,
  - Perspectives on Economic Development of Nepal,
  - Policy Making, Governance and Service Delivery in Nepal.

- **चारवटा नीतिको मस्यौदा निर्माण तथा मस्यौदामा पृष्ठपोषण प्रदान गरिएकोः**
  - राष्ट्रिय स्वयंसेवा नीति, २०७७ (नीतिको मस्यौदा निर्माण),
  - राष्ट्रिय अनुसन्धान नीति, २०७७ को मस्यौदामाथि सुझाव तथा पृष्ठपोषण,
  - राष्ट्रिय कृषि नीति, २०७७ को मस्यौदा माथि सुझाव तथा पृष्ठपोषण,
  - राष्ट्रिय आपूर्ति नीति, २०७७ को मस्यौदा माथि सुझाव तथा पृष्ठपोषण,
- **२ वटा नीति संक्षेप र २ वटा अनुसन्धान प्रतिवेदन प्रकाशित गरेको।**

**सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग**

- यस विभागले आर्थिक वर्ष २०७८/७९ को चैत मसान्तसम्ममा विभिन्न सरोकारवाला निकायहरू तथा व्यक्तिहरूबाट जम्मा १ सय सूचना/ उजुरीहरू प्राप्त गरेकोमा सबै सूचना/उजुरीहरूमा प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएको।साथै, १७ वटा सूचना/उजुरी कारवाहीका लागि अन्य निकायमा लेखेर पठाइएको र २ वटा सूचना/उजुरीहरू उपर अदालतमा मुद्दा दायर गरिएको छ।

**महान्यायधिवक्ताको कार्यालय**

- **सरकारी वकील कार्यालयहरूको भवन निर्माणमा तीव्रताः**
  - उच्च सरकारी वकील कार्यालय बुटवल एवम् जिल्ला सरकारी वकील कार्यालय दाङ्ग र ओखलढुङ्गाको भवन निर्माण सम्पन्न भएको।
  - जिल्ला सरकारी वकील कार्यालय चितवनको भवनको निर्माण कार्य पूरा हुने चरणमा रहेको।
  - विशेष सरकारी वकील कार्यालय काठमाडौं एवम् जिल्ला सरकारी वकील कार्यालयहरू सर्लाही, डोटी, बझाङ्ग र रौतहटको कार्यालय भवन निर्माणाधीन रहेको।
  - जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलाञ्चोक र जाजरकोटको टेण्डर प्रक्रिया प्रारम्भ भएको र सुर्खेतको भवन निर्माण प्रक्रिया शुरु गरिएको।
- **अभियोजनकर्ता सरकारी वकिल, अनुसन्धानकर्ता प्रहरी र न्यायाधीशहरूको अन्तरक्रिया सम्पन्नः** माननीय महान्याधिवक्तासमेत ४० जनाको सहभागितामा २०७८ फागुनमा दाङको घोराहीमा अन्तर्क्रिया सम्पन्न भएको।
- सर्वोत्कृष्ट वर्ष सरकारी वकिल, २०७८ पुरस्कार एक जना सहन्याधिवक्तालाई प्रदान गरिएको र देशभरबाट उत्कृष्ट १० सरकारी वकील तथा कर्मचारीलाई सम्मान गरिएको।
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन तथा कार्य विवरण कार्यविधि, २०७८ तर्जुमा गरिएको।
- समुदायमा सरकारी वकील तथा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- **इ-एटर्नीः-**
  - प्रत्येक सरकारी वकील तथा अन्य कर्मचारीहरूको सम्पर्क नम्बर उल्लेख रहेको Application तयार गरी प्रयोगमा ल्याइएको.
  - सरकारी वकील र कर्मचारीलाई कार्यालयले प्रयोगमा ल्याएको मुद्दासम्बन्धी Case Management System (CMS) लगायतका सफ्टवेयरहरूको प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने गरी विभिन्न चरणमा प्रशिक्षित गरिएको।

- o विभिन्न ६० वटा सरकारी वकील कार्यालयहरूमा CCTV जडान गरी सो कार्यालयहरूको काम कारवाही यस कार्यालयबाट अनुगमन निरीक्षण गर्ने कार्यको थालनी भएको।
- महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम नायव महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरूको १९ टोलीद्वारा यस समीक्षा अवधिसम्म ४३ वटा जिल्लाका हिरासत कारागारको अनुगमन सम्पन्न गरेको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ७९८०० | ४४७६१ | ५६.०९ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३२३०९१ | २४७२९९ | ७६.५४ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १३७८५८ | ११४६६५ | ८३.१८ |
| ३०१०१०१२३ | उच्च सरकारी वकील कार्यालयहरू | २१०२१५ | १७११५० | ८१.४२ |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | २९९४६ | २६३२९ | ८७.९२ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकील कार्यालयहरू | ५६८५१८ | ४४१५०२ | ७७.६६ |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ६९७०० | ५८०५८ | ८३.३० |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४७८४६ | ४१३७४ | ८६.४७ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | १००१०० | ७७६८५ | ७७.६१ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १६२८५८ | १३७७७४ | ८४.६० |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७५४०० | ५३५५३ | ७१.०३ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १३८६९०० | ११९८७१६ | ८६.४३ |
| ३०१३१०११३ | लगानी बोर्डको कार्यालय | ६१२८०० | ४२१३२ | ६.८८ |
| | **कुल जम्मा** | **३८०५०३२** | **२६५५०००** | **६९.७८** |

**पुंजीगत खर्च** **(रु.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २८२०५ | २१८६४ | ७७.५२ |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | १३०१४ | ११७४२ | ९०.२२ |
| ३०१०१०१२४ | उच्च सरकारी वकील कार्यालयहरू | ६०६२५ | ५१३०३ | ८४.६२ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | ६७०८ | ६४१२ | ९५.५९ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकील कार्यालयहरू | १९५२६१ | १३९१६० | ७१.२७ |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८७०० | ३६७६ | ४२.२५ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ८०० | ७७४ | ९६.७८ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | १५१०० | १४७२१ | ९७.४९ |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग | १२८३० | ११२९२ | ८८.०१ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १७०० | ९५४ | ५६.११ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | १९११०० | १०१५२७ | ५३.१३ |
| ३०१३१०११४ | लगानी बोर्डको कार्यालय | ४२००० | १२०७० | २८.७४ |
| | **कुल जम्मा** | **५७६०४३** | **३७५४९६** | **६५.१९** |

# १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको अवस्था

चालु खर्च (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ७४००० | ४०२१६ | ५४.३५ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३२२७८२ | २२१७१५ | ६८.६९ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १४३१०० | ८९२२० | ६२.३५ |
| ३०१०१०१२३ | उच्च सरकारी वकील कार्यालयहरू | २३३८०८ | १३४७०५ | ५७.६१ |
| ३०१०१०१३३ | विशेष सरकारी वकील कार्यालय | ३५०६१ | २२०६९ | ६२.९५ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकील कार्यालयहरू | ५९२४१६ | ३५४४०३ | ५९.८२ |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८५२०० | ३६९८८ | ४३.४१ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४८३६८ | २९२५६ | ६०.४९ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ११०४०० | ६३४४२ | ५७.४७ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १५०४०० | ९९१२० | ६५.९० |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७३३५० | ४०२७४ | ५४.९१ |
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १३७०१०० | ९९५१९८ | ७२.६४ |
| ३०१३१०११३ | लगानी बोर्डको कार्यालय | ३२३१०० | ३९५१३ | १२.२३ |
| | **कुल जम्मा** | **३५६२०८६** | **२१६६११९** | **६०.८१** |

पुँजीगत खर्च (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४८१३ | ९८१५ | २८.१९ |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | ३२८०० | ७५४ | २.३० |
| ३०१०१०१२४ | उच्च सरकारी वकील कार्यालयहरू | २७७०० | १०३३० | ३७.२९ |
| ३०१०१०१३४ | विशेष सरकारी वकील कार्यालय | १२०० | ११४० | ९५.०० |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकील कार्यालयहरू | १३८८०० | ५६९५८ | ४१.०४ |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८७०० | १२०१ | १३.८१ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ९०० | ३२९ | ३६.५२ |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २२०० | १८९० | ८५.९० |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग | ५७८६ | २३५१ | ४०.६४ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | १७०० | १२४ | ७.३१ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | १७८३०० | ६६०४५ | ३७.०४ |
| ३०१३१०११४ | लगानी बोर्डको कार्यालय | ४५९०० | १००० | २.१८ |
| | **कुल जम्मा** | **४७८७९९** | **१५१९३७** | **३१.७३** |

# अर्थ मन्त्रालय

## १. पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने कार्य अर्थ मन्त्रालयको जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पुँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् बजेट तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय अन्तर्गत रहेको छ।

## २. दीर्घकालीन सोच

सवल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्यायसहितको विकासमा योगदान पुऱ्याउँदै सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## ३. उद्देश्य

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

## ४. रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणालीबीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन, आन्तरिक लेखापरीक्षण लगायतका सरकारीको लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरू व्यापक रूपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा वाह्य सहायता परिचालन गर्ने।
- अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्व शर्त मानिने क्षेत्र र विषयहरूमा केन्द्रित गर्ने।

- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- राष्ट्रिय बजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थालाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा विनियोजन गर्दै यस्तो ऋणलाई निजी क्षेत्रलाई स्रोतको अभाव हुन नदिने गरी परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र वाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकाय मार्फत सञ्चालन गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | अर्थ मन्त्रालय | १९६ | १९६ | ० | ९ |
| २ | आन्तरिक राजस्व विभाग र अन्तर्गत निकायहरू | १६९७ | १४११ | २९० | १० |
| ३ | भन्सार विभाग र अन्तर्गत निकायहरू | १२४६ | ११३६ | ११० | ० |
| ४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ३७ | २७ | १० | ० |
| ५ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३३ | ३० | ३ | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेटमा वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगतिः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५९ | सार्वजनिक विद्यालय तथा क्याम्पसका उच्च माध्यमिक र सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई वैकल्पिक सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यका साथ एक थान ल्यापटप खरिद गर्न रू. ८० हजारसम्म दुई वर्ष अवधिको एक प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइने। सोह वर्षभन्दा माथि उमेरका विद्यार्थीलाई एक थान सिमकार्ड निःशुल्क उपलव्ध गराइने। | • सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा संशोधन गरी व्याज अनुदान दिन उक्त संशोधन प्रस्ताव अन्तिम चरणमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६२ | सरकारी र सरकारी स्वामित्वका निकायको घर, गोदाम वा जग्गा भाडामा लिई व्यवसाय गरेका व्यावसायीहरूले निषेधाज्ञा अवधिको भुक्तानी गर्नुपर्ने भाडामा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाइने। | • निषेधाज्ञा अवधिको भुक्तानी गर्नुपर्ने भाडामा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाउन विभिन्न निकायहरूलाई परिपत्र गरिएको। |
| ६४ | कोभिड-१९ प्रभावित व्यवसायीका लागि नेपाल राष्ट्र बैंकबाट पाँच प्रतिशत व्याजदरमा प्रदान गरिँदै आएको पुनरकर्जा सुविधालाई निरन्तरता दिइएको। पुनरकर्जा सुविधा उपयोग गर्न पाउने व्यवसायको क्षेत्र र रकमको सीमा विस्तार गरिने। | • पुनरकर्जा सुविधालाई निरन्तरता दिइएको। |
| ६५ | लघु, साना तथा मझौला उद्योग, व्यावसायिक कृषि, युवा उद्यम, महिला उद्यम तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूका लागि प्रदान गरिने सहुलियतपूर्ण कर्जाको सीमा र क्षेत्र विस्तार गरिने। | • मौजुदा सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम हालसम्म करिब १ लाख ५० हजार ऋणीलाई कर्जा प्रवाह गरिएको। |
| ६८ | युवा उद्यमीलाई स्टार्ट अप व्यवसायमा संलग्न हुन उत्प्रेरित गर्ने उद्देश्यले परियोजना धितो राखी एक प्रतिशत व्याजदरमा रू.२५ लाखसम्म बीउ पुँजी कर्जा उपलब्ध गराइने। स्टार्ट अप व्यवसायको दर्ता, नवीकरण तथा अन्य सेवा एकद्वार प्रणालीबाट निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको। स्टार्ट अप व्यवसायमा वैदेशिक लगानी भित्र्याउन नीतिगत सहजीकरण गरिने। | |
| ७४ | स्नातक वा सो भन्दा माथि शैक्षिक योग्यता हासिल गरेका युवालाई आफुले प्राप्त गरेको शैक्षिक प्रमाणपत्र धितो राखी अधिकतम पाँच प्रतिशत व्याजदरमा रु.२५ लाखसम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने। | |
| १०७ | कृषिमा आधारित उद्यम तथा मूल्य श्रृङ्खला विकासको लागि सहुलियत पूर्ण कर्जा प्रवाह गरिने। इच्छुक किसान सहभागी हुनसक्ने गरी कृषि बाली तथा पशुपन्छी बीमाको दायरा विस्तार गरिने। पशु र बाली बीमाको प्रिमियम | • कृषि मन्त्रालयको सहयोग र कृषि विकास बैंक मार्फत ऋण प्रवाह प्रक्रिया शुरू भएको।<br>• बीमा प्रिमियम अनुदान प्रक्रिया शुरू भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | वापत ८० प्रतिशत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइएको। | |
| २५४ | सक्रिय खेल जीवनबाट निवृत्त खेलाडिलाई व्यवसाय सञ्चालन गर्न सहुलियत दरको कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइएको। | • सहुलियतपूर्ण कर्जा कार्यविधि, २०७५ संशोधनको क्रममा रहेको। |
| ३१५ | निश्चित युनिट भन्दा बढी र माग कम हुने समयमा विद्युत खपत गर्ने औद्योगिक ग्राहकलाई महसुल दरमा थप छुट दिने व्यवस्था गरिने। विद्युतीय चुल्हो, रेफ्रिजिरेटर, माइक्रोवेभ ओभन, वासिङ्ग मेशिन, डिसवास लगायत बिजुलीबाट चल्ने घरायसी सामानको उपयोगलाई प्रोत्साहित गर्न यस्ता सामग्रीको भन्सार महसुल घटाइने तथा गार्हस्थ्य विद्युत मिटरको क्षमता बढाँउदा प्रयोग हुने सामग्रीको मूल्य बाहेक थप शुल्क नलिने व्यवस्था गरिने। | • विद्युतीय चुल्हो, रेफ्रिजिरेटर, माइक्रोवेभ ओभन, वासिङ्ग मेशिन, डिसवास लगायत बिजुलीबाट चल्ने घरायसी सामानको उपयोगलाई प्रोत्साहित गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न भन्सार जाँचपाससम्बन्धी आशिकुडा प्रणाली (Asycuda System) मा अद्यावधिक गरी कार्यान्वयन गरिएको। |
| ४१२ | राष्ट्रसेवकलाई प्रदान गरिने सेवा सुविधालाई समय सापेक्ष बनाइनेछ। कोभिड-१९ को व्यवस्थापनमा गर्नुपर्ने बढ्दो खर्चको कारण तलबमानमा अपेक्षित वृद्धि गर्ने अनुकूल परिस्थिति नभएतापनि राष्ट्रसेवकको मनोवल उच्च बनाउँदै सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्न २०७८ साउन १ गतेदेखि लागू हुने गरी सबै राष्ट्रसेवकको तलबमानमा मासिक रु.२ हजार वृद्धि गरिने। हाल प्रदान गरिएको महँगी भत्तालाई निरन्तरता दिइएको। राष्ट्रसेवकको तलबमान एवम् अन्य सेवा सुविधालाई दक्षिण एसियाका अन्य मुलुकसँग तादाम्यता कायम गर्न तलबमान सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न विशेषज्ञ सम्मिलित पे-कमिसन गठन गरिने। | • राष्ट्रसेवक कर्मचारीको वृद्धि भएको तलबमान अनुसार ग्रेड समायोजन गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७८ साउन २५ को निर्णयानुसार कार्यान्वयन गरिएको। |
| ४२६ | कृषि औजार कारखाना, बुटवल धागो कारखाना, गोरखकाली टायर कारखाना, वीरगञ्ज चिनी कारखाना, हेटौंडा कपडा उद्योग लगायत सञ्चालनमा नआएका तथा न्यून | • सार्वजनिक संस्थान पुनः सञ्चालन गर्ने सम्बन्धमा अध्ययन भइरहेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्षमतामा सञ्चालित सरकारी उद्योगलाई निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न प्रस्ताव आह्वान गरिने। उद्योगको जग्गा र भौतिक संरचनालाई नेपाल सरकारको तर्फबाट हुने लगानीमा गणना गरी निजी क्षेत्रलाई थप लगानी सहित सञ्चालन गर्न प्रोत्साहित गरिने। | |
| ४२७ | नेपाल वायुसेवा निगमको संगठन पुनःसंरचना गरी व्यावसायिक एवम् प्रतिस्पर्धी बनाइने। खुला प्रतिस्पर्धाको माध्यमबाट रणनीतिक साझेदार भित्र्याउने प्रक्रिया शुरू गरिने। निगमको शेयर पुँजी संरचना परिवर्तन गरी वृद्धि गरिने। | • यस सम्बन्धी अध्ययन भइरहेको। |
| ४२८ | नेपाल दुरसञ्चार कम्पनीको स्वामित्व र प्रतिफलमा सेवाग्राहीको पहुँच विस्तार गर्न कम्पनीका मोवाइल, ल्याण्डलाइन र इन्टरनेट सेवा उपभोग गर्ने प्राकृतिक व्यक्तिलाई कम्पनीको २२ प्रतिशत शेयर विनिवेश गरिने। हाल कम्पनीको सेवा उपयोग गरिरहेका र आगामी २०७८ पुषमसान्तसम्म थप हुने ग्राहकले समेत शेयर खरिदमा सहभागी हुनसक्ने व्यवस्था मिलाइने। कम्पनीको शेयर विनिवेश सम्बन्धी विस्तृत प्रक्रिया र शेयर मूल्यको विवरण आगामी २०७८ असोज मसान्तभित्र तय गरिने। | • अवधारणापत्र तयार भई निर्णयको क्रममा रहेको । |
| ४२९ | निजीकरण गरिएका संस्थानहरूले सम्झौताका शर्त पालना गरे नगरेको सम्बन्धमा वार्षिक रूपमा अनुगमन गरिने। सम्झौताको शर्त प्रतिकूल हुनेगरी उपयोग गरिएका निजीकृत संस्थानको सम्पत्ति नेपाल सरकारको नाममा फिर्ता ल्याइने। | • अध्ययन प्रतिवेदन प्राप्त भएको। |
| ४४६ | सुदृढ नियमनकारी प्रवन्ध र संस्थागत सुशासन अवलम्बन गरी वित्तीय स्थायित्व कायम गरिने। वित्तीय प्रणालीमा रहेको स्रोत, साधनलाई आर्थिक वृद्धि, स्वदेशी उद्यमशिलता प्रवर्द्धन र रोजगारी सिर्जना हुने उत्पादनमूलक | • दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा भई स्वीकृति हुने अन्तिम चरणमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्षेत्रमा परिचालन गरिने। दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने। | |
| ४४७ | नेपाल सरकारले प्राप्त गर्ने राजस्व र उपलव्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायत सबै प्रकारका भुक्तानी, अनुदान र नगद हस्तान्तरण बैंकिङ्ग प्रणालीबाट गर्ने व्यवस्था मिलाइने। | • धरौटी र कार्यसञ्चालनका कारोबार महालेखा नियन्त्रक कार्यालयको CGAS (Computerised Government Accounting System) र TSA (Treasury Single Account) प्रणालीमा आवद्ध भई कारोबार विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer-EFT) बाट शुरू भएको। |
| ४४९ | विप्रेषणको आम्दानी बैंकिङ्ग प्रणालीबाट भित्र्याई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने। वैदेशिक रोजगारीमा रहेका श्रमिकले मोबाइल वालेटबाट सहजरूपमा स्वदेशमा रकम पठाउन सक्ने व्यवस्था मिलाइने। बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाको मुद्दती खातामा जम्मा गरेमा थप एक प्रतिशत व्याज रकम उपलब्ध गराउने व्यवस्था मिलाइने। | • विप्रेषण स्रोतबाट प्राप्त रकम नेपालका बैंकमा खाता खोली जम्मा हुने/गर्ने हकमा एक प्रतिशत थप व्याज दिने व्यवस्था कार्यान्वयनमा रहेको। |
| ४५२ | बीमा सेवाको दायरा विस्तार गरी आगामी वर्ष न्यूनतम एक तिहाई जनसङ्ख्यामा बीमाको पहुँच पुऱ्याइने। सार्वजनिक पूर्वाधार र सरकारी तथा निजी भवनको बीमा गर्ने व्यवस्थालाई अभियानका रूपमा सञ्चालन गरिने। निजी घरको हकमा रु.५ हजारसम्मको बीमा प्रिमियमलाई आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न दिने व्यवस्था मिलाइने। | • बीमा सेवाको दायरा विस्तार गरी आगामी वर्ष न्यूनतम एक तिहाई जनसङ्ख्यामा बीमाको पहुँच पुऱ्याउन बीमा समिति मार्फत क्रियाकलापहरू सञ्चालन गरिएको र सार्वजनिक पूर्वाधार र सरकारी तथा निजी भवनको बीमा गर्ने व्यवस्थालाई अभियानका रूपमा सञ्चालन गरिएको। साथै, निजी घरको हकमा रु.५ हजारसम्मको बीमा प्रिमियमलाई आयकर प्रयोजनको लागि खर्च कट्टी गर्न दिने व्यवस्था मिलाइएको। |
| ४५३ | पुँजीबजारको विकास र स्थायित्वमा जोड दिइने। आगामी आर्थिक वर्षदेखि वस्तु विनिमय बजार कारोबार सञ्चालन गरिने। धान, मकै, गहुँ, चिया, अलैची जस्ता उत्पादनलाई वस्तु विनिमय कारोबारमा समावेश गरिने। | • नेपाल धितोपत्र बोर्डबाट यससम्बन्धी कारवाही भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४५४ | वैदेशिक लगानीमा सञ्चालन हुने विकास आयोजनामा विदेशी मुद्रा विनिमय दर जोखिम व्यवस्थापन गर्न कमर्सियल हेजिङ्ग सेवा शुरू गर्न सहजीकरण गरिने। | • पुरानो हेजिङ्ग नियमावली, २०७५ प्रतिस्थापन गरी नयाँ हेजिङ्ग नियमावली, २०७८ को मस्यौदा तर्जुमा भई स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भएको। |
| ४५५ | निक्षेप तथा कर्जा सुरक्षण कोषको पुँजी वृद्धि गरी संस्थागत क्षमता अभिवृद्धि गरिने। निक्षेप सुरक्षण प्रिमियम घटाउने व्यवस्था मिलाइएको। | • कोषको पुँजी वृद्धि गरी संस्थागत क्षमता अभिवृद्धि गर्न अध्ययन भइरहेको। |
| ४६५ | आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम बक्यौता रहेको २०७६ असार मसान्तसम्मको कर रकम र सोमा लागेको व्याज २०७८ पुस मसान्तभित्र दाखिला गरेमा शुल्क, जरिवाना तथा थप दस्तुर मिनाहा हुने व्यवस्था गरिने। | • आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम बक्यौता रहेको २०७६ असार मसान्तसम्मको कर रकम र सोमा लागेको व्याज २०७८ पुस मसान्तभित्र दाखिला गरेमा शुल्क, जरिवाना तथा थप दस्तुर मिनाहा स्वचालित प्रणालीबाट गर्ने गरी Integreted Tax System मा अद्यावधिक गरी कार्यान्वयनको व्यवस्था मिलाइएको। |
| ४६६ | आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको । | • आर्थिक वर्ष २०७७/७८ मा करदाताले उक्त व्यवस्थाअनुसार करयोग्य आय गणना गर्दा खर्च कट्टी लिनसक्ने गरी Integreted Tax System मा अद्यावधिक भई कार्यान्वयनमा आएको। |
| ४६७ | आर्थिक वर्ष २०७७/७८ मा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकममध्ये स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको विशिष्टिकृत अस्पताल निर्माण वा तोकिएको स्वास्थ्य संस्थालाई उपलब्ध गराएको कोभिड- १९को उपचारसँग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा भएको खर्च आयकर गणना प्रयोजनका लागि कट्टी गर्न दिने व्यवस्था मिलाइएको। | • आर्थिक वर्ष २०७७/७८ मा करदाताले उक्त व्यवस्थाअनुसार करयोग्य आय गणना गर्दा खर्च कट्टी लिनसक्ने गरी Integreted Tax System मा अद्यावधिक भई कार्यान्वयनमा आएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४६८ | निवृत्तभरण वापतको करयोग्य आय गणना गर्दा थप २५ प्रतिशत रकम छुट दिने व्यवस्था मिलाइने। | • निवृत्तभरण वापतको करयोग्य आय गणना गर्दा थप २५ प्रतिशत रकम छुट दिने व्यवस्थालाई कार्यान्वन गर्न Integreted Tax System मा छुट पाउने व्यवस्था गरी र सोको अभिलेख प्रणालीबाट स्वतः गणना हुने व्यवस्था गरिएको। |
| ४६९ | करदाताको करयोग्य कारोबारमा प्रयोग भएको डिजेल र एलपी ग्याँसको खरिदमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने व्यवस्था मिलाइएको। ढुवानी सेवा, ढुवानी साधनको भाडा, कार्गो सेवा, ई-लाइब्रेरी सेवा, निक्षेप सुरक्षण शुल्क, ट्रेकिङ्ग तथा टुर प्याकेज, साइलो तथा साइलो प्रयोगको सेवा शुल्क र उत्पत्तिको प्रमाण-पत्र जारी गर्दा लाग्ने शुल्कमा मूल्य अभिवृद्धि कर छुट दिइने। | • उक्त व्यवस्थाअनुसार खरिदमा तिरेको मूल्य अभिवृद्धि कर करदाता स्वयंले कट्टी लिनसक्ने व्यवस्था मिलाई कार्यान्वयन शुरू भएको। |
| ४७० | वण्डेड वेयरहाउसको सुविधा अन्तर्गत निर्यातमूलक उद्योगले बैंक ग्यारेन्टीमा आयात गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु समयमै निर्यात गर्न नसकेका उद्योगको लागि निर्यात गरी बैंक ग्यारेन्टी फुकुवा गर्ने म्याद २०७८ चैत मसान्तसम्म बढाइने। | • वण्डेड वेयरहाउसको सुविधा अन्तर्गत निर्यातमूलक उद्योगले बैंक ग्यारेन्टीमा आयात गरेको कच्चा पदार्थबाट उत्पादित वस्तु समयमै निर्यात गर्न नसकेका उद्योगको लागि निर्यात गरी बैंक ग्यारेन्टी फुकुवा गर्न २०७८ चैत मसान्तसम्म म्याद थप गरिएको। |
| ४७१ | अक्सिजन ग्याँस, लिक्विड अक्सिजन, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर लगायतका अन्य जीवनदायक सामग्री र औषधी आयात, उत्पादन तथा विक्री वितरणमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क २०७८ पुस मसान्तसम्म छुट दिइने। | • अक्सिजन ग्याँस, लिक्विड अक्सिजन, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर लगायतका अन्य जीवनदायक सामग्री र औषधी आयात, उत्पादन तथा विक्री वितरणमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क २०७८ पुस मसान्तसम्म छुट दिन मिल्ने गरी आशिकुडा प्रणालीमा अद्यावधिक गरी छुट प्रदान गरिएको। |
| ४७२ | विद्युतको आन्तरिक खपत वृद्धि गर्न तथा वातावरणमैत्री यातायातका साधनको प्रयोगलाई बढावा दिन विद्युतीय सवारी साधनको आयातमा अन्तःशुल्क पूरै खारेज | • विद्युतको आन्तरिक खपत वृद्धि गर्न तथा वातावरणमैत्री यातायातका साधनको प्रयोगलाई बढावा दिन विद्युतीय सवारी साधनको आयातमा अन्तःशुल्क पूरै खारेज गरी भन्सार महसुल समेत आर्थिक ऐनले |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरी भन्सार महसुल समेत उल्लेख्य मात्रामा घटाइने। | गरेको व्यवस्थाअनुसार घटाई आशिकुडा प्रणालीमा अद्यावधिक गरी छुट प्रदान गरिएको। |
| ४७३ | इन्डक्सन चुल्होको भन्सार महसुल दर घटाएर १ प्रतिशत कायम गरेको छु। रेफ्रिजेरेटर, ग्राइन्डर, राइसकुकर, पङ्खा लगायतका विद्युतीय उपकरणको अन्तःशुल्क खारेज गरी भन्सार महसुल घटाइने। | • रेफ्रिजेरेटर, ग्राइन्डर, राइसकुकर, पङ्खा लगायतका विद्युतीय उपकरणको अन्तःशुल्क खारेज गरी भन्सार महसुल घटाएको र उक्त व्यवस्थाअनुसार आशिकुडा प्रणालीमा अद्यावधिक गरी छुट प्रदान गरिएको। |
| ४७४ | शिशु स्वास्थ्य र पोषणलाई बढावा दिन बच्चाले खाने दूधको भन्सार महसुल ५० प्रतिशत घटाइने। | • शिशु स्वास्थ्य र पोषणलाई बढावा दिन बच्चाले खाने दूधको भन्सार महसुल ५० प्रतिशत घटाएकोमा उक्त व्यवस्थालाई कार्यान्वयन गर्न आशिकुडा प्रणालीमा अद्यावधिक गरी छुट प्रदान गरिएको। |
| ४७५ | मूल्य अभिवृद्धि करको दर यथावत् राखिएको, भन्सार महसूलका दरहरूमा सामान्य समायोजन गरिएको र मदिरा, वियर, वाइन, चुरोट, सुर्तीजन्य तथा हल्का पेय पदार्थमा अन्तःशुल्क वृद्धि गरिने। | • मदिरा, वियर, वाइन, चुरोट, सुर्तीजन्य तथा हल्का पेय पदार्थमा अन्तःशुल्क वृद्धि सम्बन्धी व्यवस्था आशिकुडा प्रणालीमा अद्यावधिक गरी कार्यान्वयन गरिएको। |
| ४७६ | छुटको सीमाभन्दा बढी करयोग्य वस्तु तथा सेवाको कारोबार गर्ने करदातालाई मूल्य अभिवृद्धि करको दायरामा ल्याइनेछ। मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट विजक जारी गर्नुपर्ने व्यवस्था मिलाइने। | • विद्युतीय प्रणाालीवाट विजक जारी गर्नुपर्ने करदाता एकीन गरी सूचना प्रकाशित गरिएकोमा चालु आ.व.मा ६ सय १० करदातालाई विद्युतीय विजक अनुमति प्रदान गरिएको तथा आन्तरिक राजस्व कार्यालयलाई परिपत्र गरी कार्यान्वयनमा ल्याइएको। |
| ४७७ | साना करदातालाई लाग्दै आएको करको दर यथावत राखी पूर्वानुमानित आय विवरण बुझाउने कारोबारको सीमा रू.२० लाखबाट रू.३० लाख पुऱ्याइएको, कारोबारमा आधारित कर बुझाउने करदाताको कारोबारको सीमा रू. ५० लाखबाट रू. १ करोड पुऱ्याइएको तथा सामुहिक लगानी कोषको आयमा कर नलाग्ने व्यवस्था गरिने । | • उक्त व्यवस्थाअनुसार Integreated Tax System मा सुधार गरी कारोबारको सीमा बढाइएको। उक्त System Upgrate सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरी कार्यान्वयनमा ल्याइएको। |
| ४७९ | स्वदेशी उद्योगको संरक्षणका लागि औद्योगिक कच्चा पदार्थको भन्सार दर तयारी वस्तुको | • स्वदेशी उद्योगको संरक्षणका लागि औद्योगिक कच्चा पदार्थको भन्सार दर |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | भन्दा कम्तिमा १ तह कम हुने व्यवस्था मिलाइएको र आन्तरिक उत्पादनका केही वस्तुमा लाग्दै आएको अन्तःशुल्क हटाइने। | तयारी वस्तुको भन्दा कम्तिमा १ तह कम हुने व्यवस्थालाई आशिकुडा प्रणालीमा अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको। आन्तरिक उत्पादनका केही वस्तुमा लाग्दै आएको अन्तःशुल्क हटाउने कार्यमा आर्थिक ऐनमा व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको। |
| ४८० | चिया, जुट, चलचित्र, पश्मिना, ह्याचरी उद्योग र कृषि तथा नर्सरी फर्ममा प्रयोग हुने यन्त्र उपकरण र पार्ट पुर्जाको भन्सार महसुल छुट दिइने। नेपालमा दर्ता भएका सिपिङ्ग कम्पनीले कन्टेनर आयात गर्दा लाग्ने भन्सार महसुल घटाइने। | • चिया, जुट, चलचित्र, पश्मिना, ह्याचरी उद्योग र कृषि तथा नर्सरी फर्ममा प्रयोग हुने यन्त्र उपकरण र पार्ट पुर्जाको भन्सार महसुल छुटको लागी आशिकुडा प्रणालीमा अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको। साथै, नेपालमा दर्ता भएका सिपिङ्ग कम्पनीले कन्टेनर आयात गर्दा लाग्ने भन्सार महसुल घटाई आशिकुडा प्रणालीमा अद्यावधिक गरी कार्यान्वयन शुरू गरिएको। |
| ४८१ | कृषिको व्यावसायीकरण गरी उत्पादन र रोजगारी वृद्धि गर्न व्यावसायिक कृषि आयमा लाग्ने करमा ५० प्रतिशत छुट दिइने र सामूहिक व्यावसायिक खेती गर्ने कृषि सहकारी संस्थाले आयात गर्ने एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट दिइने। | • कृषिको व्यावसायीकरण गरी उत्पादन र रोजगारी वृद्धि गर्न व्यावसायिक कृषि आयमा लाग्ने करमा ५० प्रतिशत छुट कार्यान्वयनको लागी Integreted Tax System मा अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको छ। सामूहिक व्यावसायिक खेती गर्ने कृषि सहकारी संस्थाले आयात गर्ने एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट सुविधा प्रदान गर्न कार्यान्वयनको लागि आशिकुडा प्रणालीमा अद्यावधिक गरी छुट प्रदान गरिएको। |
| ४८३ | स्टार्ट अप व्यवसायलाई कारोबार शुरू गरेको मितिले ५ वर्षसम्म लाग्ने आयकरमा शत प्रतिशत छुट दिइने र निजी क्षेत्रका उद्योग प्रतिष्ठानले बढीमा ५ वटा स्टार्ट अप व्यवसायलाई प्रति व्यवसाय रू.१ लाखसम्मको बीउ पुँजी उपलब्ध गराएमा सो रकम | • निजी क्षेत्रका उद्योग प्रतिष्ठानले बढीमा ५ वटा स्टार्ट अप व्यवसायलाई प्रति व्यवसाय रू.१ लाखसम्मको बीउ पुँजी उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था गरी Integrated Tax System मा मिलाई कार्यान्वयन गरिएको र यसको अभिलेख |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | करयोग्य आय गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था मिलाइने। | स्वतः प्रणालीमा रहने गरी व्यवस्था मिलाइएको। |
| ४८४ | स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई विक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा २० प्रतिशत छुट दिने र विशेष उद्योगले निकासी गरी प्राप्त गरेको आयमा १० प्रतिशत मात्र कर लाग्ने व्यवस्था मिलाइने। | • स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई विक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा २० प्रतिशत छुट दिने र विशेष उद्योगले निकासी गरी प्राप्त गरेको आयमा १० प्रतिशत मात्र कर लाग्ने व्यवस्था मिलाई Integreted Tax System कार्यन्वयनमा ल्याइएको छ। |
| ४८५ | बैंकहरूले विदेशी वित्तीय संस्थाबाट लिएको ऋणको व्याज भुक्तानीमा लाग्ने अग्रिम करको दर घटाइने। सहकारी बैंक तथा सहकारी सङ्घ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याजमा अग्रिम कर कट्टी गर्न नपर्ने व्यवस्था गरिने। | • बैंकहरूले विदेशी वित्तीय संस्थाबाट लिएको ऋणको व्याज भुक्तानीमा लाग्ने अग्रिम करको दर घटाई कार्यान्वयनमा ल्याइएको। सहकारी बैंक तथा सहकारी सङ्घ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याजमा अग्रिम कर कट्टी गर्नुनपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको। |
| ४८६ | वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रूपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार शुरू गरेको मितिले पहिलो ३ वर्षसम्म लाग्ने आयकरको ५० प्रतिशत र थप २ वर्षसम्म २५ प्रतिशत छुट हुने व्यवस्था गरिने। | • वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रूपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार शुरू गरेको मितिले पहिलो ३ वर्षसम्म लाग्ने आयकरको ५० प्रतिशत र थप २ वर्षसम्म २५ प्रतिशत छुट सुविधा दिन Integreted Tax System मा परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको। |
| ४८७ | औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम बाहिर सञ्चालनमा रहेका उद्योग औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थानान्तरण भएमा उत्पादन शुरू भएको ३ वर्षसम्म आयकरमा ५० प्रतिशत र त्यसपछिको ५ वर्षसम्म २५ प्रतिशत छुट दिने व्यवस्था गरिने। | • उद्योग, औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम बाहिर सञ्चालनमा रहेका उद्योग औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थानान्तरण भएमा उत्पादन शुरू भएको ३ वर्षसम्म आयकरमा ५० प्रतिशत र त्यसपछिको ५ वर्षसम्म २५ प्रतिशत छुट सुविधालाई प्रदान गर्न आर्थिक ऐनमा व्यवस्था गरी Integreted Tax System मा परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४९१ | कर बक्यौता नभएका र चालु वर्षमा स्वयं कर निर्धारणअनुसारको कर भुक्तानी गरेका सबै करदाताले स्वचालित प्रणालीबाट कर चुक्ता प्रमाण पत्र पाउने व्यवस्था मिलाइनेछ। मूल्य अभिवृद्धि करको खरिद-बिक्री खाता प्रत्येक वर्ष कर अधिकृतबाट प्रमाणित गर्नुपर्ने हालको व्यवस्था हटाइने। | • कर बक्यौता नभएका र चालु वर्षमा स्वयं कर निर्धारणअनुसारको कर भुक्तानी गरेका सबै करदाताले स्वचालित प्रणालीबाट कर चुक्ता प्रमाणपत्र पाउने व्यवस्था मिलाइएको छ । साथै, मूल्य अभिवृद्धि करको खरिद-बिक्री खाता प्रत्येक वर्ष कर अधिकृतबाट प्रमाणित गर्नुपर्ने हालको व्यवस्था हटाई करदाता स्वयंले खाता प्रमाणित गर्न सक्ने गरी सार्वजनिक सूचना समेत जारी गरी सकिएको। |
| ४९२ | छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना आगामी साउन १ गतेदेखि लागू गरिनेछ। राष्ट्रिय एकद्वार प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने। | • मिति २०७८ श्रावण १५ गते माननीय अर्थमन्त्रीज्यूबाट छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना स्वीकृत भई कार्यान्वयनमा आएको। राष्ट्रिय एकद्वार प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको। |
| ४९३ | भन्सार विन्दुमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर तथा महसूल विद्युतीय प्रणालीमार्फत गर्न सक्ने व्यवस्था मिलाइनेछ र उद्योगले निकासी पैठारी सङ्केत नम्बर ५ वर्षका लागि एकै पटक नवीकरण गर्न सकिने व्यवस्था मिलाइने। | • भन्सार विन्दुमा नै भुक्तानी गर्नु पर्ने कर तथा महशुल विद्युतीय प्रणाली मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइएको।<br>• प्रणालीमा सुधार गरी २०७८ असारबाट उद्योगले निकासी पैठारी सङ्केत नम्बर एकैपटक ५ वर्षका लागि नवीकरण गर्न सक्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको। |
| ४९६ | अन्तःशुल्क स्टिकर प्रयोग गर्दा क्यू.आर.कोड. स्क्यान गरी सोको तथ्याङ्क आन्तरिक राजस्व विभागको स्वचालित प्रणालीमा अभिलेख गर्ने प्रबन्ध मिलाइने। बियरको उत्पादन गर्ने प्रतिष्ठानहरूमा फ्लो मिटर राख्ने व्यवस्था गरिने। | • अन्तःशुल्क स्टिकर प्रयोग गर्दा क्यू.आर.कोड स्क्यान गरी सोको तथ्याङ्क आन्तरिक राजस्व विभागको स्वचालित प्रणालीमा संरक्षित हुने गरी प्रणालीको विकास भई कार्यान्वयनमा आएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) चैत मसान्तसम्म सम्पादन भएका कार्यहरूः-

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १. | मूल्य अभिवृद्धि कर (तेईसौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| २. | अन्तःशुल्क (बाइसौं संशोधन) नियमावली, २०७८ | संशोधन | |
| ३. | भन्सार (बाह्रौं संशोधन) नियमावली, २०७८ | संशोधन | |

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| ४. | आयकर (बाह्रौं संशोधन) नियमावली, २०७८ को संशोधन | संशोधन | |
| ५. | ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन (दोस्रो संशोधन) नियमावली, २०७८ | संशोधन | मिति २०७८।०४।२५ मा नेपाल राजपत्रमा प्रकाशित भएको। |
| ६. | राष्ट्र ऋण (पाँचौ संशोधन) नियमावली, २०७८ | संशोधन | मिति २०७८।०४।२५ मा नेपाल राजपत्रमा प्रकाशित भएको। |
| ७. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली (पहिलो संशोधन), २०७८ | संशोधन | मिति २०७८।०७।०८ गते नेपाल राजपत्रमा प्रकाशित भएको। |
| ८. | हेजिङ्ग सम्बन्धी नियमावली, २०७८ | नयाँ तर्जुमा | मन्त्रिपरिषद्मा पेश भएको |
| ९. | नेपाल राष्ट्र बैंक नोट धुल्याउने सम्बन्धी नियमावली, २०७८ | नयाँ तर्जुमा | मन्त्रिपरिषद्मा पेश भएको |
| १०. | कर्मचारी सञ्चय कोष सेवा शर्त नियमावली, २०७८ | नयाँ तर्जुमा | |
| ११. | नेपाल धितोपत्र वोर्ड कर्मचारी विनियमावली, २०६५ | संशोधन | |
| १२. | कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६६ | संशोधन | |
| १३. | नेपाल स्टक एक्सचेञ्ज कर्मचारी विनियमावली, २०७४ | संशोधन | |
| १४. | नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०७८ | नयाँ तर्जुमा | |
| १५. | राष्ट्रिय बाणिज्य बैंक कर्मचारी विनियमावली | संशोधन | |
| १६. | कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ | नयाँ तर्जुमा | मिति २०७८।०७।१५ गते नेपाल राजपत्रमा प्रकाशित भएको। |
| १७. | सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ | नयाँ तर्जुमा | मिति २०७८।०७।१५ गते नेपाल राजपत्रमा प्रकाशित भएको। |
| १८. | आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०७८ | संशोधन | मिति २०७९।०१।१२ मा नेपाल राजपत्रमा प्रकाशन भएको । |

## ख. सम्पादित महत्त्वपूर्ण कार्यहरुः

### बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणाली

- मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budgetary Information System-LMBIS) मा समावेश भएका कार्यक्रम नै स्वीकृत कार्यक्रम हुने कानूनी व्यवस्थालाई निरन्तरता दिइएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा कुनै संशोधन भएमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने र एउटै बजेट उप-शीर्षक भित्रको क्रियाकलापको परिणामात्मक लक्ष्य थपघट, खर्च शीर्षकको शुरू विनियोजनको २५ प्रतिशतसम्मको रकमान्तर र एउटै बजेट उपशीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपरेमा कोष तथा लेखा नियन्त्रक कार्यालयको रोक्का पत्रको आधारमा क्रियाकलाप र परिमाण नघट्ने गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्थालाई प्रणालीमा सुधार गरी कार्यान्वयन भएको।
- आ.व. २०७७/७८ को आन्तरिक लेखापरीक्षणको वार्षिक एकीकृत प्रतिवेदन तयार भएको र ८१ वटा कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरण सहितको एकीकृत वार्षिक प्रतिवेदन बुझाउने कार्य सम्पन्न भएको।
- आन्तरिक लेखापरीक्षणसम्बन्धी हाते पुस्तिका छपाई गरी सम्बन्धित कार्यालयहरूमा वितरण गरिएको।

- RMIS मा थप राजस्व सङ्कलन गर्ने निकायहरू जस्तै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशलाई आवद्धताका लागि स्वीकृति दिइएको।
- राजस्व व्यवस्थापन सूचना प्रणालीमा थप बैंकहरू नेपाल इन्भेष्टमेन्ट बैंक लि. र थप भुक्तानी सेवा प्रदायक संस्था (PSP/PSO) जस्तै Cash लाई RMIS मा आवद्धताका लागि स्वीकृति दिइएको।
- २०७८ भाद्र २४ बाट ७ सय ५३ वटै स्थानीय तहहरूको भुक्तानी विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत गर्ने कार्यको शुभारम्भ भएको।
- SuTRA System बाट हुने EFT को लागि Nepal Clearing House Limited (NCHL) बाट छुट्टै API User प्राप्त भई EFT कार्य भईरहेको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन लेखा समूह भित्रबाट लेखापालनमा संलग्न नहुने कर्मचारीलाई आन्तरिक लेखापरीक्षक छनौट गरी छुट्टै जनशक्ति विकास गरिएको। छनौट भएका आन्तरिक लेखापरीक्षकहरूको क्षमता विकासका लागि प्रशिक्षण कार्यक्रम सम्पन्न भएको। साथै, यस्तो तालिम स्थानीय तहका आन्तरिक लेखापरीक्षकहरूका लागि समेत प्रदान गरिएको।
- SuTRA प्रणालीको थप स्तरोन्नति गर्दै यस प्रणालीमा खरिद व्यवस्थापन, तलबी प्रतिवेदन, बेरुजु विवरण दाखिला तथा बैङ्क हिसाव मिलान विवरण समावेश गरिएको।

**राजस्व व्यवस्थापन**

**राजस्व सङ्कलन**

आर्थिक वर्ष २०७८/७९ को चैत महिनासम्ममा कर राजस्व रु.७२७ अर्ब ७९ करोड, गैरकर राजस्व तर्फ रु.६१ अर्ब ४७ करोड र अन्य प्राप्ति रु ३८ अर्ब ६१ करोड गरी जम्मा रु.८२७ अर्ब ८७ करोड राजस्व सङ्कलन भएको। यस अवधिको रु.८४३ अर्ब ४८ करोड लक्ष्यको तुलनामा ९८.२७ प्रतिशत सङ्कलन भएको।

**(रु.लाखमा)**

| क्र. सं. | कर शीर्षक | आ.व. २०७८/७९ को वार्षिक लक्ष्य | आ.व. २०७७/७८ को असुली | चालु आ.व.को चैतसम्मको लक्ष्य | चालु आ.व.को चैतसम्मको सङ्कलन | बार्षिक लक्ष्यको असूली % | चैतसम्मको लक्ष्यको तुलनामा % |
|---|---|---|---|---|---|---|---|
| १ | **भन्सार महशुल** | **२७८९२४०.२५** | **१६५८१०७.०९** | **२०५४८८१.३१** | **१८६५०९०.७८** | **६६.८७** | **९०.७६** |
| | पैठारी | २१३७९२२.५७ | १२५०८०९.४९ | १५६९४०३.६४ | १४४०६६७.०३ | ६७.३९ | ९१.८० |
| | निकासी | ६२४९.४८ | ३५९७.४९ | ४७४६.१९ | ३७०६.१८ | ५९.३० | ७८.०९ |
| | पूर्वाधार कर | २६२९५९.०४ | १६१०१४.२७ | १९४६२४.०२ | १७७११०.६९ | ६७.३५ | ९१.०० |
| | भन्सारको अन्य आय | १४५७९.७९ | ९३४९.७५ | ११८५३.९४ | १८३०३.१९ | १२५.५४ | १५४.४१ |
| | कृषि सुधार शुल्क | ११०९१८.४१ | ७३४३७.९८ | ८३५५२.५५ | ७२८२५.६३ | ६५.६६ | ८७.१६ |
| | सडक मर्मत तथा सुधार दस्तुर | १४९७६८.२६ | ६८०३४.३३ | ११०४८२.५१ | ९०४२४.५६ | ६०.३८ | ८१.८५ |
| | सडक निर्माण तथा सम्भार दस्तुर | १०६८४३.२० | ९१८६३.७७ | ८०२१८.४६ | ६२०५३.५१ | ५८.०८ | ७७.३६ |
| २ | **मूल्य अभिवृद्धि कर** | **३१६३६१०.२९** | **२०५७८४४.१३** | **२२५४८२०.१६** | **२३२१२८९.१८** | **७३.३७** | **१०२.९५** |
| | उत्पादन, विक्री, सेवा | १३६६७३१.०३ | ८५५६९६.६० | ९२८४९८.१२ | ८०८४३५.२३ | ५९.१५ | ८७.०७ |
| | पैठारी | १७९६८७९.२६ | १२०२१४७.५३ | १३२६३२२.०४ | १५१२८५३.९५ | ८४.१९ | ११४.०६ |
| ३ | **अन्तःशुल्क** | **१८२१६७८.००** | **९८७७८९.०७** | **१३५२७०२.१७** | **१२१४१७०.७०** | **६६.६५** | **८९.७६** |
| | आन्तरिक उत्पादन | ११०७६५०.४६ | ५८८६४०.७४ | ७६५५८३.३७ | ७६१२२६.७५ | ६८.७२ | ९९.४३ |

| क्र. सं. | कर शीर्षक | आ.व. २०७८/७९ को वार्षिक लक्ष्य | आ.व. २०७७/७८ को असुली | चालु आ.व.को चैतसम्मको लक्ष्य | चालु आ.व.को चैतसम्मको सङ्कलन | बार्षिक लक्ष्यको असूली % | चैतसम्मको लक्ष्यको तुलनामा % |
|---|---|---|---|---|---|---|---|
| | पैठारी | ७१४०२७.५४ | ३९९१४८.३३ | ५८७११८.८० | ४५२९५७.९४ | ६३.४४ | ७७.१५ |
| ४ | **शिक्षा सेवा शुल्क** | **१०१००.३६** | **२९८७.६६** | **७८०३.३९** | **६२६८.६५** | **६२.०६** | **८०.३३** |
| ५ | **आयकर** | **२८९४९९६.०६** | **१६६०२४७.२३** | **२०५२५४८.७३** | **१८७१०४६.३६** | **६४.६३** | **९१.१६** |
| | आयकर | २५५५०४२.१८ | १४८७५५६.१२ | १७९८०१०.०८ | १६९५४२१.६९ | ६६.३६ | ९४.२९ |
| | ब्याज कर | ३३९९५३.८८ | १७२६९१.११ | २५४५३८.६५ | १७५६२४.६७ | ५१.६६ | ६९.०० |
| | कर राजस्व जम्मा | १०६७९६२४.९६ | ६३६६९७५.१८ | ७७२२७५५.७६ | ७२७७८७९.६७ | ६८.१५ | ९४.२४ |
| ६ | **गैरकर जम्मा** | **११२६३७९.०४** | **४७१७२६.८०** | **७१२०६२.७८** | **६१४७२३.१२** | **५४.५८** | **८६.३३** |
| | कूल राजस्व | ११८०६००४.०० | ६८३८७०१.९८ | ८४३४८१८.५४ | ७८९२६०२.७९ | ६६.८५ | ९३.५७ |
| ७ | **अन्य प्राप्ति** | ०.०० | **३५५९०२.९२** | ०.०० | **३८६१५३.४४** | - | - |
| | **जम्मा राजस्व/प्राप्ति** | **११८०६००४.००** | **७१९४६०४.९०** | **८४३४८१८.५४** | **८२७८७५६.२३** | **७०.१२** | **९८.१५** |

## करको दायरा विस्तार

- २०७८ माघ, फागुन र चैत महिनाको करदाता दर्ता तथा २०७८ चैतसम्मको जम्मा करदाता संख्या निम्नानुसार रहेकोः-

| करदाताको प्रकार | २०७८ चैत मसान्तसम्मको करदाता संख्या |
|---|---|
| व्यावसायिक स्थायी लेखा नम्वर (BPAN) लिने | १७,५३,६४२ |
| व्यक्तिगत स्थायी लेखा नम्वर (PPAN) लिने | २९,०४,७७१ |
| अग्रीम कर कट्टी प्रयोजनका लागि स्थायी लेखा नम्बर (WPAN) लिने | १५,७८९ |
| **स्थायी लेखा नम्बर प्राप्त गर्ने जम्मा करदाता संख्या** | ४६,७४,२०२ |
| मूल्य अभिवृद्धि करमा दर्ता भएका | २,९०,८२६ |
| अन्तःशुल्कमा दर्ता भएका | १,१४,८८३ |

## चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा राजस्वमा योगदान गर्ने १० मुख्य आयातित मालवस्तुहरूः

(रु. करोडमा)

| मालवस्तुको विवरण | | आ.व. २०७७/७८ | | | आ.व. २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|
| **नाम** | **युनिट** | **परिमाण** | **मूल्य** | **राजस्व** | **परिमाण** | **मूल्य** | **राजस्व** |
| डिजेल | KL | १२११७४१ | ५९७४.४३ | ३७०७.१ | १३०१५५२ | १०५९७.५४ | ४५२८.९८ |
| जीप कार र भ्यानहरू | PCS | १२०३४ | १२०९.५१ | २७५५.८३ | १२५५२ | १३९१.३४ | ३२२४.८१ |
| पेट्रोल | KL | ४५८३३६ | २३३५.८७ | २१५०.५८ | ५४९९२० | ४७२३.९८ | २८३०.०९ |
| मोटर साइकल | PCS | १९३२६० | १७१५.०४ | १८४६.८८ | १४७३२० | १३८०.११ | १५४३.९९ |
| तयारी कपडा | PCS | १८४६९०५४९ | २४०४.०२ | ८१३.०६ | १७१९७४४२५ | २७३१.८१ | ९२०.७७ |
| एल.पि.ग्याँस | KG | ३५७९३३७७१ | २५४३.४ | ४७४.३८ | ३९५७३०६५१ | ४५३४.३४ | ८४५.६८ |
| एम.एस.विलेट | KG | ८८०९६९०४५ | ५०७५.८४ | ९३२.३२ | ५२२०९७६०७ | ३८५६.९७ | ८१३.५८ |

| मालवस्तुको विवरण | | आ.व. २०७७/७८ | | | आ.व. २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|
| नाम | युनिट | परिमाण | मूल्य | राजस्व | परिमाण | मूल्य | राजस्व |
| मोटर साइकल् (अन एसेम्वल्ड) | PCS | ७५७३५ | ७८५.८३ | ६९६.८३ | ७८४०८ | ८५२.९३ | ६६०.२१ |
| मोवाइल टेलिफोन | PCS | ५७९९८९१ | २९६४.१८ | ४६९.१४ | ५०००८५८ | ३४९७.९८ | ५५२.९१ |
| एच.आर.सिट | KG | ३०१३२३७४३ | १९६१.१३ | ३५१.६ | २९२९६६८८० | ३०१४.१५ | ५३७.७८ |

## चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा निकासी भएका १० मुख्य मालवस्तुको विवरणः

(रु. करोडमा)

| मालवस्तुको विवरण | | आ.व. २०७७/७८ | | आ.व. २०७८/७९ | |
|---|---|---|---|---|---|
| नाम | युनिट | परिमाण | मूल्य | परिमाण | मूल्य |
| भटमासको तेल प्रशोधित | KG | १८०५८०३४५ | २८८१.३५ | १७८७४९३२१ | ४३३०.८२ |
| प्रशोधित पाम तेल | LTR | ३००० | ०.०४ | १७७५७८२०७ | ३६३८.५६ |
| सेन्थेटिक यार्न | KG | २४९८१२०१ | ५७४.२९ | ३०५१८१४५ | ९३२.२० |
| ऊनी गलैंचा कार्पेट | SQM | ३५३९८७ | ५३८.९८ | ३३३६२५ | ६८९.०४ |
| तयारी कपडा | PCS | ८९२४२९६ | ४०१.४१ | ८९८१६७३ | ५२७.१९ |
| जुटका बुनिएका कपडा | MTR | ७११६४१११ | ३२७.०५ | ९८१३१६४६ | ४८९.८९ |
| फलफुलको जुस | LTR | ४००४८३८४ | २८८ | ५५०७४२७१ | ४०४.५२ |
| सूर्यमुखीको प्रशोधित तेल | KG | ८३६७७२१ | १२९.७ | २००७५७०४ | ४०१.८३ |
| अलैची | KG | ७१७०३९७ | ५६८.७१ | ४२६८८५३ | ३८५.२६ |
| जमोठ कपडा | KG | १६०७३३७ | ३०४.३६ | १७०९५६७ | ३६४.६९ |

**राजस्व व्यवस्थापनसम्बन्धी अन्य मुख्य कार्यहरूः**

- आर्थिक वर्ष २०७८/७९ को राजस्व नीति तथा कार्यक्रम एवम् कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको।
- आर्थिक ऐन, २०७८ को दफा २१ र २३ ले प्रदान गरेका छुट सुविधाहरू उपभोग गर्न मुद्दा फिर्ता लिने म्याद थप गरी २०७९ वैशाख १५ कायम गरिएको।
- छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनमा ल्याइएको।
- आयकरतर्फ करदाताले स्वयं कर निर्धारण गरी पेश गरेको आय विवरणअनुसारको आयमा अनुसूची-१ वा २ बमोजिम लाग्ने कर, शुल्क र व्याज स्वचालित प्रणालीबाट गणना हुने र दाखिला गरेको करको विवरण (अनुसूची-१०) पनि स्वचालित प्रणालीबाट तयार हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- पूर्वानुमानित र कारोबारमा आधारित कर विवरण पेश गर्ने बक्यौता नरहेका करदाताले पेश गरेको आय विवरणअनुसारको करचुक्ता प्रमाणपत्र स्वचालित प्रणालीबाट करदाता स्वंयले लिन पाउने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- मूल्य अभिवृद्धि करको खरिद विक्री खाता प्रत्येक वर्ष कर अधिकृतबाट प्रमाणित गर्नुपर्ने व्यवस्था हटाई करदाता स्वयंले प्रमाणित गरी राख्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- मूल्य अभिवृद्धि करतर्फ करदाताले कर विवरण पेश गर्दा खरिद तथा बिक्रीको विवरण पनि विद्युतीय माध्यमबाट पेश गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको।

- विद्युतीय माध्यमवाट भुक्तानी गरी वस्तु तथा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि करको १० प्रतिशतले हुने रकम उपभोक्तालाई फिर्ता पाउने व्यवस्था शुरूवात गरिएको।
- अन्तःशुल्क स्टिकरमा क्युआर कोड लागू गरिएको।
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा विभिन्न ३० वटा निकायहरूसँग आवद्धता कायम गरिएको।
- भन्सार विन्दुमा भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर तथा महसुल विद्युतीय प्रणाली मार्फत गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- उद्योगले निकासी पैठारी सङ्केत नम्बर पाँच वर्षको लागि एकै पटक नवीकरण गर्न पाउने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- **Quality Registration** को लागि आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता रहेका करदाताहरूको अभिलेख लाई बायोमेट्रिक प्रणालीमा अद्यावधिक गर्ने कार्य सबै आन्तरिक राजस्व कार्यालयबाट कार्यान्वयन गरिएको।
- करदाता स्वयंले नै आय विवरण पेश गर्ने म्याद थप गर्न र अन्तःशुल्क इजाजतपत्र नवीकरण गर्नसक्ने व्यवस्था कार्यान्वयनमा रहेको।
- **Connect IPS** मार्फत राजस्व भुक्तानी गर्दा विगतमा सीमा तोकिएकोमा जतिसुकै रकम कर तिर्न सकिने व्यवस्था गरी **e-payment** को दायरा विस्तार गरिएको।
- **ASYCUDA World System** लागू भएका २४ वटा भन्सार कार्यालयहरूमा **Valuation Page** कार्यान्वयन गरिएको।

### आर्थिक नीति विश्लेषण

- **Macro-Economic Dash Board Update** र **Flash Chart** प्रकाशन गरिएको।
- विज्ञ सल्लाहकार समूह **(Think Tank)** को सेवा लिने सम्बन्धी कार्यविधि, २०७८ तर्जुमा गरिएको।
- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अध्ययन कार्यदल गठन भई कार्य प्रारम्भ गरेको।
- समसामयिक आर्थिक विषयहरूमा नियमितरूपमा **Talk Program** तथा **Policy Dialogue** कार्यक्रम सञ्चालन गरिएको।

### वित्तीय क्षेत्र व्यवस्थापन तथा सार्वजनिक संस्थान

- बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गर्ने, तत् तत् निकायसँग नीति निर्माण, प्रशासनिक कार्य, भिसा सिफारिस, कार्य सहमति, श्रम सहमति, अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उठाइएका विषयमा समन्वय गर्ने, बैंक तथा वित्तीय संस्था र सार्वजनिक संस्थानका पदाधिकारी नियुक्त गर्ने, नेपाल सरकारको प्रतिनिधि तोक्ने, बैंक तथा वित्तीय संस्थाहरु तथा सार्वजनिक संस्थानको नियमन गर्ने र प्रगति विवरण तयार गर्ने लगायतका विविध कार्य निरन्तर रूपमा सम्पादन गरिएको।
- दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०७८/७९-२०८२/८३) तर्जुमाका सम्बन्धमा पहिलो वित्तीय क्षेत्र विकास रणनीतिको समीक्षा, निरन्तरता दिनुपर्ने कार्यक्रम र अबको रणनीति सम्बन्धमा मस्यौदा तयार गरिएको।
- नेपाल नागरिक उड्डयन प्राधिकरणलाई बोनस ऐन, २०३० र बोनस नियमावली,२०३९ को नियम ६ र ७ बमोजिम कानुनी प्रक्रिया पूरा गरी सम्मानित सर्वोच्च अदालतको फैसला

बमोजिम कर्मचारीलाई बोनस वितरण वापत भुक्तानी गर्नुपर्ने रकम हिसाब गरी बाँकी रकम १५ दिनभित्र नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्ने गरी बोनस वितरण गर्न सहमति प्रदान भएको।

- नेपाल सरकारको लगानी रहेको र हाल बन्द भएका केही सार्वजनिक संस्थानहरूको पुनःस्थापना तथा सञ्चालन सम्बन्धमा छलफल कार्यक्रम आयोजना गरी त्यस्ता संस्थानहरूको सञ्चालन मोडालिटी सम्बन्धमा अध्ययनका लागि कार्यदल गठन गरिएको र कार्यदलबाट प्राप्त सुझावका आधारमा संस्थानहरू पुनःसञ्चालनको अवधारणा नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गरिएको।
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएका विभिन्न कर्जामा ब्याज अनुदान प्रदान गर्न एवम् शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणमा प्रदान गरिएको ब्याज अनुदान सोधभर्ना दिइएको।
- कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा नेपाल सरकारबीच सम्पन्न सम्झौताअनुसार कृषि विकास बैंकबाट सञ्चालित Value Chains for Inclusive Transformation of Agriculture (VITA) कार्यक्रम सञ्चालनका लागि Project Steering Committee गठन गरिएको।
- हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड र बुटवल पावर कम्पनीलाई नगद लाभांश वितरणका लागि सहमति प्रदान गरिएको।
- लेखामान बोर्डलाई Asian Oceanian Standrad-Setters Groups को १४औं बैठक सेप्टेम्बर, २०२२ मा नेपालमा आयोजना गर्ने सम्बन्धमा सहमति प्रदान गरिएको।
- राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई वैदेशिक ऋण लिनका लागि सहमति प्रदान गरिएको।

### अन्तर्राष्ट्रिय आर्थिक सहायता

चालु आ.व. २०७८/७९ को चैत महिनासम्ममा अनुदान सहायतातर्फ रु. ९ अर्ब ४६ करोड २६ लाख र ऋण सहायतातर्फ रु. १ खर्ब १६ अर्ब ६० करोड ९८ लाख गरी जम्मा रु. १ खर्ब २६ अर्ब ७ करोड २४ लाख मात्र अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्वता प्राप्त भएको। (विस्तृत विवरण अनुसुची-२ मा संलग्न छ।)

### वित्तीय सङ्घीयता

- कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ अनुसार स्थानीय तहहरूबाट नगद हस्तान्तरणको काम भइरहेको।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई रोयल्टी बाँडफाँट भएको।
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँट बापतको अनुमानित रकम र वित्तीय समानीकरण अनुदानको अनुमानित रकमको विवरण प्रदेश तथा स्थानीय तहमा पठाइएको।
- अन्तर-सरकारी वित्त परिषदको सातौं बैठक सम्पन्न भएको।
- सङ्घ, प्रदेश तथा स्थानीय तहको कर प्रणाली, त्यसमा देखिएका दोहोरोपना अन्य समस्या तथा समस्या समाधानका उपायहरू खोजी गरी नेपाल सरकारलाई सुझाव दिनका लागि राजस्व

परामर्श समिति अन्तर्गत गठित अन्तर-सरकारी राजस्व व्यवस्थापन उपसमितिको विभिन्न बैठक तथा अन्तर्क्रियाबाट प्राप्त सुझावहरू सङ्कलन गरी राय सहितको प्रतिवेदन समिति समक्ष पेश गरिएको।

**प्रशासनिक तथा सङ्गठन सुधार**

- लोक सेवा आयोगको वार्षिक कार्य तालिकाअनुसार नेपाल प्रशासन सेवाका राजस्व र लेखा समूह तथा नेपाल लेखापरीक्षण सेवाका राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका गरी जम्मा १ सय ९६ पदको माग आकृति फाराम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको। साथै, राजपत्र अनङ्कित पदमा पनि समयमै माग आकृति फाराम भरी पठाउन मातहतका निकायलाई निर्देशन दिइएको।
- काठमाडौं चोभारस्थित चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालय स्थापना भई सञ्चालनमा आएको।
- भन्सार एजेण्टको संख्या थप गर्न आवश्यक कार्यविधि तयार गरी ६ सय ६० जना भन्सार एजेण्टको विज्ञापन गरी लिखित परीक्षा सम्पन्न गरिएको।
- तीनै तहका सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न २ हजार ५ सय ३३ कर्मचारीहरूलाई विभिन्न विषयमा क्षमता विकाससम्बन्धी तालिम प्रदान गरिएको।
- मन्त्रालय र मातहतका कर्मचारीहरूलाई प्रचलित कानूनले तोकेको समयभित्र नै सम्पत्ति विवरण बुझाउन लगाइएको। करारमा कार्यरत ५ सय ६६ जना कर्मचारीको सम्बन्धित विभाग र मन्त्रालयमा सम्पत्ति विवरण दर्ता गर्न लगाइएको। बैंक तथा वित्तीय संस्थामा कार्यरत १३ हजार ८ सय १४ जना कर्मचारीको सम्पत्ति विवरण मन्त्रालयमा दर्ता गरी अभिलेख राखिएको।
- प्रचलित कानूनबमोजिम जफत गरिएका चार पाङ्ग्रे २९ र दुई पाङ्ग्रे २६ वटा सवारी साधन विभिन्न सरकारी निकायलाई हस्तान्तरण गरिएको।
- Internet, Networking, IT Related Software, Hardware and Support Services, e-attendance, Video Conference, Meeting Hall booking, Finance Minister’s Schedule Management, Website, Twitter, Email सम्बन्धी सूचना तथा तथ्याङ्क अद्यावधिक गरी सञ्चालनमा ल्याइएको।
- कर्मचारी व्यवस्थापनसँग सम्बन्धित मानव संशाधन सूचना व्यवस्थापन प्रणाली (HRMIS) अद्यावधिक गरिएको।
- कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न हलुका सवारी साधन, अङग्रेजी भाषा तथा कम्प्युटर इन्फोग्राफिक्स स्प्रेडसिटसम्बन्धी तालिमहरू सञ्चालन गरिएको।
- आ.व. २०७७/७८ को NPSAS अनुरूपको वित्तीय विवरण तयार गरिएको। साथै, आ.व. २०७७/७८ को अन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त गरिएको।

**अनुगमन तथा मूल्याङ्कन**

- आर्थिक वर्ष २०७८/२०७९ को वार्षिक बजेट कार्यान्वयन कार्ययोजना तयार गरी एकीकृत अनुगमन प्रणालीमा नियमित रूपमा प्रगति अद्यावधिक गरिएको। उक्त बजेट कार्यान्वयन कार्ययोजनाको १ सय १९ माइलस्टोनहरूमध्ये २०७८ चैत महिनासम्ममा गर्नुपर्ने कार्यहरूमा ८३ प्रतिशत कार्य सम्पन्न भएको।

- सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) प्रयोजनका लागि आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरिएका कार्यहरूको विवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको १५ दिन भित्र यस मन्त्रालयको वेवसाइटमा सार्वजनिक गरिएको।
- सूचना मागकर्तालाई सूचनाको हक सम्बन्धी ऐन २०६४, बमोजिम नियमित रूपमा सूचना प्रदान भइरहेको।
- चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन कार्ययोजना र विकास कार्यक्रमको प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को वैठक निर्धारित समय भित्रै नियमित रूपमा आयोजना भएको।

**कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण**

- कोभिड १९ विरुद्ध खटिने राष्ट्रसेवकको मृत्यु भएमा आर्थिक सहायता २५ लाख दिने व्यवस्था गरिएको।
- सबै राष्ट्रसेवकलाई एक लाख बराबरको कोरोना बीमा सुविधा उपलव्ध गराइएको। कोरोनाको निःशुल्क उपचारको व्यवस्था गरिएको।
- केश वेशमा आधारित रही Mild विरामी प्रति व्यक्ति ३ हजार ५ सय, Moderate विरामी प्रति व्यक्ति रु.७ हजार, Severe विरामीको प्रति व्यक्ति १ हजार ५ सय रूपैयाँका दरले सरकारी, सामुदायिक र निजी अस्पताललाई सोधभर्ना बापत रकम निकासा गरिएको।
- Isolation केन्द्रका लागि प्रति व्यक्ति २ हजार रुपैयाँ तथा सामान्य लक्षणका लागि प्रति व्यक्ति २ हजार रुपैयाँ प्रदान गर्ने व्यवस्था गरिएको।
- स्वास्थ्यकर्मीले Clinical निगरानी गर्दा लाग्ने खर्च प्रति विरामी २ सय रुपैयाँ प्रदान गर्ने व्यवस्था गरिएको।
- प्रत्यक्ष उपचारमा खटिने स्वास्थ्यकर्मीलाई जोखिम भत्ता स्वरूप तलवको ५०% प्रदान गर्ने व्यवस्था गरिएको।

**कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियतसम्बन्धी विशेष व्यवस्थाः**

- बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाख रुपैयाँसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा नब्बे प्रतिशत छुट हुने व्यवस्था मिलाइएको,
- आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुने व्यवस्था मिलाइएको,
- एक करोड रुपैयाँसम्मको व्यावसायिक कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशतले छुट हुने व्यवस्था मिलाइएको,
- होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यवसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस), यातायात वा हवाई सेवाको एक करोड रुपैंयाभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्ने व्यवस्था गरिएको,

- आयकर ऐन, २०५८ को उपदफा (४) बमोजिमको व्यवसायमा आय वर्ष २०७६/७७ र २०७७/७८ मा नोक्सानी भएको रहेछ भने आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) बमोजिम त्यस्तो नोक्सानी कट्टी गर्न पाउने अवधिमा तीन वर्ष थप हुने व्यवस्था मिलाइएको,
- कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको।
- कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्रीको पैठारी, उत्पादन र विक्री वितरण लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा २०७८ पुस मसान्तसम्म छुट सुविधा उपलव्ध गराइएको।

**अन्य विविध**

- क्रियाकलापमा आधारित खर्च लेखाङ्कन गरी सोझै बैङ्क खातामा रकम भुक्तानी गर्न सकिने गरी तयार गरिएको Computerized Government Accounting System-CGAS सङ्घ र प्रदेश अन्तर्गतको सबै सरकारी कार्यालयहरूमा लागू गरिएको।
- नेपाल सरकारको सञ्चित कोषबाट निवृत्तभरण रकम पाइरहेका सेवा निवृत्त कर्मचारीलाई विद्युतीय प्रणालीबाट निवृत्तभरण रकम सोझै बैङ्क खातामा पठाउने गरी प्रणाली विकास भई सम्पूर्ण रकम सोही प्रणालीमार्फत पठाइएको।
- Computerized Government Accounting System-CGAS सँग कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको प्रणालीबीच अन्तर आवद्धता (Integration) गरी कोष कट्टी रकम विद्युतीय माध्यमबाटै पेश (Online Submission) गर्ने कार्य शुरू भएको।
- सार्वजनिक सम्पत्तिको अभिलेखाङ्कन गर्ने प्रयोजनको लागि तीनै तहका सरकारी कार्यालयहरूमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) प्रयोगमा ल्याइएको।
- स्थानीय तहको बजेट तर्जुमा, कोष व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदनको लागि "स्थानीय तह कोष व्यवस्थापन प्रणाली (SuTRA)" लागु भएको। यस प्रणालीबाट ७ सय ५३ (सबै) स्थानीय तहहरूले बजेट प्रविष्टी र खर्च लेखाङ्कन गरी प्रतिवेदन समेत हुने गरेको।
- आन्तरिक राजस्व विभाग अन्तर्गत डे.१/डे.३ आय विवरणअनुसारको कर चुक्ता प्रमाणपत्र स्वचालित प्रणालीबाट करदाता स्वयंले लिन सक्ने र जुनसुकै आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयबाट व्यक्तिगत स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था गरिएको। सेवाप्रवाहलाई सरलीकरण गर्न मोबाइल एप्सको प्रयोग, करदाता स्वयंले अनलाइन मार्फत अन्तःशुल्क इजाजतपत्र नवीकरण, USER ID र PASSWORD लिन र अभिलेख अद्यावधिक गर्न सक्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- Connect IPS मार्फत राजस्व भुक्तानी गर्दा विगतमा सीमा तोकिएकोमा जतिसुकै रकम कर तिर्न सकिने व्यवस्था गरी e-payment को दायरा विस्तार गरिएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र विनियोजन ऐन, २०७८ को दफा ८(७) को व्यवस्थाबमोजिम बजेट कार्यान्वयनलाई सहज,

सरल र प्रभावकारी बनाउन चालु खर्चतर्फ २५ प्रतिशतसम्म रकमान्तर सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाटै हुने व्यवस्था कार्यान्वयनमा आएको।

- विद्युतीय माध्यमबाट पेश हुने अग्रिम करकट्टीको विवरण (e-TDS) करकट्टीकर्ता स्वयंले Verify गर्न सक्ने गरी एकीकृत कर प्रणालीमा सुधार गरिएको।
- ब्रेटन उड्स सम्झौता ऐन (सं.स.), २०१८ को दफा ६ अन्तर्गत नेपाल राष्ट्र बैंकको नाममा मिति र रकम समेत समावेश गरी Valuation Adjustment वापत नेपाल सरकारको तर्फबाट ऋणपत्र जारी गरिएको।
- Debt Operation Management System (DOMS) कार्यान्वयन सम्बन्धमा नेपाल राष्ट्र बैंक र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा कार्यान्वयनका लागि पठाइएको।
- आगामी तीन आर्थिक वर्षमा प्राप्त हुन सक्ने सम्भावित अन्तर्राष्ट्रिय सहायता (अनुदान र ऋण) प्रक्षेपण (Three Year Projection of External Assistance) तयार गरिएको।

## ८. राष्ट्रिय गौरवका आयोजनाहरूः-

### क. मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

- **चालु आर्थिक वर्ष (२०७८/७९) को चैत महिनासम्मको प्रगति**

| क्र.सं. | प्रमुख क्रियाकलाप | प्रगति |
|---|---|---|
| १ | ट्रान्समिसन लाइन पुनर्वास कार्य योजना (RAP) र जीविकोपार्जन पुनःस्थापना कार्यक्रम (LRP) | • कम्प्याक्टको संसदीय अनुमोदनपछि बोलपत्र सूचना प्रकाशन भएको। |
| २ | ३० कि.मि. ट्रान्समिसन लाइनको सर्भे | • वित्तीय प्रस्तावमा छलफल भइरहेको। |
| ३ | नयाँ वितरण लाईन निर्माण तथा क्षमता अभिवृद्धिका लागि डिजाईन र निर्माण ठेक्का | • बोलपत्र कागजात तयारी प्रक्रियामा। |
| ४ | आयोजना प्रभावित क्षेत्रका व्यक्तिहरूको क्षमता अभिवृद्धिका लागि परमर्श सेवा | • बोलपत्र कागजात तयारी प्रक्रियामा। |
| ५ | रातमाटे सवस्टेसनका लागि जग्गा अधीग्रहण | • ९८% मुआब्जा वितरण। |
| ६ | रातमाटे सवस्टेसन-जीविकोपार्जन पुनःस्थापना कार्यक्रम (LRP) | • सम्झौता भइसकेको। |
| ७ | रुख गणना/लगत सङ्कलन | • जिल्ला तथा प्रादेशिक स्तरीय परामर्श गोष्ठी सम्पन्न। |
| ८ | रातमाटे सबस्टेसन - सीमामा पर्खाल निर्माण | • सम्झौता भइसकेको। |
| ९ | एफडिआर र सुपरपेभ तालिम | • सडक विभागका प्रतिनिधिलाई एफडिआर र सुपरपेभ तालिम प्रदान गरिएको। |
| १० | पाईलट डिजाईन तथा सुपरिवेक्षण परामर्शदाता | • प्रारम्भिक प्रतिवेदन स्वीकृत भएको, डिजाइन, प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन र पुनर्वास योजना अध्ययन भइरहेको। |
| ११ | प्रयोगशाला निर्माण | • निर्माण सम्पन्न भएको। |

**आयोजनाको हालसम्मको वित्तीय प्रगति**

| आयोजना | नेपाल सरकार | एमसीसी | जम्मा |
|---|---|---|---|
| विद्युत प्रसारण आयोजना | १,९८,८३,७१ | १,०७,२१,६६ | ३,०६,०५,३७ |
| सडक मर्मत आयोजना | ६,६३,१९ | ९,७१,४७ | १६,३४,६६ |
| कार्यक्रम व्यस्थापन तथा प्रशासन | ७१,१०,२० | ६८,०३,१२ | १३९,१३,३२ |
| **कुल खर्च** | **२,७६,५७,१०** | **१,८४,९६,२५** | **४,६१,५३,३५** |

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | १३१६८०० | १२९९१५३ | ९८.६६ |
| ३०५०००१२३ | ऋण असुली  पुनरावेदन न्यायाधिकरण | १९७७३ | १०१९८ | ५१.५८ |
| ३०५०००१३३ | ऋण असुली न्यायाधिकरण | ३५२०० | ३१५५६ | ८९.६५ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००००० | २५३६३३ | ५०.७३ |
| ३०५००१०१३ | साना किसान विकास बैंक (वित्तीय संस्था), विविध | १४०००० | १०८०२३ | ७७.१६ |
| ३०५००१०२३ | लघु बीमा सहयोग कार्यक्रम (पशु,बाली,स्वास्थ्य) | ६९१९७२ | ६४६८०५ | ९३.४७ |
| ३०५००१०५३ | बजेट सुधार आयोजना | ४७०० | - | - |
| ३०५००१०८३ | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल | १२७९६०० | ३८२२२३ | २९.८७ |
| ३०५००११३३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | १३३०८५१४ | ५५२९७७८ | ४१.५५ |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १२३२९३ | ९७४०५ | ७९.०० |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५०२४१ | ३५३६४ | ७०.३९ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७७०० | १५४६१ | ८७.३५ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ६६०६४८ | ५६३७३८ | ८५.३३ |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १११४७०० | १६३८१४ | १४.७० |
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ६९००० | ३६२२३ | ५२.५० |
| ३०५०३०११३ | भन्सार विभाग | १४२०९४ | १०९०२६ | ७६.७३ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | १०००८५७ | ८००१९० | ७९.९५ |
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १०७३०० | ४३०८१ | ४०.१५ |
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ५१७४८४ | २५१३२६ | ४८.५७ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १५७१२३६ | १०९६५३२ | ६९.७९ |
| ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३४७०० | २१६३६ | ६२.३५ |
| | **कुल जम्मा** | **२२७०५८१२** | **११४९५१६९** | **५०.६३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | ११०३० | १०२६७ | ९३.०८ |
| ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | १३५० | १३३० | ९८.५४ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | ८५० | ८४६ | ९९.५५ |
| ३०५००१०८४ | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल | ६९२७४७८ | १९४९६२९ | २८.१४ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | १३२२० | १०९२१ | ८२.६१ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | १३०० | ९३५ | ७१.९५ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ७०० | ६९८ | ९९.७६ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १२४५८७ | १०५५७७ | ८४.७४ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | २४३४०० | ६१७२३ | २५.३६ |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ६५०० | १८०९ | २७.८३ |
| ३०५०३०११४ | भन्सार विभाग | ६००० | ३१०५ | ५१.७५ |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | ८२६२५ | ४९३९० | ५९.७८ |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ८६१४०० | ३०१९६१ | ३५.०५ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | २३५८३८ | १२५७७७ | ५३.३३ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | ३२९२९७ | २२७०९७ | ६८.९६ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ६४०० | ५६९८ | ८९.०३ |
| | **कुल जम्मा** | **८८५१९७५** | **२८५६७६५** | **३२.२७** |

## १०.आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | ३६६५९३ | २२९४५० | ६२.५९ |
| ३०५०००१२३ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | १९८०० | ९०१४ | ४५.५३ |
| ३०५०००१३३ | ऋण असुली न्यायाधिकरण | ३४९०० | २४५८६ | ७०.४५ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५००३०० | १९३०८५ | ३८.५९ |
| ३०५००१०१३ | साना किसान विकास बैंक (वित्तीय संस्था), विविध | ४०००० | ४०००० | १००.०० |
| ३०५००१०२३ | लघु बीमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ३५९४०० | ३३९४६६ | ९४.४५ |
| ३०५००१०५३ | बजेट सुधार आयोजना | १२२०० | - | - |
| ३०५००१०८३ | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल | ७५२००० | ३४३३७५ | ४५.६६ |
| ३०५००११३३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २०५९६००० | ९१८९६९७ | ४४.६२ |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १२५२०० | ७०६०२ | ५६.३९ |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ४८१५० | ३२९७९ | ६८.४९ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७९९४ | ९३२४ | ५१.८१ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ७१७७०० | ४०६९६० | ५६.७० |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ७५७८९६ | १६६१३९ | २१.९२ |
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ६६७०० | ३०२५२ | ४५.३६ |
| ३०५०३०११३ | भन्सार विभाग | १४८८०९ | ७१८२२ | ४८.२६ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | ८९६८६० | ५६८६९० | ६३.४१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १०९९०० | १८३९४ | १६.७४ |
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ३९८४७० | २८९२०३ | ७२.५८ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | १५४९३८० | ८४८५४० | ५४.७७ |
| ३०५०५०११३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३५९०० | १८२५० | ५०.८४ |
| | **कुल जम्मा** | २७५५४१५२ | १२८९९८२८ | ४६.८२ |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | ३३१८७ | ११०१३ | ३३.१९ |
| ३०५०००१२४ | ऋण असुली  पुनरावेदन न्यायाधिकरण | ७०० | ४९४ | ७०.६३ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधिकरण | ६०० | ५९२ | ९८.६४ |
| ३०५००१०५४ | बजेट सुधार आयोजना | ९०००० | - | - |
| ३०५००१०८४ | मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल | ८३५०३०० | १६२४५६ | १.९५ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | १८००० | २६३६ | १४.६५ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | १५०० | ११०३ | ७३.५६ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ८०० | ३०१ | ३७.६४ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १२८४०० | ४७५४९ | ३७.०३ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ३६०५०४ | ९१५० | २.५४ |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ७००० | ४५०१ | ६४.३० |
| ३०५०३०११४ | भन्सार विभाग | १०६४०० | १३०२ | १.२२ |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | ९१३०० | ३४८६५ | ३८.१९ |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ८५४५०० | ८३०३४ | ९.७२ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | ३७६८०० | ११९७१६ | ३१.७७ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | २७९५७० | ४४७९५ | १६.०२ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ६००० | २६५६ | ४४.२६ |
| | **कुल जम्मा** | १०७०५५६१ | ५२६१६५ | ४.९१ |

cs80

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## १. पृष्ठभूमि

उद्योग मन्त्रालयले मुलुकको उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई सवल र सुदृढ तुल्याउदै सहज औद्योगिक वातावरण निर्माण गरी लगानी प्रवर्द्धन गर्न नीतिगत सहजीकरण गर्दछ। व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको विकास र सञ्चालन लगायतका मुख्य कार्यक्रमको तर्जुमा गरी सरोकारवाला निकाय, निजी क्षेत्र तथा दातृ निकायसँग समन्वय गरी कार्यान्वयन गर्नुका साथै तिनको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने लगायतका काम मन्त्रालयले गर्दै आएको।

## २. दीर्घकालीन सोच

- आर्थिक समृद्धिका लागि उच्च प्रतिफलयुक्त, दिगो र रोजगारमुलक औद्योगिक विकास गर्ने,
- निर्यात प्रवर्द्धन एवम् आयात व्यवस्थापन गरी आर्थिक समृद्धिका लागि व्यापार सन्तुलन कायम राख्ने,
- सहज, स्वचालित र भरपर्दो आपूर्ति प्रणाली सञ्चालन गरी उपभोक्ता हित संरक्षण गर्ने।

## ३. उद्देश्य

- औद्योगिक उत्पादन अभिवृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्ने,
- उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने,
- लगानीमैत्री वातावरण सिर्जना गरी उद्योग क्षेत्रमा स्वदेशी र विदेशी लगानी वृद्धि गरी रोजगारीका अवसर विस्तार गर्ने,
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तु, तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्ने,
- स्वदेशी तथा वैदेशिक व्यापार लागत घटाउने,
- नेपाली वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलामा आबद्धता अभिवृद्धि गर्ने,
- उपभोग्य वस्तु, औषधी, उपकरण तथा पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक वस्तु तथा सेवाको देशव्यापी रूपमा सर्वसुलभ आपूर्ति सुनिश्चित गर्ने,
- बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउने।

## ४. रणनीति

- उद्योग क्षेत्रको अन्य उत्पादनमूलक क्षेत्रसँग अन्तरसम्बन्ध स्थापित गरी विकास र विस्तार गर्ने,
- औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने,
- आधुनिक प्रविधिको प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास मार्फत लगानीमैत्री वातावरण तयार गर्ने,
- खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा खोज, अन्वेषण, उत्खनन र उत्पादन गर्ने,

- प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी परिचालन गर्दै आयात प्रतिस्थापनमा जोड दिने,
- उद्योगधन्दाको विकास र विस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गर्ने,
- व्यापार पूर्वाधारको विकास र उपयोग, सूचना प्रविधिको प्रयोग एवम् विस्तार, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी स्वदेशी तथा वैदेशिक व्यापार लागत कम गर्ने,
- वौद्धिक सम्पत्ति अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गर्ने,
- आपूर्ति व्यवस्था, प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ताको हितसँग सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयन गर्ने,
- आपूर्ति व्यवस्थामा संलग्न संस्थानको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने,
- आपूर्ति अनुगमन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- आधारभूत आवश्यकता तथा आवश्यक वस्तु लगायत सबै वस्तु तथा सेवाको उपलब्धता तथा गुणस्तर, मूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी बजारमा कृत्रिम अवरोध र अभावको अन्त्य गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | १५३ | १५० | ३ | ० |
| २ | उद्योग विभाग | ५६ | ५३ | ३ | ० |
| ३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ५६ | ५३ | ३ | ० |
| ४ | वाणिज्य तथा उपभोक्ता संरक्षण विभाग | ४७ | ४७ | १ | ० |
| ५ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ८९ | ७३ | १६ | |
| ६ | केन्द्रीय कारागार कारखाना | १९ | ७ | १५ | ० |
| ७ | खानी तथा भूगर्भ विभाग | १४४ | १०९ | ३५ | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७९ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ७२ | श्रम बजारमा प्रवेश गर्ने युवा, वैदेशिक रोजगारबाट फर्किएका तथा स्वदेशमा रोजगार गुमाएका श्रमिकको सीप तथा क्षमता विकास गर्न हस्तकला, प्लम्बिङ्ग, बिजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगढ, सिकर्मी, डकर्मी, सिलाइ कटाई, ब्युटिसियन, कपाल कटाई, सवारी साधन तथा मोवाइल लगायतका व्यवसायमा थप १ लाख | • लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र स्थापना भई उद्यमशीलतासम्बन्धी तालिम सञ्चालन भइरहेको।<br>• ५ सय १५ जनालाई मोटरसाइकल मर्मत हाउस वाइरिङ्ग, सिलाइ, मोवाइल मर्मत लगायत अन्य व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यक्तिलाई सीप विकास तालिम प्रदान गरिने। | |
| ७३ | स्वदेशी उद्योगको आवश्यकताअनुसार सीपयुक्त जनशक्तिको विकास गर्न निजी क्षेत्रको साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योगमा प्रशिक्षार्थी कामदारलाई तीन महिनाको न्यूनतम पारिश्रमिक बराबरको अनुदान उपलब्ध गराई कार्यस्थलमा आधारित तालिम सञ्चालन गरिने र सोही उद्योगमा २ वर्षको रोजगारी सुनिश्चित गरी २५ हजार रोजगारी सिर्जना हुने। | • कार्यस्थलमा आधारित तालिम सञ्चालनका लागि कार्यविधिको तयार गर्नका लागि विभिन्न साझेदारहरूसँग छलफल गरी मस्यौदा तयार गरी पेश गरिएको। |
| १०३ | न्यूनतम समर्थन मूल्यमा धान, गहुँ र मकै लगायतका कृषि उपजको भण्डारण गरी आपूर्तिलाई सहज एवम् नियमित बनाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि सहकारी मार्फत खरिद गर्ने व्यवस्था मिलाइने। | • खाद्य व्यवस्था तथा व्यापार कम्पनी स्थापना भई दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी तथा चाडपर्वमा सहुलियत पसल सञ्चालन भइरहेको।<br>• खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट नियमित रूपमा न्यूनतम समर्थन मूल्यमा किसानहरूसँग खाद्यान्न खरिद गर्ने कार्य भइरहेको तथा आपूर्तिलाई सहज एवम् नियमित बनाउन भण्डारण गर्ने गरिएको। |
| १७५ | राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्न अनुकूल व्यावसायिक वातावरण सिर्जना गरी नेपाललाई आकर्षक एवम् सुरक्षित लगानी गन्तव्यको रूपमा विकास गरिने। लगानीमैत्री उद्योग प्रशासन, सौविध्यपूर्ण व्यवहार, संरक्षणयुक्त कर प्रणाली, असल श्रम सम्बन्ध एवम् आधुनिक पूर्वाधार विकास गरी औद्योगिकीकरणको प्रक्रियालाई तीव्र बनाइने। | • एक/एक वटा औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्रलाई स्मार्ट पूर्वाधारयुक्त बनाई नमूनाका रूपमा विकास गर्न विस्तृत सम्भाव्यता अध्ययन गर्ने कार्य भइरहेको।<br>• विभिन्न प्रस्तावित सम्भाव्य औद्योगिक कोरिडोरको विस्तृत सम्भाव्यता अध्ययन कार्य भइरहेको। |
| १७६ | स्वदेशी वस्तुको बृहत उत्पादन, बजारीकरण, प्रयोग एवम् निकासी प्रवर्द्धनका लागि निजी क्षेत्रसँगको सहकार्यमा मेड इन नेपाल र मेक इन नेपाल अभियान सञ्चालन गरिने। सिमेन्ट, औषधी, फलामे डण्डी, | • स्वदेशी वस्तु तथा सेवाको उत्पादन प्रवर्द्धन र उपभोग अभिवृद्धि गर्ने उद्देश्यले मेक इन नेपाल अभियान कार्य विभिन्न सरोकारवाला तथा उद्योगहरूको साझेदारी तथा समन्वयमा सञ्चालन भइरहेको। मेड इन नेपाल |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | फर्निचर र जुत्ता लगायतका उत्पादनमा आत्मनिर्भर हुँदै निकासी प्रवर्द्धन गरिने। | अभियान सञ्चालनका लागि युवा उद्यमी तथा सरोकारवालाहरूसँग छलफल भइरहेको। |
| १७७ | घरेलु, साना तथा मझौला उद्योगलाई संरक्षण गरी स्थानीय कच्चापदार्थ र श्रममा आधारित उत्पादन अभिवृद्धि गरिनेछ र बजार प्रवर्द्धन गर्न भर्चुअल ट्रेड-सो आयोजना गरिने। | • प्रदेश निर्देशनालय र जिल्ला घरेलु कार्यालयको क्षमता विकासका लागि गण्डकी, लुम्बिनी, सुदूरपश्चिम प्रदेश र प्रदेश नं. १ मा तालिम सञ्चालन सम्पन्न गरिएको।<br>• सातवटै प्रदेशमा नेपालमा कच्चा पदार्थ उपलब्ध हुने र तुलनात्मक लाभ भएका औद्योगिक लगानीका क्षेत्रको पहिचानसम्बन्धी अध्ययन कार्य शुरू गरिएको। |
| १८० | झापाको दमक, मकवानपुरको मयुरधाप, रूपन्देहीको मोतीपुर, बाँकेको नौवस्ता, कैलालीको लम्की र कञ्चनपुरको दैजीमा आगामी दुई वर्षभित्र औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण सम्पन्न गरिने।<br>सर्लाहीको मुर्तिया, तनहुँको चिन्तुटार, दाङ्गको लक्ष्मीपुर, सुर्खेतको चौरासेमा औद्योगिक क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने।<br>औद्योगिक क्षेत्रको व्यवस्थापन र सञ्चालनमा निजी क्षेत्रको भूमिका र सहभागिता बढाउँदै लगिने। औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण र व्यवस्थापनमा अन्तर्राष्ट्रिय लगानीकर्तालाई आकर्षित गरिने। | • दमक औद्योगिक क्षेत्र, झापामा जग्गाको मुआब्जा वितरण भइरहेको। विस्तृत अध्ययन प्रतिवेदन तथा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भई शिलान्यास भएको।<br>• बाँकेको नौवस्ता र मकवानपपुरको मयुरधापमा निर्माण हुने औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको। EIA प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेश भएको र परियोजना कार्यालय स्थापना भएको।<br>• चितवनको शक्तिखोर र कञ्चनपुरको दैजी औद्योगिक क्षेत्रको वातावरणीय मूल्याङ्कन प्रतिवेदन सम्पन्न भएको।<br>• तनहुँको चिन्तुटार औद्योगिक क्षेत्र, दैलेखको चुप्रा औद्योगिक क्षेत्र, कास्कीको कोत्रे औद्योगिक क्षेत्र, सुर्खेतको चौरासे औद्योगिक क्षेत्र र कञ्चनपुर जिल्लाको दोधारा-चाँदनी औद्योगिक क्षेत्रको पूर्व सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको। |
| १८१ | काभ्रेपलाञ्चोकको पाँचखालमा विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने। सुनसरीको अमरडुवा, कैलालीको हरैया र बर्दियाको राजापुरमा विशेष आर्थिक क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन | • काभ्रेपलाञ्चोकको पाँचखालमा विशेष आर्थिक क्षेत्रको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भएको।<br>• सुनसरीको अमरडुवामा विशेष आर्थिक क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन कार्य अगाडि बढाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने। विशेष आर्थिक क्षेत्र पूर्वाधारको लागि ५२ करोड विनियोजन गरिएको । | |
| १८२ | स्थानीय तहमा शुरू गरिएको औद्योगिक ग्राम निर्माण कार्यलाई निरन्तरता दिन रु ९२ करोड विनियोजन गरिएको। | • हालसम्म १ सय ५ वटा औद्योगिक ग्राम घोषणा भई निर्माण कार्यलाई निरन्तरता दिइएको। |
| १८४ | तुलनात्मक लाभका उद्योगको स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिने। वैदेशिक लगानीबाट स्थापित उद्योगको लगानी फिर्ता प्रक्रियालाई सरलीकरण गरिने। एकल विन्दु सेवा केन्द्रबाट लगानीकर्तालाई प्रदान गरिने सेवा विद्युतीय माध्यमबाट उपलब्ध गराइने। | • एकल विन्दु सेवा केन्द्रबाट सम्पन्न हुने कार्यहरूलाई स्वचालित प्रणालीमा लैजान सफ्टवेयर विकास गरी सञ्चालन गर्ने काम अन्तिम चरणमा रहेको। |
| १८५ | डिजिटल र आर्टिफिसियल इन्टेलिजेन्स प्रविधि लगायत चौथो पुस्ताको औद्योगिक क्रान्तिले ल्याएका अवसरको उपयोग गरिने। ई-कमर्ससम्बन्धी कानून तर्जुमा गरिने। | • डिजिटल र आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको सम्भाव्यता सम्बन्धी अध्ययन भइरहेको।<br>• औद्योगिक प्रविधि अनुसन्धान तथा आविष्कार प्रोफाइल तयार गरी Technology Support प्रदान गर्न सम्झौताको तयारी भइरहेको।<br>• ई-कमर्ससम्बन्धी विधेयकको मस्यौदा तयार गरी पेश गरिएको। |
| १८६ | औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई थप सहुलियत तथा प्रोत्साहनका दिइने। औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न न्यूनतम मूल्यमा जग्गा लिजमा उपलब्ध गराउनुका साथै लिज अवधि वृद्धि गरिने। औद्योगिक र विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना गर्दा वातावरणीय दृष्टिकोणले संवेदनशील बाहेक अन्य उद्योगलाई वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुनपर्ने व्यवस्था मिलाइने। | • विशेष आर्थिक क्षेत्र सिमरा तथा भैरहवामा उद्योग स्थापनाका लागि लिजमा जग्गा उपलब्ध गराइएको। भैरहवा विशेष आर्थिक क्षेत्रमा विभिन्न उद्योगहरूले प्लट लिई सञ्चालनमा ल्याएको। |
| १८९ | दलित समुदायको परम्परागत सीप, कला र पेशालाई संरक्षण, सम्वर्द्धन र आधुनिकीकरण गरी व्यावसायिक बनाउन र रोजगारीको विस्तार गर्न सबै प्रदेशमा भगत सर्वजित | • दलित समुदायको परम्परागत सीप, कला र पेशालाई संरक्षण, सम्वर्द्धन र आधुनिकीकरण गरी व्यावसायिक बनाउन र रोजगारीको विस्तार गर्न सबै प्रदेशमा भगत सर्वजित सिल्प |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सिल्प उत्थान तथा विकास कार्यक्रम सञ्चालन गरिनेछ। पेशा, उत्पादन र स्थानअनुसारको विशेष पकेट क्षेत्र घोषणा गरी सीप विकास र बजार प्रवर्द्धन गर्न पूँजीगत अनुदान दिइने। यस कार्यक्रम कार्यान्वयनका लागि अलग संरचना निर्माण गरिने। यसका लागि आवश्यक रकम विनियोजन गरिएको। | उत्थान तथा विकास कार्यक्रम सञ्चालन गर्न कार्यविधि तर्जुमा गरिएको। |
| १९१ | फलाम, बहुमूल्य धातु, किमती पत्थर, पेट्रोलियम पदार्थ लगायत अन्य खनिज पदार्थको अन्वेषण, सर्वेक्षण गरी उत्खनन शुरू गरिने। खानीको भौगर्भिक नक्साङ्कन तथा खनिज अन्वेषणसम्बन्धी कार्य गरिने। | • लोहाकोट, संखुवासभामा धातुजन्य खनिज (तामा, फलाम) को अन्वेषण तथा विकासका लागि कार्य भइरहेको।<br>• काभ्रेपलाञ्चोकमा ग्रेनाइट विस्तृत भौगर्भिक अन्वेषणका लागि ४० हे. टोपोग्राफिकल सर्भे फिल्ड कार्य सम्पन्न भएको ।<br>• अर्घाखाँचीको सुपामा अधातुजन्य (चुनढुङ्गा) खनिज पदार्थहरूको १ सय हेक्टरमा टोपोसर्भे म्यापिङ्ग र स्यामप्लिङ्ग गरी भू-वैज्ञानिक अध्ययन कार्य सम्पन्न भएको । |
| १९२ | आगामी वर्ष धौवादी फलाम खानीबाट व्यावसायिक उत्पादन शुरू गरिने। दैलेखको चुप्रामा सञ्चालित पेट्रोलियम अन्वेषण कार्य दुई वर्षभित्र सम्पन्न गरिने। मुस्ताङ्गको लोमान्थाङ्गमा रहेको युरेनियम लगायत रेडियोधर्मी पदार्थको संरक्षण, प्रवर्द्धन तथा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइने। | • दैलेखको चुप्रामा पेट्रोलियम पदार्थको अन्वेषण गर्नका लागि तीन ठाउँमा जग्गा पहिचान गरिएको र ठाउँ छनौटका लागि चिनियाँ विज्ञ टोलीसँग समन्वय भइरहेको। |
| १९३ | बैतडीमा फोस्फराइट, उदयपुरमा म्याग्नेसाइट, ओखलढुङ्गामा खानीडाँडा र तनहुँ आँवुखैरेनीमा तामाखानी, जाजरकोटमा क्वार्ज र धादिङ्गको रुविभ्यालीमा वहुमूल्य पत्थरको सम्भाव्यता अध्ययन गरी उत्खनन प्रारम्भ गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा काठमाडौं तथा सुर्खेतमा बहुमूल्य, किम्मती तथा अर्ध-किम्मती पत्थर प्रयोगशाला एवम् प्रशोधन केन्द्र स्थापना गरिने। | • ओखलढुङ्गामा खानीडाँडा र तनहुँ आँवुखैरेनीमा तामाखानीको सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडि बढाइएको।<br>• निजी क्षेत्रसँगको सहकार्यमा सुर्खेतमा बहुमूल्य, किम्मती तथा अर्ध-किम्मती पत्थर प्रयोगशाला एवम् प्रशोधन केन्द्र स्थापना कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९४ | स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गरी सबै स्थानीय तहमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम विस्तार गरिने। | • थप २३ वटा स्थानीय तहमा गरिबी निवारणका लागि लघु-उद्यम विकास कार्यक्रम सम्पन्न भएको। कार्यक्रम विस्तारका लागि ७ सय ५३ वटै स्थानीय तहमा सर्शत अनुदान तथा लक्ष्यसहित कार्यक्रम पठाइएको। |
| १९६ | अलैंची, चिया, कफी, अदुवा, जडिबुटी लगायत नेपालको पर्यावरण अनुकूल र मौलिक पहिचान भएका उत्पादनको प्रशोधन, प्याकेजिङ्ग र ब्राण्डिङ्ग गरी अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त गुणस्तर प्रमाणीकरणसहित निकासी प्रवर्द्धन गर्न निजी क्षेत्रलाई थप सहुलियत प्रदान गरिने। | • चिया निर्यात अभिवृद्धि तथा दिगोपनाका लागि Traceability र अर्गानिक प्रमाणीकरणको ढाँचा निर्धारण गरिएको र सो कार्यान्वयन गर्नका लागि २ हजार ४ सय २९ वटा किसानहरू पहिचान गरी समूह आवद्ध गराइएको। |
| १९७ | निर्यातजन्य उद्योगमा विदेशी लगानी आकर्षित गरिने। हिमालय क्षेत्रको गुणस्तरीय पिउने पानी ब्राण्डिङ्ग गरी निर्यात गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने। विदेशी लगानीकर्ताले नेपालमा उत्पादन गरी आफ्नो देशमा शत प्रतिशत निकासी गरेमा त्यस्ता उद्योगलाइ आयकरमा थप छुट दिइने। | • नेपालको व्यापार प्रवर्द्धन गर्न तथा व्यापार सूचना प्रणाली प्रभावकारी बनाउन Trade Policy Advisory Committee गठन भई सहजीकरण भएको। |
| १९८ | साना तथा मझौला उद्योगबाट उत्पादित वस्तुको निर्यात बढाउन निर्यात गृहको स्थापना र सञ्चालन गर्न निजीक्षेत्रलाई वण्डेड वेयर हाउसको सुविधा प्रदान गरिने। तयारी पोशाक, पश्मिना, गलैंचा, जुट, रेशम र कपासमा आधारित निर्यातजन्य वस्तुको उत्पादन एवम् निर्यात प्रवर्द्धन गरिने। | • साना तथा मझौला उद्योगबाट उत्पादित वस्तुको निर्यात बढाउन निर्यात गृहको स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई वण्डेड वेयर हाउसको सुविधा प्रदान गर्न निर्यात गृह सञ्चालन कार्यविधि तर्जुमा गरिएको। |
| २०० | अघिल्लो आर्थिक वर्षको भन्दा थप परिमाण र मूल्यको सामग्री निर्यात गर्ने निर्यातकर्तालाई थप अनुदान दिने व्यवस्था गरिने। | • निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ संशोधनको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश गरिएको। |
| २०२ | स्वदेशी उद्योगको संरक्षणका लागि सेफगार्ड, एण्टिडम्पिङ्ग र काउण्टरभेलिङ्ग कानून कार्यान्वयन गरिने। | • सेफगार्डस् एण्टीडम्पिङ तथा काउण्टरभेलिङ ऐन, २०७६ तथा नियमावली, २०७७ कार्यान्वयनमा आएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २०३ | च्याङ्ग्रा पश्मिना, फेल्ट, नेपाल हर्वस्, एभरेष्ट विग कार्डामम, नेपाल टी, हिमालयन नेपलिज कार्पेट, नेपाल कफी लगायत सामूहिक ट्रेडमार्कको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गरिने। सामूहिक ट्रेडमार्क नवीकरण दस्तुर नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाइने र अर्गानिक प्रमाणीकरणका लागि लाग्ने शुल्क छुट दिने व्यवस्था गरिने। | • फेल्ट सहित दुईवटा वस्तुको सामूहिक ट्रेडमार्कको आचार संहिता निर्माण गरी अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धनका सम्बन्धित क्षेत्रसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको।<br>• निकासीयोग्य वस्तुहरूको प्रवर्द्धनका लागि India Inter-national Trade Fair 2021, World Expo 2020 UAE, Sourcing at Magic Fair 2022, USA मा सहभागिता भएको तथा B2B Meeting आयोजना गरिएको।<br>• नेपाल हर्व तथा हर्वल उत्पादक संघसँगको समन्वयमा खाडी मुलुकहरूमा सामूहिक ट्रेडमार्क दर्ताको लागि Cosmetic, Biopesticide, Ayurvedic Medicine, Essential Oil, Resin, Turpentine वस्तुहरूको पहिचान गरी MoU को लागि पहल गरिएको। |
| २०४ | छिमेकी मुलुकहरूसँगको वाणिज्य तथा व्यापार सन्धी पुनरावलोकन गरिने। मित्रराष्ट्र भारत तथा चीनबाट प्राप्त पारवहन सुविधाको अधिकतम उपयोग गरी तेश्रो मुलुकसँगको व्यापार विस्तार गरिने। | • बंगलादेशसँग सौविध्यपूर्ण व्यापार सम्झौता गर्नका लागि Product List आदानप्रदान गरिएको।<br>• विसाखापट्टनम र कलकत्ताबाट रेल मार्फत हुने ढुवानीमा Transhipment Modality अवलम्बन भइरहेको। पूर्ण कार्यान्वयनका लागि भारतीय पक्षलाई Letter of Exchange को मस्यौदा पठाइएको। |
| २०५ | अन्तरदेशीय व्यापार पूर्वाधार निर्माणलाई तीब्रता दिन नेपालगञ्जको एकीकृत जाँच चौकी निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने। भैरहवाको एकीकृत जाँच चौकी निर्माण कार्य प्रारम्भ गरिने। नेपाल र भारत सीमामा रहेका एकीकृत जाँच चौकीलाई रेलमार्गसँग आवद्ध गरिने। वेलहिया सिमा नाकामा दुई हजार मालवाहक सवारी साधन अट्ने पार्किङ्ग यार्ड निर्माण गर्ने व्यवस्था मिलाउने। | • अन्तरदेशीय व्यापार पूर्वाधार निर्माणलाई तीव्रता दिन नेपालगञ्ज एकीकृत जाँच चौकीको निर्माण कार्य ३० प्रतिशत सम्पन्न भएको।<br>• वेलहिया सिमा नाकामा दुई हजार मालवाहक सवारी साधन अट्ने पार्किङ्ग यार्ड निर्माणका लागि छलफल भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २०६ | आगामी वर्ष रसुवाको टिमुरेमा सुक्खा वन्दरगाह निर्माण सम्पन्न गरिने। ताप्लेजुङ्गको ओलाङ्गचुङगोला, संखुवासभाको किमाथाङ्का, मुस्ताङ्गको कोरोला, हुम्लाको यारी र कञ्चनपुरको दोधारा-चाँदनी सुक्खा वन्दरगाहको पूर्व तयारी सम्पन्न गरी निर्माण प्रारम्भ गरिने। | • टिमुरे सुक्खा बन्दरगाहको ३० प्रतिशत निर्माण कार्य सम्पन्न भएको।<br>• ताप्लेजुङ्गको ओलाङ्चुङ्गोला, संखुवासभाको किमाङ्थाङ्का, हुम्लाको यारी, मुस्ताङ्गको कोरोलामा सुक्खा बन्दरगाह निर्माणको लागि सम्भाव्यता अध्ययन शुरू भएको। |
| २०७ | काठमाडौंको चोभारमा निर्माणाधीन कन्टेनर फ्रेट स्टेशन आगामी आर्थिक वर्षदेखि सञ्चालनमा ल्याइने। काठमाडौं गन्तव्य हुने गरी छुटेका सबै प्रकारका मालबाहक सवारी साधनलाई नेपाल प्रवेश बिन्दुमा सील लगाई बिना अवरोध चोभारमा भन्सार जाँचपाँस गर्ने व्यवस्था मिलाइने। | • सञ्चालन विधि प्रस्ताव गर्न काठमाडौं उपत्यकामा आउने मालवाहक सवारी साधनको परिमाण, न्यूनतम पट्टावहाल रकम, सेवा शुल्कको दररेट लगायतका विषयमा विस्तृत रूपमा अध्ययन गरी प्रस्ताव सम्बन्धी कागजात तयार गर्ने कार्य भइरहेको। |
| २०८ | राष्ट्रिय गुणस्तर नीति तर्जुमा गरिने। बजारमा हुने एकाधिकार र मूल्य मिलेमतो निर्मूल गर्दै आपूर्ति प्रणालीलाई स्वच्छ एवम् प्रतिष्पर्धी बनाइने। बजार अनुगमनमा संलग्न निकाय र उपभोक्ता हितका लागि क्रियाशील संघ संस्थाको सहकार्यमा बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइने। | • राष्ट्रिय गुणस्तर नीति तर्जुमा गर्नका लागि अन्तर्क्रिया भइरहेको।<br>• व्यावसायिक फर्महरूमा नियमित रूपमा अनुगमन भइरहेको र अनियमितताको आधारमा कारबाही गर्ने गरिएको।<br>• लुम्बिनी, बागमती, गण्डकी र सुदूरपश्चिमका ६० जना बजार निरीक्षण गर्ने अधिकृतहरूलाई तालिम प्रदान गरिएको। |
| २०९ | कर्णाली लगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिइने। | • १७ दुर्गम जिल्लाहरूको ६१ स्थानमा नुन र २४ दुर्गम जिल्लामा खाद्यान्न ढुवानी कार्य निरन्तर रूपले भइरहेको। |
| २१० | न्यूनतम तीन महिनाको पेट्रोलियम पदार्थको मागलाई धान्न सक्ने गरी भण्डारण क्षमता वृद्धि गरिने। पानीट्याङ्कीदेखि काँकडभिट्टा हुदै चारआलीसम्म र अमलेखगञ्जदेखि लोथरसम्म पेट्रोलियम पाइपलाईन विछ्याउने कार्य प्रारम्भ गरिने। | • पानीट्याङ्कीदेखि काँकडभिट्टा हुँदै झापाको चारआलीसम्म र बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विछ्याउने कार्य प्रारम्भ गरिएको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| ८ | बढदै गएको व्यापार घाटालाइ क्रमशः घटाउदै वैदेशिक व्यापार सन्तुलन गर्न ढिला भइसकेकोले तत् सम्बन्धी समग्र योजना | • निर्यात प्रवर्द्धन र व्यापार विस्तारका लागि समग्र व्यापार क्षेत्रको गुरुयोजनाको अवधारणा-पत्र तयार भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | निर्माण र त्यसको क्षेत्रगत कार्यान्वयनका लागि सम्भव र आवश्यक कामहरू समेत तोकेर अघि बढ्न तीन महिनाभित्र योजना तयार गरिने। | |
| ५२ | निरन्तर घाटामा गएका सार्वजनिक संस्थानहरूलाई संरचनागत र व्यवस्थापकीय सुधार गरी सञ्चालन गर्ने वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन गर्ने नीति लिइने। | • घाटामा गएका सार्वजनिक संस्थानहरूलाई संरचनागत र व्यवस्थापकीय सुधार गरी सञ्चालन गर्नका लागि अध्ययन तथा बिश्लेषण कार्य भइरहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १ | औद्योगिक व्यवसाय ऐन, २०७६ | संशोधन | अनुसूची ८ र ९ हेरफेर |
| २ | विशेष आर्थिक क्षेत्र नियमावली, २०७८ | पहिलो संशोधन | |
| ३ | नेपाल इन्टरमोडल यातायात विकास समितिका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७८ | नयाँ तर्जुमा | |
| ४ | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम सञ्चालन कार्यविधि, २०७७ | दोश्रो संशोधन | मस्यौदा तयार भएको। |
| ५ | ई-कमर्शसम्बन्धी कानून | नयाँ तर्जुमा | सहमतिका पठाइएको। |
| ६ | स्तरोन्मुख व्यवसाय सञ्चालन (ग्रोथ मोडेल) कार्यविधि तर्जुमा र कार्यान्वयन | नयाँ तर्जुमा | |

### ख. वार्षिक विकास कार्यक्रमः

**रूपान्तरणकारी आयोजना**

- **औद्योगिक पूर्वाधार विकास आयोजना (२०७६/७७-२०८५/८६)**
  - विशेष आर्थिक क्षेत्र विकास तथा विस्तार,
  - औद्योगिक क्षेत्रः १५ वटा सम्भाव्यताका आधारमा सबै स्थानीय तहमा औद्योगिक क्षेत्रको स्थापना तथा सञ्चालन,
  - औद्योगिक ग्राम घोषणा तथा स्थापना

### ग. अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भइरहेका आयोजनाहरू:

- ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि),
- रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना,
- नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना,

- नेपाल चिया निर्यात अभिवृद्धिमा दिगोपना।

## घ. दिगो विकास लक्ष्य सम्बद्ध आयोजना/कार्यक्रमहरूको कार्यान्वयन अवस्थाः

दिगो विकासको लक्ष्य ८, ९ र ११ यस मन्त्रालयसँग सम्बद्ध रहेकोले सो लक्ष्यसँग सम्बन्धित कार्यक्रमहरूको औद्योगिक पूर्वाधार विकास कार्यक्रम, औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम, खनिज अन्वेषण तथा विकास आयोजना, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यक्रम आदि रहेका।

## ङ. अन्य सम्पादित महत्त्वपूर्ण कार्यहरूः

**औद्योगिक पूर्वाधार विकास, लगानी प्रवर्द्धन र उद्योग**

- १० वटा औद्योगिक क्षेत्र सञ्चालनमा रहेको छ तथा ७ वटा प्रस्तावित औद्योगिक क्षेत्रको विकास र विस्तार गर्ने कार्य भइरहेको।
- दैजी औद्योगिक क्षेत्र भित्र रहेको रुखहरूको छपान को लागि नम्बरिङ्ग कार्य भइरहेको।
- एक/एक वटा औद्योगिक क्षेत्र, औद्योगिक ग्राम र विशेष आर्थिक क्षेत्रलाई स्मार्ट पूर्वाधारयुक्त बनाई नमूनाका रूपमा विकास गर्न कार्य भइरहेको।
- गरुडा-गौर, बर्दघाट-रामग्राम औद्योगिक कोरिडोरको विस्तृत सम्भाव्यता अध्ययन शुरू गरिएको।
- कैलालीको हरैया र बर्दियाको राजापुरमा विशेष आर्थिक क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन सम्पन्न भएको।
- हालसम्म १ सय ५ वटा औद्योगिक ग्राम घोषणा भएको।
- ८० वटा स्थानीय तहहरूमा औद्योगिक ग्रामहरूको सम्भाव्यता अध्ययन भइरहेको।
- सुनवल १३२/३३ के.भी. सबस्टेशन आयोजनाको सवस्टेशनमा ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
- वर्दघाट-सरदी १ सय ३२ के.भी. प्रसारण लाईन निमार्ण गर्ने कार्य भइरहेको।
- कालिगण्डकी रिडी १ सय ३२ के.भी. प्रसारण लाईन आयोजनाका लागि EIA सम्पन्न भएको।
- निजी क्षेत्रसँगको सहकार्यमा मेड इन नेपाल र मेक इन नेपाल अभियान सम्बन्धी कार्य विभिन्न सरोकारवालाको समन्वय र साझेदारीमा सञ्चालन भइरहेको।
- यस आर्थिक वर्षमा ६७ ठूला उद्योग, ८२ मझौला उद्योग र ८३ हजार घरेलु तथा साना उद्योग दर्ता भएको।
- १ सय २९ वटा वैदेशिक लगानीका परियोजनाहरू स्वीकृत भई दोस्रो त्रैमासिकको अन्तसम्ममा कुल १ खर्ब ८६ अर्ब (स्वदेशी लगानीः १ खर्ब ५५ अर्ब ७ करोड र विदेशी लगानीः ३० अर्ब ५६ करोड) को लागि स्वीकृत भई जम्मा १३ हजार ७ सय ४८ रोजगारी सृजना गर्ने प्रस्ताव गरिएको।

**लघु उद्यम विकास**

- विदेशी लगानी आकर्षित गर्ने तथा बढाउने उद्देश्यले इन्भेष्टमेन्ट कम्पनी/उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने विषय तथा शर्तहरू नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा सूचना प्रकाशन भएको।
- Entrepreneurship Framework Outline सम्बन्धी राष्ट्रिय कार्यढाँचा तयार भएको।

- गण्डकीको पोखरा र वाग्मतीको चितवनमा औद्योगिक कोरिडोरका उद्यमीसँग औद्योगिक सवालका विषयमा वृहत् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।
- महिला समूहबाट चितवनमा सञ्चालित गलैंचा, ढाका उद्यमको निरीक्षण, नवलपरासी सुस्तापूर्व देवचुली नगरपालिका १५ मा बेसार खेतीसम्बन्धी उद्यम सञ्चालनका सम्बन्धमा अन्तर्क्रिया सम्पन्न भएको।
- लघु घरेलु तथा साना उद्यमीका लागि सहुलियतपूर्ण कर्जा सरलीकरणका सम्बन्धमा नेपाल राष्ट्र बैंक, बैकर्स एसोशियसन र उद्यमीका छाता संस्था समेतको सहभागितामा कर्जा सरलीकरण पुस्तिकाको मस्यौदा तयार भएको।
- वैदेशिक लगानी प्रवर्द्धनका लागि आर्थिक कूटनीति परिचालनलाई बढावा दिन परराष्ट्र मन्त्रालयका सचिवको संयोजकत्वमा लगानी वोर्ड र यस उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समेतको संलग्नता रहने गरी कार्यदल बनेको।

**खानी तथा भूगर्भ**

- वर्दियाको गुलरियामा १ सय वर्ग कि.मि क्षेत्रमा भू-इन्जिनियरिङ्ग तथा भू-वातावरण सम्बन्धी अध्ययन कार्य सम्पन्न भएको।
- पनौती, धादिङ्ग, गोरखा, संखुवासभा, जिल्लामा हुने आकस्मिक पहिरोको अध्ययन कार्य गरिएको।
- भूकम्प मापन तथा अनुसन्धानसम्बन्धी कार्य गर्ने ४२ वटा साइस्मिक स्टेसनहरूबाट भूकम्प मापन भइरहेको। ४ रेक्टर भन्दा माथिका भूकम्पको नियमित रूपमा सञ्चार माध्यममा सूचना प्रवाह भइरहेको।
- प्यूठान, गोरखा, दोलखा र पाल्पा जिल्लाका सिस्मिक स्टेसनहरूको क्यालिब्रेसन गरिएको।
- जियोलोजिकल म्युजियम व्यवस्थापन र स्तरोन्नती गर्न मूल्याङ्कन कार्य सम्पन्न भएको।
- काभ्रेपलाञ्चोकमा ग्रेनाइट अन्वेषण कार्यका लागि १ सय हे. क्षेत्रमा टोपोग्राफिकल सर्वेक्षण कार्य सम्पन्न भएको।
- लोहाकोट, संखुवासभा र मल्लादेवी, बैतडीमा फलामको भौगर्भिक अन्वेषण कार्य अगाडि बढेको।

**नेपाल गुणस्तर तथा नापतौल विभागतर्फ**

- नेपाल गुणस्तर प्राविधिक समितिबाट ३ वटा नेपाल गुणस्तर सिफारिस भएको।
- क्यालिब्रेशन तथा नापतौल उपकरणहरूको Traceability कायम गर्ने विभिन्न २ सय ६० वटा नाप्ने तौलने यन्त्रहरूको क्यालिब्रेसन गरिएको।
- Halal Certification सम्बन्धी नेपाल गुणस्तर निर्धारणका लागि कार्य प्रारम्भ भएको।
- विभिन्न १७ वटा उद्योगहरूको १८ वटा वस्तुहरूमा नेपाल गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्न इजाजतपत्र प्रदान गरिएको।

**वाणिज्य तथा आपूर्तितर्फ**

**व्यापार पूर्वाधार**

- चोभार स्थित काठमाडौं कन्टेनर फ्रेट स्टेशन सञ्चालनमा आएको।
- भैरहवामा ३ सय ५० कि.लि. को इन्धन भण्डारण क्षमता भएको भण्डार निर्माण कार्य सम्पन्न भएको।
- अत्तरिया-धनगढी औद्योगिक कोरीडोरको डीपीआर कार्य भइरहेको।

**व्यापार विस्तार**

- निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ संशोधनको चरणमा रहेको।
- विद्युतीय व्यापार (E-Commerce) सम्बन्धी कानूनको मस्यौदा तयार भएको।
- निर्यात गृह सञ्चालन कार्यविधि मस्यौदा तयार भएको।
- बंगलादेशसँग सौविध्यपूर्ण व्यापार सम्झौता गर्न नेपालको पक्षबाट सम्झौतामा समावेश हुने Product list बङ्गलादेशसँग आदानप्रदान भएको छ।
- नेपाल र अष्ट्रेलिया बीच Trade and Investment Framework को मस्यौदा आदानप्रदान गरिएको।
- बंगलादेशले प्रस्ताव गरेको PTA को मस्यौदामा नेपालको धारणा बनाउने काम भएको।
- रेक्स कार्यविधिको तयारी अन्तिम चरणमा पुगेको।

**वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण**

- बजारमा अत्यावश्यक उपभोग्य वस्तुहरूको अभाव हुन नदिन अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाइएको।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, जिल्लास्थित वाणिज्य कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूबाट संयुक्त बजार अनुगमन टोली बनाई बजार अनुगमनको कार्य निरन्तर रूपमा भइरहेको।
- व्यावसायिक फर्ममा नियमित अनुगमन गरिएको र सो क्रममा अनियमित काम गर्ने फर्महरूलाई कारबाही गरी जरीवाना गरिएको।
- उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानून, मापदण्डको नियमन र अध्ययन, अनुसन्धान गर्ने कार्य गरिएको।
- उपभोक्ता हित संरक्षण संस्थाहरूको परिचालन तथा नियमन, उपभोक्ता सचेतना अभिवृद्धि, अत्यावश्यक वस्तुको सूची अद्यावधिक, प्रदेश र स्थानीय तहसँग समन्वय आदि कार्य नियमित रूपमा भइरहेको।
- आन्तरिक बजार व्यवस्थापन सम्बन्धी नीति, योजना र कानून निर्माण एवम् अध्ययन अनुसन्धान गर्ने गराउने, आपूर्तिसम्बन्धी सूचना सङ्कलन, विश्लेषण र प्रक्षेपण गर्ने गराउने, अत्यावश्यक वस्तुको मूल्य (भारत तथा अन्तराष्ट्रिय बजार समेतको) सङ्कलन र अद्यावधिक गर्ने गराउने कार्यहरू भइरहेको।

**खाद्य व्यवस्था तथा व्यापार**

- उपभोक्तालाई दैनिक उपभोग्य खाद्य वस्तुहरू सहज रूपमा उपलब्ध गराउन दुर्गम जिल्लाहरूका तोकिएका विभिन्न स्थानहरूमा खाद्यान्न (चामल) तथा आयोडिनयुक्त नुनको आपूर्ति नियमित एवम् व्यवस्थित रूपमा भएको।
- नेपालीहरूको मुख्य चाड दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी उपभोक्तालाई दैनिक अत्यावश्यक खाद्य वस्तुहरू सहज र सुपथ मूल्यमा उपलब्ध गराउन देशव्यापी रूपमा सहुलियत दरको पसल सञ्चालन गरिएको।

**आन्तरिक व्यापार र आपूर्ति**

- आपूर्ति, बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका विषयमा सरोकारवालाहरूसँग बैठक बसी आपूर्ति व्यवस्थापनका समस्याका विषयमा छलफल गर्ने गरिएको।

- स्थानीय तहमा समन्वय गर्ने विषयसँग सम्वन्धित कार्यहरू गर्ने, अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (वफर स्टक) अद्यावधिक र गोदाम व्यवस्थापन गर्ने गराउने कार्यहरू गरिएको।
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन गर्ने गराउने गरिएको।

**व्यापार तथा निकासी प्रवर्द्धन**

- निकासी क्षमता अभिवृद्धि गर्नको उद्यमी व्यवसायीहरूलाई सहभागिता गराई काठमाडौं र चितवनमा सम्भाव्य अन्तर्राष्ट्रिय बजार विश्लेषण तथा खोजीसम्बन्धी तालिम गरिएको।
- नेपाल हर्व तथा हर्वल उत्पादक संघसँग समन्वय गरी खाडी मुलुकहरूमा सामूहिक ट्रेडमार्क दर्ताको लागि Cosmetics, Bio-Pesticide, Ayurvedic Medicine, Essential Oil, Rosin & Turpentine वस्तुहरू पहिचान गरिएको।
- भारतको राजधानी नयाँ दिल्लीमा आयोजना भएको India International Trade Fair 2021 मा ६ वटा नेपाली फर्म/कम्पनीहरूको सहभागितामा नेपाली निर्यातयोग्य वस्तुहरूको प्रर्दशनी तथा विक्री गरिएको।

## ८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्त्वपूर्ण आयोजना/योजना/कार्यक्रमको प्रगतिः

- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत १ सय ३ जनालाई सीपमूलक तथा क्षमता विकास तालिम प्रदान गरिएको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९०९६९५ | १२०९२४ | १३.२९ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०६०० | ४८७६ | ४६.०० |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १३८४०० | १३६९४५ | ९८.९५ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५९५६०६ | ५९५६०६ | १००.०० |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २७४०० | १७२७६ | ६३.०५ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ३४१०० | २९८९१ | ८७.६६ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम | १७४१६० | १७४१६० | १००.०० |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ५६९४४ | ९०२२ | १५.८४ |
| ३०७००१०५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १०६६०० | ३८७३२ | ३६.३३ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि) | ८०८८०० | २९५७७६ | ३६.५७ |
| ३०७००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | १०५०० | ० | ०.०० |
| ३०७०१०११३ | उद्योग विभाग | १३६७१०७ | १३६४४२७ | ९९.८० |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | १०८५०० | ७९३७९ | ७३.१६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९००० | ६०५७ | ६७.३० |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | ९९०० | ८७१४ | ८८.०२ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ९४०० | ८८७० | ९४.३६ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६१८०० | ५२३७४ | ८४.७५ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ७०५०० | ५३८२५ | ७६.३५ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ४८४६८ | ४२१३७ | ८६.९४ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ५५५०० | ४५५६८ | ८२.११ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ४६५०० | ३६३१५ | ७८.१० |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १५१०० | १३१०६ | ८६.८० |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १६६५०० | ७०२२२ | ४२.१८ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | १५९५०० | २४८९५ | १५.६१ |
| | **कुल जम्मा** | **५०००५८१** | **३२२९१०१** | **६४.५७** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २५१२१ | ७०७४ | २८.१६ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १५०० | १४९४ | ९९.५८ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १८०१०० | ११७५५५ | ६५.२७ |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १९८४०५८ | ८५२८६० | ४२.९९ |
| ३०७००१०५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १७६८२०० | ११०४५४९ | ६२.४७ |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | २००० | १३३१ | ६६.५३ |
| ३०७००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ४९३०० | ० | ०.०० |
| ३०७०१०११४ | उद्योग विभाग | ८९५०० | ४३३९६ | ४८.४९ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | २०२४० | १४१५६ | ६९.९४ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ६९३०० | २७७८३ | ४०.०९ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | १६३०० | ३०८५ | १८.९३ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १०६०० | ४१३८ | ३९.०४ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६२७०० | २५३०४ | ४०.३६ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | १८७०० | १२४४० | ६६.५२ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | १५४०० | ८७३५ | ५६.७२ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २४५०० | ५७६२ | २३.५२ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | २३०० | १९२५ | ८३.७१ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | ३२१ | ६४.२१ |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ७६१०० | २५५०८ | ३३.५२ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | १०००० | ३८०७ | ३८.०७ |
| | **कुल जम्मा** | **४४२६४१९** | **२२६१२२३** | **५१.०८** |

## १०.आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको अवस्था

### चालु खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९७०७०० | ९२०१० | ९.४८ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०२०० | ४००१ | ३९.२२ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १४१५०० | २४३१० | १७.१८ |
| ३०७०००१४३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५८६०४१ | ४७११७७ | ८०.४० |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २७९०० | ११५४० | ४१.३६ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | २८६७० | १५९६ | ५.५७ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम | १४१७१४ | १०१८१४ | ७१.८४ |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना - बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ३४२०० | ३८४८ | ११.२५ |
| ३०७००१०५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १५०४०० | ३०२९५ | २०.१४ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | १२१७३०० | ४०१४५२ | ३२.९८ |
| ३०७००११०३ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | १९२०० | १३७२ | ७.१४ |
| ३०७००१११३ | नेपालको चिया निर्यात अभिबृद्धिमा दिगोपना | ५६००० | २१८८८ | ३९.०९ |
| ३०७०१०११३ | उद्योग विभाग | ९७३६०५ | ९४४३७४ | ९७.०० |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ११०५०० | ६०५८२ | ५४.८३ |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९१०० | ४३३८ | ४७.६७ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | ९९०० | ५२४८ | ५३.०१ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ९१०० | ३९६१ | ४३.५३ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६५२०० | ४३०६१ | ६६.०४ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ७७९०० | ४०५९६ | ५२.११ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ४९००० | ३१८६४ | ६५.०३ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ५१४८५ | ३२३२० | ६२.७८ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ४६१०० | २४२९४ | ५२.७० |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १५३०० | १००९३ | ६५.९७ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १६४००० | ५५५६८ | ३३.८८ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | १५४९१३ | ५१८७५ | ३३.४९ |
| | कुल जम्मा | ५११९९२८ | २४७३४७७ | ४८.३१ |

### पुँजीगत खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७६००० | ६९३१ | ९.१२ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १६०० | ५२२ | ३२.६३ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १८९१०० | ३०७२२ | १६.२५ |
| ३०७०००१४४ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | ५००० | ५००० | १००.०० |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २५३०६०० | ४८८७२१ | १९.३१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७००१०५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १३७६४०० | ५८२८५३ | ४२.३५ |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | २२०० | १७६ | ८.०० |
| ३०७००११०४ | रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना | ७५०२०० | ७५८ | ०.१० |
| ३०७०१०११४ | उद्योग विभाग | २८४०० | ५१९२ | १८.२८ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | १३४०० | २७५७ | २०.५७ |
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | १९०३०० | १२९११ | ६.७८ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | १७१०० | २३७६ | १३.९० |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १०६०० | ४४१७ | ४१.६७ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६४९०० | ३७९४ | ५.८५ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ११९०० | ५२२५ | ४३.९१ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | ५६३०० | ५२२१ | ९.२७ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | २११०० | २३८४ | ११.३० |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | २५०० | ८१९ | ३२.७७ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | ७९ | १५.७० |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ७९९०० | ० | ०.०० |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | २६०० | ० | ०.०० |
| | कुल जम्मा | ५४३०६०० | ११६०८५९ | २१.३८ |

଄

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## १. पृष्ठभूमि

नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको हो।

## २. दीर्घकालीन सोच

- जलविद्युत्को दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान पुऱ्याउने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत् आधुनिक ऊर्जाको दिगो विकास गर्ने,
- सम्पूर्ण कृषियोग्य जमिनमा दिगो एवम्  भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याई देशलाई आर्थिक रूपले समृद्ध बनाउने,
- जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी-नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्नुका साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने,
- विश्वासनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवम् जलवायु समयानुकूलित समाजको निर्माण गर्ने।

## ३. उद्देश्य

- जलविद्युत्को उत्पादनमा वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्ने,
- ऊर्जा दक्षतासहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने,
- क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि र पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकूल बनाउन योगदान पुऱ्याउने,
- राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायती र गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व घटाई उत्पादकत्व बढाउने,
- जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोग मार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्ने,
- जलाधार व्यवस्थापन तथा जल उत्पन्न विपद् न्यूनीकरण एवम् व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्ने,
- जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण तथा संरचनागत सुधार गरी जल तथा मौसम जन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना प्रवाहबाट नागरीकको जीउधनको सुरक्षा गर्ने,
- उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने,

- ठूला, जलाशययुक्त तथा जलस्थानान्तरण बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षैंभरि भरपर्दो रूपमा सिँचाइ सुविधा उपलब्ध गराउने,
- सम्पन्न सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपन बढाउने।

## ४. रणनीति

- जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने,
- ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाउने तथा विद्युत पहुँच वृद्धि गरी खपत बढाउने,
- जलविद्युत उत्पादनसहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने,
- जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने,
- जलविद्युतमा आन्तरिक एवम् बाह्य क्षेत्रको लगानी वृद्धि गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्त्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने,
- प्रदेश र स्थानीय तहमा सरोकारवालासँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- नवीनतम्, दिगो तथा ऊर्जा दक्ष प्रविधिहरूको प्रयोगमा जोड दिने,
- वैकल्पिक ऊर्जाको क्षेत्रमा वैंकिङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा वैकल्पिक ऊर्जा प्रविधिहरूलाई उपयुक्त कार्बन परियोजना तथा कार्यक्रमको रूपमा बिकास गरी अन्तर्राष्ट्रिय कार्बन बजारको साथै आन्तरिक कार्बन बजार संयन्त्र स्थापना गर्ने,
- कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघसंस्था समेतको सहकार्यमा ठूला क्षमताका वायोग्यास प्लान्ट स्थापना गरी एल.पी. ग्यासको प्रयोगलाई न्यूनीकरण गर्नुका साथै वायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने,
- सिँचाइ विकासको गुरूयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकुलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवम् विस्तार गर्ने,
- नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्नुका साथै सिँचाइ दक्षता वृद्धि गर्ने,
- संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिँचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने,
- भूमिगत सिँचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने,
- सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने,
- नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,
- जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने,

- अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने,
- जलस्रोतसम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै यस क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने,
- जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपद्को दिगो एवम् भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैर-संरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिका कार्य गर्ने,
- जल तथा मौसम मापन केन्द्रलाई क्रमशः नवीनतम प्रविधि सहितको आधुनिक स्वचालित केन्द्रमा रूपान्तरण र आवश्यकतानुसार विस्तार गर्ने,
- नदी बेसिन योजनाबमोजिम विकासका पूर्वाधारहरूको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनहरूको पानीको सन्तुलन, थेग्रान अध्ययन तथा आकलन गर्ने,
- मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरे अनुरूप विभिन्न संघ-संस्थासँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने,
- विश्व मौसम सङ्गठन, जलवायु परिवर्तनसम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन सङ्गठन र अन्य सरोकारवाला संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ११७ | ९२ | २५ | १ |
| २ | विद्युत विकास विभाग | १२७ | ८८ | ३९ | ० |
| ३ | जल तथा मौसम विभाग | १२८ | ८९ | ४० | १ |
| ४ | जलस्रोत तथा सिँचाइ विभाग | ५९३ | ४९९ | ९४ | ३७ |
| ५ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २५ | १४ | १० | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको चैतमसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| **जलस्रोत तथा सिँचाइतर्फ** | | |
| ११८ | कृषियोग्य जमिनमा नदी पथान्तरण, नहर, लिफ्ट, कुलो तथा भूमिगत सिँचाइ प्रणालीको माध्यमबाट सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरिने। निर्माणाधीन आयोजना निर्धारित समयमा नै सम्पन्न गर्न, सम्भाव्यता अध्ययन पूरा भएका सिँचाइ आयोजना निर्माण प्रारम्भ गर्न र सिँचाइ प्रणाली नियमित मर्मत सम्भार | • थप १२ हजार ५ सय ७३ हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गर्न प्राथमिकताका साथ बजेट छुट्याइएको। आगामी वर्ष थप २९ हजार ४ सय हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिने। | |
| ११९ | सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहरबाट थप २ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याइने। आयोजनाको पूर्वी खण्डमध्ये थप २० किलोमिटर मूलनहर र १२ किलोमिटर शाखा नहर निर्माण सम्पन्न गरी थप ५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिने। सिक्टा सिँचाइ आयोजनाको सम्पूर्ण निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गरिने। | • सिधनिया र पिडारी शाखा नहर विस्तार गरी थप ७ सय हेक्टरमा सिँचाइ सुविधा पुगेको।<br>• सोलार र विद्युतीय ऊर्जा प्रयोग गरी पश्चिम मूल नहरबाट थप जमिनमा सिँचाइका लागि विस्तृत सर्वेक्षण कार्य भइरहेको। |
| १२० | रानी-जमरा-कुलेरिया सिँचाइ आयोजनाको पहिलो चरण अन्तर्गतको ९ किलोमिटर मूल नहर निर्माण कार्य सम्पन्न गरी थप ३ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा पुऱ्याइने। लम्की एक्टेन्सनको कन्द्रा खोलासम्म १५ किलोमिटर मूल र ५ किलोमिटर शाखा नहर निर्माण सम्पन्न गरिने। आगामी ३ वर्षभित्र यस आयोजनाको सम्पूर्ण कार्य सम्पन्न गरी २० हजार ३ सय हेक्टर भूमिमा सिँचाइ सुविधा पुऱ्याइने। आयोजना अन्तर्गतको विद्युत गृहबाट ४.७ मेगावाट विद्युत उत्पादन गरिने। | • मूल नहरको सम्पूर्ण कार्य सम्पन्न भई लम्की एक्टेक्सनको कान्द्रा खोलासम्म १५ कि.मी. मूल तथा लम्की नहरको ५ वटा शाखा नहरको निर्माणको लागि EIA कार्य सम्पन्न भएको। |
| १२१ | महाकाली सिँचाइ आयोजनाको तेस्रो चरण अन्तर्गत १० किलोमिटर मूल नहर निर्माण र ब्रम्हादेव मण्डि क्षेत्रमा शाखा नहर निर्माण गरी २ हजार ९ सय हेक्टर जमिन सिँचाइ सुविधा पुऱ्याइने। | • मूल नहरको निर्माण कार्य करिब ७० प्रतिशत सम्पन्न भएको, डिसिल्टिङ्ग बेसिन तथा हेड रेगुलेटर निर्माण कार्यको खरिद सम्झौता भई निर्माण कार्य शुरू गरिएको।<br>• ब्रम्हदेव, मुसेपानी तथा झलारी क्षेत्रको २२ वटा शाखा नहरहरूको निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान तयार पार्ने कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| | | तथा उक्त शाखा नहरहरूको निर्माणका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न विवरण सङ्कलन गर्ने कार्य भइरहेको। |
| | बबई सिँचाइ आयोजनाको पश्चिम खण्डको बाँकी ८ किलोमिटर नहर निर्माण सम्पन्न गरिने। | • ठेक्का लागेको करिब ८ कि.मि. मध्ये चैत मसान्त सम्म ६.८ कि.मि. मूल नहर निर्माण सम्पन्न भएको। |
| १२२ | प्रगन्ना, बड्कापथ, बाग्मती, पालुङ्गटार, वृहत दाङ्ग उपत्यका लगायत साना, मझौला र ठूला सतह सिँचाइ आयोजनाहरूबाट थप ४ सय हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध हुने। | • उक्त आयोजनाहरूबाट थप २ सय ५० हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको। |
| १२४ | निमार्णाधीन भेरी-बवई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स निर्माण कार्य आगामी आर्थिक वर्ष सम्पन्न गरिने। दुई वर्षभित्र बाँके र बर्दिया जिल्लाका थप १५ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा विस्तार गर्नुका साथै ४८ मेगावाट क्षमताको विद्युत गृह निर्माण सम्पन्न गरिने। | • भेरी-बवई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध क्षेत्रको Civil Works को ३८% कार्य सम्पन्न भएको।<br>• विद्युत गृह निर्माणस्थानमा Excavation कार्यका साथै Grouting एवम् Shotcrete गरी Slope Stabilization गर्ने कार्य भइरहेको। |
| १२५ | तराई-मधेशका धनुषा, महोत्तरी, सर्लाही, रौतहट लगायत प्रदेश नं २ का १ लाख २२ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलव्ध गराई समग्र प्रदेशको आर्थिक रूपान्तरणको आधार तयार गर्ने सुनकोशी-मरिन बहुउद्धेश्यीय नदी पथान्तरण आयोजनाको टनेल निर्माण कार्यलाई तीव्रता दिइने। आगामी आर्थिक वर्ष हेडवर्क्स र विद्युतगृह निर्माण शुरू गरिने। आयोजनाको निर्माण सम्पन्न हुँदा सम्पूर्ण कमाण्ड एरियाको कृषि भूमिमा सिँचाइ सुविधा पुऱ्याउने गरी मूल र शाखा नहर निर्माण गरिने। आयोजनाको सम्पूर्ण काम चार वर्ष भित्र सम्पन्न गरिने। | • रामेछाप जिल्लाको डूबान क्षेत्रमा पर्ने जग्गाको मुआब्जा वितरण कार्य शुरू भएको।<br>• TBM Inlet Portal, Segment Plant, Crushing Plant, TBM Platform, Batching Plant निर्माण कार्य र २० मिटर Starter Tunnel निर्माण कार्य सम्पन्न भएको।<br>• Head Works, Power House, Surge Shaft को Detail Engineering Design कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२६ | तमोर-चिस्याङ्ग र कालीगण्डकी-तिनाउ नदी पथान्तरण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुका साथै आयोजना कार्यान्वयनको ढाँचा निर्धारण र श्रोत व्यवस्थापनको काम सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गरिने। माडी-दाङ्ग र पश्चिम सेती-कैलाली नदी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने। | • तमोर-चिस्याङ्ग नदी पथान्तरण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न लगत अनुमान तयार भइरहेको।<br>• माडी Storage Project को लागि निर्णय भई HIDCL बाट Headworks को अध्ययन भइरहेको। |
| १२७ | समृद्ध तराई-मधेश सिँचाइ विकास कार्यक्रम अन्तर्गत झापा, सप्तरी, उदयपुर, चितवन, नवलपरासी पूर्व, दाङ्ग, बर्दिया, कञ्चनपुर लगायत २५ जिल्लाको २० हजार हेक्टर खेतीयोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्न ५ हजार स्यालो ट्युववेल र २ सय डीप ट्युववेल जडान गरिने। | • समृद्ध तराई मधेस सिँचाइ विकास कार्यक्रम अन्तर्गत ३ हजार ६ सय ९ स्यालो ट्युववेल, १ सय २० डीप ट्युववेल तथा ६० वितरण प्रणाली निर्माण सम्पन्न भई ११ हजार ४ सय २३ हे. मा सिँचाइ सुविधा विस्तार भएको। |
| १२८ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम अन्तर्गत सुनकोशी, त्रिसुली, कालिगण्डकी, राप्ती, भेरी, कर्णाली र चमेलिया लगायतका नदी किनारका टार तथा फाँटमा लिफ्टिङ्ग गरी ६ सय हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिने। | • एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम अन्तर्गत १० वटा अन्वेषण ट्युववेल निर्माण कार्य सम्पन्न गरी थप २ सय हेक्टर मा कृषि योग्य भूमिमा सिँचाइ सुविधा विस्तार भएको।<br>• २० वटा योजनाको Reservoir Tank, Delivery Line निर्माण सम्पन्न भएको। |
| १३० | मानव बस्तीको सुरक्षा तथा कृषियोग्य भूमिको संरक्षण र जमिन उकास गरी स्थानीय तह मार्फत उत्पादनशील उपयोग गर्न नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने। कन्काई, रतुवा, कमला, लालबकैया, बाणगंगा, पश्चिम राप्ती, कर्णाली र महाकाली नदी नियन्त्रणका कार्यक्रमको लागि रु ३ अर्ब ९१ करोड विनियोजन गरिएको। | • विभिन्न जिल्लामा ६६.९१ हेक्टर जग्गा उकास भएको। |
| १३१ | झापाको भद्रपुर, म्याग्दीको बेनी, डोल्पाको दुनै, बझाङ्गको चैनपुर र दार्चुलाको खलङ्गा बजारलाई नदी | • नदी नियन्त्रण कार्यक्रम अन्तर्गत ३८.६९ कि.मि. संरचना निर्माण सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कटानबाट संरक्षण गर्ने। जनताको तटबन्ध अन्तर्गत मावा, विरिङ्ग, बक्राहा, खाँडो, रतु, लखनदेही, पूर्वी राप्ती, तिनाउ-दानव, भादा मोहना लगायत नदी नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिई १ सय १५ कि. मि संरचना निर्माण गर्ने। नदी नियन्त्रण र पहिरो व्यवस्थापनमा नवीन तथा वायोइन्जिनियरिङ्ग प्रविधि प्रयोग गरिने। | |
| १३२ | त्रियुगा नदीको कटानबाट उदयपुरको गाईघाट बजार लगायत अन्य बस्ती र कृषियोग्य भूमिको संरक्षण गर्न ८४ कि.मि. तटबन्ध तीन वर्ष भित्र निर्माण गरिने। | • १०.५ किलोमिटर तटबन्ध निर्माण र ३ वटा Spur निर्माण भएको। |
| १३४ | जलाधार संरक्षण र सिँचाइ सुविधा विस्तारका लागि तालतलैया संरक्षण तथा ड्याम निर्माण कार्यक्रम सञ्चालन गरिने। | • इलाम जिल्लास्थित स्वामी ताल र जरायोटार सिंह धाप तालको (२ वटा तालको) प्रारम्भिक सर्भेक्षण सम्पन्न भएको।<br>• रुपातालबाट हुने सिँचाइ सम्भावनाको विस्तृत अध्ययन कार्य सम्पन्न भएको। |
| १३५ | मौसमसम्बन्धी सूचना सङ्कलनका लागि पाल्पा र उदयपुरमा मौसमी राडार तथा काठमाडौं उपत्यकामा एक्स ब्याण्ड राडार जडान गरिने। टेलिभिजन मौसम च्यानल सञ्चालन गरिने। थप ३० स्थानमा जल तथा मौसम मापन केन्द्र स्थापना गरिने। | • पाल्पा र उदयपुरमा मौसमी राडार जडानको लागि Design Specification अनुसार फ्याक्ट्रिमा उपकरण निर्माणको कार्य ७५% सम्पन्न भएको।<br>• टेलिभिजन मौसम च्यानल सञ्चालन गर्न भौतिक पूर्वाधार खरिद कार्य सम्पन्न भएको। |
| **ऊर्जातर्फ** | | |
| ३०७ | वर्तमान सरकार दशकौं लामो र कहालीलाग्दो लोड सेडिङ्ग अन्त्य गरी मुलुकलाई उज्यालो युगमा प्रवेश गराउन सफल भएको। अर्धजलाशययुक्त र जलाशययुक्त आयोजनाको निर्माणलाई तीब्रता दिई सुक्खा याममा समेत विद्युतको आन्तरिक माग धान्न पर्याप्त हुने गरी विद्युत उत्पादन गर्ने। नौमुरे बहुउद्देश्यीय | **अरुण ४ जलविद्युत आयोजनाः**<br>आयोजनाको सर्वेक्षण अनुमति प्राप्त भई अध्ययनसम्बन्धी कार्य अगाडि बढाइएको।<br>**उत्तरगङ्गा जलाशयुक्त जलविद्युत आयोजनाः**<br>विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयारी कार्यको लागि परामर्शदाता छनोट भई साइट मोविलाइज भइसकेको।<br>**नौमुरे बहुउद्देश्यीय नदी पथान्तरण आयोजनाः**<br>Environmental Impact Assessment (EIA) प्रतिवेदन तयार गरी स्वीकृतिका लागि वन |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नदी पथान्तरण आयोजनाको डीपीआर तयार गरी निर्माण शुरू गरिने। | तथा वातावरण मन्त्रालय पठाइएको। साथै, अध्ययन प्रतिवेदन तयारी अवस्थामा (Ready to Go) रहेको। |
| ३०८ | आगामी आर्थिक वर्ष तामाकोशी आयोजनाबाट २ सय २८ मेगावाट, रसुवागढी १ सय ११ मेगावाट, सान्जेन र माथिल्लो सान्जेन ५६ मेगावाट, त्रिशूली ३ बी. बाट ३७ मेगावाट, राहुघाटबाट ४० मेगावाट, मध्य भोटेकोशीबाट १ सय २ मेगावाट र निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाहरूबाट १ हजार ५५ मेगावाट गरी जम्मा १ हजार ६ सय २९ मेगावाट थप विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने। | **माथिल्लो तामाकोशी आयोजना (४५६ मे.वा.):**<br>• निर्माण कार्य सम्पन्न भई विद्युत उत्पादन भइरहेको।<br>• आयोजना पूर्ण सञ्चालनमा आई राष्ट्रिय प्रसारण ग्रीडसँग आबद्ध गरी पूर्ण सञ्चालनमा ल्याइएको।<br>**राहुघाट आयोजना (४० मे.वा.):**<br>• भौतिक प्रगति ४२.६८ प्रतिशत र वित्तीय प्रगति ५०.०२ प्रतिशत भएको। स्काभेसन कार्यका साथै मुख्य सुरूङ ६ हजार २ सय ७० मिटर मध्ये २ हजार ९ सय मिटर खन्ने कार्य सम्पन्न भएको।<br>**माथिल्लो त्रिशुली ३बी. ज.वि.आ. (३७ मे.वा.):**<br>• भौतिक प्रगति ६१.५ प्रतिशत र वित्तीय प्रगति ४७.३ प्रतिशत भएको। मुख्य सुरूङ ३ हजार ८ सय मिटर मध्ये ३ हजार १ सय मिटर, सर्ज ट्याङ्क र पेन्स्टक टनेलको पाईलट होल खन्ने कार्य सम्पन्न भएको।<br>**रसुवागढी जलविद्युत आयोजना (१११ मे.वा.):**<br>• Civil & Hydro Mechanical कार्य ९२ प्रतिशत, Electromechanical कार्य ६८ प्रतिशत तथा प्रसारण लाईन र सबस्टेसन निर्माण कार्य ६० प्रतिशत सम्पन्न भई समग्रमा ८५ प्रतिशत कार्य सम्पन्न भएको।<br>**माथिल्लो सान्जेन आयोजना (१४.८ मे.वा.):**<br>• Civil Works सम्बन्धी ९३ प्रतिशत तथा Electromechanical सम्बन्धी ७२ प्रतिशत कार्य सम्पन्न भई समग्रमा ९३ प्रतिशत कार्य सम्पन्न भएको।<br>**तल्लो सान्जेन आयोजना (४२.५ मे.वा.):**<br>• Civil Works सम्बन्धी ८४ प्रतिशत, Electromechanical सम्बन्धी ६६ प्रतिशत तथा Hydromechanical सम्बन्धी ७० प्रतिशत कार्य सम्पन्न भई समग्रमा ८६ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | प्रतिशत कार्य सम्पन्न भएको।<br>**मध्य भोटेकोशी ज.वि. आयोजना (१०२ मे.वा.):**<br>• भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ६८ प्रतिशत भएको। हेडवर्क्स तथा पावर हाउस निर्माण कार्य अन्तिम चरणमा पुगेको।<br>• निजी क्षेत्रबाट निर्माणाधीन आयोजनाहरूबाट ६ सय २१ मे.वा. विद्युत उत्पादन गरी राष्ट्रिय प्रणालीमा जडान भएको। |
| ३०९ | थप ४३ जिल्लामा विद्युतीकरण गरी उज्यालो नेपाल अभियान सम्पन्न गर्ने। विपन्न परिवारको घरमा निःशुल्क विद्युत जडान गर्ने व्यवस्था मिलाइएको। | • ५ सय घरधुरीमा निःशुल्क विद्युत मिटर जडान कार्य सम्पन्न भएको।<br>• चालु आ.व.मा थप ५ जिल्लामा विद्युतीकरण कार्य सम्पन्न गरिएको। |
| ३१० | ऊर्जा मिश्रण, चुहावट नियन्त्रण तथा वितरण प्रणाली सुदृढीकरण गरी ऊर्जा दक्षता अभिवृद्धि गर्ने। निजी क्षेत्रले उत्पादन गरेको सौर्य ऊर्जा बचत भएमा नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने र नपुग भएमा खरिद गर्ने। नेट मिटरिङ र नेट पेमेन्टको नीति कार्यान्वयन गर्ने। उद्योगले आफ्नो खपतको लागि आधुनिक ऊर्जा उत्पादन तथा प्रसारण गर्न ह्विलिङ्ग चार्ज लिई अनुमति दिने व्यवस्था मिलाउने। | **ऊर्जा मिश्रण:**<br>• चालु आ.व.मा जलविद्युत बाहेक ऊखुको बगासबाट उत्पादित विद्युत ३ मे.वा. तथा सौर्य ऊर्जाबाट उत्पादित विद्युत १४ मे.वा.गरी जम्मा १७ मे.वा. विद्युत उत्पादन भएको।<br>**चुहावट नियन्त्रण तथा वितरण प्रणाली:**<br>• ७२ हजार थान थ्री फेज स्मार्ट मिटर खरिद गरिएको र हालसम्म ४३ हजार ९ सय ३० थान प्रतिस्थापन गरी ए.एम.आई सिस्टममा ईन्टिग्रेट भइसकेको र २४ हजार ९ सय ३९ थान नयाँ ग्राहककोमा जडान गरिएको। |
| ३११ | जलविद्युत उत्पादनमा लगानी आकर्षित गर्न सम्भाव्य मुलुकहरूसँग द्विपक्षीय तथा वहुपक्षीय विद्युत व्यापार सम्झौता गर्ने। | • नेपाल, भारत तथा नेपाल बङ्गलादेशबीच द्विपक्षीय सचिवस्तरीय वार्ता सम्पन्न भएको।<br>• नेपाल भारतबीचको India-Nepal Joint Vision Statement on Power Sector Cooperation सार्वजनिक भएको। |
| ३१२ | जलाशययुक्त जलविद्युत आयोजना निर्माणका लागि बाँध र विद्युत गृह छुट्टा छुट्टै प्रवर्द्धकबाट निर्माण गरी निजी क्षेत्रलाई आकर्षित गर्ने। नेपाल विद्युत प्राधिकरणबाट जलाशय निर्माण गरी उक्त जलाशयमा जम्मा भएको | **नलगाड जलाशययुक्त जलविद्युत आयोजनाः**<br>• बाँध र विद्युतगृह छुट्टाछुट्टै प्रवर्द्धकबाट Vertical Separation मा निर्माण गर्न सरोकारवाला निकायहरूसँग छलफल र राय परामर्श लिने कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पानी विद्युत गृह तथा अन्य सहायक संरचना निर्माण र सञ्चालन गर्ने प्रवर्द्धक कम्पनीलाई शुल्क लिई उपलब्ध गराउने व्यवस्था मिलाइने। जलाशययुक्त बाँधको बहुउपयोग गरी प्रतिफल दर बढाइने। | |
| ३१३ | जलविद्युत उत्पादनमा जनस्तरको स्वामित्व बढाउन नेपाल विद्युत प्राधिकरण र नेपाली जनताको संयुक्त लगानीमा ९९ मेगावाट क्षमताको तामाकोशी-५ को निर्माण कार्य आगामी वर्ष शुरू गर्ने। माथिल्लो अरुण, फुकोट कर्णाली, जगदुल्ला तथा घुन्सा खोला जलविद्युत आयोजनाको लगानी ढाँचा यकीन गरी पूर्वतयारी कार्य पूरा गर्ने। | **तामाकोशी ५ जलविद्युत आयोजनाः**<br>• परामर्शदाता Lahmeyer International GmbH बाट आयोजनाको Final Detail Engineering Design सम्पन्न भएको।<br>• आयोजना निर्माणको लागि वित्तीय व्यवस्था सम्बन्धमा कर्मचारी सञ्चय कोषसँग MOU सम्पन्न भएको।<br>**फुकोट कर्णाली अर्ध-जलाशयुक्त आयोजनाः**<br>• भौतिक प्रगति ७८ प्रतिशत र वित्तीय प्रगति १ सय प्रतिशत भएको। पूर्व तयारीको कार्य सम्पन्न भई आयोजना निर्माणको चरणमा (Ready to Go)मा रहेको।<br>**जग्दुल्ला अर्ध-जलाशयुक्त जलविद्युत आयोजना (१०६ मे.वा.):**<br>• भौतिक प्रगति ७५ प्रतिशत र वित्तीय प्रगति ७ प्रतिशत भएको।<br>• निर्माण कार्य अन्तर्गत वातावरणीय अध्ययनको लागि सार्वजनिक सुनुवाई सम्पन्न भएको।<br>• टेस्ट अडिट निर्माण कार्य ४८३ मि.मा सम्पूर्ण कार्य सम्पन्न भई जडान गर्ने चरणमा रहेको।<br>**किमाथाङ्का अरुण अर्ध-जलाशययुक्त जलविद्युत आयोजना (४५० मेगावाट):**<br>• भौतिक प्रगति ५७ प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत भएको। |
| ३१४ | तमोर जलविद्युत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको काम शीघ्र सम्पन्न गरी निर्माण कार्य शुरू गरिने। पञ्चेश्वर जलविद्युत आयोजना अघि बढाइने। | **तमोर जलविद्युत आयोजनाः**<br>• सर्वेक्षण अनुमति पत्र प्राप्त गर्न लगानी बोर्डमा अनुरोध गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३१५ | निश्चित यूनिट भन्दा बढी र माग कम हुने समयमा विद्युत खपत गर्ने औद्योगिक ग्राहकलाई महसुल दरमा थप छुट दिने व्यवस्था गरिएको। विद्युतीय चुल्हो, रेफ्रिजिरेटर, माइक्रोवेभ ओभन, वासिङ्ग मेशिन, डिसवास लगायत बिजुलीबाट चल्ने घरायसी सामानको उपयोगलाई प्रोत्साहित गर्न यस्ता सामग्रीको भन्सार महसुल घटाइएको। | • औद्योगिक वर्गका ग्राहकहरूलाई विद्युतको माग कम हुने समयमा विद्युतको खपत थप बढाउन उत्प्रेरित हुने किसिमले विद्यमान महशुल दरलाई पुनरावलोकन गरी २०७८ मंसिरदेखि कार्यान्वयन गरिएको। |
| ३१६ | बुढीगण्डकी, पश्चिम सेती, उत्तरगंगा र नल्सिङ्गगाड जलविद्युत आयोजनाको निर्माण ढाँचा निर्धारण र स्रोत व्यवस्थापन गरी कार्यान्वयन गर्ने। वेतन कर्णाली जलविद्युत आयोजनाका लागि वित्तीय व्यवस्था गरी निर्माण गर्ने। कर्णाली चिसापानी जलविद्युत आयोजना कार्यान्वयन गर्न पूर्वतयारी कार्य अघि बढाउने। | **नलगाड जलविद्युत आयोजना (४ सय १७ मे.वा.):**<br>• आयोजनाको निर्माण मोडालिटी तथा लगानीको ढाँचा तयार गरी स्वीकृति गर्ने सम्बन्धमा सरोकारवाला निकायहरूसँग छलफल गरी राय परामर्श लिने कार्य भइरहेको।<br>**बुढीगण्डकी जलविद्युत आयोजनाः**<br>• स्वदेशी लगानीमा निर्माण गर्ने सम्बन्धमा छलफल जारी रहेको। साथै, सोको निर्माण ढाँचा निर्धारण र स्रोत व्यवस्थापनसम्बन्धी कार्य भइरहेको।<br>**पश्चिम सेती जलविद्युत आयोजनाः**<br>• योजना आयोगका माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा परियोजना निर्माण तथा लगानीको ढाँचा तय गरी सिफारिश पेश गर्न भनी लगानी बोर्ड बैठकले समिति गठन गरेको र समितिबाट प्रतिवेदन पेश हुने चरणमा रहेको।<br>**उत्तरगंगा जलविद्युत आयोजनाः**<br>• भौतिक प्रगति १४ प्रतिशत र वित्तीय प्रगति २१ प्रतिशत भएको। विस्तृत अध्ययन प्रतिवेदन (DPR) कार्यको Inception Report तयार भएको।<br>**वेतन कर्णाली जलविद्युत आयोजनाः**<br>• पूर्व तयारीको लागि अध्ययनको कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३१८ | जलविद्युत तथा प्रसारण लाइन निर्माणको लागि जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन र राइट अफ वे निर्धारण जस्ता पूर्व तयारी निश्चित समयभित्र सम्पन्न गर्ने व्यवस्था गरिने। प्रसारण लाइनको राइट अफ वे मा पर्ने जग्गाको स्वामित्व भएको प्राकृतिक व्यक्तिलाई सम्बन्धित उत्पादक कम्पनीले प्राथमिक शेयर निष्कासन गर्दा प्रभावित क्षेत्रका व्यक्ति सरह अग्राधिकार दिने व्यवस्था गर्ने। राइट अफ वेमा परेका जग्गाको निःशुल्क कित्ताकाट गर्ने व्यवस्था मिलाइएको। | • राइट अफ वे मा पर्ने जग्गाको स्वामित्व भएको प्राकृतिक व्यक्तिलाई सम्बन्धित उत्पादक कम्पनीले प्राथमिक शेयर निष्कासन गर्दा प्रभावित क्षेत्रका व्यक्ति सरह अग्राधिकार दिने व्यवस्था गर्ने र राइट अफ वेमा परेका जग्गाको निःशुल्क कित्ताकाट गर्ने व्यवस्था मिलाउनका लागि मन्त्रालयबाट अर्थ मन्त्रालयमा पत्राचार भएकोमा धितोपत्र दर्ता तथा धितोपत्र निष्कासन नियमावली, २०७६ र धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ संशोधनका लागि नेपाल धितोपत्र बोर्डलाई लेखी पठाइएको। |
| ३१९ | बुटबल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य शुरू गर्न र कोहलपुर-लखनउ, लम्की-वरेली अन्तरदेशीय प्रसारण लाइन निर्माणको तयारी कार्य सम्पन्न गर्ने। | **बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनः**<br>• बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्य शुरू गर्न भारतीय कम्पनीसँग संयुक्त उपक्रम बनाउने क्रममा रहेको।<br>**लम्की-वरेली अन्तरदेशीय प्रशासण लाइनः**<br>• सचिवस्तरीय बैठक सम्पन्न भई सहमतिपत्रमा हस्ताक्षर भएको। |
| ३२० | खिम्ती-बाह्रविसे-काठमाडौं र हेटौडा-ढल्केवर-इनरुवा प्रसारण लाइनको निर्माण सम्पन्न गर्न बुटवल-लमही-कोहलपुर-अत्तरिया खण्डको निर्माणको पूर्व तयारी गर्न र रसुवागढी-चिलिमे-रातोमाटे खण्डको विस्तृत सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम छुट्याइएको। | **हेटौंडा-ढल्केवर-इनरुवा प्रसारण लाइनः**<br>• कार्यक्रम स्वीकृत भएका ५६ वटा नयाँ ३३/११ के.भी. सबस्टेशनहरूको वितरणतर्फ ३३/११ के.भी ६ वटा सबस्टेशनहरू ४१ एम.भि.ए क्षमताको चार्ज भई सञ्चालनमा आएका।<br>**बुटवल-लमही-कोहलपुर-अत्तरिया खण्डः**<br>• कुल ७ सय ९२ मध्ये जम्मा ६ सय ७७ थान टावर फाउन्डेशन र ६ सय ५० थान टावर इरेक्सन कार्य सम्पन्न भएको।<br>**रसुवागढी-चिलिमे-रातोमाटे खण्डः**<br>• विस्तृत सम्भाव्यता अध्ययन गर्न चिनियाँ पक्षसँग अध्ययनका लागि समझदारीपत्रमा हस्ताक्षर भएको। |
| | | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३२१ | आगामी आर्थिक वर्ष ६ सय ३५ मेगावाट क्षमताको जलाशययुक्त दूधकोशी जलविद्युत आयोजना निर्माण शुरू गर्ने। जलाशययुक्त तनहुँ जलविद्युत आयोजना निर्माण कार्यलाई तीब्रता दिने। अर्ध-जलाशययुक्त माथिल्लो अरुण आयोजनाको पूर्वतयारी कार्य सम्पन्न गर्ने। | **तनहुँ जलविद्युत आयोजनाः**<br>• पूर्वतयारीको कार्य सम्पन्न भएको। भौतिक प्रगति २८ प्रतिशत र वित्तीय प्रगति २७ प्रतिशत भएको।<br>**दूधकोशी जलाशययुक्त जलविद्युत आयोजनाः**<br>• सम्भाव्यता अध्ययन (Feasibility Study) को कार्य सम्पन्न भएको। भौतिक प्रगति ७४ प्रतिशत र वित्तीय प्रगति ८.३ प्रतिशत भएको। |
| ३२२ | नेपाल विद्युत प्राधिकरणको क्रेडिट रेटिङ गरिने। नयाँ आयोजना कार्यान्वयन गर्न प्राधिकरणले कर्पोरेट जमानीमा स्रोत परिचालन गर्ने क्षमता विकास गरिने। | • नेपाल विद्युत प्राधिकरणको क्रेडिट रेटिङ कार्य सम्पन्न भई ICRA बाट AA+ रेटिङ् प्राप्त भएको। |
| ३२३ | राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा लघु तथा साना जलविद्युत, सौर्य र वायु ऊर्जाबाट थप ५० हजार घरधुरीलाई विद्युत सेवा उपलब्ध गराउन बजेट व्यवस्था गरिएको ।स्थानीय तहका साथै सामुदायिक संस्थाले सौर्य तथा लघु जलविद्युत उत्पादन तथा वितरण गरेमा आयोजना लागतको ९० प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाइएको। | • २ सय ४५ कि.वा. सौर्य मिनी ग्रीड तथा ५ सय ५० कि.वा. लघु तथा साना जलविद्युत आयोजना मार्फत करीव ४० हजार घरधुरीमा विद्युतको सेवा पुऱ्याइएको।<br>• १२ हजार ४१ घरधुरीहरूमा सौर्य विद्युत प्रणाली जडान गरिएको।<br>• ४ सय ४४ वटा सार्वजनिक संस्थाहरूमा संस्थागत सौर्य विद्युत प्रणाली तथा १० वटा संस्थागत तथा सामुदायिक वायोग्याँस प्लान्ट जडान गरिएको।<br>• खाना पकाउने स्वच्छ ऊर्जा प्रविधि प्रवर्द्धन अन्तर्गत २ हजार २ सय ६५ घरधुरीमा घरायसी प्लान्ट जडान हुनुका साथै १ हजार ९ सय ४३ घरधुरीमा खाना पकाउने चुलो जडान गरिएको।<br>• नवीकरणीय ऊर्जा आयोजनाहरूलाई कार्बन परियोजनासँग आवद्ध गरी कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान मार्फत कार्बन व्यापारबाट आम्दानी गरिएको।<br>• नवीकरणीय ऊर्जासम्बन्धी स्थानीय तह तथा प्रदेश सरकारको क्षमता अभिवृद्धि गरिनुका साथै प्राविधिक सहयोग गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३२४ | निजी क्षेत्रबाट उत्पादित सौर्य ऊर्जा नेपाल विद्युत प्राधिकरणबाट खरिद गर्ने र त्यसका लागि उत्पादन स्थलसम्म प्रसारण लाइन विस्तार गर्ने व्यवस्था मिलाउने। यसबाट २ सय ५० स्थानीय तहमा करिव ३ सय ७५ मेगावाट सौर्य विद्युत उत्पादन हुने अनुमान गरिएको। सोलार प्लान्ट स्थापना गरे वापत प्राप्त हुने शुल्क सम्बन्धित स्थानीय तहले पाउने व्यवस्था गरिएको। | **स्थानीय तहमा सौर्य ऊर्जा उत्पादनको अवस्थाः**<br>• थप १० स्थानीय तहमा १४ मे.वा. सौर्य विद्युत उत्पादन गरिएको।<br>**प्रसारण लाइन विस्तारः**<br>• निजी क्षेत्रबाट खरिद गरिएको सौर्य ऊर्जा नेपाल विद्युत प्राधिकरणको प्रसारण प्रणालीमा जोड्न निम्न प्रसारण लाईन तथा सबस्टेसनहरू विस्तार तथा स्तरोन्नतिका कार्य भएका छनः<br>• नवलपुर १३२/३३/११ के.भी ७९ एम.भि.ए. स/स,<br>• मोतीपुर १३२/३३/११ के.भी ४६ एम.भि.ए. स/स,<br>• सन्धिखर्क १३२/३३/११ के.भी ४६ एम.भि.ए. स/स, लाहाचोक १३२/३३/११ के.भी ३८ एम.भि.ए. स/स को निर्माण कार्य सम्पन्न भई चार्ज भएको।<br>• ग्रिड सबस्टेशनको क्षमता वृदि तर्फ ११५.६ एम.भि.ए. स/स थप भएको। २६५.३७ सर्किट कि.मि प्रसारण लाइनको निर्माण कार्य सम्पन्न भएको। |
| ३२५ | सार्वजनिक-निजी साझेदारीमा ठूला क्षमताका वायोग्याँस प्लान्ट निर्माण गरी ऊर्जा तथा प्राङ्गारिक मल उत्पादन गर्न सम्बन्धित स्थानीय तहलाई वित्तीय अनुदान दिने व्यवस्था गरिएको। | **वैकल्पिक ऊर्जामा सार्वजनिक निजी साझेदारीः**<br>• स्वच्छ ऊर्जाको माध्यमबाट खाना पकाउने गुइठा कृषिजन्य अवशेषको प्रतिस्थापन (संख्याः १७ हजार ५००) गर्न २२ हजार विद्युतीय चुलो वितरणका लागि सम्झौता भई खरिद कार्य भइरहेको।<br>• राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम अन्तर्गतका विभिन्न क्रियाकलापहरू अन्तर्गत विभिन्न संस्थाहरूमा संस्थागत तथा व्यवसायिक वायोग्याँस प्लान्ट जडान कार्य भइरहेको।<br>• संस्थागत तथा घरायसी सुधारिएको फलामे तथा रकेट चुलो घरधुरीहरूमा जडान कार्य भइरहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | जारी/संशोधन मिति |
|---|---|---|---|
| १ | नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ | नयाँ तर्जुमा | स्वीकृतिको क्रममा रहेको। |
| २ | मिनी ग्रीड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७८ | प्रथम संशोधन | २०७८/०६/११ |
| ३ | केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका, २०७१ (पहिलो संशोधन,२०७८) | पहिलो संशोधन | २०७८/१/२६ |
| ४ | ग्रीड कनेक्टेड वैकल्पिक विद्युत विकाससम्बन्धी कार्यविधि,२०७८ | नयाँ तर्जुमा | २०७८/०१/१३ |

### ख. प्राथमिकता प्राप्त आयोजना (P1)

**ऊर्जातर्फ**

- सप्तकोशी बहुउद्देश्यीय आयोजनाः प्रगति ७४ प्रतिशत।

**जलस्रोत तथा सिँचाइतर्फ**

| क.सं. | विषयगत क्षेत्र | प्रगति |
|---|---|---|
| १. | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | • रुपातालबाट सिँचाइ सम्भावना अध्ययन कार्य सम्पन्न, स्वामी पार्क ताल संरक्षण योजना, जरायोटार सिंह धाप ताल, ईलाम, कैलाही ताल संरक्षण परियोजना, कैलालीको प्रारम्भिक अध्ययन कार्य सम्पन्न भएको। |
| २. | मर्मत सम्भार आयोजनाहरू | • संयुक्त व्यवस्थापनमा रहेका विभिन्न सिँचाइ प्रणालीहरूको करिव २ लाख ६१ हजार ९०९ हे. कमाण्ड क्षेत्रभित्र सिँचाइ सेवा पुऱ्याउन सिँचाइ प्रणालीहरूको नियमित मर्मत सम्भार तथा सञ्चालन गरिएको। |
| ३. | वृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | • कोशी वितरण, चन्द्र नहर, कमला, नारायणी र गण्डक सिँचाइ प्रणालीहरूको पुनःस्थापना तथा पुनःनिर्माण कार्य भएको। |
| ४. | बागमती सिँचाइ आयोजना | • विभिन्न स्रोतहरूबाट नहरमा पानी थप गर्ने ६ गोटा उपयोजनाहरूको कार्यान्वयनमा हालसम्म १३.५% सम्पन्न भएको। |
| | | • सिञ्चित क्षेत्र विकास कार्य अन्तर्गत हेडवर्क्स, VRB, नहर लाईनिङ तथा CAP लगायतका सिँचाइ संरचनाहरूको निर्माण सम्पन्न गरी १ |

| क्र.सं. | विषयगत क्षेत्र | प्रगति |
|---|---|---|
| | | सय ५५ हेक्टर जमीनमा व्यवस्थित रूपमा सिँचाइ सेवा प्रवाह भएको। |
| ५. | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | • हुरहुरिया र सुखसेना शाखा नहरहरूको सिञ्चित क्षेत्र विकास कार्यको ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भएको। |
| | | • मूल नहरको सर्भिस रोडमा लोहन्द्रा खोलामा निर्माणाधीन लोहन्द्रा पुलको निर्माण कार्य करिब ५० प्रतिशत सम्पन्न भएको। |
| | | • चतरास्थित कोशी नदीमा २ वटा स्पर निर्माण ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको। |
| ६. | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | • १.५ कि.मि. नहर लाइनिङ कार्य गर्ने लक्ष रहेकोमा ०.२० कि.मी. नहर लाइनिङ कार्य सम्पन्न भएको। |
| | | • ८ वटा नहर संरचना निर्माण कार्य गर्ने लक्ष्य रहेकोमा २ ओटा नहर संरचना निर्माण कार्य सम्पन्न भएको। |
| ७. | टार-बजार संरक्षण कार्यक्रम | • महत्त्वपूर्ण शहरी बस्तीहरू भद्रपुर (झापा), बेनी (म्याग्दी, पर्वत), चैनपुर (बझाङ) र दुनै (डोल्पा) को DPR तयार भई सोको आधारमा नदी किनार संरक्षण, सुदृढीकरण तथा व्यवस्थापन कार्यहरूलाई निरन्तरता दिइएको। RCC रिभेटमेन्ट १ हजार ४८९ मि., Gabion रिभेटमेन्ट ८.४९ कि. मि. तटबन्ध निर्माण भएको र जग्गा बचावट २ सय ९५ हे. भएको। |
| ८. | प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजना | • मावा रतुवा तथा मोहना खुटीया नदीमा तटबन्ध निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य शुरू भएको। |
| | | • मावा रतुवा तथा मोहना खुटीया दुबै ठाउँमा स्पर निर्माण कार्य शुरू गर्न निर्माण सामग्री ढुङ्गा, तारजाली निर्माण स्थालमा पुऱ्याई सकिएको तथा foundation खन्ने कार्य शुरूवात भएको। |
| | | • बक्राहा तटबन्ध निर्माणको विस्तृत इन्जिनियरिङ डिजाईन अध्ययन कार्यको Detailed Engineering Design अन्तिम चरणमा रहेको। Flood Forecasting and Early Warning System को कार्यको लागि अन्तर्राष्ट्रिय कन्ट्रयाक्टर छनौट भएको। Project Implementation Consultant सँग सम्झौता गरी सेवा सुचारु भएको। |
| | | • बक्राहा, लखनदेही र पश्चिम रासी नदीमा तटबन्ध निर्माणको विस्तृत इन्जिनियरिङ डिजाईन अध्ययन कार्य गर्नेको Detailed Engineering Design अन्तिम चरणमा रहेको। |
| ९. | सिँचाइ पुनःस्थापना आयोजना (कुवेत फण्ड) | • आयोजनाको लक्षित सिञ्चित क्षेत्र विकास गर्ने ८ हजार ८ सय ९३ हे. मध्ये हाल सम्म ४ हजार ५ सय ९७ हे. मा सिँचाइको संरचनाहरू निर्माण भएको र ६६ वटा मध्ये ३४ वटा आयोजनाको निर्माण सम्पन भएको र ३२ वटा निर्माणाधीन रहेको। |

| क्र.सं. | विषयगत क्षेत्र | प्रगति |
|---|---|---|
| १०. | वृहत दाङ उपत्यका सिँचाइ आयोजना | • १३ गोटा सतह सिँचाइ प्रणाली पुनस्थापना कार्य सम्पन्न गर्ने। १८ ओटा लिफ्ट निर्माण सम्पन्न भएको। |
| | | • क्रमागत १२ गोटा र नयाँ १२ गोटा गरी २४ गोटा जलाशय निर्माण सम्पन्न गर्ने । १६ ओटा लिफ्ट निर्माण सम्पन्न भएको। |
| | | • करिब ५० कि.मि. वितरण प्रणाली निर्माण भएको। |
| | | • करिब ५० कि.मि. डीप बोरिङ्ग निर्माण भएको। |
| | | • करिब ५० कि.मि. किसान व्यवस्थित सिँचाइ प्रणाली हरूको पुनःस्थापन भएको। |
| ११. | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | • उपयुक्त प्रविधिको प्रयोगबाट विभिन्न नदीका ८.१५ कि.मि. लम्बाइमा संरक्षण कार्यहरू भएको। |
| १२. | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | • विभिन्न १० स्थानमा अन्वेषण ट्युबेल निर्माण कार्य सम्पन्न भएको। |
| | | • संशोधित कार्यक्रमअनुसारका करीब ६ सय ५० उपयोजनाहरूको पहिचान तथा विस्तृत सर्वेक्षणका लागि परामर्शदाता नियुक्ति भई सम्झौता भएको। |
| | | • २० वटा योजनाको Reservoir Tank, Delivery Line निर्माण कार्य सम्पन्न भएको। |
| १३. | जलस्रोत अनुसन्धान तथा बिकास केन्द्र | • ७ वटा तालिम, E-GP, Hecras, DEM Processing , Q-GIS , GEE, SW Canal तथा Mud Flow सम्पन्न भएको। |
| | | • नमूना योजना निर्माण कार्य अन्तर्गत नुवागाँउ सोलार लिफ्ट आयोजनाको निर्माण कार्य जारी रहेको। Construction of Embankment using Innovative River Technology (Fabric Form Concrete Mattress) at Sauraha र Construction of Ranisuwara Solar Lift Irrigation Project at Bidur-13, Nuwakot को Tender आह्वान भएको। |
| | | • सबै अध्ययन, अनुसन्धान, अन्वेषण कार्यको खरिद प्रक्रिया अगाडि बढी कार्य समापनको चरणमा रहेको। |
| **प्राथमिकता प्राप्त आयोजना (P2)** | | |
| १. | सिँचाइ संस्थागत विकास कार्यक्रम | • खाँडो नदी व्यवस्थापन आयोजना, रुपाताल संरक्षण एकीकृत विकास परियोजना, वृहत दाङ्ग उपत्यका सिँचाइ आयोजना र राजापुर सिँचाइ व्यवस्थापन कार्यालयको कार्यालय भवन नभएको हुँदा अवश्यक नयाँ भवन निर्माण गर्न बोलपत्र आह्वान गरी प्राविधिक प्रस्ताव स्वीकृत भएको। |

| क्र.सं. | विषयगत क्षेत्र | प्रगति |
|---|---|---|
| २. | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | • पाँचखाल उपत्यका एकीकृत जलश्रोत व्यवस्थापन आयोजनाको विस्तृत सर्वेक्षण, डिजाइन, लागत अनुमान तथा एप्राइजल रिपोर्ट तयार भएको। |
| | | • सिँचाइसम्बन्धी निर्माण, सर्वेक्षण तथा नदी नियन्त्रण कार्यसम्बन्धी नर्म्स निर्माण भएको |
| ३. | यान्त्रिक व्यवस्थापन कार्यक्रम | • १ थान एक्जाभेटर मेशिन खरिद र १ थान ट्रान्सपोर्ट ट्रक खरिद कार्य भएको। |
| | | • यान्त्रिक कार्यालयहरू तथा आयोजनाहरूमा रहेका यान्त्रिक उपकरण तथा भारी उपकरणहरू मर्मत सम्भार गरी आयोजना/कार्यालयहरू अन्तर्गत रहेका नहरहरू सफा गरी सञ्चालन गर्ने कार्यमा प्रयोग गरेको। |
| | | • यान्त्रिक कार्यालयहरू तथा आयोजनाहरूमा रहेका सवारीसाधनहरू मर्मत सम्भार गरी सञ्चालन गरिएको। |
| ४. | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | • २० जलाधार क्षेत्र, साबो ड्याम र चेक ड्याम गरी ५ सय २५ वटा र रिभेटमेन्ट ६.२९ कि. मि. निर्माण भएको। |

## ग. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरू:

### ऊर्जातर्फ

यस शीर्षक अन्तर्गत ऊर्जा तर्फ जम्मा तेइस (२३) ओटा कार्यक्रमहरू रहेकोमा सोह्र(१६) ओटा नेपाल विद्युत प्राधिकरण अन्तर्गत रहेका छन् भने सात (७) ओटा राष्ट्रिय प्रसारण ग्रीड कम्पनी अन्तर्गत रहेका छन्।

### जलस्रोत तथा सिँचाइतर्फ

समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम अन्तर्गत ६ वटा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको।२ सय ३४ डीप ट्युववेल निर्माणको लागि सूचना प्रकाशन तथा खरिद सम्झौता, ७० वितरण प्रणाली निर्माणको सूचना प्रकाशन तथा खरिद सम्झौता सम्पन्न हुनुको साथै केरुङ्ग घोल लिफ्ट सिँचाइ योजनाको कार्य ३० प्रतिशत सम्पन्न भएको।

## घ. अन्य सम्पादित महत्त्वपूर्ण कार्यहरू:

### मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ का प्रमुख उपलब्धिहरू

- चालु आ.व.को चैत मसान्तसम्ममा विद्युत उत्पादन २ हजार ३ सय ४७ मेगावाट पुगेको छ। विद्युतमा पहुँच जनसंख्या ९४% पुगेको।राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ४ हजार ७ सय ९५ सर्किट कि.मि. निर्माण सम्पन्न भएको।वितरण लाइन

मध्ये ३३ के.भी. स्तरको ६ हजार १ सय १८ सर्किट कि.मि., ११ के.भी. स्तरको ३९ हजार ६ सय १२ सर्किट कि.मि. र ४००/२३० भोल्टस्तरको १ लाख २३ हजार ५ सय ५७ सर्किट कि.मि. निर्माण सम्पन्न भएको छ। प्रतिव्यक्ति विद्युत खपत ३ सय २५ किलोवाट घण्टा पुगेको छ भने विद्युत चुहावटलाई १५.२७% मा सीमित गरिएको।

- विद्युतको उत्पादन बढन् गई ऊर्जा क्षेत्रको उल्लेखीय रूपमा विकास हुनका साथै गुणात्मक विद्युतीय ऊर्जा सर्वसुलभ रूपमा नेपाली जनता समक्ष पुगेको।
- आन्तरिक र अन्तरदेशीय प्रसारण लाइनको सुदृढीकरण र विस्तार भई विद्युत आयात निर्यातको समुचित व्यवस्थापन एवम् विद्युत प्रसारण प्रणाली प्रभावकारी र भरपर्दो भएको।
- विद्युत आपूर्तिमा आत्मनिर्भर बन्दै राष्ट्रको अर्थतन्त्रमा उल्लेखनीय रूपमा सुधार हुने अवस्थाको निर्माण भएको।
- ग्रामीण क्षेत्रका जनताहरूलाई विद्युत सेवाको पहुँचमा वृद्धि भएको, खाना पकाउने स्वच्छ इन्धन तथा प्रविधि र खानेपानी उपलब्ध भएको । यसका अतिरिक्त ग्रामीण क्षेत्रमा स्वच्छ ऊर्जाबाट सर्वसाधारण जनताहरूको शिक्षा, स्वास्थ्य तथा वातावरणमा सुधार आउनुको साथै रोजगारीमा वृद्धि भएको।
- चालु आर्थिक वर्षको चैतसम्म विद्युत प्रसारण लाइन ४०० के.भी., २२० के.भी. तथा १३२ के.भी. भोल्टेज स्तरका प्रसारण लाइन विस्तारतर्फ ९ वटा आयोजनाहरूको जम्मा ५ सय ९३ सर्किट कि.मि. मध्ये १५४.८७ सर्किट कि.मि. निर्माण कार्य सम्पन्न भएको।
- चालु आर्थिक वर्षको चैतसम्म सतह सिँचाइ १ हजार १ सय ५० हे. तथा भूमिगत सिँचाइ ११ हजार ४ सय २३ हे. गरी कूल १२ हजार ५ सय ७३ हे. सिञ्चित क्षेत्र थप भई १५ लाख २२ हजार हे. जमिनमा सिँचाइ सुविधा पुगेको।
- चालु आ.व.मा नदी नियन्त्रण कार्यक्रम अन्तर्गत ३८.६९ कि.मि. तटबन्ध निर्माण तथा ६६.९१ हे. जग्गा उकास भएको। हालसम्म कूल १ हजार २ सय ४७ दशमलव ६९ कि.मि. तटबन्ध निर्माण भई १२ हजार ७१ दशमलव ९१ हे. जग्गा उकास भएको अनुमान रहेको।

**नवीकरणीय ऊर्जा तर्फ आर्थिक वर्ष २०७८/७९ का प्रमुख उपलब्धिहरू**

- आर्थिक वर्ष २०७८/७९ चैत सम्ममा कुल जनसंख्याको करिब ६.८८% जनसंख्यामा नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको छ भने ३६ प्रतिशत जनसंख्याले विभिन्न प्रयोजनमा स्वच्छ नवीकरणीय ऊर्जाको प्रयोग गरेका छन्।
- आर्थिक वर्ष २०७७/७८ सम्ममा वैकल्पिक ऊर्जा अन्तर्गतका लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादित विद्युत ९५५ किलोवाट रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्ममा ३९८ किलोवाट उत्पादन भएको। त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा सौर्य तथा वायु ऊर्जाबाट २८४ किलोवाट विद्युतीकरण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्ममा २०० किलोवाट विद्युतीकरण भएको।
- आर्थिक वर्ष २०७७/७८ सम्ममा वायोग्याँसतर्फ ३ हजार ९ सय ७५ वटा प्लान्ट जडान भएकोमा चालु आर्थिक वर्षको फागुनसम्ममा १ हजार ७ सय ३३ वटा प्लान्ट जडान भएको।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १५५९९५ | ९४७३२ | ६०.७३ |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३८२८७ | २३५७७ | ६१.५८ |
| ३०८००१०२३ | विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ११९०० | ४८५५ | ४०.८० |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १०२४००० | ७५५६३२ | ७३.७९ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | २३८८३०० | १२८५६१५ | ५३.८३ |
| ३०८०१०११३ | विद्युत विकास विभाग | ८२५०० | ६२५३२ | ७५.८० |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १६०० | १५९२ | ९९.५१ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | १५१०० | १३३९० | ८८.६७ |
| ३०८०११०३३ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ५७०० | ३६४४ | ६३.९३ |
| ३०८०११०६३ | बुढीगङ्गा जलविद्युत आयोजना | २६१०० | १८३०१ | ७०.१२ |
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | १२११०० | ८४०३९ | ६९.४० |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | ११७४०० | ८८३९५ | ७५.२९ |
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ३३९८४४ | ३४८१० | १०.२४ |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | २६८००१ | २०६२४४ | ७६.९६ |
| ३०८०३०१२३ | सिँचाइ व्यवस्थापन डिभिजन-८ | १०००६२ | ७९२६७ | ७९.२२ |
| ३०८०३०१३३ | यान्त्रिक कार्यालय-३ | २२६५० | १६८८८ | ७४.५६ |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १६२५० | १५११६ | ९३.०२ |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | १२६०० | ८७८९ | ६९.७५ |
| ३०८०३१०३३ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | १६०० | ११४७ | ७१.७० |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ८०० | ६५८ | ८२.१९ |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २२७१५ | १४५४८ | ६४.०५ |
| ३०८०३१०६३ | नदी नियन्त्रण | २१००० | १११७१ | ५३.१९ |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ४३०० | ३५९७ | ८३.६५ |
| ३०८०३१०९३ | मर्मत सम्भार आयोजनाहरू | १२००२ | ६५२९ | ५४.४० |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ७५०० | ३७८९ | ५०.५२ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | ३०५०० | २५२९७ | ८२.९४ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २९५२० | २६८४४ | ९०.९४ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | २६२०० | १९५६९ | ७४.६९ |
| ३०८०३११४३ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ४०९८२ | ३६७३७ | ८९.६४ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | १०८०० | १०२१० | ९४.५४ |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | ३४८९० | २७७९७ | ७९.६७ |
| ३०८०३११७३ | पालुङटार-कुण्डुटार सिँचाइ आयोजना | ६३२० | ५८९४ | ९३.२६ |
| ३०८०३११९३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | ५१६८२ | ३२१६४ | ६२.२३ |
| ३०८०३१२०३ | भेरी-ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | २८२०० | २२१११ | ७८.४१ |
| ३०८०३१२१३ | प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम | २२९०० | ११६१७ | ५०.७३ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | व्यवस्थापन आयोजना | | | |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ९३०० | ७७०४ | ८२.८४ |
| ३०८०३१२३३ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | १८९०० | १४४२० | ७६.३० |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १४३१० | १३१५९ | ९१.९६ |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | १०२४० | ९८७७ | ९६.४५ |
| ३०८०३१२६३ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | ११४०० | ९८७९ | ८६.६६ |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | २१६०० | १६७५८ | ७७.५८ |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २३७५० | १८४२० | ७७.५६ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ३२३०० | २४३३५ | ७५.३४ |
| ३०८२१०१३३ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | २९०० | २३६६ | ८१.५८ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ४०४५० | ३६९९२ | ९१.४५ |
| | **कुल जम्मा** | **५२८४४५०** | **३२११००५** | **६०.७६** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १२०४० | ६७५६ | ५६.११ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ७६४६०६४ | १६३३३६३ | २१.३६ |
| ३०८००१०२४ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | ६३१०० | २७७५ | ४.४० |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १६३०० | ७९०७ | ४८.५१ |
| ३०८०१०११४ | विद्युत विकास विभाग | ४४५०० | ३४१७ | ७.६८ |
| ३०८०११०२४ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | ५०२०० | १२४३० | २४.७६ |
| ३०८०११०३४ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ३२०० | ५९६ | १८.६२ |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | ९९०३०० | ५८०८०९ | ५८.६५ |
| ३०८०११०६४ | बुढीगङ्गा जलविद्युत आयोजना | १६१३३०० | २६६६२ | १.६५ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | ६२०६९४ | २०४४९४ | ३२.९५ |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | १३३४०० | ९३४२२ | ७०.०३ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ४९२३६२ | ३९२५८८ | ७९.७४ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | १२०० | १०९८ | ९१.५१ |
| ३०८०३०१२४ | सिँचाइ व्यवस्थापन डिभिजन-८ | ३२०० | ३१८७ | ९९.५९ |
| ३०८०३०१३४ | यान्त्रिक कार्यालय-३ | ४१०० | ३९५३ | ९६.४० |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १०६०० | १०२८५ | ९७.०३ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | १३५०० | ० | ०.०० |
| ३०८०३१०३४ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ६९६७५ | ३१९८८ | ४५.९१ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | १८३०० | १६८१४ | ९१.८८ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २६३५०० | १४६३४० | ५५.५४ |
| ३०८०३१०६४ | नदी नियन्त्रण | ४९५२५३९ | ४६२७४०६ | ९३.४४ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ९३५०० | ७९३८९ | ८४.९१ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण आयोजना | १०२६५०० | ४८३९५ | ४.७१ |
| ३०८०३१०९४ | मर्मत सम्भार आयोजनाहरू | ३९०५०० | ३७३१५५ | ९५.५६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ५२३८०० | ५१६३२९ | ९८.५७ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ७८०९५२ | ५८७७९४ | ७५.२७ |
| ३०८०३११२४ | बबई सिँचाइ आयोजना | १४७११०० | १४०५३८६ | ९५.५३ |
| ३०८०३११३४ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ८७११०० | ८४४३६१ | ९६.९३ |
| ३०८०३११४४ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ६३८७२५ | ६१४९३९ | ९६.२८ |
| ३०८०३११५४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | ३६६५०० | ३४७२७३ | ९४.७५ |
| ३०८०३११६४ | सिक्टा सिँचाइ आयोजना | १५२५६०० | १०५२७२५ | ६९.०० |
| ३०८०३११७४ | पालुङटार-कुण्डुटार सिँचाइ आयोजना | ५९७०० | १५१४८ | २५.३७ |
| ३०८०३११८४ | टार-बजार संरक्षण कार्यक्रम | ५९१००० | ५०६८१८ | ८५.७६ |
| ३०८०३११९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | २२२०००० | १२२०३३२ | ५४.९७ |
| ३०८०३१२०४ | भेरी-ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १५५९८६१ | ११९१६९९ | ७६.४० |
| ३०८०३१२१४ | प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना | ६८०१४८ | ९२४७७ | १३.६० |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ३५५१९१ | १४०५४२ | ३९.५७ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २०३०१०० | १४१४३४९ | ६९.६७ |
| ३०८०३१२४४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १८२३७०० | १२३२३३५ | ६७.५७ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ५६८७०० | ५३४७९४ | ९४.०४ |
| ३०८०३१२६४ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | १८८४५०० | ८५१३८४ | ४५.१८ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | ६३४८०० | २१३४३३ | ३३.६२ |
| ३०८०३१४८४ | पुर्वी रासी लोथर-सौराहा नदि नियन्त्रण आयोजना | ४०००० | २८४४१ | ७१.१० |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १००१०० | ७९५५० | ७९.४७ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ३२९६१ | २७२३९ | ८२.६४ |
| ३०८२१०१३४ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | १३५३०० | ३९६३४ | २९.२९ |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | १७९०० | १६९०९ | ९४.४६ |
| | कुल जम्मा | ३७४४४३१२ | २१२८१११७ | ५६.८३ |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १५४४१८ | ७६८९३ | ४९.८० |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३२४०० | १०८९१ | ३३.६२ |
| ३०८००१०२३ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | ७८०० | ३४०७ | ४३.६७ |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ९१०७०० | १६९४६३ | १८.६१ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | १६९७४०० | ८४१३०५ | ४९.५६ |
| ३०८०१०११३ | विद्युत विकास विभाग | ८२१०० | ४९८९५ | ६०.७७ |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १४०० | ९५८ | ६८.४५ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | १२८०० | ८६८५ | ६७.८५ |
| ३०८०११०३३ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ५२०० | ३३१२ | ६३.६९ |
| ३०८०११०६३ | बुढीगङ्गा जलविद्युत आयोजना | २४७०० | १५१३१ | ६१.२६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | १०९९०० | ५७१७९ | ५२.०३ |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | १३९७०० | ६८५८७ | ४९.१० |
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ५२०० | १८८३ | ३६.२१ |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | ११०७४० | ५५५१० | ५०.१३ |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | २३३३१ | १३४१५ | ५७.५० |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | १३३५२ | ७१०४ | ५३.२० |
| ३०८०३१०३३ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ३३०० | ८९७ | २७.२० |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २५९०५ | १५७८० | ६०.९१ |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २१३८२ | १०७३४ | ५०.२० |
| ३०८०३१०६३ | नदी नियन्त्रण | १९२९९५ | १२०६६९ | ६२.५२ |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ४६०० | २२७९ | ४९.५४ |
| ३०८०३१०९३ | मर्मत सम्भार आयोजनाहरू | १२१३५७ | ७२५१८ | ५९.७६ |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ७८०० | २४०० | ३०.७७ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | २६८०६ | १७१८४ | ६४.११ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २७४६५ | २२१४६ | ८०.६३ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | २५७९० | १७६६३ | ६८.४९ |
| ३०८०३११४३ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ४२२०२ | २७८६० | ६६.०२ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | १२१८४ | ८१९४ | ६७.२५ |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | ३४५०० | २१४३३ | ६२.१३ |
| ३०८०३११७३ | पालुङटार-कुण्डुटार सिँचाइ आयोजना | १०१७२ | ५६७५ | ५५.७९ |
| ३०८०३११९३ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | ४६००० | २६४३१ | ५७.४६ |
| ३०८०३१२०३ | भेरी-ववई  डाइभर्सन बहुउद्देश्यीय आयोजना | २७६६६ | १३६०५ | ४९.१८ |
| ३०८०३१२१३ | प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना | २४४७५ | ११५६४ | ४७.२५ |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | १०६०० | ६८९० | ६५.०० |
| ३०८०३१२३३ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २७१०० | १५९२० | ५८.७५ |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १९२६७ | ११३७३ | ५९.०३ |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | १३६६८ | ८४६१ | ६१.९० |
| ३०८०३१२६३ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | १३७९० | ९६७४ | ७०.१५ |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | २४५५३ | १४२९९ | ५८.२४ |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २८९०० | १६२६९ | ५६.२९ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ३३८०० | २०९७५ | ६२.०६ |
| ३०८२१०१३३ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | २१०० | १३४० | ६३.८२ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ४७९०० | ३२३६५ | ६७.५७ |
| | **कुल जम्मा** | **४२०७४१८** | **१९१८२१८** | **४५.५९** |

## पुंजीगत खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८१०० | ८९४ | ११.०४ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ६९०५६०० | २११६५४ | ३.०६ |
| ३०८००१०२४ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | ५५०० | ७८५ | १४.२८ |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १४४२०० | १४५४५ | १०.०९ |
| ३०८०१०११४ | विद्युत विकास विभाग | ४३७०० | १८९५६ | ४३.३८ |
| ३०८०११०२४ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | ३१४०० | ३९७ | १.२६ |
| ३०८०११०३४ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ३२०० | ० | ०.०० |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | १२८२२०० | ३०३४४८ | २३.६७ |
| ३०८०११०६४ | बुढीगङ्गा जलविद्युत आयोजना | १५३५१०० | ३९८१० | २.५९ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | ५७५२०० | ४३१३४ | ७.५० |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | १८९७०० | २६२२२ | १३.८२ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | १०३१०० | ८२२८ | ७.९८ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | २३०० | ८३२ | ३६.१५ |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | ७९४०० | ११२०२ | १४.११ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | ११६०० | १७१८ | १४.८१ |
| ३०८०३१०३४ | सिँचाइ सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | १९४८०० | ४३५२ | २.२३ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २९२०० | १९४२६ | ६६.५३ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | ३०१७०० | ८६८३१ | २८.७८ |
| ३०८०३१०६४ | नदी नियन्त्रण | ४७८४७०० | २५६४२०० | ५३.५९ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ८९५०० | १५३७८ | १७.१८ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण आयोजना | ६६३२०० | ६६७४ | १.०१ |
| ३०८०३१०९४ | मर्मत सम्भार आयोजनाहरू | ३८४६०० | २००३०६ | ५२.०८ |
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ५६३००० | ३०९६९३ | ५५.०१ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ६०७४०० | २११९८२ | ३४.९० |
| ३०८०३११२४ | बबई सिँचाइ आयोजना | १३१६५०० | ६७९४५९ | ५१.६१ |
| ३०८०३११३४ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ११७४७०० | ६३६२९५ | ५४.१७ |
| ३०८०३११४४ | सुनसरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | १४३२८०० | १२१४२४३ | ८४.७५ |
| ३०८०३११५४ | प्रगन्ना तथा बड्‌कापथ सिँचाइ आयोजना, दाङ | ३३६५०० | ९६१९५ | २८.५९ |
| ३०८०३११६४ | सिक्टा सिँचाइ आयोजना | १५२३३०० | ५८६४२९ | ३८.५० |
| ३०८०३११७४ | पालुङटार-कुण्डुटार सिँचाइ आयोजना | ७५७०० | ६४६२ | ८.५४ |
| ३०८०३११८४ | टार-बजार संरक्षण कार्यक्रम | २८०००० | १५०४२२ | ५३.७२ |
| ३०८०३११९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | २४०३७०० | ११०७६०२ | ४६.०८ |
| ३०८०३१२०४ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | २५१७८०० | ८८०१०९ | ३४.९६ |
| ३०८०३१२१४ | प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना | १३१४७०० | ६१०३१ | ४.६४ |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | १८२०० | ४३७८ | २४.०५ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २३८५८०० | ६९७०३६ | २९.२२ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०३१२४४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १७१५२०० | ११४८५९२ | ६६.९७ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ३२६१०० | २९७१८५ | ९१.१३ |
| ३०८०३१२६४ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | १०३७००० | ३०३७७२ | २९.२९ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम | ११०७८०० | १४७४८० | १३.३१ |
| ३०८०३१४८४ | पुर्वी रासी लोथर- सौराहा नदि नियन्त्रण आयोजना | १०००० | ० | ०.०० |
| ३०८०३१५४४ | जलस्रोत संरक्षण आयोजना | २००० | ० | ०.०० |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १३१३०० | १०१२३ | ७.७१ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ५२९०० | ६६४८ | १२.५७ |
| ३०८२१०१३४ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | १९९८०० | ५७४५६ | २८.७६ |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | ३७७०० | ५४३५ | १४.४२ |
| | **कुल जम्मा** | **३७९३७९००** | **१२१९७०१७** | **३२.१५** |

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## १. पृष्ठभूमि

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानूनी राज्यको अवधारणाअनुरुप नेपाल कानूनको तर्जुमा, मौजुदा कानूनहरूमा समसामयिक संशोधन लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने नेपाल सरकारको केन्द्रीय निकाय हो। कानून कार्यान्वयनको प्रभावकारिता अझ अभिवृद्धि गर्न, मानव अधिकार, लोकतान्त्रिक शासन व्यवस्था, समन्यायको आधारमा समानता, कानूनको सर्वोच्चता, स्वतन्त्र न्यायपालिकाका मूलभूत मान्यताहरूलाई आत्मसात गर्दै उचित, स्वच्छ तथा उपयुक्त कानून मार्फत कानूनी शासनको प्रतिफल जनतामा पुऱ्याउन, दण्डहीनताको अन्त्य गर्न, अपराध नियन्त्रण तथा शान्ति कायम गर्न र न्याय प्रशासनको सुदृढीकरण र आधुनिकीकरण गर्न मन्त्रालय कार्यरत रहेको छ।

## २. दीर्घकालीन सोच

कानूनको प्रभावकारी कार्यान्वयनबाट कानूनको शासनको प्रतिफल जनतासमक्ष पुऱ्याउने, कानूनी सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने तथा संविधान प्रदत्त मौलिक हक र विश्वव्यापी रूपमा अवलम्वन गरिएका मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने।

## ३. उद्देश्य

- ऐन, अध्यादेश, नियम र गठन आदेशको मस्यौदा तर्जुमा गर्ने तथा परामर्श दिने, मस्यौदा जाँच गर्ने,
- नेपाल सरकारको लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी विवादको सम्बन्धमा आवश्यक राय परामर्श दिने,
- कानूनको एकीकरण तथा संहिताकरण गर्ने,
- नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार तथा न्याय प्रशासनसम्बन्धी काम गर्ने।

## ४. रणनीति

- न्यायमा आम जनताको समान पहुँच अभिवृद्धि गरी कानूनको शासन सुदृढ गर्ने,
- कानूनको निर्माणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने,
- सर्वसुलभ, छिटो छरितो न्याय सम्पादन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने,
- मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनका लागि राज्यका निकायहरूलाई परिचालन गर्ने,
- मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विषय, विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १०४ | ९१ | १३ |
| २. | न्याय सेवा तालिम केन्द्र | २१ | १४ | ७ |
| ३. | कानुन आयोग | ३३ | २८ | ५ |
| ४. | बेपत्ता पारिएको व्यक्तिको छानविन आयोग | २३ | १५ | ८ |
| ५. | सत्य निरुपण तथा मेलमिलाप आयोग र अन्तर्गत | २१७ | १६६ | ५१ |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३८६ | न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, हिंसा पिडीत महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि ४७ जिल्लामा सञ्चालित निःशुल्क कानूनी सहायता कार्यक्रमलाई आगामी आर्थिक वर्ष सबै जिल्लामा विस्तार गरिने। देशभरीका सबै जिल्लामा पिडीतको तर्फबाट अधिकृतस्तरको कानून व्यवसायीबाट वहस गर्ने व्यवस्था मिलाइने। | • एकीकृत कानूनी सहायता नीति २०७६ को आधारमा प्रारम्भिक विधेयकको मस्यौदा तयार भएको। |
| ३८८ | मानव सभ्यताको कलङ्कको रूपमा रहेको जातीय भेदभाव र छुवाछुत निर्मूल गर्न सामाजिक जागरण र कानूनी कारवाहीलाई सशक्त बनाइने। | • सञ्चार माध्यमबाट कानूनी सचेतनासम्बन्धी कार्यक्रम अन्तर्गत रेडियो नेपाल र नेपाल टेलिभिजनबाट **"कानूनका कुरा"** नामक कार्यक्रम श्रृङ्खला प्रसारण हुँदै आएको।<br>• शैक्षिक संस्थामा कानूनी सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको। |
| ३९० | नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पिडीत र विस्थापित, अपाङ्गता भएका व्यक्ति र घाइतेको अभिलेखीकरण गरी सहयोग, सम्मान र संरक्षण गरिने। सशस्त्र द्वन्दबाट प्रभावितहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई स्वरोजगार बन्न प्रेरित गरिने। | • पीडित र परिवारजनको पहिचान गरी बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगद्वारा परिचयत्र वितरण गरिएको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| १० | संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी समानुपातिक प्रतिनिधित्व, संघीय प्रणाली, तीन तहका सरकार र तिनीहरूको परिभाषित अधिकार क्षेत्र, मौलिक अधिकारको कार्यान्वयन, भ्रष्टाचार नियन्त्रण एवं सुशासन योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन | • ५ वटा विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति तथा १० वटा विधेयकको मस्यौदा तर्जुमा सहमति प्रदान गरिएको। त्यसैगरी, नियमावली, गठन आदेश, निर्देशिका गरी ३९ वटा कानून मस्यौदा तर्जुमा तथा सहमति |

| बुँदा नं. | वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गर्न कानूनी तथा संरचनागत सुधार गरिने। | प्रदान गरिएको। |
| ११ | संविधानले निर्दिष्ट गरे बमोजिम सामाजिक न्याय र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणको संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रहरूमा गर्नुपर्ने कार्यहरूको जनस्तर र राजनीतिक तहमा राय सुझावको आधारमा ठोस नीति र योजना तयार गरी कार्यान्वयन गरिने। | • निःशुल्क कानूनी सहायता पाउने मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक तथा सामाजिक कारणबाट आफ्नो कानूनी हकहित संरक्षण गर्न असमर्थ पक्षलाई सहज रूपमा गुणस्तरीय निःशुल्क कानूनी सहायता उपलब्ध गराउनुका साथै निःशुल्क कानूनी सहायताको क्षेत्र र दायरालाई विस्तार गर्दै एकीकृत सामाजिक-कानूनी सहायता प्रणालीको विकास गर्न एकीकृत कानूनी सहायता नीति, २०७६ जारी भएको। |

## ६. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः

| क्र.सं | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | विनियोजन ऐन, २०७८ | नयाँ तर्जुमा |
| २. | आर्थिक ऐन, २०७८ | नयाँ तर्जुमा |
| ३. | राष्ट्र ऋण उठाउने ऐन, २०७८ | नयाँ तर्जुमा |
| ४. | एकीकृत निःशुल्क कानूनी सहायता सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ५. | कानूनको अद्यावधिक तथा वेवसाइटमा प्रकाशन सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |

## ७. पन्ध्रौं योजनामा उल्लिखित कार्यनीति सम्बन्धी भए/गरेका कार्यहरूः

| क्षेत्र | कार्यनीति/ मन्त्रालयले काम गर्नुपर्ने क्षेत्र | प्रगति |
|---|---|---|
| **मानव अधिकार** | • संविधानमा व्यवस्था भएका मानव अधिकारसम्बन्धी संरचनालाई प्रभावकारी बनाई मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने। | • मौलिक हक कार्यान्वयनको लागि आवश्यक पर्ने २४ वटा ऐन जारी भएको। ऐन अन्तर्गतका नियमावलीहरू जारी भएको। |
| | • मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा योगदान गर्ने व्यक्ति तथा संघ संस्थालाई सम्मान गर्ने। | • मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ जारी गरी यस आ.व. देखि पुरस्कार वितरणको शुरूवात गरिएको। |
| | • स्थानीय तहको न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने। | • क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनको लागि स्रोत पुस्तिका तयार गरिएको।<br>• न्यायिक समितिको क्षमता अभिवृद्धि |

| क्षेत्र | कार्यनीति/ मन्त्रालयले काम गर्नुपर्ने क्षेत्र | प्रगति |
|---|---|---|
| | | कार्यक्रम सञ्चालन गरिएको।<br>• न्याय सम्पादन दिग्दर्शन तयार गरिएको। |
| | • न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायतासम्बन्धी नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था गर्ने। | • एकीकृत कानूनी सहायता नीति, २०७६ जारी भएको।<br>• नीतिको आधारमा प्रारम्भिक विधेयकको मस्यौदा तयार भएको।<br>• संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कानूनी सहायताको कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि तयार गरिएको। |
| न्याय प्रणाली | • निःशुल्क कानूनी सहायतालाई पहुँचयोग्य र प्रभावकारी बनाउन ऐन, नियम, निर्देशिका, कार्यविधि निर्माण तथा कानूनी सुधार तथा संस्थागत सुदृढीकरण गर्ने। | |
| | • न्याय सेवाका कर्मचारी तथा स्थानीय न्यायिक समितिका पदाधिकारीको लागि क्षमता विकास गर्ने। | • स्थानीय तहको न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम भएको र निरन्तरता दिइएको।<br>• न्याय सेवाका कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिम प्रदान गरिएको।<br>• स्थानीय तहको न्यायिक समितिको न्याय सम्पादनसम्बन्धी नमूना विधेयक तथा दिग्दर्शन तयार गरिएको। |
| | • नेपालको संविधान, संघीयताको मर्म र अदालतको आदेशबमोजिमका कानून निर्माण गर्ने। | • नयाँ ऐन निर्माणको लागि १ सय ९४ विषयका अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गरिएको।<br>• नेपालको संविधान जारी भएपछि १ सय ६१ ऐन, ४४ अध्यादेश, २ सय ६३ नियमावली, ६२ वटा गठन आदेश जारी भएका। |

## ८. अन्य सम्पादित महत्वपूर्ण कार्यहरू:

- शैक्षिक संस्थाहरूमा कानूनी सचेतना कार्यक्रम अन्तर्गत सुदुरपश्चिम प्रदेशको दार्चुला जिल्लाका विद्यालयमा २ वटा विद्यालयस्तरीय कानूनी सचेतना कार्यक्रम सञ्चालन भएको।
- रेडियो नेपालबाट भिन्न भिन्न विषयमा विभिन्न भाषामा जनचेतना मूलक श्रव्य सामाग्री प्रसारण भइरहेको।
- सुदुरपश्चिम प्रदेशको दार्चुला जिल्लामा **निःशुल्क कानूनी सहायताको प्रभावकारितासम्बन्धी** जिल्ला स्तरीय कार्यक्रम सञ्चालन गरिएको,
- एकीकृत कानूनी सहायता नीति कार्यान्वयनको लागि विधेयक मस्यौदा तर्जुमा भएको,
- सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा एउटा **न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम** सञ्चालन गरिएको,

- ५ वटा विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति तथा १० वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको, नियमावली, गठन आदेश, निर्देशिका गरी ३९ वटा कानून मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको,
- प्रदेश तथा स्थानीय तहका कानून र सोको कार्यान्वयनको अवस्था अध्ययन गर्ने सम्बन्धमा निर्देशक तथा प्राविधिक समिति गठन भई अध्ययन कार्य भइरहेको।
- मन्त्रालयका कर्मचारीहरूको लागि ३ वटा **क्षमता अभिवृद्धि कार्यक्रम** सञ्चालन गरिएको।
- न्याय सम्पादनका क्रममा अदालतमा हुने लामो अदालती प्रक्रियालाई छिटो र सरल बनाउन एक अध्ययन कार्यदल गठन गरी सो कार्यदलबाट प्रतिवेदन समेत प्राप्त भइसकेको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४१०४४४ | २२०५०५ | ५३.७२ |
| ३११०१०११३ | न्याय सेवा तालिम केन्द्र | २४७९३ | १४३५४ | ५७.९० |
| ३११२१०११३ | नेपाल कानून आयोग | ३८९०५ | ३०८१० | ७९.१९ |
| | **कुल जम्मा** | **४७४१४२** | **२६५६६९** | **५६.०३** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ८४०६ | ७६६३ | ९१.१७ |
| ३११०१०११४ | न्याय सेवा तालिम केन्द्र | ७२५७ | ६१७६ | ८५.१० |
| ३११२१०११४ | नेपाल कानून आयोग | ६३४६ | ६३४६ | १००.०० |
| | **कुल जम्मा** | **२२००९** | **२०१८५** | **९१.७१** |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४०९५७२ | १८०९३७ | ४४.१८ |
| ३११०१०११३ | न्याय सेवा तालिम केन्द्र | २६९०० | १४००२ | ५२.०५ |
| ३११२१०११३ | नेपाल कानून आयोग | ३५३४९ | २२५७६ | ६३.८७ |
| | **कुल जम्मा** | **४७१८२१** | **२१७५१५** | **४६.१०** |

**पुँजीगत खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १९४०० | २५१० | १२.९४ |
| ३११०१०११४ | न्याय सेवा तालिम केन्द्र | १२०० | ३७५ | ३१.२५ |
| ३११२१०११४ | नेपाल कानून आयोग | १००० | ५२२ | ५२.१८ |
| | **कुल जम्मा** | **२१६००** | **३४०७** | **१५.७७** |

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## १. पृष्ठभूमि

अधिक जनसंख्या कृषिमा आश्रित रहेको नेपालमा कृषि क्षेत्रको विकास गरी अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान वृद्धि गर्नुका साथै मुलुकलाई कृषि उत्पादनमा आत्मनिर्भर तुल्याउन कृषि तथा पशुपन्छी मन्त्रालयको गठन गरिएको हो। नेपालको कृषि विकाससम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरू भएको हो। देशको आवश्यकता र सम्भाव्यताअनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मूल मर्म बोकेको यस मन्त्रालयको लक्ष्य व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो वृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ। यस मन्त्रालयको कृषि तथा पशुपालनको क्षेत्रलाई व्यवसायिक एवम् आधुनिक तुल्याउँदै उत्पादनको विविधीकरण एवम् प्रतिस्पर्धी बनाउने उद्देश्य रहेको छ।

## २. दीर्घकालीन सोच

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने।

## ३. उद्देश्य

- कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धी बनाउने,
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने।

## ४. रणनीति

- कृषि उत्पादनको गुणस्तर प्रवर्द्धन गरी व्यावसायीकरण, विविधीकरण र ग्रामीण पूर्वाधारको विकास र यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन र रोजगारीका अवसर वृद्धिसँगै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने,
- उन्नत र गुणस्तरीय बीउविजनको सुरक्षा, विषादीका असरलाई न्यूनीकरण, कृषि बाली, पशुपन्छी तथा मत्स्य बीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने,
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी रोगको रोकथाम, नियन्त्रण तथा उन्मूलन गरी स्वच्छ उत्पादनमा अभिवृद्धि गर्ने,
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन मापदण्ड निर्धारण गरी गुणस्तर अभिवृद्धि गर्दै कम आयतन तथा उच्चमूल्यका बालीवस्तु उत्पादन गर्न प्रोत्साहित गरी कृषि प्रशोधन उद्योग विकासमा जोड दिने,
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय पहुँच प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने,

- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गर्ने,
- कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायको सहकार्यमा प्राविधिक, कृषक/कृषि उद्यमी तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,
- आधारभूत कृषि सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण प्रणालीलाई समयानुकुल आधुनिकीकरण गर्दै तथ्यमा आधारित कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- प्रत्येक प्रदेशको विभिन्न भू-परिस्थितिकीय क्षेत्रमा उन्नत प्रविधिको प्रभावकारी अनुसरणको लागि नमूना प्रविधिगाउँ, कृषक पाठशाला र बाह्य अनुसन्धानलाई थप सुदृढीकरण गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकायको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पुल | १६१ | १६१ | ० | ३४७ |
| २ | कृषि सूचना तथा सञ्चार केन्द्र | ४४ | २५ | १९ | ० |
| ३ | वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र | २२ | १७ | ५ | ० |
| ४ | प्लाण्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र र अन्तर्गत | १३३ | ७३ | ६० | ० |
| ५ | कृषि विभाग र अन्तर्गत | ४४९ | २७९ | १७० | ० |
| ६ | पशु सेवा विभाग र अन्तर्गत | ७३३ | ५११ | २२२ | ० |
| ७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत | ३७० | २७१ | ९९ | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ९५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्रभावकारिता वृद्धि गरिने। कृषि बाली, मत्स्य र पशुपन्छी उत्पादन लगायतका थप ७१ जोन सञ्चालनमा ल्याइने। रवर खेतीको प्रवर्द्धन गर्न रवर जोन सञ्चालनमा ल्याइने। पकेट क्षेत्रमा कम्वाइन्ड हार्भेष्टर, पावर टिलर, कल्टिभेटर, रोटाभेटर, हारो लगायतका उपकरण खरिद गर्न स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराइने। आयोजना क्षेत्रका कृषकलाई प्राविधिक सहयोग उपलव्ध गराउन कृषि विषयका स्नातक तहमा अध्ययनरत ३ सय विद्यार्थीलाई इन्टर्नको रूपमा खटाइने। सबै | • विभिन्न बालीका ७१ वटा नयाँ जोन स्थापना भई विभिन्न बालीका १ सय ७७ जोनमा कार्यक्रम कार्यक्रम सञ्चालन भएको।<br>• २ वटा पोष्ट हार्भेष्ट सेन्टर र ५ वटा कस्टम हायरिङ्ग सेन्टर स्थापना भएको।<br>• कृषि र वन विज्ञान विश्वविद्यालयसँग ३ सय ५० विद्यार्थी, जी.पि. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टरसँग ४४ जना विद्यार्थी, महेन्द्र रत्न बहुमुखी क्याम्पससँग ४८ जना विद्यार्थी गरी कुल ४ सय ४२ जना विद्यार्थीलाई ईन्टर्नको रूपमा परिचालन गरिएको।<br>• कृषि विभाग र विश्वविद्यालय (त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय) बीच सम्पन्न MOU अनुसार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | जिल्लाका कृषि ज्ञान केन्द्रमा कृषि स्नातक उत्तीर्ण गरेका एकएक जना-प्राविधिकलाई एक वर्षको लागि करारमा लिई खटाइने। | कृषि स्नातक परिचालनको Academic Merit List अनुसार ७७ जना छनौट गरी कृषि ज्ञान केन्द्र र कृषि विभाग मातहतका फर्म केन्द्रहरूमा कृषि स्नातक प्राविधिक ६८ जनालाई अभिमुखीकरण तालिम दिई परिचालन गरिएको। |
| ९६ | उपयोगमा नआएका सरकारी कृषि फर्म र बाँझो जमिनमा व्यावसायिक खेती गर्न निजी क्षेत्रलाई लिजमा दिने नीति अवलम्बन गरिने। पहाडी क्षेत्रका भोजपुर, नुवाकोट, बैतडी लगायतका जिल्लामा फलफूल र हिमाली क्षेत्रका मनाङ्ग, मुस्ताङ, म्याग्दी, डोल्पा लगायतका जिल्लामा व्यावसायिक पशुपालनका छनोट भएका पश्मिनाको मूल्य श्रृङ्खला Matching Grant भूक्तानीका लागि निजीक्षेत्रलाई प्रोत्साहन गरिने। | • विभिन्न पहाडी जिल्लामा स्याउ, ओखर, केरा लगायतका फलफूलहरूको ६ सय ६२ हेक्टर फलफूल क्षेत्र विस्तार गरिएको।<br>• १ सय २० वटा च्याङ्ग्राको पाठापाठी उत्पादन भएको।<br>• पश्मिनाको मूल्य श्रृङ्खलासँग सम्बन्धित १२ वटा उपआयोजनाहरू छनौट भई कार्यक्रम सञ्चालन भएको। |
| ९७ | कृषियोग्य भूमिको वर्गीकरण एवम् माटो परीक्षण गरी भौगोलिक एवम् मौसमी अनुकूलताको आधारमा बाली लगाउन प्रोत्साहन गरिने। माटो जाँच प्रयोगशालाको क्षमता अभिवृद्धि गरी डिजिटल स्वायल म्यापिङ्ग प्रणाली कार्यान्वयनमा ल्याइने। | • Digital Soil Mapping (DSM) अद्यावधिक सम्बन्धी कार्यविधि तयार भई सरोकारवालहरूको राय सुझावअनुसार परिमार्जनसहित कार्यविधि स्वीकृत भएको। |
| ९८ | विद्यमान कृषि अनुदान प्रणालीलाई पुनरावलोकन गरी कृषक, कृषि उद्यमी, कृषक समूह र सहकारी संघ संस्थालाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिने। इजाजत प्राप्त विक्रेताबाट उन्नत बीउ खरिद गरी रोपण गर्ने कृषकलाई मूल्यको ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाइने। कृषिको यान्त्रिकरणका लागि कृषि औजार तथा कृषि उपकरण र सोको पार्टपुर्जाको आयातमा दिइएको कर तथा महसुल छुटको दायरा तथा प्रतिशत वृद्धि | **कृषक समूहहरूलाई ८५% अनुदानमा मूल बीउ तथा उन्नत बीउ वितरण:**<br>• **मूल बीउः** गहुँको ११.१६ मे.टन, मुसुरोको ३.०५ मे.टन वितरण गरिएको।<br>• **उन्नत बीउः** आलुको १७१.७२ मे.टन, गहुँको ९० मे.टन, मुसुरोको ९.५ मे.टन, धानको ४ मे.टन वितरण गरिएको। साथै, विभिन्न तरकारी बालीको १.९८ मे.टन, मकैको ५.२ मे.टन, कोदोको ०.६ मे.टन, फापरको ०.५ मे.टन र घाँसको ७.३५ मे.टन बीउ खरिद गरी क्लस्टर इकाईहरूबाट वितरण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिएको। | • आलुको बिज वृद्धि गर्ने कृषक समूहहरूलाई आलुको ३१ हजार ८ सय ७९ दाना PBS (Pre-basic Seed) खरिद गरी वितरण भएको।<br>• अनुमति प्राप्त **स्रोत बीउ** उत्पादकहरूलाई बीउ बिक्रीको आधारमा प्रोत्साहन अनुदान (धानमा २ सय ५० मे.टन, मकैमा १ सय ५० मे.टन,, र गहुँमा १ सय ५० मे.टन, स्रोत बीउ उत्पादन र बिक्री गरिएको बीउको जम्मा रकममा ५० प्रतिशत प्रोत्साहन अनुदान प्रवाह) कार्यक्रममा प्रोत्साहन अनुदानमा सहभागी हुनको लागि सूचना आह्वान भएकोमा जम्मा २१ वटा समूह/सहकारी/बीउ उद्योगीले DESIS (Digital Enabled Seed Information System) मार्फत अनलाइन दर्ता गराएको।<br>• छनोट भएका मूल्य श्रृङ्खला Matching Grant भुक्तानी (५ सय वटा उपआयोजना) कार्यक्रममा सञ्चालित २ सय २४ वटा उप आयोजना मध्ये ८५ वटा उप-आयोजनाहरूबाट पहिलो किस्ताको भुक्तानी माग भएको। |
| ९९ | मध्यम तथा उच्च प्रविधियुक्त बहुउद्देश्यीय नर्सरी स्थापना गरी फलफूलका ५० लाख विरुवा उत्पादन गरिने। राष्ट्रिय राजमार्गको किनारामा रहेका बाँझो र सार्वजनिक एवम् नदी उकासबाट प्राप्त जग्गामा फलफूल, तरकारी र नगदेबाली लगाउन स्थानीय तह र कृषक समूहलाई प्रोत्साहित गरिने। | • मध्यम प्रविधियुक्त बहुउद्देशीय फलफूल नर्सरी स्थापना कार्यक्रम अन्तर्गत नर्सरी छनौट गरी निर्माण कार्य सम्पन्न भएको।<br>• पुरानो फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम अन्तर्गत नर्सरी छनौट भई नर्सरी सुदृढीकरण गर्ने कार्य सम्पन्न भएको।<br>• फलफूल दशक अन्तर्गत ८९ स्थानीय तह मार्फत हिउँदे फलफूल बिरुवा रोपण कार्य भएको।<br>• संघीय सरकारी फर्मबाट करिब ६० हजार विरुवा र निजी क्षेत्रबाट करिब ९ लाख ३८ हजार फलफूल विरुवा उत्पादन तथा बिक्री वितरण भएको। |
| १०० | खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गरिने। तीन वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्ने गरी प्रारम्भिक कार्य अघि बढाइने। | • लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउन हालसम्म १ सय ४३ दशमलव १३ हजार मे.टन, रासायनिक मल आयात/प्राप्ति भएको र १ सय ८४ दशमलव ८४ हजार मे.टन, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | रासायनिक मल अनुदानमा बिक्री वितरण भएको। |
| १०१ | अर्ग्यानिक खेतीलाई प्रवर्द्धन गर्न प्राङ्गारिक मल तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गरिने। अर्ग्यानिक खेतीको पकेट क्षेत्रमा उत्पादित उपजको ब्राण्डिङ्ग, प्रमाणीकरण र बजार प्रवर्द्धन गरिने। जैविक विषादी कारखाना स्थापना गर्न निजी क्षेत्रलाई ५० प्रतिशतसम्म पुँजीगत अनुदान उपलव्ध गराउने व्यवस्था मिलाइने। | ● प्राङ्गारिक उत्पादन निर्यात सहयोग कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन गरी निवेदन सङ्कलन गर्ने कार्य भइरहेको। |
| १०२ | सबै प्रदेशमा भण्डारण सुविधासहितको कृषि उपज प्रशोधन केन्द्र र औद्योगिक कृषि बजार स्थापना गरिने। इलाममा अलैंची, मकवानपुरको छत्तिवनमा तरकारी, सल्यानमा अदुवा तथा जुम्लामा स्याउ लक्षित औद्योगिक कृषि बजार स्थापनाको सम्भाव्यता अध्ययन पूरा गरी निर्माण कार्य शुरू गरिने। | ● ताप्लेजुङमा ३७ अलैंची भट्टी, डडेल्धुरामा २ रष्टिक स्टोर र २ बीउ स्रोत केन्द्र, नवलपरासी (सुस्ता पूर्व) मा कोलरुम १ गरी ४२ वटा पूर्वाधार निर्माण सम्पन्न भएको।<br>● Handling & Processing संरचनाको निर्माण कार्यको लागि ३१ वटा प्रस्तावहरू सङ्कलन भई २० वटा छनौट गरिएको।<br>● बजार, हाट बजारहरूको सुधारको लागि Field Verificartion कार्य सम्पन्न भई १८ वटा प्रस्ताव सङ्कलन भई १२ वटा छनौट भएको।<br>● लागत सहभागिताको आधारमा थोक बजारहरू निर्माणका लागि कार्यविधि निर्माण गरी स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गरिएको। |
| १०३ | न्यूनतम समर्थन मूल्य तोकिएका धान, गहुँ र मकै लगायतका कृषि उपजको भण्डारण गरी आपूर्ति व्यवस्थापनलाई सहज एवम् नियमित बनाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि सहकारी मार्फत खरिद गर्ने व्यवस्था मिलाइने। स्थानीय तह मार्फत २ सय खाद्य भण्डारण केन्द्र, ८९ शीतकक्ष र शीत भण्डार स्थापना गरिनेछ। खाद्य भण्डारण गृहको बीमा प्रिमियममा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइने। उखु उत्पादक किसानलाई उत्पादन परिमाणका आधारमा चिनी | ● विभिन्न ४० बालीमा लाभ लागत विश्लेषणको लागि तथ्याङ्क सङ्कलन भइरहेको (मकैमा सिन्धुपाल्चोक, धादिङ्ग र गुल्मी जिल्लामा, धानमा उदयपुर, सिन्धुपाल्चोक, प्यूठान र महोत्तरी जिल्लामा, माछा र काउलीमा सिन्धुपाल्चोक जिल्लामा तथा डडेल्धुरा जिल्लामा आलुको लाभ लागत अध्ययन विश्लेषण भइसकेको।<br>● अधिकांश जिल्लाहरूमा सूचना प्रकाशन भई सहकारी संस्थाहरूको सूचीकरणको कार्य भइरहेको, केही जिल्लाका सहकारीहरूसँग कृषकहरूबाट उत्पादित धान न्यूनतम समर्थन मूल्यमा खरिदको लागि सम्झौता |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | मिलमा उखु बिक्री गरेको १५ दिनभित्र अनुदान प्रदान गर्ने व्यवस्था मिलाइने। | भइसकेको। झापामा २४४८.२४ मे.टन, सुनसरीमा ११९१.१५६ मे.टन, चितवनमा ५ मे.टन, मकवानपुरमा ४८ मे.टन, बारामा २१ ४३.२४ मे.टन, रौतहटमा ९६७.७७५ मे.टन, रूपन्देहीमा १९८.५८७ मे.टन, बर्दियामा १८७४.४७ मे.टन, सर्लाहीमा ७२.५४२ मे.टन, गरी जम्मा ८ हजार ९ सय ४९ दशमलव ०१ मे.टन धान खरिद गरिएको।<br>● स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत ३१ वटा निवेदन प्राप्त भई छनौटको क्रममा रहेको।<br>● उखु कृषकहरूलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम उखु कृषकहरूलाई अनुदान कार्यक्रम अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत उखु कृषकहरूलाई हालसम्म ७७ करोड ५५ लाख ९० हजार (९९.३१%) अनुदान रकम भुक्तानी भइसकेको।<br>● ८९ स्थानीय तहमा शीत कक्ष र ३ स्थानीय तहमा शीत भण्डार निर्माण अन्तर्गत कार्यविधि स्वीकृत भई स्थानीय तहहरूमा सशर्त वित्तीय हस्तान्तरण गरिएको। |
| १०४ | प्रदेश तथा स्थानीय तह मार्फत मेचीनगर, रङ्गेली, रत्ननगर, कागेश्वरी मनहरा, सन्धिखर्क लगायतका १७ स्थानमा कृषि थोकबजार स्थापना गरिने। सल्यानको कपुरकोट र डोटीको सिलगढीमा कृषि थोकबजार स्थापना गर्न पूर्व तयारीका कार्य गरिने। काठमाडौंको चोभारमा निर्माणाधीन फलफूल तथा तरकारी हाटबजार सञ्चालनमा ल्याइने। कृषि उत्पादनलाई ढुवानी गर्न कृषि रज्जुमार्ग निर्माण गर्न स्थानीय तह तथा कृषि | ● १७ स्थानीय तहमा कृषि थोकबजार निर्माण कार्य शुरू तथा निरन्तरता (१३ नयाँ तथा ४ पुरानोलाई निरन्तरता) अन्तर्गत कृषि थोक बजारहरूको निर्माण निरन्तरता भएका वाणगङ्गा, रङ्गेली, तारकेश्वर लागायतका स्थानमा स्थलगत निरीक्षण गरिएको।<br>● चोभारमा निर्माणाधीन फलफूल तथा तरकारी हाटबजारको बजार पूर्वाधार निर्माणको ९० प्रतिशत कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सहकारीलाई ५० प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइने। | |
| १०५ | कृषि उपज सङ्कलन, प्रशोधन तथा ब्राण्डिङ्ग गरी स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण गर्न रूपन्देहीको कर्साघाटमा आधुनिक प्रविधियुक्त कृषि उपज थोक बजारको निर्माण कार्य आरम्भ गरिने। | • रूपन्देही, बुटवलको कर्साघाटमा D2B परियोजना मार्फत अर्थ मन्त्रालयबाट Detail Feasibility Study को लागि सहमति प्राप्त भएको। |
| १०६ | उत्पादक किसानले कृषि उपजको यथार्थ मूल्य प्राप्त गर्ने सुनिश्चितताको लागि मध्यस्थकर्ताको अनुचित नाफालाई नियन्त्रण गरिने। कृषकलाई बीउ बिजन तथा मलको उपलब्धता, मौसम र सबै प्रकारका कृषि उपजको बजार मूल्यसम्बन्धी जानकारीमूलक सूचना मोबाईल एप्स मार्फत नियमित रूपमा उपलब्ध हुने व्यवस्था मिलाइने। | **किसान पोर्टल निर्माण:**<br>• अघिल्लो खरिद प्रकियाका क्रममा मूल्याङ्कन गर्दा सारभूत रूपमा ग्राह्य नभएकोले पुनः खरिद प्रक्रिया अगाडि बढाउन सूचना प्रकाशन गरिएको।<br>• हरेक हप्ताको ६ दिन किसान कल सेन्टर मार्फत चैत महिनासम्ममा १ हजार ६० जना कृषकको कृषिमा भोगिरहेका समस्याहरूको सम्बोधन गरिएको।<br>• NTC सँगको सहकार्यमा कृषिसँग सम्बन्धित विभिन्न उपयोगी जानकारीहरू SMS मार्फत २३ हजार ५ सय कृषकहरूलाई ६१ लाख सूचना प्रवाह भएको। |
| १०८ | दुई वर्ष भित्रमा नेपाललाई दुग्ध र तरकारी, तीन वर्षभित्रमा गहुँ, मकै, कोदो र फापर एवम् ५ वर्ष भित्र चामलमा आत्मनिर्भर बनाइने। | • विभिन्न जिल्लाहरूमा धान, मकै र गहुँबालीको १ हजार ७ सय ६४ हेक्टर, ६ सय ७२ हेक्टर क्षेत्रफलमा फलफूल (स्याउ /ओखर/सुन्तला/केरा/आँप) र ८० हेक्टर क्षेत्रफलमा तरकारी/आलुको क्षेत्रफल विस्तार सम्पन्न भएको।<br>• राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम (धान, मकै र गहुँ उत्पादन प्रवर्द्धन कार्यक्रम) अन्तर्गत- क्रमशः ५९, ६५ र २१ वटा स्थानीय तहमा) अन्तर्गत प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०७८ स्वीकृत भएको र बाली विकास कार्यक्रम (धान/मकै/ गहुँ/ रैथानेबाली) लागू भएका २ सय २४ वटा स्थानीय तहहरूमा स्वीकृत कार्यविधि पठाइ सकिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | ● रैथाने बाली प्रवर्द्धन कार्यक्रम (१ सय वटा स्थानीय तहमा) अन्तर्गत प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७८ स्वीकृत भएको र बाली विकास कार्यक्रम (धान/मकै/ गहुँ/ रैथानेबाली) लागू भएका २ सय २४ वटा स्थानीय तहहरूमा स्वीकृत कार्यविधि पठाइ सकिएको।<br>● दुग्ध मिसन कार्यक्रम अन्तर्गत डेरी सुदृढीकरण कार्यक्रम कार्यविधि निर्माण गरी स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गरिएको।<br>● दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रममा आयोजना क्लस्टर इकाईहरूमा परेको ३४ वटा प्रस्ताव मध्ये ३० वटा छनौट भइसकेको र समूह गठनको काम भइरहेको । |
| १०९ | कृषकबाट उत्पादित दुग्धका लागि बजार सुनिश्चित गर्न विराटनगर, पोखरा लगायतका स्थानमा दुग्ध सङ्कलन र चिस्यान केन्द्रको स्थापना र क्षमता विस्तार गरिने। स्वदेशमा उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थको खपत वृद्धि गर्न निजी तथा सहकारी संघसंस्थाहरूको लगानीमा उच्च तापमानयुक्त दुग्ध प्रशोधन तथा धुलो दुग्ध कारखाना स्थापना गर्न ३५ प्रतिशतसम्म पूँजीगत अनुदान दिने व्यवस्था मिलाइने। | ● १० वटा चिलिङ्ग भ्याट खरिदको लागि सूचना प्रकाशन भएको। |
| ११० | मनाङ्ग, मुस्ताङ, जुम्ला लगायतका हिमाली जिल्लामा व्यावसायिक स्याउ खेती प्रवर्द्धन गर्न वेर्ना खरिदका लागि ५० प्रतिशत अनुदानको व्यवस्था गर्ने। सोलुखुम्बु, जाजरकोट, वैतडी लगायतका ९ जिल्लामा मिसन ओखर कार्यक्रम सञ्चालन गरिने। भोजपुर, काभ्रे, पर्वत, स्याङ्जा, दाङ्ग, डडेलधुरा लगायतका १० जिल्लामा व्यावसायिक कागती खेती विस्तार कार्यक्रम | ● जोन/सुपरजोन प्रभाव क्षेत्रमा High Density विरुवा मार्फत स्याउ क्षेत्रफल विस्तार (१६.५हे.) र प्रदर्शन (६ हे.) गरी जम्मा २२.५ हेक्टरमा ६७ हजार ५ सय वेर्ना वितरण कार्यक्रम अन्तर्गत सबै विरुवा आयातको लागि टेन्डर आह्वान भई भन्सार/प्लान्ट क्वारेन्टिनमा प्रक्रियामा रहेको।<br>● व्यावसायिक कागती खेती विस्तार, (२८ स्थानीय तह) कार्यविधि तयार गरी स्थानीय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सञ्चालन गरिने। | तहमा हस्तान्तरण गरिएको।<br>● स्याउ खेती विस्तार, (२८ स्थानीय तह) कार्यविधि तयार गरी स्थानीय तहमा हस्तान्तरण गरिएको।<br>● ओखर खेती विस्तार कार्यक्रम, (१६ स्थानीय तह) कार्यविधि तयार गरी स्थानीय तहमा हस्तान्तरण गरिएको। |
| १११ | सुधारिएको गोठ निर्माण, पशु दाना, आहार र घाँसको उत्पादन तथा चरन क्षेत्र विकास एवम् विस्तारका कार्यक्रम सञ्चालन गरिने। मुलुकका ४ सय ६८ स्थानीय तहमा कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरी ७ लाख उन्नत नश्लका गाई, भैसी र बाख्रा उत्पादन गरिने। उच्च प्रजननमान भएका स्रोत पशु स्वदेशमै उत्पादन गरिने। कृत्रिम गर्भाधान सेवा निःशुल्क उपलब्ध गराइने। गाई, भैंसी र कुखरामा लाग्ने महामारी रोग नियन्त्रणको लागि खोप उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाइने। | ● २ सय १५ हजार (लिटरमा) रहेकोमा तरल नाइट्रोजन १ सय ५२ दशमलव १६ हजार लिटर वितरण भएको।<br>● जमेको वीर्य ५ सय ७० दशमलव २९ हजार डोज उत्पादन तथा वितरण भएको।<br>● कृत्रिम गर्भाधान कार्यक्रम ५ सय ४४ दशमलव ९५ हजार संख्यामा भएको।<br>● व्यवसायिक खेतीका लागि माछा भुरा (फ्राइ) १ सय ७८ लाख, शुद्ध नश्लका माछा भुरा (फ्राइ) ३९ लाख र १० हजार सौन्दर्य माछा उत्पादन तथा वितरण भएको।<br>● उन्नत पशुपन्छीहरू (भेडा, मुर्रा तथा जर्सीको पाडा, पाडी, बाच्छा-बाच्छी र वंगुरको पाठापाठी) ९ सय २१ वटा उत्पादन तथा वितरण भएको।<br>● डयूअल पर्पोज कुखुराको चल्ला ६९.२ हजार उत्पादन तथा वितरण भएको।<br>● बहुवर्षीय तथा वर्षे (डाले घाँस/भुँई घाँस) घाँसको मूल बीउ ९९.६ क्वीन्टल उत्पादन तथा वितरण भएको।<br>● पि.पि.आर/एच.एस-वि.क्यू लगायत पशुपन्छीको संक्रामक रोग विरुद्धको खोप ५ सय ५७ लाख डोज उत्पादन भएको।<br>● पशु आहारा (तयारी दाना, दानाको कच्चा पदार्थ, विभिन्न प्रजातिका घाँस), फिड सप्लिमेन्ट्स तथा दूधको ३ हजार ३ सय ४३ वटा नमूना सङ्कलन तथा परीक्षण भएको।<br>● विभिन्न जिल्लाहरूमा ९६ वटा पशु नश्ल सुधार, ५ वटा माछा नश्ल सुधार र १० वटा फर्ममा मौरी नश्ल सुधारको कार्यक्रम सम्पन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | भएको।<br>● आयोजना कलस्टर इकाई गोरखा र सप्तरीमा ३-३ वटा AI Unit (Artificial Insemination Unit) सुधारको कार्य भएको।<br>● बोयर बाख्राको मल्टिप्लायर हर्ड स्थापना तथा परिचालन अन्तर्गत धनुषा र सप्तरी क्लस्टर इकाईमा २/२ वटा मल्टिप्लायर हर्ड स्थापना भएको र अन्य क्लस्टर इकाईहरूमा स्थान छनौट भइसकेको। |
| ११२ | सबै प्रदेशमा स्वच्छ र व्यवस्थित नमूना पशुपन्छी वधशाला निर्माण गरी सञ्चालनमा ल्याउन निजी क्षेत्रलाई सहुलियत र प्रोत्साहन गरिने। विराटनगर, पोखरा, सुर्खेत र धनगढीमा आधुनिक पशु वधशाला स्थापना गरिने। | ● पशु बधशाला स्थापनाको लागि कार्यविधि निर्माण गरी स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गरिएको।<br>● पशुपन्छी बजार प्रबर्द्धनको लागि १२ वटा मिटमार्ट स्थापनाको लागि कार्यविधि निर्माण गरी स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण गरिएको। |
| ११३ | कृषि अनुसन्धानमा लगानी वृद्धि गरिनेछ। नेपाल कृषि अनुसन्धान परिषदबाट अन्नबाली, तरकारी तथा फलफूलका वर्णशंकर जात विकास गरिने। रैथाने प्रजातिका बीउ बिजन र नश्ललाई संरक्षण गर्न विश्वविद्यालयसँग सहकार्य गरिने। कृषि उत्पादन वृद्धिका लागि प्रत्येक दुई दुई वर्षमा बीउ फेर्न किसानलाई उत्प्रेरित गरिने। | ● २०३.८४ मे.टन धान, ५७.६८ मे.टन मकै, १७.४५ मे.टन गहुँ, ५.४६ मे.टन अन्य खाद्यान्न, २०.३४ मे.टन आलु २.६९ मे.टन दलहन, ४.७५ मे.टन तेलहन, २२६.५० मे.टन उखु, १.२९ मे.टन तरकारी, १.८० मे.टन अदुवा, ३.०९ मे.टन बेसार, १.१७ मे.टन ढैंचा, ०.६८ मे.टन घाँसको बीउ गरी जम्मा ५४६.७२ मे.टन विभिन्न बालीहरूको स्रोत बीउ उत्पादन र ७१ हजार ८ सय ५५ संख्यामा प्रि-बेसिक आलुको बीउ उत्पादन भएको।<br>● फलफूल १८ हजार ४९, अलैची ११ हजार ७ सय ५०, तरकारी ५ लाख ६६ हजार ६ सय ७९, चिया ३ हजार ४ र घाँस ४२ हजार २८ गरी जम्मा ६ लाख ५४ हजार २ सय ३५ बेर्ना विरुवा उत्पादन गरिएको। बङ्गुरको २ सय ८९, भेडाको १ सय ५६, बाख्राको ५ सय ६०, बाच्छा-बाच्छी ७८, पाडापाडी ४९ गरी १ हजार १ सय २४ उन्नत पशुपन्छीको स्रोत नश्ल, १८ हजार ५ सय २० चल्ला र ५६ लाख माछाको भुरा उत्पादन भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | ● **बर्णशंकर मकैका ३ जातहरू** रामपुर हाईब्रिड १२, रामपुर हाईब्रिड १४, रामपुर हाईब्रिड १६ उन्मोचनका लागि प्राविधिक समितिबाट पास भएको,<br>● **स्पर टाईपका स्याउका तीन वटा जातहरू** स्टार क्रीमसन डेलिसियस, ब्राइट एन अर्ली र स्टार्क स्पर गोल्ड जातहरू पञ्जीकरणका लागि प्रस्तावना पेश भएको।<br>● **काँक्रोको २ बर्णशंकर जातहरू** पञ्जीकरणका लागि प्राविधिक समितिबाट पास भएको।<br>● **प्रविधि प्रसारणः** माछापालन, कफी खेती, बाख्रापालनसम्बन्धी आवासीय कृषक तालिम सम्पन्न भएको। कृषकहरूलाई कृषि प्रविधि तथा मौसमसम्बन्धी १६ लाख १४ हजार ५ सय एस.एम.एस. पठाइएको।<br>● किसान टोल फ्री टेलिफोन सेवा ३८ पटक सञ्चालन गरी ४ सय १५ कृषकहरूलाई फोनमार्फत विशेषज्ञ सेवा प्रदान गरिएको। |
| ११४ | कृषि उत्पादनमा आधुनिक प्रविधिको सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान प्रदान गर्न दुई वर्षभित्र झापाको चन्द्रडाँगी, सर्लाहीको नवलपुर लगायत सबै प्रदेशका एक-एक कृषि फार्मलाई सेन्टर अफ एक्सिलेन्सको रूपमा विकास गरी सञ्चालनमा ल्याइने। | ● कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका फार्महरूलाई Center of Excellence को रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण (झापाको चन्द्रडाँगी र सर्लाहीको नवलपुर फार्म र जिरी दोलखा) को लागि सम्बन्धित निकायहरूमा बजेट हस्तान्तरण भई प्रारम्भिक कार्य सञ्चालन भएको। |
| ११५ | अव कोही भोकै पर्दैन, भोकले कोही मर्दैन भन्ने सरकारको संकल्पलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न भूमिहिन किसान, दलित र आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायमा खाद्य एवम् पोषणको पहुँच विस्तार गरिने। भोकमरी तथा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, वर्ग र समुदायलाई खाद्यान्न उपलव्ध गराई भोकमरी अन्त्य गरिने। | **गरिब, मुक्त कमैया र सीमान्तकृत कृषकका लागि आय आर्जनमा आधारित सहयोग अन्तर्गतः**<br>● ११ आवेदक कृषकहरूबाट १.१३ हेक्टर क्षेत्रफलमा तरकारी खेती र ९९ जना मुक्त कमैया कृषकहरूबाट च्याउ खेतीका लागि छनौट भई कार्य भएको। |
| ११६ | खाद्य वस्तुको स्वच्छता एवम् गुणस्तर कायम गर्न अनुगमन गर्ने निकायको | ● ३ हजार २ सय ९९ वटा खाद्य तथा दाना नमूना सङ्कलन, ५ हजार ९ सय ८६ पटक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | क्षमता अभिवृद्धि गरिने। राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी खाद्य स्वच्छता परीक्षणको क्षेत्र र दायरा विस्तार गरिने। प्रमुख कृषि थोक तथा हाट बजारमा विषादी अवशेष परीक्षणका लागि घुम्ति सेवा शुरू गरिने। | खाद्य र दाना पदार्थ उद्योग तथा बजार, होटल/रेष्टुरेन्ट, हाटबजार, मेला महोत्सव तथा संयुक्त निरीक्षण अनुगमन गरिएको।<br>● ४२ हजार ८ सय ४८ वटा खाद्य आयात निर्यात गुण प्रमाणीकरण गरिएको।<br>● ३ हजार ८ सय ५२ वटा खाद्य तथा दाना उद्योग अनुज्ञापत्र जारी तथा नवीकरण गरिएको।<br>● प्रयोगशाला एक्रिडेशनसम्बन्धी कार्यक्रमहरू नियमित सञ्चालन भइरहेको। १५ हजार २ सय ८५ वटा खाद्य तथा दाना नमूना विश्लेषण गरिएको।<br>● विषादी अवशेष द्रुत विश्लेषण इकाईहरूबाट कुल जम्मा २१ हजार ४ सय ५३ वटा नमूना परीक्षण भएकोमा २१ हजार ३ सय ७३ वटा हरियो, ३३ वटा पहेलो र ५२ वटा रातो नतिजा प्राप्त भएको छ। विषादी अवशेषको असरसम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रचार प्रसार गोष्ठी ३ पटक सम्पन्न भएको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| २१ | कृषि उत्पादनका लागि उपलब्ध जमिन, हावापानी, बजारको सदुपयोग गर्दै कृषि उत्पादनमा तीब्रता ल्याउन किसानहरूका लागि कृषि सामाग्री, कृषि प्रविधिको प्रयोग एवम् ज्ञान तालिम ढुवानी एवम् बजार व्यवस्था लगायतका समस्यालाई सहजीकरण गरी कृषि क्षेत्रमा लाग्नेहरूलाई प्रेरित गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत प्रदेशस्तरमा एक एक वटा वृहत् उत्पादन प्रशोधन अनुसन्धान तालिम एवम् प्रसार कार्य नमूनाको रूपमा सञ्चालन गर्न सरकार, निजी क्षेत्र, सहकारी र कृषि सहकार्य समूहहरूको संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने प्रबन्ध मिलाइने। | ● सर्शत वित्तीय हस्तान्तरणको लागि स्थानीय तहहरू छनौट भई कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गरी सम्बन्धित निकायमा छलफल, राय तथा परामर्शका लागि पठाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २३ | कृषि तथा पशुजन्य व्यवसायमा रहेको जोखिम न्यूनीकरण गरी यस क्षेत्रमा किसानहरूको आकर्षण वृद्धि गर्न कृषि बाली तथा पशु बीमाको दायरा विस्तार गरी दिइदै आएको बीमा प्रिमियम अनुदानमा साविकको ५० प्रतिशतबाट वृद्धि गरी ८० प्रतिशत पुऱ्याइएको। | • बीमा समिति/बीमा कम्पनीहरूसँग कृषि बीमा अनुदान भुक्तानीको सन्दर्भमा समन्वय बैठक सम्पन्न भएको। अनुदान भुक्तानीका आधार र आवश्यक कागजातहरू माग र भेरिफिकेशन गर्ने कार्य भएको।<br>• पशुपन्छी तथा मत्स्य बीमा प्रिमियमको अनुदान वापत २४ करोड भुक्तानी भएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः- | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ स्वीकृत | नयाँ तर्जुमा |
| २. | राष्ट्रिय पशुपन्छी प्रजनन् नीति, २०७८ स्वीकृत | नयाँ तर्जुमा |
| ३. | बर्ड फ्लु निन्त्रण नियमावली, २०७८ स्वीकृत | नयाँ तर्जुमा |
| ४. | बजार पूर्वाधार सुधार पुनःस्थापना तथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ५. | पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ६. | कृषि सूचना तथा प्रशिक्षण केन्द्रको बार्षिक कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ७. | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ८. | प्रस्तावमा आधारित व्यावसायिक कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ९. | व्यावसायिक कीट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १०. | बेमौसमी वर्षाको कारण धान बालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०७८ | नयाँ तर्जुमा |
| ११. | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १२. | कृषि स्नातक प्राविधिक बाली जनशक्ति सेवा करारमा खटाउने कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १३. | आकस्मिक भेटेरिनरी सेवा सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| १४. | प्राङ्गारिक कृषि उत्पादन प्रमाणीकरण शुल्क एवम् निर्यातमा प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधी, २०७८ | नयाँ तर्जुमा |
| १५. | कृषि पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |

## ख. प्राथमिकता प्राप्त आयोजना (P1, P2)):

आर्थिक वर्ष २०७८/७९ को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः-

**प्राथमिकता प्राप्त आयोजना (P1 तर्फ)**

- मल आयात तथा वितरण व्यवस्था सुधारको कार्ययोजना स्वीकृत भएको।
- सरकार-सरकार (G to G) बीचको सम्पर्क विधिवाट भारत सरकारसँग आगामी ५ वर्षका लागि वार्षिक करिब १ लाख ५० हजार मे.टन देखि २ लाख १० हजार मे.टनसम्म मल आपूर्तिका लागि २०७८ फागुन १६ गते (MoU) मा हस्ताक्षर भएको।
- चालु आ.व. को लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु. २ हजार ७ सय ५२ र मध्यम धानको न्यूनतम समर्थन मूल्य रु.२ हजार ९ सय २ तोकिएको।त्यस्तै, उखुको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु.५९०।- तोकिएको साथै, कच्चा दूधको न्यूनतम समर्थन मूल्य प्रति लि.रु. ५६।०४ तोकिएको।
- चालु आर्थिक वर्षको फागुनसम्म ४ हजार ९ मेट्रिक टन स्रोत बीउ उत्पादन (खाद्यान्न, दलहन र तेलहन) भएको छ भने उन्नत बीउ १३ हजार ८ सय ८ मेट्रिक टन उत्पादन भएको,
- पशु नश्ल सुधारको लागि ५ लाख ०८ हजार ९ सय ७० डोज साँढे र राँगोको वीर्य उत्पादन गरी वितरण गरिएको।
- चालु आ.व.को हालसम्म ५करोड ५७ लाख डोज पशुपन्छीको संक्रामक रोग विरुद्धको विभिन्न किसिमका खोप उत्पादन भएको।सबै प्रदेशमा खोप निःशुल्क वितरणको लागि पठाइएको।
- हालसम्म ५७ वटा दुग्ध ढुवानी सवारी साधनमा प्रतिक चिन्ह (लोगो) प्रयोग गरिएको जसबाट दुग्ध तथा दुग्धजन्य पदार्थ ढुवानीमा सहजता भएको।
- तीन वटा (काठमाडौं, हेटौडा, लुम्बिनी) १ टन क्षमताका Refrigerated Van दूध तथा दुग्ध पदार्थको गुणस्तर कायम राखी बजारीकरणको लागि खरिद गरी सञ्चालनमा ल्याएको।
- आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म २ वटा पोष्ट हार्भेष्ट सेन्टर र ५ वटा कस्टम हायरिङ्ग सेन्टर स्थापना भएको।
- जमिनको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार तथा व्यावसायिक खेती, सहकारी खेती र सामुहिक खेती गर्न थप ७ सय ९२ हेक्टरमा जमिनमा चक्लाबन्दी मार्फत खेती गरिएको।
- "पढ्दै कमाउँदै" भन्ने उद्देश्यका साथ प्रविधिक शिक्षालयहरूको साझेदारीमा ३८ वटा शिक्षालयहरूसँग सम्झौता सम्पन्न भई ९ सय ८८ जना विद्यार्थीहरू लाभान्वित भएका।

**प्राथमिकता प्राप्त आयोजना (P2 तर्फ)**

- केन्द्रीय कृषि प्रयोगशालाबाट परीक्षण विधिको एकरूपता तथा स्तरीयताको लागि बीउ बिजन प्रयोगशालामा ३ सय ७८ वटा बीउ विश्लेषण गरी प्रादेशिक प्रयोगशालालाई प्राविधिक पृष्ठपोषण गरिएको।
- ऐन, नियम तथा प्रमाणीकरण प्रयोजनको लागि विभिन्न सरोकारवालाबाट प्राप्त ७४ वटा बीउ नमूनाहरू परीक्षण गरिएको।
- १ सय ६० वटा माटोको नमूना परीक्षण र १९ वटा रासायनिक तथा प्राङ्गारिक मल परीक्षण गरिएको।

- बीउ विजन प्रयोगशालाबाट २ सय ४८ वटा नमूनाको छड्के परीक्षण (Cross Check) नमूना परीक्षण कार्य सम्पन्न भएको।
- चिया उत्पादकहरूको लागि ट्रेडमार्क प्रयोग गर्न २०७८/०४/२९ गते सूचना प्रकाशन गरी नयाँ आवेदन माग गरिएकोमा प्राप्त निवेदनहरू सङ्कलन भई फिल्ड अनुगमन गरी समितिको सिफारिशबाट गत वर्ष प्राप्त गरेका २४ र यस वर्ष प्राप्त गरेका २ वटा गरी २६ वटा चिया उद्योगलाई ट्रेडमार्क प्रदान गरिएको जसवाट चियाको गुणस्तरीय उत्पादन र बजारीकरणमा फाइदा पुग्ने देखिन्छ।

## ग. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरू:

### प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

स्वदेशी सोंच, स्वदेशी जनशक्ति र नेपाल सरकारको आन्तरिक स्रोतबाट सञ्चालन हुने गरी "कृषि विकास रणनीति" को कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने लक्ष्य लिएर आ.व. २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना १० वर्षको लागि नेपालका सातै प्रदेश, ७७ जिल्ला र ७५३ पालिकाहरूमा सञ्चालनमा रहेको छ।यो परियोजनालाई १५ औं पञ्चवर्षीय योजनाका लागि रूपान्तरणकारी परियोजनाको रूपमा व्याख्या गरिएको छ।

कृषि क्षेत्रको समग्र विकासका लागि सरोकारवाला समुदायकै नेतृत्वले सहजीकरण गरी आधुनिकीकरणको प्रक्रियालाई तीब्र गति दिने गरी परिकल्पना गरिएको यस परियोजनामा मुख्यतः चारवटा सम्भागहरू साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम र वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रमको व्यवस्था गरी कृषि क्षेत्रको उत्पादन, प्रशोधन तथा औद्योगिकीकरण मार्फत कृषिमा आत्मनिर्भरताको दिशामा अगाडि बढ्ने अपेक्षा गरिएको छ।परियोजनाको समग्र मुख्य मुख्य प्रगतिलाई तल उल्लिखित बुँदाहरूमा समेटिएको छः-

- आ.व. २०७३/७४ देखि आ.व. २०७७/७८ सम्ममा देशभर ७७ जिल्लामा विशिष्टिकृत बाली वस्तुहरूमा ६ हजार ६ सय ९३ वटा पकेट, १ हजार २ सय २७ वटा ब्लक, १ सय ६ जोन र १६ वटा सुपरजोन स्थापना भई कार्यक्रम सञ्चालन भइरहेको।
- ५८ वटा परियोजना कार्यन्वयन एकाइमार्फत सुपरजोन, ७ वटै प्रदेशका जिल्ला स्थित कार्यालय मार्फत ब्लकका कार्यक्रम र ७ सय ५३ पालिकाहरू मार्फत पकेटका कार्यक्रमहरू सञ्चालन गरिएका।
- चालु आ.व. को चैत मसान्तसम्म यो परियोजनाको सुपरजोन/जोन सम्भागको भौतिक प्रगति ४८.६% र वित्तीय प्रगति ३५.११% रहेको।
- परियोजनाले राष्ट्रिय महत्त्वका पन्ध्रवटा बाली/वस्तुलाई प्राथमिकीकरण गरी सुपरजोन जोन, ब्लक र पकेट सम्भाग मार्फत खाद्य तथा पोषण सुरक्षा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा काम गरिरहेको।

- परियोजनाले राष्ट्रिय उत्पादनको धानमा ४.७९%, मकैमा २.६२%, तरकारीमा ७.४८%, आलुमा ८.७७%, स्याउमा ४४%, सुन्तलाजात फलफूलमा २३%, माछामा ४२%, अलैंचीमा ३३% हिस्सा ओगटी महत्त्वपूर्ण योगदान पुऱ्याएको।
- यो परियोजनाको शुरूदेखि आ.व. २०७८/७९ को चैतसम्म यस वर्षको १ हजार ५ सय १४ वटा थप भई ७ हजार ९ सय ७८ **साना सिँचाइ निर्माण** भई कुल १३ हजार ५ सय हेक्टरमा सिँचाइ सुविधा पुगेको। त्यसैगरी, सौर्य सिँचाइ ७९ स्थानमा निर्माण भई ३ सय ०४ हेक्टरमा सिँचाइ सेवा पुगेको।
- **कृषि यान्त्रिकरण प्रवर्द्धनका** लागि परियोजनाको शुरूदेखि आ.व. २०७८/७९ को चैतसम्म सुपरजोन तथा जोनहरूमा चालु आ.व. मा ६ वटा थप भई ५ सय ७५ कष्टम हायरिङ्ग सेन्टर स्थापना गरिएको जसबाट कृषि कर्ममा लाग्ने लागत न्यूनीकरण, श्रमिकको अभाव पूर्ति र युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्न उत्प्रेरित गरेको। चालु आ.व. मा १ वटा पोष्ट हार्भेष्ट सेन्टर थप भई कुल ३ सय ६९ पुगेको जसबाट उत्पादक कृषकको हित अनुकुल मूल्य श्रृङ्खला कायम गर्न सहयोग पुगेको।
- आयोजनाको शुरूदेखि हालसम्म २ हजार ३ सय ७९ हेक्टर मत्स्य पोखरी निर्माण भएको। हाईटेक फलफूल नर्सरीको संख्या २६ पुगेको। सेमी हाईटेक ग्रिनहाउसको सङ्ख्या ९५ पुगेको। हाईटेक फलफूल नर्सरी र सेमी हाईटेक ग्रीन हाउसबाट स्वच्छ र रोगमुक्त बिरुवा उत्पादनमा सहयोग पुग्नुको साथै नवीनतम प्रविधिको बढ्दो प्रयोगले कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि भएको।
- आर्थिक वर्ष २०७७/७८ मा विभिन्न बालीमा कुल २ हजार १ सय १५ हेक्टरमा चक्लाबन्दी खेती गरिएको थियो भने चालु आर्थिक वर्षको चैतसम्म थप ७ सय ९२ हेक्टर जमिनमा चक्लाबन्दी मार्फत खेती गरिएको। परियोजनाको शुरूदेखि हालसम्म चक्लाबन्दी मार्फत ३ हजार ६५ हेक्टरमा सामुहिक खेतीको शुरूवात भएको।
- आर्थिक वर्ष २०७७/७८ मा कुल २७८ जना **कृषि इन्टर्न परिचालन** भएकोमा चालू आ.व.को चैतसम्ममा कृषि स्नातकलाई व्यावहारिक ज्ञान दिन ४ सय ४२ कृषि स्नातक इन्टर्न थप भई परिचालन भएका। परियोजनाको शुरूदेखि हालसम्म कुल १ हजार ३ सय ९१ इन्टर्नलाई परियोजना अन्तर्गतका जोन र सुपर जोनमा परिचालन गरिएको।
- **"पढ्दै कमाउँदै"** भन्ने उद्देश्यका साथ प्रविधिक शिक्षालयहरूको साझेदारीमा आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा ३८ वटा शिक्षालयहरूसँग सम्झौता सम्पन्न भई ९ सय ८८ जना विद्यार्थीहरू लाभान्वित भएका। आर्थिक वर्ष २०७७/७८ मा सोही कार्यक्रममा ८० वटा प्रविधिक शिक्षालयहरू सहभागी भई २ हजार ८० जना विद्यार्थीहरू कार्यक्रमबाट लाभान्वित भएका। हालसम्म परियोजना अन्तर्गत "पढ्दै कमाउँदै" कार्यक्रमबाट १ सय १८ वटा प्रविधिक शिक्षालयहरू सहभागी भई ३ हजार ६८ जना विद्यार्थीहरू कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका।

## घ. वार्षिक विकास कार्यक्रमः

### चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू

- कृषकहरूको धान खरिद सुनिश्चितताको लागि कृषक समूह/सहकारीलाई सूचीकृत गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई निर्देशन गरिएको।

- कफीलाई गुणस्तरका आधारमा वर्गीकरण गरी कृषकको मुनाफा सुनिश्चित हुने गरी वर्गीकरणको आधारमा प्रति केजी रु. ८० देखि ४५० सम्म मूल्य निर्धारण गरिएको।
- किसानले न्यूनतम मूल्य प्राप्तिको सुनिश्चितताका लागि अनुगमन गर्न राष्ट्रिय दुग्ध विकास बोर्डलाई निर्देशन गरिएको।
- प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय र मातहत निकायका साथै स्थानीय तह समेतको समन्वयमा क्षतिको प्रारम्भिक तथ्याङ्क सङ्कलन गरी सार्वजनिक गरेको।
- पछिल्लो समय नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत राहत उपलव्ध गराउने मापदण्ड बमोजिम गृह मन्त्रालयसँग आवश्यक समन्वय गरी राहत वितरणको कार्यलाइ सहजीकरण गरिएको।
- खाद्य ऐन, २०२३ बमोजिम ३ हजार २९९ वटा खाद्य वस्तुका नमूना परीक्षण गरिएको।
- भन्सार विन्दुमा ४२ हजार ८ सय ४८ वटा खाद्य आयात निर्यात गुण प्रमाणीकरण सम्पन्न गरिएको।
- तरकारी तथा फलफूलका विषादी अवशेष परीक्षण कार्य ७ वटा नाकाहरूमा रहेका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहतका निकायबाट नियमित परीक्षण हुने व्यवस्था मिलाइएको।
- पशु वस्तुको दाना र मानिसले उपभोग गर्ने दूधमा युरियाको अवशेष परीक्षणको क्षमता विकास गरिएको।
- नेपालमा व्यवसायिक चल्ला उत्पादनका लागि बीउ पन्छी (प्यारेन्ट, ग्रायन्ड प्यारेन्ट) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अनुसार ७ लाख ४६ हजार ६८५ चल्ला आयातको सिफारिस दिइएको।
- कृषि तथा पशुपन्छी क्षेत्रमा व्यवसायिकरण विस्तार गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत चालु आर्थिक वर्षमा विभिन्न बाली र वस्तुका ७१ वटा जोन र २४० वटा उत्पादन पकेटहरू थप गरिएको।
- कृषक सेवा बुलेटिन NARC KRISHI मोबाइल एप्समा अपलोड गरिएको।
- कृषकलाई कृषि प्रविधि एवम् जलवायुसम्बन्धी १० लाख पटक SMS मार्फत सूचना प्रवाह गरिएको।
- स्याउका स्टार क्रीमसन डेलिसीयस, ब्राईट एन अर्ली र स्टार्क स्पर गोल्डजातहरू पञ्जीकरणका लागि तयार भएको।
- भैंसीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने राष्ट्रिय अभियानमा सहयोग पुऱ्याउन वि.सं. २०७८ कार्तिक ८ देखि १२ गतेसम्म "खाद्य सुरक्षा तथा जिविकोपार्जनका लागि भैंसी उत्पादन" भन्ने नाराका साथ एशियास्तरको दशौं एशियन बफेलो कन्ग्रेस सम्पन्न गरिएको।
- विश्वविद्यालय तथा कृषि क्याम्पसहरूबाट उत्पादित कृषि स्नातकहरूको व्यवहारिक ज्ञान तथा सीपको अभिवृद्धि गर्ने र किसानको घरदैलोमा सेवा/टेवा पुऱ्याउन ७६ जनालाई देशको विभिन्न स्थानमा परिचालन गरिएको।
- पोखरा महानगपालिकामा रहेको बङ्गुर औधोगिक पार्कको विगत दुई वर्षदेखि स्रोत अभावमा अधुरो निर्माण सम्पन्न गर्न पोखरा महानगरपालिका र सम्बन्धित सरोकारवालासँग समन्वय

गरी पालिका मार्फत रु.२ करोड ९९ लाख ९४ हजार ससर्त अनुदान उपलब्ध गराइएको।

- ५ लाख ४४ हजार गाई भैंसीमा कृत्रिम गर्भाधान गरिएको।
- उन्नत नस्लका गाई, भैसीं, बाख्रा, र बंगुरबाट ५ लाख ७० हजार डोज जमेको वीर्य उत्पादन तथा वितरण भएको।
- २ करोड १७ लाख माछ्रा भुरा उत्पादन तथा वितरण भएको।
- पशुपन्छीका विभिन्न संक्रामक रोगहरू विरुद्ध प्रयोगका लागि १३ प्रकारका ४ करोड ९७ लाख ३ हजार डोज लाख मात्रा खोप उत्पादन तथा वितरण भएको।
- पशुपन्छी तथा मत्स्य बीमा प्रिमियमको अनुदान वापत २४ करोड भुक्तानी गरी करिब ३९ अर्ब रकम बराबरको बाली तथा वस्तुको सुरक्षण गरिएको।
- नेपालमा दूधबाट उत्पादित १ अरब २० करोड रुपैयाँ बराबरको छुर्पी जापान, अमेरिका र युरोपियन मुलुकहरूमा निर्यात भएको।
- नेपालमा व्यवसायिक रूपले उत्पादन गरिएको घाँसबाट तयार पारिएको हेलेजको अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार सहित निर्यात प्रवर्द्धन गर्न दुई मुलुकको समन्वयमा तयार गरिएको प्रोटोकल सहमतिको लागि चिनियाँ पक्षलाई प्रस्ताव गरिएको।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २१५९१७ | १४१६३० | ६५.५९ |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ६५५०० | १७६०१ | २६.८७ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | ११००५००० | ११०००४०४ | ९९.९६ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३६३०० | २४१०६ | ६६.४१ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | १४५१९१ | ९२२५० | ६३.५४ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९८७०० | ६६०८८ | ६६.९६ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २९३६८९७ | २२०७७९० | ७५.१७ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | १५४१३०० | ४४८९५९ | २९.१३ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ८८५६०० | ६०१८६९ | ६७.९६ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | ७९०७६० | २३८६४५ | ३०.१८ |
| ३१२००१११३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | ९००७ | ५४७९ | ६०.८३ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २४७८०० | १२५६३८ | ५०.७० |
| ३१२००११३३ | नेपाल कृषि सेवा विकास कार्यक्रम | ३९५०० | ० | ०.०० |
| ३१२०१०११३ | कृषि विभाग | ११५०३७३ | १०७४४३९ | ९३.४० |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ११३४१५ | ८१०७८ | ७१.४९ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १९८३४८ | १५४२७७ | ७७.७८ |
| ३१२०११०३३ | व्यवसायिक कीट विकास कार्यक्रम | ७३९०० | ५३३३९ | ७२.१८ |
| ३१२०११०४३ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ११८६०० | ४३९९५ | ३७.१० |
| ३१२०११०५३ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ५७५२१ | ३३४४७ | ५८.१५ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्र | ५७०९५ | ३२४४६ | ५६.८३ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना– प्रणाली | २८७१०० | २१३३२२ | ७४.३० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | आधुनिकीकरण कृषि कार्यक्रम | | | |
| ३१२०११११३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ५०७०० | १२९१४ | २५.४७ |
| ३१२०२०११३ | पशु सेवा विभाग | १३५६६७३ | १३२८८०१ | ९७.९५ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १०८२०० | ८६२०७ | ७९.६७ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेषण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ४५३९०० | ३६३६७५ | ८०.१२ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४०४३२७ | ३३८३७३ | ८३.६९ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३१७०० | २५९६९ | ८१.९२ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३८७२०० | २३४७१५ | ६०.६२ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ३४५०० | २२०८९ | ६४.०२ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ११५८०० | ९५५३६ | ८२.५० |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५९७०० | ४९२२३ | ८२.४५ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | ९३०० | ८१६१ | ८७.७६ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २२९७१०० | १९९६७१७ | ८६.९२ |
| ३१२८१०११३ | कपास विकास समिति | २८९०० | १९०७५ | ६६.०० |
| **कुल जम्मा** | | **२५४११८२५** | **२१२३८२५७** | **८३.५८** |

## पुँजीगत खर्च

**(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १५५७८५ | १०५९६० | ६८.०२ |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | १९०० | १७३२ | ९१.१७ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | ७५०० | ६७४२ | ८९.८९ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १२५०० | ७०७५ | ५६.६० |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २८८४४२ | २१५१४९ | ७४.५९ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ११९२४०० | ४४०६९३ | ३६.९६ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | २६७०० | २५९६३ | ९७.२४ |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ७८०० | ६७७३ | ८६.८४ |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | ३२०० | ५४३ | १६.९८ |
| ३१२०१०११४ | कृषि विभाग | ३८०० | ९५० | २५.०१ |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | २२२०० | १९९४८ | ८९.८६ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ११५९०८ | ९९५९८ | ८५.९३ |
| ३१२०११०३४ | व्यवसायिक कीट विकास कार्यक्रम | २४००० | २१५८२ | ८९.९३ |
| ३१२०११०४४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ३२४०० | १९३५२ | ५९.७३ |
| ३१२०११०५४ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ७९०० | ४५२४ | ५७.२७ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | २२८२५८ | ९७४४६ | ४२.६९ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना– प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | १७०० | १०८६ | ६३.८६ |
| ३१२०२०११४ | पशु सेवा विभाग | ७३०० | ६७८४ | ९२.९३ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ६९७४३ | ५४९२१ | ७८.७५ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | २००५०० | १४८५६८ | ७४.१० |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १८१३५७ | १४५२८० | ८०.११ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ९७०० | ७८२४ | ८०.६५ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १९४८०० | ४०६५२ | २०.८७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | २१०० | २०९२ | ९९.६२ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | १४००० | १२१६२ | ८६.८७ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ९०० | ८९२ | ९९.०९ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ३९८५०० | २७४२५४ | ६८.८२ |
| ३१२८१०११४ | कपास विकास समिति | ५०० | ० | ०.०० |
| | कुल जम्मा | ३२११७९३ | १७६८५४५ | ५५.०६ |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

चालु खर्च (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ४४३४०० | ९८८९० | २२.३० |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १४१५३३२ | १०६५२ | ०.७५ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | १५००२८०० | १०१०१७१० | ६७.३३ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३३००० | १८९३२ | ५७.३७ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | १३६३०० | ६३७०५ | ४६.७४ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ९०४०८ | ४१०६३ | ४५.४२ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २७८२४०० | ६८७६९३ | २४.७२ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | २३००२३८ | १९९१०४ | ८.६६ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | १०१९८०० | ३६५१२६ | ३५.८० |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | १५८०९०० | १४७५९३ | ९.३४ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २९९५०० | १६९९५ | ५.६७ |
| ३१२००११८३ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ६१७३०० | ५७२८२ | ९.२८ |
| ३१२०१०११३ | कृषि विभाग | १२१६२०० | ८२३९०३ | ६७.७४ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | १०३७०० | ५४९६४ | ५३.०० |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १६८९०० | ९४४६६ | ५५.९३ |
| ३१२०११०३३ | व्यवसायिक कीट विकास कार्यक्रम | ७७३०० | ४११६४ | ५३.२५ |
| ३१२०११०४३ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ९६६०० | ३३१५७ | ३४.३२ |
| ३१२०११०५३ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ५७६०० | २१३७९ | ३७.१२ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | ५७८०० | २५९६६ | ४४.९२ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिँचाइ आयोजना-प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | २६९५०० | २१५१० | ७.९८ |
| ३१२०१११११३ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ३४९०० | ८३५२ | २३.९३ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ५९६६०० | २८९४७२ | ४८.५२ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | ११८६०० | ६६४८७ | ५६.०६ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ४८७८९६ | २५९५६४ | ५३.२० |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४५९३७२ | २३६५२० | ५१.४९ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ३२३०० | १४३३४ | ४४.३८ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३८१५०० | १८८९४० | ४९.५३ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४३१०० | २१०७५ | ४८.९० |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ११५८०० | ५८४५९ | ५०.४८ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५६१०० | ४०२१७ | ७१.६९ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | ११६०० | ६५३९ | ५६.३७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २३२६२६३ | १४३४९७८ | ६१.६९ |
| ३१२८१०११३ | कपास विकास समिति | २८३०० | १३२९४ | ४६.९८ |
| | कुल जम्मा | ३२४६१३०८ | १५५६३४८३ | ४७.९४ |

**पुंजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ८५६०० | १५२२५ | १७.७९ |
| ३१२००१०१४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ० | ० | ० |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २२०० | ६९० | ३१.३७ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम | १३४०० | ८७८६ | ६५.५७ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | ७४०० | २१८८ | २९.५७ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | २४९५०० | ५६४१३ | २२.६१ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ८४२६०० | १५३६४६ | १८.२३ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ५७०० | १७०८ | २९.९६ |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ४१००० | ३०७४ | ७.५० |
| ३१२००११२४ | नेपाल कृषि बजार विकास कार्यक्रम | ११०० | ० | ०.०० |
| ३१२००११८४ | ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम | ६२४१०० | ७६०३९ | १२.१८ |
| ३१२०१०११४ | कृषि विभाग | ३२०० | ९९२ | ३१.०१ |
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ३४९०० | १४४१३ | ४१.३० |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | १६५२२५ | ५९०६७ | ३५.७५ |
| ३१२०११०३४ | व्यवसायिक कीट विकास कार्यक्रम | २१२०० | १७०४८ | ८०.४१ |
| ३१२०११०४४ | वाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ३१४७५ | ४१८१ | १३.२८ |
| ३१२०११०५४ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ६१०० | १६६४ | २७.२८ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | २२८००० | ३८३९५ | १६.८४ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिंचाइ आयोजना– प्रणाली आधुनिकीकरण कृषि कार्यक्रम | ४००० | ४९९ | १२.४६ |
| ३१२०२०११४ | पशु सेवा विभाग | २३७०० | ४०७५ | १७.१९ |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | १०३६०० | ३१२२३ | ३०.१४ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | २३१२२२ | ५५१२६ | २३.८४ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १९१००० | ४४९६० | २३.५४ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम | ७३०० | १२५१ | १७.१३ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ९०६०० | २३६८३ | २६.१४ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | ३३०० | २००७ | ६०.८३ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफी तथा अलैंची विकास बोर्ड | ७३०० | ३६८८ | ५०.५२ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २३०० | ७८७ | ३४.२३ |
| ३१२४१०११४ | नेपाल पशु चिकित्सा परिषद् | ७०० | ६७५ | ९६.३७ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ६५९३०३ | १४४८८१ | २१.९७ |
| ३१२८१०११४ | कपास विकास समिति | २०० | १९९ | ९९.५० |
| | कुल जम्मा | ३६८७२२५ | ७६६५८२ | २०.७९ |

# खानेपानी मन्त्रालय

## १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावका कारणले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ। दिगो विकास लक्ष्य अन्तर्गत यस क्षेत्रमा पनि राष्ट्रिय लक्ष्यहरू निर्धारण भएका छन् र सो प्राप्ति गर्नेतर्फ राष्ट्रिय प्रतिवद्धता पनि रहेको छ। खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारत गरेको छ। नेपालमा व्यवस्थित खानेपानी प्रणालीको शुरूवात वि.सं. १९५१ मा वीरधाराबाट शुरू भएको हो। हालसम्म आइपुग्दा करिव ४४ हजार खानेपानी प्रणालीहरूको निर्माण भई ९३.१४ प्रतिशत जनसंख्यालाई आधारभूतस्तरको र २४ प्रतिशत जनसंख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवामा पहुँच पुगिसकेको छ। सरसफाइ तर्फ हाल सबै जिल्लाहरूका सम्पूर्ण स्थानीय तह खुला दिसामुक्त घोषणा भई राष्ट्र नै खुला दिसामुक्त घोषित भएको छ र  शत प्रतिशत घरधुरीहरूले आधारभूतस्तरको सरसफाइ सेवा उपयोग गरिरहेका छन्।

## २. दीर्घकालीन सोच

सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माणमा टेवा पुऱ्याउने।

## ३. उद्देश्य/ लक्ष्य

सुरक्षित खानेपानी तथा सरसफाइ सेवामा आम नागरिकको पहुँच पुऱ्याई संविधान पदत्त मौलिक हकको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्य प्राप्तिका लागि संघीय, प्रादेशिक तथा स्थानीय सरकारसँगको सहकार्य र समन्वयमा निम्नानुसारको राष्ट्रिय लक्ष्य निर्धारण भएको छः-

- दीर्घकालीन सोचअनुरूप बि.सं. २१०० सम्म ९५ प्रतिशत नागरिकलाई उच्च/ मध्यमस्तरको खानेपानी सेवा उपलव्ध गराउने,
- दिगो विकास लक्ष्यअनुरूप सन २०३० सम्म सबै नागरिकलाई आधारभूतस्तरको खानेपानी र ९० प्रतिशत नागरिकलाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलव्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने,
- दिगो विकास लक्ष्यअनुरूप सन २०३० सम्म सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ र ५० प्रतिशत नागरिकलाई प्रशोधनसहितको ढल प्रणाली सेवा उपलव्ध गराउने,
- दिगो विकास अन्तर्गतको उद्देश्य नं. ६ अन्तर्गतको १५ औं विकास योजना अन्तर्गत पर्याप्त, सुरक्षित र सर्वसुलभ पहुँच हुनेगरी आगामी २ वर्षभित्र ९९ प्रतिशत नागरिकलाई आधारभूतस्तरको खानेपानी र ४० प्रतिशत नागरिकलाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलव्ध गराउने, सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवा र २० प्रतिशत नागरिकलाई सुधारिएको सरसफाइ सेवा उपलव्ध गराउने,
- जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने।

## ४. रणनीति

- आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायहरूको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने,
- निर्माणाधीन आयोजनाहरूको निर्माण सम्पन्न तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाहरूको उचित मर्मत सम्भार, पुनःस्थापना तथा समय सापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने,
- उच्च तथा मध्यमस्तरको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा लागत साझेदारी, लागत उठ्तीको सिद्धान्तअनुरूप खानेपानी आयोजनाहरू सञ्चालन गर्ने,
- फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोरपानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने,
- मानवजन्य फोहोरपानी प्रशोधन सहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्दै नदी नाला, जलाशय, जलाधार तथा ताल तलैयाहरूको पर्यावरणीय स्वच्छता तथा सौन्दर्यता कायम गर्ने,
- जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरणलाई खानेपानी तथा सरसफाइ आयोजनाहरूमा प्राथमिकता दिई दिगोपना कायम गर्ने,
- खानेपानीका स्रोतहरू तथा जलाधार क्षेत्रहरूको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण, वर्षातको पानी सङ्कलन तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरूपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | खानेपानी मन्त्रालय | ६८ | ६२ | ६ | ० |
| २ | खानेपानी तथा ढल व्यवस्थापन विभाग | २८४ स्थायी/ ५३२ अस्थायी | ७१० | १०६ | ३० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २६० | आगामी वर्ष सबै नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा पुऱ्याइने। एक घर एक धाराको अवधारणा कार्यान्वयन गरी गुणस्तरीय खानेपानी सेवाको पहुँच विस्तार गरिने। खानेपानीको दिगो व्यवस्थापन गर्न उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरिने। | • संघ अन्तर्गत सबै आयोजनाहरू एक घर एक धारा अवधारणामा रही सञ्चालन भएका। संघ तर्फको सशर्त अनुदानबाट प्रदेशमा हस्तान्तरित आयोजनाहरू प्रस्तुत अवधारणा रही कार्यान्वयन एवम् सम्पन्न भइरहेका। खानेपानीको दिगो व्यवस्थापनका निम्ति उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्न राष्ट्रिय खानेपानी तथा सरसफाइ तालिम केन्द्रबाट आयोजना |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | सञ्चालनसम्बन्धी तालिमहरू सञ्चालन तथा व्यवसायिक योजना र Operational Manuals तयार भएका। |
| २६१ | मेलम्ची खानेपानी आयोजनाको दोश्रो चरण अन्तर्गत लार्के र याङ्ग्री खोलाबाट दैनिक ३४ करोड लिटर खानेपानी प्रणालीमा थप गर्न आगामी आर्थिक वर्षमा सुरूङ्ग लगायत अन्य पूर्वाधार निर्माण कार्य आरम्भ गरिने। तीन वर्षभित्र यस आयोजनाको निर्माण कार्य सम्पन्न गरिने। | • मिति २०७८ आषाढ १ तथा तत्पश्चात मेलम्ची नदी, याङ्ग्री तथा लार्के नदीमा आएको बाढी पहिरोका कारण मेलम्ची खानेपानी आयोजना तथा मेलम्ची खानेपानी आयोजनाको दोश्रो चरण अन्तर्गत पहुँच सडकमा अकल्पनीय क्षति हुन पुगेकोले मेलम्ची जलाधारको भौगोलिक अध्ययनका लागि एसियाली विकास बैंकबाट परामर्शदाता परिचालन भई अध्ययन भइरहेको हुँदा अध्ययन प्रतिवेदनअनुसार दोश्रो चरण अन्तर्गत लार्के र याङ्ग्रीको मौजुदा डिजाइनमा आवश्यक परिमार्जन पश्चात मात्र खरिद प्रक्रिया अगाडि बढाइने। |
| २६२ | काठमाडौं उपत्यकाको खानेपानी वितरण प्रणालीमा उल्लेख्य सुधार गरिने। पहिलो चरणमा निर्माणाधीन चार थोक वितरण प्रणालीबाट १ सय १३ किलोमिटर नयाँ वितरण लाइन थप गरी १ लाख १० हजार घरधुरीमा मेलम्चीको पानी वितरण गरिने। दोश्रो चरणमा चक्रपथ बाहिरका कीर्तिपुर, पेप्सीकोला, जोरपाटी, भक्तपुर लगायतका क्षेत्रमा पाइलाइन विस्तार गरिने। | • कलङ्की, छाउनी, सामाखुसी, नयाँ बसपार्क, मण्डिखाटार क्षेत्रको ११५ कि.मी. वितरण प्रणाली DNI चालु आ.व.मा सम्पन्न भएको। दोश्रो चरणको प्रस्तावित चक्रपथ बाहिरका कीर्तिपुर, पेप्सीकोला, जोरपाटी, भक्तपुर लगायतका क्षेत्रमा पाइपलाइनको सम्पूर्ण डिजाइन एवम् अध्ययन सम्पन्न भई वैदेशिक सहायताको लागि प्रक्रिया अगाडि बढिरहेको। |
| २६३ | निर्माणाधीन नदी पथान्तर आयोजनाबाट तराई- मधेशका ठूला शहरमा खानेपानी आपूर्ति गर्ने गरी आयोजना विकास गरिने। पहिलो चरणमा सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सुनकोशी-मरिन नदी पथान्तरण आयोजनाबाट र बाँके र बर्दिया जिल्लामा भेरी- बबई पथान्तरण आयोजनाबाट खानेपानी आपूर्तिको | • थोक वितरण प्रणालीको लागि कर्णाली र सुनकोशी मरिनको अध्ययन भइरहेको। यसै आ.व.भित्र अध्ययन प्रतिवेदनहरू प्राप्त हुने। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सम्भाव्यता अध्ययन गरिने। | |
| २६४ | ग्रामीण क्षेत्र लक्षित खानेपानी आयोजना निर्माण शुरू गर्दा लागतको १ प्रतिशत रकम उपभोक्ताले अग्रिम रूपमा जम्मा गर्नुपर्ने व्यवस्था खारेज गरेको। उपभोक्ता समूहद्वारा सञ्चालित खानेपानी आयोजनामा प्रयोग हुने विद्युत महशुल तथा डिमाण्ड शुल्क पुरै छुट दिने व्यवस्था गरिएको। | • खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतका आयोजनाहरूमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न शुरू गरिएको। |
| २६५ | खानेपानीको सतह न्यूनतम स्तरमा कायम गर्न पानी पुनर्भरण कार्यक्रम सञ्चालन गरिने। तराई मधेशमा गहिरिदैं गएको पानीको स्रोत पुनर्भरणको दिगो उपाय अवलम्बन गरिने। काठमाडौं उपत्यकाका ३० स्थानमा ढुङ्गेधारा, इनार, पोखरी लगायत परम्परागत पानीको मुल संरक्षण गरिने। | • खानेपानी श्रोतहरूको पुनर्भरण, पानीको बहुउद्देश्यीय उपयोग साथै श्रोत पुनर्भरण, सिँचाइ recreation का लागि उपयुक्त हुन सक्ने जलाशययुक्त साइटहरू महादेव खोला, कन्के देउराली, कोशी चतारा धरान, रासी आदिको पहिचान भएको। काठमाडौं उपत्यका भित्रका २० स्थानमा ढुङ्गेधारा, इनार, पोखरी लगायत परम्परागत पानीको मुल संरक्षण सम्पन्न भएको। |
| २६६ | प्रदेश र स्थानीय तहको सहकार्यमा निर्माणाधीन खानेपानी आयोजना र तराई-मधेश केन्द्रित आर्सेनिकमुक्त खानेपानी आयोजना सञ्चालन गरिने। | • संघतर्फको सशर्त अनुदानबाट प्रदेश मार्फत आर्सेनिकमुक्त खानेपानी आयोजनाहरू "मधेश खानेपानी सुधार कार्यक्रम" सञ्चालन भइरहेको। |
| २६७ | आगामी वर्ष पाँचथरको आङ्नापौवा, खोटाङको हलेसी, रामेछापको राकाथुम, काभ्रेको तिमाल, धादिङको लामिडाँडा, गोरखाको विरमकाली, पाल्पाको बर्तुङ्ग, सल्यानको शारदा, कालिकोटको चुलीमालिका र मुगुको सरूकोट लगायतका स्थानमा लिफ्ट खानेपानी आयोजना सम्पन्न गरिने। | • जलवायु अनुकूलित बृहत खानेपानी आयोजना अन्तर्गत पाँचथरको आङ्नापौवा, काभ्रेको तिमाल, गोरखाको विरमकाली तथा कालिकोटको चुलीमालिकाको यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी निर्माण कार्य भइरहेको। |
| २६८ | सह-लगानीमा निर्माणाधीन ताप्लेजुङ्गको पाथिभरा, संखुवासभाको चैनपुर, मोरङ्गको मानगढ, ओखलढुङ्गाको ओखलढुङ्गा बजार, मकवानपुरको हर्नामाडी, | • सह-लगानीमा निर्माणाधीन ताप्लेजुङ्गको पाथिभरा, मकवानपुरको हर्नामाडी, स्याङ्जाको वयरघारी र बैतडीको पाटन खानेपानी आयोजना यसै आर्थिक वर्षभित्र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्याङ्जाको वयरघारी र बैतडीको पाटन खानेपानी आयोजना आगामी वर्ष सम्पन्न गरिने। पोखरा र नेपालगञ्ज खानेपानी आयोजनाबाट आगामी आर्थिक वर्षमा पानी वितरण शुरू गरिने। झुम्सा खोला खानेपानी आयोजना सम्पन्न गरिने। | सम्पन्न गर्ने गरी निर्माण कार्य भइरहेको।<br>• नेपालगञ्ज खानेपानी आयोजनाबाट आंशिक रूपमा पानी वितरण भइरहेको।<br>• झुम्सा खोला खानेपानी आयोजना अन्तर्गत बाँध निर्माण कार्य सम्पन्न भई पाइपलाइन कार्य भइरहेको। |
| २६९ | संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित खानेपानी आयोजना प्रणालीको नियमित मर्मत सम्भार गरिने। | • सम्पन्न भइसकेका तर विविध कारणले सञ्चालनमा आउन नसकेका तथा सेवा विस्तार आवश्यक भएका संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित खानेपानी आयोजना प्रणालीको सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रम मार्फत आयोजनाहरूको मर्मत/पुनःस्थापना भइरहेको। |
| २७० | काठमाडौं उपत्यका भित्र कोड्कु, धोविघाट र सल्लाघारी ढल प्रशोधन केन्द्र सञ्चालनमा ल्याइने। जनघनत्व बढी भएका दमक, जनकपुर, वीरगञ्ज, नेपालगञ्ज लगायत अन्य आठ सहरमा ढल प्रशोधन केन्द्र निर्माण सम्पन्न गरिने। | • धोविघाटस्थित निर्माणाधीन ३ करोड ७० लाख लिटर क्षमताको १ वटा युनिट ढल प्रशोधन केन्द्र, कोड्कु, धोविघाट (अर्को युनिट) र सल्लाघारी ढल प्रशोधन केन्द्रको निर्माण कार्य भइरहेको।<br>• दमक ढल निर्माण तथा प्रशोधन प्रणाली कार्यान्वयनमा रहेको। जनकपुर ड्रेनेज आयोजना निर्माणको अन्तिम चरणमा पुगेको, एकीकृत खानेपानी तथा फोहोरपानी प्रशोधनको लागि वीरगञ्ज, नेपालगञ्ज लगायत १२ स्थानमा संभाव्यता अध्ययन भइरहेको। |
| २७१ | प्रदेश र स्थानीय तहसँगको साझेदारीमा फोहोर मैला प्रशोधन र ढल निर्माण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिने। राजमार्ग आसपास, सार्वजनिक स्थल र शहरी क्षेत्रका सबै वडामा सार्वजनिक शौचालय निर्माण गरिने। | • सङ्घीय सरकारको लगानीमा निर्माण भई स्थानीय तहहरूबाट मर्मत तथा सञ्चालन गर्ने गरी ढल प्रशोधनका आयोजनाहरू निर्माण भएका। |
| **प्रतिस्थापन बजेट वक्तव्यको व्यहोरा** | | |
| ४४ | बाढीद्वारा क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजना सम्वत २०७८ चैत | • नेपाल सरकारको प्रतिवद्धताबमोजिम नै सम्वत २०७८ चैत मसान्तभित्र नियमित |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | मसान्तभित्र आवश्यक मर्मत तथा पुनःस्थापना गरी नियमित खानेपानी आपूर्ति हुने प्रबन्ध मिलाइएको। नदी कटान एवम् बाढिपहिरोका कारण भएको सडक लगायतको क्षतिको तत्काल पुनःनिर्माण र पुनःस्थापना कार्यक्रमका लागि बजेट विनियोजना गरिएको। | खानेपानी आपूर्ति हुने गरी आवश्यक मर्मत तथा पुनःस्थापनाका कार्यहरू सम्पन्न भई सुन्दरीजल पानी प्रशोधन केन्द्रमा पानी पथान्तरण भएको। स्थानीय तहहरूको समन्वयमा आयोजनाको हेडवर्क्ससम्म अस्थायी सडक निर्माण भएको। |

**७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:**

**क. राष्ट्रिय गौरवका आयोजनाहरू:**

**मेलम्ची खानेपानी आयोजना –प्रथम चरण**

मिति २०७८/०३/०१ तथा तत्पश्चात मेलम्ची नदीमा आएको बाढीको कारण अवरूद्ध मेलम्ची खानेपानी आयोजनाको क्षतिग्रस्त हेडवर्क्सको वैकल्पिक प्रणालीको मर्मत तथा पुनःनिर्माण कार्य अन्तर्गतः

- हेडवर्क्स सम्मको क्षतिग्रस्त ८ कि.मि. सडकको मर्मत तथा सञ्चालन भएको ।
- ३ वटा अस्थायी पुलहरूको निर्माण सम्पन्न भएको।
- थुप्रिएर बसेको Flood debris सफा गरी Gate 1, Gate 9 तथा अम्बाथान अडिट खुलाएर पानी वितरणका लागि अस्थायी संरचना मार्फत मुख्य सुरूङ्गमा पानी पथान्तरणको काम शुरू गरिएको।

**काठमाडौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो)**

- मिति २०७८ साल असार महिनामा मेलम्ची नदी र आसपासका क्षेत्रमा आएको बाढी तथा पहिरोका कारण क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको प्रवेशमार्ग निर्माणको काम भइरहेको।

**काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना**

- १० वटा पानीपोखरी मध्ये निर्माण सम्पन्न हुन बाँकी कटुञ्जे पानी टंकी निर्माण सम्पन्न भई १० वटै पानी पोखरीहरूको निर्माण सम्पन्न भएको।
- थोक वितरण प्रणाली BDS 04 सम्पन्न (हेपाली नयाँ SRT देखि पुरानो बाँसवारी) भएको।
- १ सय ५० कि.मी वितरण प्रणालीमा Testing & Commissioning गर्ने कार्य भएको।
- ८ हजार ९ सय ६५ वटा घरायसी धारा जडान भएको।
- काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना दोस्रोको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार भएको।
- SRT-06 को खरिद प्रक्रिया सम्पन्न भई निर्माण कार्य शुरू भएको।

**काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना**

- पाटन Core Area मा ढल निकास आयोजना (SN-03) को Heritage Area को १ हजार ४ मिटर खण्डमा ढल निर्माण गर्ने कार्य सम्पन्न भएको।
- गोकर्ण र हनुमानघाटमा DEWATS निर्माणको लागि खरिद प्रक्रिया सम्पन्न भई निर्माण कार्य शुरू भएको।
- धोविघाट फोहोरपानी प्रशोधन केन्द्र निर्माण (TP 03) को मेशिनरी र पार्ट्सहरू विभिन्न देशहरूबाट निर्माण स्थल सम्म पैठारी शुरू भएको।
- वालुवाटार (प्रधानमन्त्री निवास) क्षेत्रको वर्षातको पानी व्यवस्थापन आयोजना खरिद प्रक्रिया सम्पन्न भई निर्माण कार्य शुरू भएको।

**ख. प्राथमिकता प्राप्त आयोजना (P1,P2):**

- जलवायु अनुकूलित वृहत खानेपानी आयोजना अन्तर्गत गोर्खा-दरौदी, हर्रे-टुनिबोटे डुँडेखोला वृहत पम्पिङ तथा आङ्ना मौवा सम्पन्न भई २५ हजार ९ सय ८९ जनसंख्या मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएका। उक्त आयोजना अन्तर्गत नै काभ्रेको तिमाल खानेपानी आयोजनाको Pumping Main को प्याकेज-१ सम्पन्न भएको र अन्य आयोजनाहरूमा काम भइरहेको। साथै, ४ वटा आयोजनाहरूको निर्माण कार्यको ठेक्का सम्झौता सम्पन्न भएको।
- खानेपानी तथा सरसफाइ सहलगानी कार्यक्रम अन्तर्गत नारायणी सहलगानी खानेपानी आयोजना, नवलपुर तथा भरतपुर सहलगानी खानेपानी आयोजना, दाङ आयोजनाहरू सम्पन्न भई १३ हजार ६ सय १२ लाभान्वित जनसंख्यालाई उच्चस्तरको गुणस्तरीय पानी उपलब्ध भएको।
- प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त संघीय सरकारबाट कार्यान्वयन भइरहेका आयोजनाहरूमा विनियोजित बजेटको आधारमा आवश्यकतानुसार मर्मत सम्भारको कार्य भइरहेको तथा चालु आ.व. को बाढी पहिरोबाट क्षति पुगेका आयोजनाहरूको मर्मत सम्भारको लागि संघीय कार्यालयहरूले लगत ईष्टिमेट तयार गरिरहेका।
- शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत सिद्धनाथ वैजनाथ शहरी खानेपानी आयोजना, कञ्चनपुर सम्पन्न भई १ लाख ४७ लाभान्वित जनसंख्यालाई उच्चस्तरको गुणस्तरीय पानी उपलब्ध भएको। उक्त आयोजना अन्तर्गत थप ५ आयोजनाहरू सम्पन्न गर्ने लक्ष्यसाथ निर्माण कार्य भइरहेको।
- हालसम्म ३ सय ८२ नगरपालिका र गाउँपालिकाका ११ हजार ४ सय २५ खानेपानी प्रणालीहरूको तथ्याङ्क सङ्कलन भएको। तथ्याङ्कमा प्रणालीको संरचनागत अवस्था, खानेपानी पहुँचमा नपुगेको जनसमुदाय, सरसफाइको अवस्था, विद्यालयको खानेपानी तथा सरसफाइको अवस्था इत्यादि (Cluster) हरूको पहिचान भएको।
- जनसाधन विकास कार्यक्रम अन्तर्गत उपभोक्ता समितिका २४ जना Plumbers का लागी ७ दिने Plumbing सम्बन्धी तालिम सम्पन्न, उपभोक्ता समितिका २४ जना पम्प अपरेटरहरूका लागी ५ दिने पम्पको सञ्चालन, मर्मत सम्बन्धी तालिम सम्पन्न तथा

उपभोक्ता समितिका १९ जना Plumbers का लागी ८ दिने Plumbing सम्बन्धी तालिम सम्पन्न भएको।

- जनसाधन बिकास कार्यक्रम अन्तर्गत रामेछाप जिल्लाको WASMIP कार्यक्रम लागु भएका विभिन्न ४ वटा उपभोक्ता संस्थाका लागी On-site तालिम सम्पन्न गरिएको (सहभागी संख्या-एकसय जना), विभिन्न १६ वटा उपभोक्ता सस्थाका लागी लेटाङ्गमा १ वटा आधारभूत तालिम सम्पन्न (सहभागी संख्या-४२ जना)।
- १ सय १२ वटा मध्ये ३२ वटा ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाहरूको निर्माण सम्पन्न भएको।
- देशका विभिन्न ६० मध्ये ४७ स्थानीय तहमा सार्वजनिक शौचालयको निर्माण सम्पन्न भएको।
- वर्षातको पानी सङ्कलनसम्बन्धी कार्यक्रम सञ्चालनबाट चालु आ.व. मा काठमाडौं उपत्यका भित्रका १६ स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडान गरी करिव ४ हजार ८ सय थप जनसंख्या लाभान्वित भएको।
- काठमाडौं उपत्यका भित्र रहेका करिव २० वटा पुराना ढुङ्गेधारा, सार्वजनिक इनार, कुवा आदि सामुहिक पानीका श्रोतहरूको संरक्षण गरिएको।
- काठमाडौं उपत्यका भित्र थप ६ स्थानमा वाटर एटिएम जडान कार्य सम्पन्न भएको।

**ग. अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भइरहेका आयोजनाहरू:**

खानेपानी मन्त्रालय अन्तर्गत एसियाली विकास बैंकको सहुलियत ऋण सहयोगमा शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना तथा काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजनाहरू कार्यान्वयनमा रहेका। एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका लागि एसियाली विकास बैंक र नेपाल सरकारबीच विभिन्न चरणमा वार्ताहरू भइरहेका। विश्व बैंकको सहुलियत ऋण सहयोगबाट खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन भइरहेका । त्यस्तै, फिनल्याण्ड सरकार र युरोपियन युनियनको अनुदान सहयोगमा कर्णाली प्रदेशलाई कार्यक्षेत्र बनाई दिगो सरसफाइ आयोजना कार्यान्वयन भइरहेको।

**घ. अन्य सम्पादित महत्वपूर्ण कार्यहरू:**

| क्र.सं. | विषयगत क्षेत्र | क्रियाकलाप | प्रगति |
|---|---|---|---|
| १ | संघीयता कार्यान्वयन | साविकमा खानेपानी विभाग अन्तर्गत सञ्चालित आयोजनाहरू प्रदेश सरकारलाई हस्तान्तरण गरिएको | चालु आ.व.मा २ हजार ५ सय ५९ आयोजनाका लागि ४ अर्ब ४० करोड १८ लाख विनियोजन भएको |

## ८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्वपूर्ण आयोजना/योजना/कार्यक्रमको प्रगतिः

| क.सं. | आयोजना | प्रगति | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | चालु आ.व. मा थप ९४ वटा सहित हालसम्म ३ सय ८२ स्थानीय तहहरूको ११४२४ खानेपानी प्रणालीहरूको तथ्याङ्क सङ्कलन भइसकेको। खानेपानीको पहुँच नपुगेको जनसमुदाय (Cluster) हरूको पहिचान तथा खानेपानी गुणस्तरसम्बन्धी तथ्याङ्क सङ्कलन भइरहेको। | स्थानीय तहहरूको WaSH Plan तयार गरी आधारभूत खानेपानी सेवामा पहुँच नभएका समुदाय तथा खानेपानी प्रणालीको सेवा प्रवाहको अवस्थाको पहिचान गर्ने, सरसफाइको अवस्था पहिचान गर्ने। |

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | ७५१६८ | ५४२७५ | ७२.२१ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ८१००० | ५६८६४ | ७०.२० |
| ३१३०१०११३ | खानेपानी विभाग | ५५९६१ | ४३४४५ | ७७.६३ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | २९६०० | १६८३१ | ५६.८६ |
| ३१३०१०१३३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २२९३४७ | १८५४५६ | ८०.८६ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १२२०० | २८५० | २३.३६ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रम | ३१०० | ९९० | ३१.९३ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ९००० | ७००८ | ७७.८७ |
| ३१३०११०४३ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना | १०७०० | ७५५७ | ७०.६३ |
| ३१३०११०५३ | जलवायु अनुकूलित वृहत खानेपानी आयोजना | ४१०६२ | ३५६१६ | ८६.७४ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १४००० | ७६३१ | ५४.५१ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | ३८५०० | ३०९७९ | ८०.४६ |
| ३१३०११०८३ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ९१७०३ | ७०५४२ | ७६.९२ |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | ११४५०० | ७५०३६ | ६५.५३ |
| | कुल जम्मा | **८०५८४०** | **५९५०८१** | **७३.८५** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ४४०० | १६१२ | ३६.६४ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ४९८८५०० | १५६४७७६ | ३१.३७ |
| ३१३०१०११४ | खानेपानी विभाग | ७६७०० | ६४२९ | ८.३८ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | ८६०० | ९६४ | ११.२१ |
| ३१३०१०१३४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २०१०० | १७१३१ | ८५.२३ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १०२८०० | १२२४६ | ११.९१ |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रम | ४००९०१० | २८५१६३५ | ७१.१३ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ५४९००० | २५६२९८ | ४६.६८ |
| ३१३०११०४४ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना | १०७३०१२ | ७८६३०६ | ७३.२८ |
| ३१३०११०५४ | जलवायु अनुकूलित वृहत खानेपानी आयोजना | ३१७२२०० | १४०५१६० | ४४.३० |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १७७६९०० | ४९५६५० | २७.८९ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | २४८०००० | १०५१८६१ | ४२.४१ |
| ३१३०११०८४ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ३५१५३८८ | १७९७९२२ | ५१.१४ |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | १६९५९०० | ७८३८१८ | ४६.२२ |
| ३१३०१११४४ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ४४९५० | ३१४ | ०.७० |
| ३१३५१०११४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १००७७०० | ५७१६८१ | ५६.७३ |
| | कुल जम्मा | २४५२५१६० | ११६०३८०४ | ४७.३१ |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

### चालु खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | १००५०३ | ४१०९८ | ४०.८९ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ७७८०० | ४७११२ | ६०.५६ |
| ३१३०१०११३ | खानेपानी विभाग | ६५००० | ३२१४४ | ४९.४५ |
| ३१३०१०१२३ | जनसाधन विकास कार्यक्रम | ३५५०० | १६५३५ | ४६.५८ |
| ३१३०१०१३३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २९०२०० | १५४६८८ | ५३.३० |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | २४००१ | १३६२ | ५.६८ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रम | १६०० | ७९५ | ४९.७० |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १२८०० | ५३६३ | ४१.९० |
| ३१३०११०५३ | जलवायु अनुकूलित वृहत खानेपानी आयोजना | ३८१०० | २६१५१ | ६८.६४ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १४८०० | ५८५१ | ३९.५४ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | ४०००० | २२३३५ | ५५.८४ |
| ३१३०११०८३ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १४५४०० | ६४२८६ | ४४.२१ |
| ३१३०१११३३ | केन्द्रीय खानेपानी आयोजना | ८५०० | ३२९० | ३८.७० |
| ३१३०१११४३ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ८८०० | २८०८ | ३१.९१ |
| ३१३०१११५३ | कोभिड-१९ रेस्पोन्स आयोजना | ११३०० | ५४१ | ४.७८ |
| ३१३०१११७३ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम | ५०० | १०७ | २१.३८ |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | ३९९०० | ३०३०९ | ७५.९६ |
| | कुल जम्मा | ९१४७०४ | ४५४७७४ | ४९.७२ |

### पुंजीगत खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | ८४०० | १५०५ | १७.९२ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | २०२०६०० | ३०४८१३ | १५.०९ |
| ३१३००१०२४ | काठमाडौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो) | ४०२७०० | ७७३५६ | १९.२१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०१०११४ | खानेपानी विभाग | १६४३०० | १६७६ | १.०२ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | १२६०० | २१ | ०.१७ |
| ३१३०१०१३४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | ३२८०० | १४१५० | ४३.१४ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | २१३०० | ० | ०.०० |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रम | ३८०१७०० | ६१४५४२ | १६.१६ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार  कार्यक्रम | ५४८९०० | ७३४२७ | १३.३८ |
| ३१३०११०५४ | जलवायु अनुकूलित वृहत खानेपानी आयोजना | ३६०५१०० | ११९७७१४ | ३३.२२ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २१०५६०० | ४१८१४६ | १९.८६ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | २४९३९०० | ४९९०३४ | २०.०१ |
| ३१३०११०८४ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ४४२०७०० | १४०४५९४ | ३१.७७ |
| ३१३०१११३४ | केन्द्रीय खानेपानी आयोजना | २६००००० | ५८५३२३ | २२.५१ |
| ३१३०१११४४ | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | १७३००० | २०५४ | १.१९ |
| ३१३०१११५४ | कोभिड-१९ रेस्पोन्स आयोजना | १०४९०० | २७८३ | २.६५ |
| ३१३०१११६४ | दिगो सरसफाइ आयोजना | २०८८०० | ० | ०.०० |
| ३१३०१११७४ | खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्द्धन कार्यक्रम | २०००० | १०८० | ५.४० |
| ३१३५१०११४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | ९७००० | ५११०८ | ५२.६९ |
| | कुल जम्मा | २२८४२३०० | ५२४९३२६ | २२.९८ |

# गृह मन्त्रालय

## १. पृष्ठभूमि

नेपालमा २००७ सालको राजनीतिक परिवर्तन पश्चात देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी गृह मन्त्रालयको स्थापना भयो। वि.सं. २०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापनापछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो। वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ लागू भएपछि अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार कानूनी रूपमा व्यवस्थित गरियो। वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्ट्याई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन रहन गयो।

“मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु” गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सवल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय मातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल,राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग रहेका छन्। स्थानीयस्तरमा ७७ वटै जिल्लामा जिल्ला प्रशासन कार्यालय, ७३ इलाका प्रशासन कार्यालय तथा ७ वटा सीमा प्रशासन कार्यालय क्रियाशील रहेका छन्।

## २. दीर्घकालीन सोच

नेपालको संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्ने।

## ३. उद्देश्य

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको।यसका अतिरिक्त गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको देहायानुसारको उद्देश्यहरू रहेका छन्:

- संघ, प्रदेश र स्थानीय तहमा रहने सबै सुरक्षा निकायबीच शान्ति सुरक्षाका विषयमा सहयोग र समन्वय सुदृढ गर्दै विश्वसनीय र भरपर्दो सुरक्षा प्रणाली विकास गर्ने,
- सामाजिक विकृति, द्वन्द्व, अपराध र हिंसा नियन्त्रण गर्दै दिगो शान्ति प्रवर्द्धन गर्ने,
- शान्तिमैत्री विकास प्रणाली तथा संवेदनशील विकास प्रक्रियालाई अवलम्वन गर्दै सामाजिक-आर्थिक विकासका क्षेत्रगत विषयमा शान्ति सुरक्षाको विषयलाई आन्तरिकीकरण गर्ने,
- सबै सुरक्षा निकायलाई समयानुकूल चुस्त,दक्ष, व्यावसायिक र साधन-स्रोत सम्पन्न तुल्याउने,
- अन्तर्राष्ट्रिय सिमाना र सीमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्ने,
- विद्युतीय माध्यममा आधारित व्यक्तिगत घटना दर्ता र नागरिकको सबै प्रकारका सूचना र विवरण सहितको एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी राज्यबाट प्रवाह हुने सेवा सुविधालाई समेत एकीकृत सूचना प्रणालीमा आवद्ध गर्ने,

- सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गरी एकीकृत सामाजिक लगत स्थापित गर्ने,
- सबै सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति स्थापनामा योगदान पुऱ्याउने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री शासन पद्धतिको सुदृढीकरण गर्ने,
- तीन तहमा बहुप्रकोप जोखिम नक्साङ्कन/सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभसम्बन्धी क्षमता विकाससँगै विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रक्रिया सुनिश्चित गर्ने,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदायस्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गर्ने,
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बृहत सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनःलाभ, पुनःस्थापना, पुनःनिर्माण र नवनिर्माणका कार्यलाई सवल र उत्थानशील बनाउने,
- अभियुक्तहरूलाई कानूनबमोजिम थुनामा राख्ने र छिटो एवम् उचित न्यायमा सबै बन्दीको पहुँचलाई सुनिश्चित बनाउने,
- अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मापदण्डअनुसार सुरक्षित र मानवोचित वातावरणमा राखेर अपराधीहरूलाई आफ्नो सुधार र पुनःस्थापना गर्नको निम्ति सहयोग प्रदान गरी सार्वजनिक हित र सुरक्षाको प्रवर्द्धन गर्ने र बन्दीहरूको सामाजिक एकीकरणको प्रक्रियालाई सहज बनाउने।
- फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने।

## ४. रणनीति

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति, रणनीति र कानून तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।
- कानूनको परिपालना, सामाजिक न्याय र द्वन्द्व व्यवस्थापन मार्फत दिगो शान्ति प्रवर्द्धन गर्ने।
- विकासका सबै आयामहरूमा सुरक्षा चासोलाई आन्तरिकीकरण गर्ने।
- शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणका लागि आधुनिक प्रविधिको प्रयोग तथा गुप्तचर सुरक्षा सूचना प्रणालीको (Security Intelligence) संस्थागत एवम् प्राविधिक सुदृढीकरण गर्ने।
- विकासका सबै आयाममा सुरक्षा चासोलाई सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने।
- नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने।
- सबै सुरक्षा निकायलाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक तथा साधन-स्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने।
- सीमा सुरक्षा र अध्यागमन प्रणालीलाई द्विपक्षीय एवम् बहुपक्षीय कूटनीतिक पहल तथा संस्थागत सुदृढीकरणका आधारमा व्यवस्थित र सुदृढ गर्ने।

- कारागार सम्बन्धी न्यूनतम मापदण्ड समयसापेक्ष रूपमा परिमार्जन गरी प्रविधिमैत्री सेवासुविधा सहितको सुधार गृहको रूपमा विकास गर्ने।
- सरकारी निकाय लगायत अन्य निकायहरूबाट सञ्चालित सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको एकीकृत सामाजिक सुरक्षा लगत तयार गर्ने,
- बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवा सुविधा समेतको अभिलेख एकीकृत रूपमा क्रमशः आवद्ध गर्दै लैजाने।
- व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा पूर्णरूपमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्ने,
- सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने।
- विपद् जोखिम न्यूनीकरणमैत्री शासन पद्दति सुदृढ बनाउन आवश्यक नीतिगत, संस्थागत र कार्यपद्दतिमा सुधार गर्ने।
- संघ, प्रदेश र स्थानीय तहका विषयगत विकास प्रक्रियाहरूमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम न्यूनीकरण एवम् उत्थानशीलता अभिवृद्धि गर्न सार्वजनिक तथा निजी लगानी, साझेदारी र सहकार्य अभिवृद्धि गर्ने।
- समुदायदेखि राष्ट्रियस्तरसम्म बहुप्रकोप जोखिम आँकलन/नक्साङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभसम्बन्धी क्षमता विकास र पर्याप्त साधन स्रोतको व्यवस्थापन गर्ने।
- विपद् जोखिमको पूर्वानुमान, अनुगमन, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको विकास र सुदृढीकरण गर्ने।
- प्राकृतिक स्रोतबाट प्राप्त आयलाई समुदायको विपद् जोखिम व्यवस्थापनमा न्यायोचित रूपमा उपयोग गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १. | गृह मन्त्रालय | २२१ | २२१ | ० | १४ |
| २. | अध्यागमन विभाग | ५५ | ५४ | १ | ११ |
| ३. | अध्यागमन कार्यालयहरू तर्फ | २९३ | २४९ | ४४ | ० |
| ४. | राष्ट्रिय परिचय तथा पञ्जीकरण विभाग | १,१४९ | ९५८ | १९१ | ० |
| ५. | नेपाल प्रहरी | ७९,५४१ | ७५,२५१ | ४,२९० | ० |
| ६. | सशस्त्र प्रहरी बल | ३७,०५४ | ३५,४०४ | १,६५० | ० |
| ७. | राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | ३८ | ३८ | ० | ४ |
| ८. | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना | २०३६ | २०१३ | २३ | ० |
| ९. | कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २८ | २३ | ५ | ० |

**६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १५९ | वृक्षारोपण र संरक्षण कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतलाई परिचालन गरिने। | • वृक्षारोपण र संरक्षण कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतलाई निरन्तर परिचालन गरिएको। |
| ३८८ | मानव सभ्यताको कलङ्कको रूपमा रहेको जातीय भेदभाव र छुवाछूत निर्मूल गर्न सामाजिक जागरण र कानूनी कारबाहीलाई सशक्त बनाइने। | • जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयहरूमा सेवा प्रवाहमा सहजीकरणका लागि दलित सेलको गठन गरिएको। |
| ३८९ | शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गरिने। | • विप्लव समूह लगायत द्वन्दरत पक्षसँग निरन्तर संवाद अघि बढाइएको। |
| ३९० | नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति र घाइतेको अभिलेखीकरण गरी सहयोग, सम्मान र संरक्षण गरिने। सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराई स्वरोजगार बन्न प्रेरित गरिने। | • घाइते अपाङ्गको प्रतिशत पुनरावलोकन गरी नियमित रूपमा मासिक जीवन निर्वाह भत्ता उपलब्ध गराइएको। सबै जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति र घाइतेको अभिलेखीकरण कार्य गरिएको। साथै द्वन्द्वका क्रममा सहादत प्राप्त गर्नुहुने राष्ट्र सेवक कर्मचारीको परिवारलाई सम्मान गर्न बजेट विनियोजन भई कार्यान्वयनको क्रममा रहेको। |
| ३९२ | अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने हातहतियार, सुरक्षा उपकरण तथा सवारीसाधनको व्यवस्था गरी सुरक्षा निकायलाई सुदृढ र सवलीकरण गरिने। नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको मनोबल उच्च बनाई राख्न खाईपाई आएको राशनमा १५ प्रतिशतले वृद्धि गरिएको। सीमा सुरक्षा, अपराध तथा अवैध व्यापार नियन्त्रण गर्न सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बलका थप १ सय २० बोर्डर | • नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०७/०८ को निर्णयानुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका ७७ वटै जिल्लाहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/१२/०१ र मिति २०७३/०३/०२ गतेको निर्णयले स्वीकृत राशन दररेटमा मिति २०७८/०४/०१ देखि लागू हुने गरी १५ प्रतिशतले वृद्धि गरी कार्यान्वयनमा आएको।<br>• सीमामा परिचालित सशस्त्र प्रहरी बल, नेपालका बोर्डर अब्जरभेसन पोष्ट (बि.ओ.पी.) हरूका लागि मिति २०७८/०८/१० गते २ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आउट पोष्ट स्थापना गरिने। | सय १० वटा मोटरसाईकल खरिद गरिएको।<br>• सीमा इलाकामा आवश्यकता तथा संवेदनशीलता मध्यनजर गरी मातहत एकाइहरूको समन्वयमा बि.ओ.पी. स्थापनाको लागि विभिन्न १ सय २० स्थानहरू पहिचान तथा छनौट गरिएको जसमध्ये आवश्यक जनशक्ति तथा बजेट उपलब्ध भएमा ६ स्थानमा तत्काले बि.ओ.पी. स्थापना गर्न सकिने।<br>• २७ वटा बि.ओ.पी. भवन निर्माणको लागि सम्झौता भएको।१४ वटा सम्झौताको प्रक्रियामा रहेको, पाँचवटा मूल्याङ्कनको क्रममा रहेको र एउटाको लागि पुनःसूचना प्रकाशन गर्नुपर्ने देखिएको। |
| ३९३ | त्रिभुवन विमानस्थलमा अध्यागमन सेवालाई अन्तर्राष्ट्रियस्तरको बनाउन यात्रुको विवरण अग्रिम रूपमा प्राप्त हुने एडभान्स पेसेन्जर इन्फरमेसन सिष्टमको प्रयोग, विद्युतीय प्रवेशद्वार सञ्चालन र क्युआरकोड सहितको विद्युतीय भिसा जारी गर्ने व्यवस्था मिलाइने। | • त्रिभुवन विमानस्थलमा अध्यागमन सेवालाई अन्तर्राष्ट्रियस्तरको बनाउन यात्रुको विवरण अग्रिम रूपमा प्राप्त हुने एडभान्स पेसेन्जर इन्फरमेसन सिष्टम (APIS) को प्रयोगका लागि बहुवर्षीय ठेक्का स्वीकृति लिई बजेट सुनिश्चितताको प्रक्रियामा रहेको। विद्युतीय QR Code सहितको भिसा विभागमा कार्यान्वयनमा रहेको र अन्य अध्यागमन कार्यालयमा आवश्यक सामाग्री जडान गरी सञ्चालन गर्ने प्रक्रियामा रहेको।<br>• ई-गेट स्थापनाको लागि आयोजना बैंकमा समावेश गरी स्रोत सुनिश्चितताको लागि राष्ट्रिय योजना आयोग मार्फत बहुवर्षीय ठेक्का स्वीकृतिका लागि पठाइएको।<br>• मानव बेचबिखनमा परेका २० जनाको उद्धार र उक्त कार्यमा संलग्न १९ जनालाई पक्राउ गरी सम्बन्धित निकायमा बुझाइएको। |
| ३९४ | सीमा नाकामा रहेका सबै अध्यागमन कार्यालयको भौतिक पूर्वाधार सुधार गर्नुका साथै नेपाल भित्रिने विदेशी नागरिकको बायोमेट्रिक विवरण सहितको अभिलेख विद्युतीय प्रणालीमा | • Biometric अद्यावधिक गर्ने कार्य सम्पन्न भई कार्यान्वयन भइरहेको र One to Many Verification का लागि लागत अनुमान स्वीकृति एवम् बजेट सुनिश्चितताका लागि मन्त्रालयमा पेश भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अद्यावधिक गरिने। | • अध्यागमन कार्यालय वेलहिया, भैरहवाको भवन निर्माण कार्य करिव ५० प्रतिशत सम्पन्न भएको।<br>• विदेशस्थित सबै कूटनीतिक नियोगहरूमा नेपाली पोर्ट सञ्चालनमा ल्याइएको र केही अध्यागमन कार्यालयबाट सबैमा नेपाली पोर्ट प्रयोगमा ल्याइएको। |
| ३९५ | कारागारलाई सुधार गृहमा विकास गरिने। नुवाकोट र बाँकेमा खुला कारागार निर्माण कार्य आगामी वर्ष सम्पन्न गरिने। पाँचथर र मोरङमा कारागार निर्माण गर्न रकम विनियोजन गरिएको। लोकतान्त्रिक आन्दोलनका सिलसिलामा कारागारमा रही गरिएको योगदानको संस्मरण र कारागारको इतिहास प्रतिबिम्वित हुने गरी केन्द्रीय कारागार परिसरमा संग्रहालय निर्माण गरिने। | • कारागारलाई सुधार गृहमा रूपान्तरण गर्न हालसम्म ७ हजार कैदीबन्दीलाई सीपमुलक तालिम प्रदान गरिएको।<br>• निर्माणाधीन नुवाकोट खुला कारागारको ८५ प्रतिशत र बाँके कारागारको ७५ प्रतिशत भौतिक प्रगति भएको।<br>• मोरङ कारागारमा रकम विनियोजन भई निर्माण कार्यमा भौतिक प्रगति ३० प्रतिशत भएको।<br>• पाँचथर कारागारको निर्माण कार्य शुरू भएको। |
| ३९६ | दुई वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्यअनुरूप आगामी वर्ष ७० लाख व्यक्तिलाई परिचयपत्र वितरण गरिनेछ। व्यक्तिगत घटना दर्तालाई विद्युतीय माध्यमको प्रयोगबाट गुणस्तरीय, सरल र सहज बनाइनेछ। | • ७७ जिल्ला प्रशासन कार्यालय, १९ वटा इलाका प्रशासन कार्यालय, राहदानी विभाग र राष्ट्रिय परिचयपत्र व्यवस्थापन एकाइमा परिचयपत्र एकाइ (National ID Unit)को स्थापना गरी उक्त कार्यालयहरूबाट नियमित सेवाको रूपमा विवरण दर्ता कार्य शुरू गरिएको।<br>• राष्ट्रिय परिचयपत्रतर्फ ३१.४७ लाख राष्ट्रिय परिचयपत्र प्राप्त गरी Personalization प्रारम्भ भएको। राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (NIDMIS) को स्तरोन्नतिको कार्य परामर्शदाता IDEMIA मार्फत सम्पन्न भई सञ्चालनमा रहेको र हाल Support तथा मर्मतको कार्य सुचारु रहेको छ भने NIDMIS को Disaster Recovery Site को लागि आवश्यक उपकरण खरिद एवम् Site स्थापनाको कार्य अन्तिम चरणमा रहेको।<br>• राष्ट्रिय परिचयपत्रको Service Integrationमा राहदानी विभागसँग System Integrationभई e- |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | Passport ले राष्ट्रिय परिचयपत्रको Verificationगर्ने कार्य भएको। CMISर VERSP-MISसँग System Integration भई कार्यान्वयनमा रहेको। NIDMIS प्रणालीकै विद्यमान पूर्वाधार मार्फत सेवा आवद्धता भइरहेको। राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरबाट NIN प्रदान गर्ने विद्युतीय सेवाको विकास भई सञ्चालनमा रहेको।<br>• NIDMIS को Disaster Recovery Site को लागि आवश्यक उपकरण खरिद एवम् Site स्थापनाको कार्य अन्तिम चरणमा रहेको। चालु आ.व.मा ५० लाख राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड आपूर्तिको लागि प्रतितपत्र खोल्ने प्रक्रिया पूरा भई प्राप्तिको चरणमा रहेको। आ.व.२०७८/०७९ मा ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य रहेको।<br>• राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण सङ्कलन फागुन मसान्तसम्म ६२ लाख ८५ हजार ५ सय ४३ (अभियान मार्फत ५३ लाख ०८ हजार ९ सय ४२ र इकाई मार्फत ९ लाख ७६ हजार ६ सय १)<br>• हालसम्म अभियान सम्पन्न २८ जिल्ला सञ्चालनमा आएको स्टेशन संख्या ९ सय ७८ तथा मर्मत सम्भारमा रहेको स्टेशन संख्या ८८ वटा। ।२ वर्ष भित्र अभियान सम्पन्न गरिने लक्ष्य रहेको।<br>• २८ लाख ९३ हजार २ सय ४९ व्यक्तिगत घटना दर्ता भएकोमा अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या ५ हजार ७ सय १० (यस आ.व.मा ६ सय ६४ वडा थप भएको) रहेको। व्यक्तिगत घटना दर्ता तर्फ जन्म १५ लाख ३५ हजार ३सय ८७, मृत्यु ३ लाख ९८ हजार ३ सय ८, विवाह ६ लाख ९ हजार २ सय ३८, बसाईँसराई ३ लाख ३१ हजार ५ सय ६२ र सम्बन्ध विच्छेद १८ हजार ७ सय ५४ रहेका। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४०० | विपद्जन्य जोखिमको व्यवस्थापन गर्न सरकारी कोषमा परेको चापलाई कम गर्न विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिने। विपद्को पूर्व सूचना प्रणाली विकास गरी क्षति न्यूनीकरण गरिने। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको। | • ४६ वटा विपद् व्यवस्थापन तालिम सम्पन्न भएको जसमा १ हजार ५ सय ६१जना सहभागी भएका साथै हाल १ वटा तालिम सञ्चालनमा रहेको जसमा ४७ जना सहभागी भएका। विभिन्न ३३ किसिमका विपद् उद्धार सामाग्रीहरू सम्झौता भई आपूर्तिको क्रममा रहेको। |
| ४०१ | डढेलोबाट हुने क्षति न्यूनीकरण गर्न नेपाली सेनाको व्यवस्थापनमा परिचालित हुनेगरी पानी खन्याउने बकेट सहितको हेलिकप्टर तथा अन्य उपकरणहरू तयारी अवस्थामा राखिने। विपद् व्यवस्थापनमा सुरक्षा लगायत सम्वद्ध सबै निकाय समन्वयात्मक रूपमा क्रियाशील हुने व्यवस्था मिलाइने। | • डढेलोबाट हुने क्षति न्यूनीकरण गर्न अग्नि नियन्त्रण सामग्रीहरू खरिद भई वितरणको चरणमा रहेको। उक्त सामग्रीहरू सुरक्षा लगायत अन्य सरोकारवालाहरूलाई समन्वयात्मक रूपमा परिचालन गर्ने गरी वितरण गरिने। |
| ४०२ | विपद् उद्धार तथा व्यवस्थापनको लागि सबै प्रदेशमा मल्टि पर्पोज रोबोटिक फायर फाइटिङ, अत्याधुनिक फायर ब्रिगेड, मल्टिसिटर एम्बुलेन्स, रेस्क्यु भेहिकल र सबै स्थानीय तहमा दमकल व्यवस्था गरी अग्निजन्य विपद् न्यूनीकरण र व्यवस्थापन गरिने। | • रोवोटिक फायर फाइटिङको स्पेसिफिकेशन तयार हुने क्रममा रहेको र फायर ब्रिगेडको वोलपत्र आव्हानको तयारीमा रहेको। मल्टिसिटर एम्बुलेन्स र रेस्क्यु भेइकलको वोलपत्र आह्वान भई सम्झौताको क्रममा रहेको। |
| ४०३ | विपद् पछिको पुनःनिर्माणलाई तीब्रता प्रदान गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संरचनागत सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गरिने। | • संरचनात्मक सुधारका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको मस्यौदा तयार भई पेश हुने क्रममा रहेको।<br>• नेपाली सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरूसँग आवश्यक समन्वय गरी विपद् व्यवस्थापन कार्यमा प्रभावकारी भूमिका निर्वाह गरिएको।<br>• गोताखोर तालिम प्राप्त ३७ जना र विपद् व्यवस्थापन तालिम प्राप्त २०३४ जना जनशक्तिलाई आवश्यक उद्धार सामग्रीसहित |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | तैनाथ अवस्थामा रहेको।<br>• विभिन्न विपद्का ६ सय ६२ घटनाहरू (सडक दुर्घटनामा परेका, बाढीपहिरो नदी तथा तालमा डुबेका वा बगाएका, हिमपात वा हिमपहिरोमा परेका) २ सय १५ जनाको जीवितै उद्धार गरिएको, ८ सय २१ जना घाइते उद्धार र ३ सय ६६ मृतकको शव निकालिएको। उक्त कार्यको लागि ६ हजार ८ सय ५५ जना सशस्त्र प्रहरीहरू परिचालन भएका।<br>• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संरचना अन्तर्गत सशस्त्र प्रहरी बल, नेपालको तर्फबाट एक जना विपद् व्यवस्थापन तालिम प्राप्त अधिकृतलाई आवश्यक समन्वय तथा सहजीकरणको लागि खटाई पठाइएको। |
| ४१८ | सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइने। सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गरिने। नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइने। प्रमुख पदाधिकारी तथा आयोजना प्रमुखसँग परिमाणात्मक तथा मापनयोग्य सूचक सहित कार्यसम्पादन सम्झौता गरिने। | • गुनासो सुनुवाइलाई उच्च प्राथमिकता दिइएको।<br>• विभागीय प्रमुख तथा प्रमुख जिल्ला अधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गरिएको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| ९ | समाजमा विद्यमान विभेदहरू अन्त्य गर्न दलित, थारु, आदिवासी जनजाति, मुस्लिम, गरिब, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, लैङ्गिक अल्पसङ्ख्यक र भाषा संस्कृति आदिमा भइरहेको विभेद अन्त्य गर्न सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिने। | • गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट नियमित रूपमा कार्य सम्पादन भइरहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्म सम्पादन भएका कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ | संशोधन |
| २. | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७७ | संशोधन |
| ३. | तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८ | नयाँ तर्जुमा |
| ४. | निर्वाचन आयोगसम्बन्धी विधेयक र निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक | नयाँ तर्जुमा |
| ५. | सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ | संशोधन |
| ६. | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ | संशोधन |
| ७. | फौजदारी कसूर कैद कट्टा (दोशो संशोधन) नियमावली, २०७८ | संशोधन |
| ८. | नेपाल प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ | संशोधन |
| ९. | हातहतियार खरखजाना (दशौं संशोधन) नियमावली, २०७८ | संशोधन |
| १०. | अन्तर प्रदेश प्रहरी परिचालन निर्देशिका | नयाँ तर्जुमा |
| ११. | प्रदेश प्रहरीको क्षमता अभिवृद्धि निर्देशिका | नयाँ तर्जुमा |
| १२. | बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| १३. | नेपाल प्रहरी र प्रदेश प्रहरीबीच अपराध नियन्त्रण र अनुसन्धान सहयोग समन्वय कार्यविधि | नयाँ तर्जुमा |
| १४. | राष्ट्रिय राजमार्ग सुरक्षा कार्यविधि | नयाँ तर्जुमा |
| १५. | लागु-औषध उपचार तथा पुनःस्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि, २०७७ | संशोधन |
| १६. | लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (२०७९-२०८४) | नयाँ तर्जुमा |
| १७. | निर्वाचन सुरक्षा योजना | नयाँ तर्जुमा |
| १८. | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP) | नयाँ तर्जुमा |
| १९. | गृह प्रशासन सुधार कार्ययोजना, २०७८ | नयाँ तर्जुमा |
| २०. | एकीकृत अनुगमन ढाँचा, २०७८ | नयाँ तर्जुमा |
| २१. | गृह मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | नयाँ तर्जुमा |

### ख. अन्य सम्पादित महत्वपूर्ण कार्यहरूः

**गृह मन्त्रालय**

- शहीद परिवार, जनआन्दोलन/सशस्त्र सङ्घर्ष/मधेश आन्दोलन तथा वहिर्गमित लडाकुहरू गरी ३ सय ८३ जना लोकतन्त्रका योद्धाहरूलाई सम्मान गरिएको।
- चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्ममा कुल १२ करोड २८ लाख ८० हजार नियमित राहत तथा पुनःस्थापना कार्यक्रममा खर्च भएको।

- RMS (Record Management System) सफ्टवेयर विकास गरी अभिलेखहरू अद्यावधिक र व्यवस्थित गरिएको।
- मन्त्रालयमा रहेका अङ्गीकृत नेपाली नागरिकताका करिब २७ हजार अभिलेखहरू CIMS मा प्रविष्टि गरिएकोमा उक्त अभिलेखहरूका नागरिकताहरू स्क्यान गरी CIMS मा अपलोड गर्ने र Data Verify गर्नको लागि Concept Note तयारीको क्रममा रहेको।
- विगतमा नागरिकता सूचना व्यवस्थापन प्रणाली Local Server मा आधारित रहेकोमा त्यसबाट हुने जोखिमलाई कम गर्न प्रदेशस्तरमा Server निर्माण गर्ने कार्य भइरहेको। साथै, सातै प्रदेशमा सर्भर स्थापित गर्ने कार्य अगाडि बढेको। गण्डकी, मधेश, लुम्बिनी प्रदेशमा सर्भर स्थापित भई सोहीबमोजिम कार्य भइरहेको। प्रदेश १, वाग्मती तथा सुदुरपश्चिम प्रदेशमा Local Server बाट काम भइरहेको ।
- गैर सरकारी संस्थाबाट सञ्चालित उपचार तथा पुनःस्थापना केन्द्रहरूमध्ये प्रदेशगत रूपमा उत्कृष्ट ४ ओटा केन्द्रहरू (रिचमण्ड फेलोसिप नेपाल, विराटनगर, आसरा सुधार केन्द्र, रानीबारी, काठमाडौं, कम्युनिटी सपोर्ट ग्रुप, कास्की र निर्णय लागु पदार्थ, मादक पदार्थ उपचार तथा पुनःस्थापना केन्द्र, नवलपरासी-बर्दघाट सुस्ता पूर्व) पुरस्कारको लागि छनौट भएका।
- लागु औषध उपचार तथा पुनःस्थापना केन्द्रका सञ्चालक तथा व्यवस्थापकहरूका लागि १ दिने मनोसामाजिक परामर्श तालिम सञ्चालन गरिएको। मानसिक स्वास्थ्य विषयक सरोकारवालाहरूसँगको छलफल कार्यक्रममा मानसिक स्वास्थ्य र लागु औषधको सम्बन्धबारे शाखाको तर्फबाट यसको न्यूनीकरणको लागि सरोकारवालाहरूले साझा रूपमा पहल गर्नुपर्ने धारणा पेश गरिएको। लागु औषध प्रयोगकर्ताहरूको लागि देशभर सञ्चालित ३४ ओटा पुनःस्थापना केन्द्रहरूको अनुगमन गरिएको।
- गाँजालाई नियन्त्रित रूपमा खोल्नका लागि अवधारणा पत्र पेश भई स्वीकृति भएको।
- जिल्ला प्रशासन कार्यालय अर्घाखाँची, ओखलढुङ्गा, भोजपुर, खोटाङ्, सोलुखुम्बु, संखुवासभा, धनकुटा र तेह्रथुम जिल्लामा एकीकृत अनुगमन कार्यढाँचा बमोजिम अनुगमन कार्य सम्पन्न गरिएको।
- विद्यमान साइबर सुरक्षाका चुनौतीहरू एवम् साइबर अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने उपायका सम्बन्धमा कार्ययोजनासहितको अध्ययन प्रतिवेदन तयारी समितिको नेतृत्व गरी प्रतिवेदन पेश गरिएको।
- ७७ वटै जिल्ला प्रशासन कार्यलय मार्फत चालु आ.व.को हालसम्म कुल ७ सय २७ पटक बजार अनुगमन भई म्याद सकिएका रू.१६ लाख ४६ हजार ६ सय बराबरको खाद्यान्न लगायतका उपभोग्य वस्तु बरामद गरी नष्ट गरिएको। सो क्रममा कुल १ हजार ५ सय ३ जना व्यापारीलाई सचेत गराइएको। साथै, अनुगमनका क्रममा कैफियत भेटिएका व्यापारी/पसलेलाई रू.१७ लाख १९ हजार ७ सय नगद सजायँ समेत गरिएको।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन**

- हालसम्म ८० भन्दा बढी स्थानीय तह/जिल्लाहरूको आफ्नै Domainमा सञ्चालन हुने गरी उक्त प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही अनुसार तालीम कार्यक्रम सञ्चालन भइरहेको।

- वन तथा भू-संरक्षण विभाग तथा इसिमोडद्वारा वन डढेलो पहिचान तथा अनुगमन सम्बन्धी प्रणाली विकास भई सञ्चालनमा रहेको। सो सम्बन्धी सूचनाहरू विपद् पूर्व सूचना तथा अलर्टको रूपमा विपद् पोर्टलबाट प्रवाह भइरहेको।
- स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रबाट सञ्चालित प्रणालीमा रहेको तथ्याङ्कलाई BIPAD Portal मा स्थानान्तरण गरी एकीकृत गरिएको।
- समाज कल्याण परिषद्सँग मिलेर विपद् व्यवस्थापनमा गैर सरकारी संस्थाको परिचालनलाई प्रभावकारी बनाउने सम्बन्धी प्रणाली (mdsa.bipad.gov.np) विकास र सञ्चालन। विपद् सम्बन्धी सम्पूर्ण विवरणहरू एकीकृत रूपमा रहने गरी तयार गरिएको (BIPAD) पोर्टलमा विपद्को जोखिम नक्साङ्कन गरी एकीकृत रूपमा तथ्याङ्क प्रविष्ट गर्ने कार्य भइरहेको।
- मनसुनजन्य विपद्वाट प्रभावित निजी आवास प्रवलीकरण तथा पुननिर्माण सम्बन्धी कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याइएको। साथै, २०७७ सालको मनसुनबाट क्षति भएका निजी आवास पुननिर्माणका लागि हालसम्म विभिन्न जिल्लामा गरी कुल ३६ करोड ३ लाख अनुदान रकम पठाइएको।
- मनसुनजन्य विपद्वाट बढी प्रभावित क्षेत्रहरूमा पुनःनिर्माण तथा पुनःस्थापना कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सिन्धुपाल्चोक र मनाङ्ग जिल्लाका सबै र बझाङ्ग, बाजुरा, डोटी, दार्चुला, बैतडी, डडेलधुरा, इलाम, रुपन्देही, पाँचथर र धनुकटा जिल्लाका ३३ स्थानीय तह विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको।
- आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना सम्बन्धमा हालसम्म ४९ जिल्लाका ४ सय ८० वटा स्थानीय तहलाई अभिमुखीकरण तालीम प्रदान गरिएको।
- लुम्बिनी प्रदेशको नेपालगञ्ज र कर्णाली प्रदेशको सुर्खेतमा प्रदेशस्तरीय मानवीय सहायतास्थल सञ्चालनमा ल्याइएको।
- विभिन्न निकायले तयार पारेका जोखिम (Risk), प्रकोप (Hazard), Exposure, Vulnerability र विपद् व्यवस्थापनसम्बन्धी प्रणालीहरूलाई समेत आवद्ध गरी विपद् सम्बन्धी घटना, पूर्व सूचना, विपद्वाट भएको क्षति विवरण, विपद् पूर्वतयारी सम्बन्धमा विद्यमान पूर्वाधार, प्रभावमा आधारित विपद् जोखिम सूचना लगायत सम्पूर्ण विवरणहरू एकीकृत रूपमा रहने गरी BIPAD-Building Information Platform Against Disaster Portal सञ्चालनमा ल्याइएको।

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागतर्फ

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३३ लाख ५६ हजार ६३ जना लाभग्राहीहरूको अनलाईन प्रविष्टि भएको।
- बैकिङ्ग प्रणाली मार्फत ६ सय ५४ स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।

### अध्यागमन विभाग

- वायोमेट्रिक अद्यावधिक गर्ने कार्य सम्पन्न भई कार्यान्वयन भइरहेको।
- भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय सञ्चालनमा ल्याइएको।

### प्रहरी प्रधान कार्यालय

- सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको लागि ट्राफिक सञ्चार एप्स निर्माण गरी चेकप्वाईन्टमा प्रयोगमा ल्याइएको।

- तेस्रो चरणको त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाअनुरूपको जनशक्ति तयार गर्न NCIC Application Software Online Training र Technical Investigation and Analysis सम्बन्धी तालिम ५ सय ५६ जना प्रहरीलाई प्रदान गरिएको।

**कसुरजन्य सम्पत्ति व्यवस्थापन**

- मिति २०७८/८/१३ गते कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना भई कार्य प्रारम्भ भएको।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ३८७५३१ | ३६८२४९ | ९५.०२ |
| ३१४००१०१३ | राहत तथा पुनःस्थापना कार्यक्रम | १५९११ | १३४४ | ८.४५ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | ७९०० | ४१७१ | ५२.८० |
| ३१४००१०३३ | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | ३८६७३९ | ३५८४२४ | ९२.६८ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २१४४०३० | ४६९०९४ | २१.८८ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ७१५६३५९८ | ६८५४६३६९ | ९५.७८ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | १७५३३ | १४७४८ | ८४.१२ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | १९२१५१५ | १७५७५०९ | ९१.४६ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ६३२६३ | ५८४६९ | ९२.४२ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | १८४११३ | १५०१११ | ८१.५३ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ३४०५८७१ | ३१६१३९९ | ९२.८२ |
| ३१४०४०१२३ | महानगरीय प्रहरी | ५६२१९२८ | ५३९६५६२ | ९५.९९ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५९७१८८ | ५१४७०० | ८६.१९ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ६४३९८८३ | ५८८६०८२ | ९१.४० |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ६२८४४४ | ५४९१७९ | ८७.३९ |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | २२४२१८२२ | २०६१३५७६ | ९१.९४ |
| ३१४०४१०३३ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १०६०० | ७३१० | ६८.९६ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १४००९०९ | १२५७३४० | ८९.७५ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १५८६३८४९ | १५००४११० | ९४.५८ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १२१४७३० | १०८१८०६ | ८९.०६ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | २७३१५० | २५५३०१ | ९३.४७ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २२५४० | १८०९० | ८०.२६ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १४२५० | ५८४० | ४०.९८ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १४९१०३४ | १२५९३२३ | ८४.४६ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २६३६३ | १६०८८ | ६१.०२ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३७७२९१ | २९२५४६ | ७७.५४ |
| ३१४९३०११३ | जुद्ध वारुणयन्त्र कार्यालय | १५६५० | १२८८३ | ८२.३२ |
| | **कुल जम्मा** | **१३६५१७६३५** | **१२७०६०६२१** | **९३.०७** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | ६१७०० | ५३३२० | ८६.४२ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | १०० | १०० | १००.०० |
| ३१४००१०३४ | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | २२०६०० | ४८५२३ | २२.०० |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ६६६३०० | २६५२८७ | ३९.८१ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | ३२४६०० | २७६६३६ | ८५.२२ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १६१२०० | ११३८९४ | ७०.६५ |
| ३१४०३०११४ | अध्यागमन विभाग | ७८६०० | १७३४० | २२.०६ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | ५००० | ४५५७ | ९१.१४ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | ११४६४३० | १०९१८४० | ९५.२४ |
| ३१४०४०१२४ | महानगरीय प्रहरी | १०३२६०० | ९६१७१७ | ९३.१४ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २०२२६७ | १६९९५३ | ८४.०२ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | २२९६१५ | २२८२८७ | ९९.४२ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | ३०६०३९ | २९९४३६ | ९७.८४ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | १२७१६५५ | १२३६६१७ | ९७.२४ |
| ३१४०४१०३४ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७९१०० | ७२००१ | ९१.०३ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | ४८६८७२ | ४८१४२६ | ९८.८८ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ८२८४८१ | ७९७८४७ | ९६.३० |
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १५३६१४ | १५३३७० | ९९.८४ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | ९५१६८ | ९५०८६ | ९९.९१ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | ८०० | ७८५ | ९८.१८ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | १०० | ९९.८९ |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | १९४८७६८ | १८३४५८५ | ९४.१४ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | १२०० | ११४६ | ९५.४७ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | २२०५०३ | ९१७४८ | ४१.६१ |
| ३१४९३०११४ | जुद्ध वारुणयन्त्र कार्यालय | ५०० | ४९७ | ९९.४८ |
| | **कुल जम्मा** | **९५२१८१२** | **८२९६०९८** | **८७.१३** |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | १४८०९२० | १३८३८५२ | ९३.४५ |
| ३१४००१०१३ | राहत तथा पुनःस्थापना कार्यक्रम | १६३३६ | ३४८ | २.१३ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | ८१०० | २५५० | ३१.४९ |
| ३१४००१०३३ | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | ९५५५०० | ७०४७४ | ७.३८ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २२९२०८९ | १२३१७५२ | ५३.७४ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ९३६९४२०० | ५७१३३१४६ | ६०.९८ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | २७०८५ | १२७६१ | ४७.११ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | १८२१४१५ | १२६४२९९ | ६९.४१ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ५९४०० | ३२९३२ | ५५.४४ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | १८०२०० | ११६९९५ | ६४.९२ |
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ४४०३४७५ | २९१८८८४ | ६६.२९ |
| ३१४०४०१२३ | महानगरीय प्रहरी | ५१४७१०० | ४५२५१२७ | ८७.९२ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ६८२३०६ | ४६९२४२ | ६८.७७ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ५८३९२६१ | ५०४५३१९ | ८६.४० |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ६३६३०० | ४४०९१५ | ६९.२९ |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | २१३९३३६१ | १७५११८२७ | ८१.८६ |
| ३१४०४१०३३ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ६३५८ | ६६.२३ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | १३५१७४५ | ९२३५४९ | ६८.३२ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १५५११६८६ | १३०७५६११ | ८४.३० |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ११५४८१४ | ९३५७१४ | ८१.०३ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | ३०९२२७ | २३८६३४ | ७७.१७ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २२६०० | १३८९७ | ६१.४९ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १४१०० | ५८५१ | ४१.५० |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १४५७९९५ | ९६५२२१ | ६६.२० |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २६१०० | १२४२५ | ४७.६१ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३५४८१५ | २१५८०९ | ६०.८२ |
| ३१४९३०११३ | जुद्ध वारुणयन्त्र कार्यालय | १५६०० | १०३५० | ६६.३५ |
| | **कुल जम्मा** | **१५८८६५३३०** | **१०८५६३८४३** | **६८.३४** |

**पुंजीगत खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | १८८१८७ | १६९५० | ९.०१ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | १०० | ९९ | ९९.४४ |
| ३१४००१०३४ | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण | २४११४०० | ५१४१० | २.१३ |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ५९८१०० | १८६४७५ | ३१.१८ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | २६११०९ | २००५५२ | ७६.८१ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १५१३०१ | ४७३१३ | ३१.२७ |
| ३१४०३०११४ | अध्यागमन विभाग | १२८१०० | ३२९५४ | २५.७३ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | ४६०० | २४३८ | ५२.९९ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १००५७८९ | २७५४२४ | २७.३८ |
| ३१४०४०१२४ | महानगरीय प्रहरी | ५२८३०० | ३६२१५४ | ६८.५५ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ६६०५०० | २०२१७ | ३.०६ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | १२६००० | ९८६४४ | ७८.२९ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | २७०३०० | ६६६१४ | २४.६४ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | ७५७३११ | ५४१७५४ | ७१.५४ |
| ३१४०४१०३४ | त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७२७०० | २६९३ | ३.७० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | ६०१४०० | ५६४०४० | ९३.७९ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ७६५५०० | २७०७२० | ३५.३७ |
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ५७२०० | २२६३९ | ३९.५८ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | ११३४०० | ३५७८७ | ३१.५६ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | १५०० | १३४७ | ८९.७९ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | १०० | ० | ०.०० |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | १५२३३८१ | १३१५९६२ | ८६.३८ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | ७०० | ४९५ | ७०.६८ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | १५०४१३ | ५६५५३ | ३७.६० |
| ३१४९३०११४ | जुद्ध वारुणयन्त्र कार्यालय | १०० | १०० | ९९.५० |
| | **कुल जम्मा** | **१०३७७४९१** | **४१७३३३०** | **४०.२२** |

# परराष्ट्र मन्त्रालय

## १. पृष्ठभूमि

परराष्ट्र मन्त्रालयको प्रमुख जिम्मेवारी नेपालको परराष्ट्र नीतिको तर्जुमा र कार्यान्वयन गर्नु हो। राष्ट्रिय हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न सक्रिय एवम् प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने, अधिकतम सद्भाव र सहयोग प्राप्त गर्ने र अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि र भूमिकालाई प्रभावकारी बनाउनेतर्फ परराष्ट्र नीति परिलक्षित रही सो अनुरूपका क्रियाकलापहरू परराष्ट्र मन्त्रालयले सञ्चालन गर्दै आएको छ।

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सवल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण गर्ने दूरदृष्टिसहित स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित बाह्य सम्बन्ध सुदृढ गर्दै समग्र राष्ट्रिय हितको सम्वर्द्धन र प्रवर्द्धन गर्ने लक्ष्यसहित द्विपक्षीय एवम् बहुपक्षीय कूटनीति, विधिमा आधारित विश्व व्यवस्था एवम् क्षेत्रीय सहयोग प्रवर्द्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानूनी व्यक्तिको हकहितको संरक्षण, सार्वजनिक कूटनीति र ट्र्याक टु कूटनीति जस्ता विषयहरूलाई प्राथमिकतामा राखी कूटनीति सञ्चालन गरिएको छ। नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन र सुपरिवेक्षण गर्ने गुरुत्तर दायित्व बहनका लागि केन्द्रीय निकायको रूपमा परराष्ट्र मन्त्रालय र यसको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रही विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले नेपालको परराष्ट्र सम्बन्धको कार्यान्वयन गरिरहेका छन्। हाल विदेशमा ४० वटा नेपाली नियोगहरू (३० वटा राजदूतावासहरू, ३ वटा स्थायी नियोगहरू र ७ वटा महावाणिज्यदूतावासहरू) कार्यरत् छन्। साथै, विभिन्न मुलुकहरूमा ५७ जना अवैतनिक महावाणिज्यदूतहरू रहेका छन्। २०७८ चैत मसान्तसम्म विश्वका १ सय ७६ मुलुकहरूसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

## २. दीर्घकालीन सोच

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सवल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण गर्ने।

## ३. उद्देश्य

राष्ट्रिय हित अनुकूल स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित द्विपक्षीय सम्बन्ध विस्तार एवम् सुदृढ गर्ने, संयुक्त राष्ट्रसङ्घ र अन्य अन्तर्राष्ट्रिय/क्षेत्रीय सङ्गठन तथा मञ्चहरूमा नेपालको पहिचान र प्रतिनिधित्व अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्ने, आर्थिक कूटनीतिद्वारा मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने तथा विदेशमा रहेका नेपालीहरूको अधिकार र हितको संरक्षणमार्फत् समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

## ४. रणनीति

- अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित, राष्ट्रिय छवि, राष्ट्रिय पहिचान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने,
- नेपालको आर्थिक कूटनीतिलाई रणनीतिक र नतिजामूलक रूपमा परिचालन गर्ने,
- राष्ट्रिय हित अनुकूल हुने गरी विद्यमान सन्धि, सम्झौता र समझदारीको विश्लेषण गरी पुनरावलोकन गर्ने,

- कूटनीतिक दक्षतामा अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त / फाजिल |
|---|---|---|---|---|
| १ | राष्ट्रपतिको कार्यालय | २ | २ | ० |
| २ | परराष्ट्र मन्त्रालय | १५० | १३२ | १८ / २ |
| ३ | प्रदेश प्रमुखको कार्यालयहरू | ७ | ७ | ० |
| ४ | राहदानी विभाग | ४९ | ४९ | ० |
| ५ | कन्सूलर सेवा विभाग | २० | २० | ० |
| ६ | विदेशस्थित नेपाली कुटनैतिक नियोगहरू | १७६ | १७६ | ० |
| ७ | सम्पर्क कार्यालय वीरगञ्ज | ३ | ३ | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ४०४ | नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरिने। परराष्ट्र नीति सञ्चालन गर्दा राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा दायित्व र न्यायलाई आधार बनाइने। | • नेपालको संविधानले निर्दिष्ट गरेका अन्तर्राष्ट्रिय सम्बन्धका सिद्धान्तहरूको अनुकूल हुने गरी अन्तर्राष्ट्रिय मञ्चहरूमा आफ्नो मत प्रकट गरेको।<br>• उच्चस्तरमा भएका भ्रमण, भौतिक तथा भर्चुअल बैठकहरू, भेटवार्ता/वार्तामार्फत नेपालको राष्ट्रिय हित प्रवर्द्धन भएको। |
| ४०५ | जलवायु परिवर्तन र सोबाट पर्ने प्रभावको न्यूनीकरणका सम्बन्धमा क्षेत्रीय र अन्तर्राष्ट्रिय ऐक्यबद्धता र सहकार्य कायम गर्न आगामी वर्ष सगरमाथा सम्वाद आयोजना गरिने। | • कोभिड १९ का कारण पूर्वनिर्धारित मितिमा कार्यक्रम आयोजना गर्न नसकिएको। नयाँ मिति तय हुन बाँकी रहेको। |
| ४०६ | अन्तर्राष्ट्रिय व्यापार, सुरक्षित वैदेशिक रोजगारी, वैदेशिक लगानी र पर्यटन प्रवर्द्धनका लागि परिभाषित जिम्मेवारी सहित विदेशस्थित कूटनीतिक नियोगलाई थप क्रियाशील बनाइने। | • आर्थिक कूटनीतिसम्बन्धी नियोगका कार्यक्रमहरूलाई नतिजामुखी बनाउन नेपालको निर्यात व्यापार प्रवर्द्धनमा लक्षित बनाउँदै सरोकारवाला सबै निकायहरूबीच प्रभावकारी समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले परराष्ट्र मन्त्रालयले निर्यात व्यापार र वैदेशिक लगानीमा केन्द्रित रहेर विदेशस्थित नेपाली नियोग प्रमुखहरू तथा सरकोरवाला निकाय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | एवम् निजी क्षेत्रको सहभागितामा भर्चुअल अन्तर्किया कार्यक्रम आयोजना गरेको।<br>• नियोगमार्फत हस्तकला लगायत निर्यात तथा लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, श्रमिक सचेतना र राष्ट्रिय दिवसका १९० भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएका।<br>• विभिन्न तरिकाले विदेश पुगेका नेपाली सम्पदालाई नेपाल फर्काउन पहल गरिएको। पछिल्लो पटक Consulate General of Nepal, New York को पहलमा Ruben Museum of Art, New York बाट फेब्रुअरी २०२२ मा पुरातत्व विभागलाई ३ वटा मूर्तिहरू हस्तान्तरण गरिएको। |
| ४०७ | विदेशमा रहेका नेपालीको हक हित संरक्षण, संक्रमण जोखिमबाट सुरक्षा तथा मर्यादित रोजगारीको निरन्तरताका लागि विदेशस्थित नियोगलाई परिचालन गरिने। प्रवासमा रहेका नेपालीको मताधिकार सुनिश्चित गर्न तयारी कार्य अघि बढाइने। राहदानी सेवालाई सुरक्षित र भरपर्दो बनाउन आगामी आर्थिक वर्षदेखि विद्युतीय राहदानी लागू गरिने। | • अफगानिस्तानमा रहेका नेपाली नागरिकहरूको उद्दार गर्न गठित अन्तर निकाय कार्यदलको नेतृत्व गर्दै विभिन्न निकायसँग समन्वय गरी नेपालीहरूको उद्दार कार्य सम्पन्न गरिएको।<br>• युक्रेनमा जारी संकटका कारण त्यहाँ अलपत्र परेका करिव ६ सय जना नेपालीहरूको उद्दार गरी सुरक्षित स्थानमा लैजाने कार्य नेपाली राजदूतावास, वर्लिन र नेपाली राजदूतावास, मस्को मार्फत सम्पन्न भएको।<br>• विदेशमा समस्यामा परेका ४ हजार भन्दा बढी नेपाली नागरिकलाई उद्दार गरिएको।<br>• वैदेशिक रोजगारीमा रहेका १ हजार भन्दा बढी नेपालीलाई कानूनी सहायता तथा परामर्श प्रदान गरिएको।<br>• विद्युतीय राहदानी वितरणसम्बन्धी कार्य २०७८ मंसिर १ गतेदेखि शुरू भएको। |
| ४०८ | गैरआवासीय नेपालीको ज्ञान, पुँजी र प्रविधिलाई राष्ट्रिय विकासमा उपयोग गर्न नेपाल सरकारको समेत लगानीमा स्थापित एनआरएन कोषलाई पूर्वाधार विकासमा उपयोग गरिने। गैरआवासीय नेपालीको छुट्टै पहिचान दिने एन.आर.एन. स्मार्ट कार्ड वितरण गरिने। ब्रेनगेन सेन्टरलाई क्रियाशील | • एन.आर.एन. डिजिटल कार्ड वितरण शुरू गर्न विदेशस्थित नेपाली नियोगहरूलाई कार्ड प्रिन्टर खरिदको लागि खर्चको अख्तियारी पठाइसकिएको र मन्त्रालयबाट गरिने सफ्टवेयर खरिद प्रक्रियामा रहेकोले निकट भविष्यमा त्यस्तो कार्ड वितरण शुरू हुने। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बनाई विदेशमा विशेषज्ञता एवम् विशिष्टता हासिल गरेका नेपालीको ज्ञान राष्ट्र निर्माणमा उपयोग गरिने। | |

**७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरूः**

**क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू**

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः- | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | विद्युतीय राहदानीको कार्यान्वयनको लागि राहदानी नियमावली, २०७७ | प्रथम संशोधन |
| २ | विद्युतीय राहदानी सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |

**ख. अन्य सम्पादित महत्त्वपूर्ण कार्यहरूः**

**उच्चस्तरीय द्विपक्षीय भ्रमणहरू**

- सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूबाट भारतीय प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीज्यूको निमन्त्रणामा २०७८ चैत १८ देखि २० सम्म तद्नुसार १-३ अप्रिल २०२२ मा भारतको औपचारिक भ्रमण सम्पन्न भएको। उक्त भ्रमणका अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले २ अप्रिलका दिन भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग द्विपक्षीय प्रतिनिधिमण्डलस्तरमा भेटवार्ता गर्नुभएको।
- माननीय परराष्ट्र मन्त्रीको मैत्रीपूर्ण निमन्त्रणामा चिनियाँ स्टेट काउन्सेलर तथा विदेशमन्त्री महामहिम श्री वाङ्ग यीले २०७८ चैत ११ देखि १३ तद्नुसार २५ देखि २७ मार्च २०२२ सम्म नेपालको औपचारिक भ्रमण गर्नुभएको। भ्रमणका अवसरमा २६ मार्चका दिन दुई परराष्ट्रमन्त्रीस्तरीय प्रतिनिधिमण्डलको बैठक भएको। सो अवसरमा द्विपक्षीय हित/चासो/सम्बन्धका विविध १० वटा सम्झौता तथा समझदारीहरूमा हस्ताक्षर सम्पन्न भएको।
- १५ मार्च २०२२ मा साउदी अरबका परराष्ट्र मन्त्री His Highness Faisal bin Farhan Al Saud को नेपाल भ्रमण सम्पन्न भएको। उक्त भ्रमणमा साउदी अरब अधिराज्यका परराष्ट्र मन्त्रीले सम्माननीय राष्ट्रपतिज्यू तथा सम्माननीय प्रधानमन्त्रीज्यूसँग शिष्टाचार भेटवार्ता गर्नुभएको। माननीय परराष्ट्र मन्त्रीज्यू तथा साउदी अरब अधिराज्यका परराष्ट्र मन्त्रीज्यूबीच भेटवार्ता भएको। साथै, उक्त भ्रमणको अवसरमा माननीय परराष्ट्र मन्त्रीज्यू तथा साउदी अरबका परराष्ट्र मन्त्रीद्वारा नेपाल र साउदी अरब सरकारबीच General Cooperation Agreement मा हस्ताक्षर गरिएको।
- मिति १७-१८ नोभेम्बर २०२२ मा US Assistant Secretary of State for South and Central Affairs H.E. Mr. Donald Lu र Deputy Assistant Secretary Ms. Kelly Keiderling ले नेपाल भ्रमण गर्नुभएको।

### बहुपक्षीय कूटनीति

- माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्काज्यूले संयुक्त राष्ट्रसंघको ७६औं महासभालाई सम्बोधन गर्नुभएको। महासभामा भएको सहभागिताले बहुपक्षीयता, अन्तर्राष्ट्रिय शान्ति, जलवायु परिवर्तन, विश्व व्यापार, निशस्त्रीकरण लगायतका बिषयमा नेपालको धारणा अझ स्पष्ट पारेको।
- संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषदको ४७औं, ४८औं र ४९औं सत्रमा संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभाबाट सक्रियतापूर्वक सहभागिता जनाई मानवअधिकार प्रवर्द्धन र संरक्षणमा नेपालको प्रतिवद्धता जनाइएको। नेपालको मताधिकार प्रकट गरिएको ३१औं विशेष सत्रमा अफगानिस्तानमा जनताको आधारभूत मानव अधिकारको सुनिश्चित गर्नुपर्ने धारणा राखिएको।
- माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्काज्यूले १३ फागुन २०७८ मा High-Level Thematic Debate on “Galvanizing Momentum for Universal Vaccination” लाई Virtually सम्बोधन गर्नुभएको।

### क्षेत्रीय कूटनीति

- श्रीलंकाको कोलम्बोमा मिति २०७८ चैत १४-१६ (तद्नुसार २८-३० मार्च २०२२) मा आयोजना भएको बिमस्टेक (BIMSTEC) सदस्य राष्ट्रहरूको पाँचौं शिखर सम्मेलन र सम्बन्धित बैठकहरूमा सम्माननीय प्रधानमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको।

**पाँचौं बिमस्टेक शिखर सम्मेलनमा हस्ताक्षर गरिएका दस्तावेजहरूः-**

- बिमस्टेक बडापत्र (BIMSTEC Charter)
- आपराधिक मामिलामा आपसी कानूनी सहायतासम्बन्धी बिमस्टेक महासन्धी (BIMSTEC Convention on Mutual Legal Assistance in Criminal Matters)
- श्रीलंकाको कोलम्बोमा बिमस्टेक प्रविधि हस्तान्तरण संरचना स्थापनासम्बन्धी आबद्धताको सम्झौता (Memorandum of Association on the Establishment of BIMSTEC Technology Transfer Facility (TTF) in Colombo, Sri Lanka)
- कूटनीतिक तालिमका क्षेत्रमा आपसी सहयोगसम्बन्धी बिमस्टेक समझदारी पत्र (BIMSTEC Memorandum of Understanding on Mutual Cooperation in the Field of Diplomatic Training)

**अन्य बैठकहरूः-**

- एसिया सहयोग सम्वाद (ACD) को २१ जनवरी २०२१ मा आयोजित मन्त्रिस्तरीय बैठक र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूको बैठकमा सहभागी भएको।
- मिति ३१ अक्टोवर देखि १२ नोभेम्बर २०२१ सम्म स्कटल्याण्डको ग्लास्गो सहरमा आयोजना भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन UN Climate Change Conference (COP 26) का अवसरमा १-२ नोभेम्बर २०२१ मा सम्पन्न World Leaders Summit मा सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वको सहभागिता भएको। यस क्रममा १ नोभेम्बरमा बेलायतका अन्तर्राष्ट्रिय व्यापार मन्त्री आना मारी ट्रेवलिन र परराष्ट्र राज्यमन्त्री लर्ड अहमदले सम्माननीय प्रधानमन्त्रीज्यूसँग शिष्टाचार भेट गर्नुभएको।

- सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूबाट संयुक्त राष्ट्रसंघको ७६औं महासभाका अवसरमा आयोजित Food Systems Summit तथा High-level Dialogue on Energy लाई सम्बोधन भएको। सम्माननीय प्रधानमन्त्रीबाट ६ असोज २०७८ मा अमेरिकी राष्ट्रपति Joe Biden द्वारा आयोजित Global Covid-19 Summit लाई भिडियो सन्देश मार्फत सम्बोधन भएको। उपर्युक्त फोरमहरूमा सम्माननीय प्रधानमन्त्रीको तहबाट भएको सम्बोधनले अन्तर्राष्ट्रिय चासोका मुद्दाहरूमा मुलुकको दृष्टिकोण मुखरित हुनुको साथै नेपालको राष्ट्रिय हितको प्रवर्द्धन भएको।
- संयुक्त राज्य अमेरिकाका राष्ट्रपति महामहिम जो वाइडेनद्वारा ०९ डिसेम्बर २०२१ मा आयोजित Democracy Summit मा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा भर्चूअल माध्यमबाट सहभागी हुनुभएको।
- टर्कीको आन्तल्या शहरमा ११ देखि १३ मार्च २०२२ सम्म आयोजना भएको अन्तल्या कूटनीतिक फोरममा परराष्ट्रमन्त्री माननीय डा. नारायण खड्काले सहभागिता जनाउनुभएको। विश्वका विभिन्न मुलुकहरूका विदेशमन्त्रीहरू, नीति निर्माता तथा विशेषज्ञहरू सहभागी उक्त फोरममा परराष्ट्र मन्त्री माननीय डा. खड्काले "लोकतान्त्रिक शासन र सुरक्षा" र एशिया एन्युः एक दिगो क्षेत्रीय वृद्धिका लागि" शीर्षकका दुई अलग-अलग सत्रमा भाग लिनुभएको। उज्वेकिस्तानको राजधानी ताश्कंदमा आयोजित Central and South Asia: Regional Connectivity. Challenges and Opportunities विषयक उच्चस्तरीय अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता भएको।

## कूटनीतिक सम्बन्ध विस्तार

- यस आर्थिक वर्षमा हालसम्म Barbados, Timor-Leste, Republic of Palau, Republic of South Sudan र Belize गरी जम्मा पाँच राष्ट्रहरूसँग नेपालले कूटनीतिक सम्बन्ध स्थापना भई नेपालको कूटनीतिक सम्बन्ध रहेको मुलुकको संख्या **१७६** पुगेको।
- **नेपाल-यूरोपियन युनियन संयुक्त संयन्त्रको बैठकः** नेपाल र यूरोपियन युनियनको संयुक्त संयन्त्रको १३औं वैठक २४ नोभेम्बर २०२१ (०८ मार्ग २०७८) मा काठमाडौंमा सम्पन्न भएको। परराष्ट्र सचिव श्री भरतराज पौड्याल र यूरोपियन युनियनको South Asia and the Pacific, European External Action Service का Deputy Managing Director का H.E. Ms. Paola Pampaloni ले संयुक्त रूपमा अध्यक्षता गर्नुभएको। उक्त बैठकमा ईयुद्वारा लगानी गरिएका हाल सञ्चालित वित्तीय परियोजनाहरूका साथै सन् २०२१ देखि २०२७ का लागि तय गरिएका आयोजनाहरू एवम् आगामी २०२१-२०२७ मा युरोपेली संघबाट नेपाललाई गरिने सहयोग लगायतका विषयमा छलफल भएको।
- **नेपाल-थाईल्याण्ड संयुक्त आयोग (Joint Commission) को पाँचौं बैठकः** नेपाल-थाईल्याण्ड संयुक्त आयोग (Joint Commission) को पाँचौं बैठक मिति २०७८/५/९ (तद्नुसार २५ अगष्ट २०२१) मा भर्चुअल माध्यमबाट आयोजना गरिएको। उक्त बैठकमा प्रविधिक सहायता, लगानी तथा व्यापार, पर्यटन, शिक्षा, जनस्तरको सम्पर्क र कोभिड-१९ ले दुवै मुलुकको जनजीवनमा निम्त्याएको चुनौतीहरू र दुवै मुलुकले मिलेर सोलाई निस्तेज पार्न मिलेर काम गर्नुपर्ने आवश्यकता लगायतका विषयमा दुवै देशका सम्बन्धित निकायका पदाधिकारीहरूको प्रतिनिधित्वमा छलफल भएको।

- **नेपाल र दक्षिण अफ्रिकाबीच द्विपक्षीय परामर्श संयन्त्रको स्थापना/बैठकः** परराष्ट्र सचिव श्री भरतराज पौड्यालबाट भएको दक्षिण अफ्रिका भ्रमणका अवसरमा दुई मुलुकबीच द्विपक्षीय सहयोग एवम् सहकार्य बढाउने उद्देश्यले १० मार्च २०२२ मा नेपाल र दक्षिण अफ्रिकाबीच "Declaration of Intent between the Government of the Republic of South Africa and the Government of Nepal on Cooperation" सम्पन्न भई द्विपक्षीय परामर्श संयन्त्रको स्थापना भएको। उक्त संयन्त्रको पहिलो बैठक मार्च १०, २०२२ मा सम्पन्न भएको। बैठकमा व्यापार, लगानी, पर्यटन, सांस्कृतिक लगायतका नेपाल-दक्षिण अफ्रिका द्विपक्षीय सहकार्यका विषयमा छलफल भएको।
- **नेपाल तथा गणतन्त्र कोरिया (Republic of Korea) का परराष्ट्र मन्त्रालयबीच स्थापित द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) को पाँचौं बैठक** भौतिक उपस्थितिमा ०९ नोभेम्वर २०२१ का दिन काठमाडौंमा सम्पन्न गरिएको।
- **नेपाल-भारत निगरानी संयन्त्रको नवौं बैठकः** नेपालका परराष्ट्र सचिव र नेपालका लागि भारतीय राजदूतको सहअध्यक्षतामा रहेको नेपाल-भारत निगरानी संयन्त्रको नवौं बैठक काठमाडौंमा २०७८ श्रावण ३२ गते (तद्नुसार १६ अगष्ट २०२१) मा सम्पन्न भएको। उक्त बैठकले नेपालमा भारतीय सहयोगमा संचालित आयोजना/ परियोजनाहरूको कार्यान्वयनको अवस्था समीक्षा एवम् सहज कार्यान्वयनका सम्बन्धमा छलफल गरेको।
- **संयुक्त आयोजना अनुगमन समितिको चौथो बैठकः** तराई रोड सम्बन्धी संयुक्त आयोजना अनुगमन समितिको चौंथो बैठक २०७८ भदौ ३१ (तद्नुसार १६ सेप्टेम्बर २०२१) मा भर्चुअल माध्यमबाट सम्पन्न भएको। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव र भारतको विदेश मन्त्रालयका सहसचिव (North) ले सहअध्यक्षता गर्नुभएको सो बैठकले भारतीय सहयोगमा सम्पन्न भएका तराई रोड आयोजनाको हस्तान्तरण गर्ने एवम् बाँकी रहेको एक सडक खण्ड शीघ्र सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरेको।
- **संयुक्त आयोजना अनुगमन समितिको वैठक (JPMC Meeting):** नेपाल सरकार र भारत सरकारबीच Implementation of the Grand Component of India’s Post-Earthquake Reconstruction Package अन्तर्गतको समझदारी पत्र अनुसार संयुक्त आयोजना अनुगमन समिति (JPMC) को बैठक गत असोज १४ गते तद्नुसार ३० सेप्टेम्बर २०२१ मा काठमाडौंमा सम्पन्न भएको। उक्त बैठकको नेतृत्व नेपालको तर्फबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव र भारतको विदेश मन्त्रालयका सहसचिव (North) ले गर्नुभएको।
- **Joint Working Group (JWG) र Project Steering Committee (PSC) को बैठकः** नेपाल-भारत अन्तरदेशीय रेलमार्ग सञ्चालनसम्बन्धी पाँचौं Joint Working Group र रेलमार्ग आयोजनासम्बन्धी सातौं Project Steering Committee का बैठकहरू गत २०-२१ असोज २०७८ (तद्नुसार ६-७ अक्टोबर २०२१) मा नयाँ दिल्लीमा सम्पन्न भएको। ती बैठकहरूमा जयनगर-कुर्था खण्डमा रेल सञ्चालनका लागि Joint Standard Operating Procedure र रक्सौल-काठमाडौं रेलमार्गको Final Local Survey सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको।
- **नेपाल र बंगलादेश ऊर्जा संयन्त्रका बैठकहरूः** नेपाल र बंगलादेशबीच ऊर्जा क्षेत्रमा सहयोगको आदानप्रदान गर्ने सम्बन्धमा दुई मुलुकबीचको ऊर्जा सहसचिवस्तरीय संयन्त्र Joint Working Group (JWG) तथा ऊर्जा सचिवस्तरीय संयन्त्र Joint Steering Committee

(JSC) को तेस्रो बैठक २०७८ भाद्र २८-२९ गते सम्पन्न भएको। नेपाल र बंगलादेशबीच प्रसारण लाइन निर्माण गर्ने, नेपाल, बंगलादेश र भारतबीच त्रिपक्षीय बैठकमार्फत सहमति जुटाई dedicated अन्तरदेशीय प्रशारण लाईनसम्बन्धी कार्य अघि बढाउने र जलविद्युतको क्षेत्रमा सहकार्यको लागि नेपालद्वारा प्रस्तावित पाँचवटा आयोजनाहरूमध्ये पहिलो चरणमा सुनकोशी-३ आयोजना अघि बढाउन डिसेम्बर २०२१ भित्र आयोजनाको स्थलगत भ्रमण गर्ने लगायतका सहमति भएको।

- **नेपाल-भारत Coordination बैठकः** सशस्त्र प्रहरी बल, नेपाल र भारतको SSB बीच रहेको Coordination Meeting को पाँचौं बैठक २०७८ असोज १८ देखि २० तद्नुसार ४-६ अक्टोबर २०२१ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भयो। उक्त बैठकमा नेपाली पक्षको नेतृत्व सशस्त्र प्रहरी बल, नेपालका सशस्त्र प्रहरी महानिरीक्षक र भारतीय पक्षको नेतृत्व एस.एस.बी.का महानिर्देशकले गर्नुभएको थियो।
- **नेपाल-भारत Consultative Group of Security Issues (BCGSI) को बैठकः** Nepal-India Bilateral Consultative Group on Security Issues को चौंधौं बैठक २०७८ कार्तिक ११-१२ तद्नुसार २८-२९ अक्टोबर २०२१ मा भारतको बैंगलुरुमा सम्पन्न भएको। उक्त बैठकमा नेपाली पक्षको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिव एवम् दक्षिण एशिया महाशाखा प्रमुख र भारतीय पक्षको नेतृत्व भारत सरकारको विदेश मन्त्रालयका सहसचिव (North) ले गर्नुभएको।
- **JSC and JWG Meetings on Power Sector:** 9th Meeting of Nepal-India Joint Steering Committee (JSC) and Joint Working Group on Power Sector सम्बन्धी बैठक २०७८ फागुन ११ र १२ तद्नुसार २३-२४ फेब्रुअरी २०२२ मा काठमाडौंमा सम्पन्न भएको। JSC र JWG बैठकहरूको नेतृत्व नेपालको तर्फबाट क्रमशः ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव र सहसचिव एवम् भारतीय पक्षको नेतृत्व भारत सरकारको विद्युत मन्त्रालयका सचिव र सहसचिवले गर्नुभएको।
- **Joint Committee on Inundation and Flood Management (JCIFM):** Nepal-India Joint Committee on Flood Management (JCIFM) को चौधौं बैठक २०७८ फागुन २५ देखि २९ तद्नुसार ९-१३ मार्च २०२२ मा सम्पन्न भएको। सो बैठकमा नेपाली पक्षको नेतृत्व जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक र भारतको तर्फबाट गंगा नियन्त्रण आयोगका सदस्य (योजना) ले गर्नुभएको।
- **BBIN MVA Meeting:** Meeting of Bangladesh, Bhutan, India and Nepal (BBIN) MVA सम्बन्धी बैठक २०७८ फागुन २३-२४ तद्नुसार ७-८ मार्च २०२२ मा भारतको नयाँ दिल्लीमा सम्पन्न भएको। उक्त बैठकमा नेपाली पक्षको नेतृत्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिवले गर्नुभएको। भारतीय पक्षको नेतृत्व भारतको विदेश मन्त्रालयका सहसचिव र बंगलादेशको तर्फबाट बंगलादेशको परराष्ट्र मन्त्रालयको दक्षिण एशियाका महानिर्देशकले गर्नुभएको।
- **Project Monitoring Meeting:** Project Monitoring Committee (PMC) on Nepal-Bharat Maitri Polytechnic Insititute, Hetauda को दोस्रो बैठक २०७८ फागुन ३० तद्नुसार १४ मार्च २०२२ मा काठमाडौंमा सम्पन्न भएको। सो बैठकमा नेपाली पक्षको नेतृत्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव र भारतीय पक्षको नेतृत्व भारतको विदेश मन्त्रालयका सहसचिवले गर्नुभएको।

- **LOC Review Meeting:** भारतीय निर्यात-आयात बैंकको ऋण सहायतामा सञ्चालित आयोजनाहरूको कार्यान्वयनको समीक्षा गर्न तथा कार्यान्वयन क्रियाकलाप प्रभावकारी बनाउन नेपाल-भारतबीच २०७८ चैत १५ तदनुसार २९ मार्च २०२२ मा नवौं LOC Review Meeting काठमाडौंमा सम्पन्न भएको। नेपाली पक्षको नेतृत्व अर्थ मन्त्रालयका सहसचिव र भारतीय पक्षको नेतृत्व भारतको विदेश मन्त्रालयका सहसचिवले गर्नुभएको।
- **Inauguration of Jaynagar- Janakpur Railway Service:** सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको हालै सम्पन्न भारत भ्रमणका क्रममा नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा भारतीय सहयोगमा निर्माण सम्पन्न जयनगर-जनकपुर रेल सेवाको मिति २०७८ चैत १९ गते तद्नुसार २ अप्रिल २०२२ मा उदघाटन भएको।

**अन्य विभिन्न बैठक/सभा/ सम्मेलनमा सहभागिता**

- नेपाल र कम्बोडियाबीच स्थापना भएको Trade and Investment Framework Agreement (TIFA) Council को प्रथम बैठक ८ अप्रिल २०२२ मा नेपालको नेतृत्वमा भर्चुअल माध्यमबाट सम्पन्न भएको। उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयका सचिवको नेतृत्वमा सम्पन्न भएको उक्त बैठकमा दुई देशबीचका पर्यटन, व्यापार तथा लगानीका अवसर र सम्भावनाहरूका बारेमा विस्तृत छलफल भएको।
- नेपाल चीनबीचको रेलवे क्षेत्रमा सहयोग प्रवर्द्धनसम्बन्धी सातौं बैठक भर्चुअल माध्यममार्फत गत २३ डिसेम्बर २०२२ मा सम्पन्न भएको।
- नेपाल र चीनबीचका प्रमुख व्यापारिक नाकाहरू रसुवागढी/गिरोङ तथा तातोपानी/ज्याग्मुमा नेपाली व्यापारीहरूले विभिन्न समस्या व्यहोर्नु परेको गुनासो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतका प्रतिनिधिसहितको सहभागितामा व्यापारिक नाका तथा पूर्वाधारको अवस्थाको स्थलगत अवलोकन गरिएको तथा नाका अवस्थित सरोकारवाला निकायहरूसँग छलफल गरिएको। दैनिक कन्टेनरको संख्या बढाउनका लागि चिनियाँ पक्षसँग कूटनीतिक पहल गरिएको ।

**द्विपक्षीय समझदारी/सम्झौताहरूः**

- नेपाल र दक्षिण अफ्रिकाका परराष्ट्र मन्त्रालयबीच २०७८ फागुन २६ मा Declaration of Intent on Cooperation मा हस्ताक्षर भएको।
- नेपाल र फ्रान्सबीच Agreement on the Establishment and Functioning of the Alliance Francaise of Kathmandu (AFK) सम्पन्न भएको।
- नेपाल र साउदी अरब सरकारबीच General Cooperation Agreement मा हस्ताक्षर गरिएको।
- **नेपाल र भारत सम्बद्ध निम्न सम्झौता/समझदारी पत्रहरू सम्पन्न भएकाः**
  - ❖ Final Local Survey of Raxaul-Kathmandu Broad-gauge Railway
  - ❖ Construction of Bridge over Mahakali River at Darchula (Nepal) - Dharchula (India)
  - ❖ Supply of UREA and DAP to Nepal from India under Government-to-Government Arrangement
  - ❖ Handing-taking over of Jaynagar-Kurtha cross-border rail section between India and Nepal

- ❖ Reciprocal Recognition of COVID Vaccination Certificate
- ❖ Letter of Exchange to Amend Rail Services Agreement (RSA) of 2004
- ❖ MoU for Enhancing Technical Cooperation in Railway Sector
- ❖ Framework Agreement of International Solar Alliance
- ❖ Agreement between NOC and IOC for Supply of Fuel for 5 Years
- ❖ Agreement between NOC and IOC for Sharing Technical Expertise

**कोभिड-१९खोप एवम् स्वास्थ्य सामाग्री सम्बन्धीः**

- महामारी नियन्त्रणका सम्बन्धमा मुलुकहरूले अवलम्बन गरेका असल अभ्यासहरू प्राप्त गरी सम्बन्धित निकायमा पठाइएको।
- महामारीसँग जुध्न आवश्यक स्वास्थ्य उपकरण तथा खोपको लागि शुरूवाती दिनदेखि नै मन्त्रालयले सक्रिय भूमिका निर्वाह गरेको।परिणामस्वरूप नेपाललाई खोप आपूर्तिमा मित्र राष्ट्र चीन, भारत, अमेरिका, बेलायत, सिंगापुर, जापान लगायत मुलुकबाट सहयोग प्राप्त भएको।त्यसैगरी, विभिन्न मुलुकहरूबाट ठूलो परिमाणमा स्वास्थ्य सामाग्री प्राप्त भएको।
- COVID-19 नियन्त्रणका लागि गठित कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMC) मा परराष्ट्र मन्त्रालयको तर्फबाट संयोजन गरिएको।CCMC का निर्देशनहरू विदेशस्थित नियोगहरूमा अवगत गराउने, विदेशमा रहेका नेपाली नागरिकहरू उद्दार गर्ने सम्बन्धमा विदेशमा रहेका नेपाली नियोगहरू र नेपालका विभिन्न निकायहरू (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, गृह मन्त्रालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय) सँग आवश्यक समन्वय गरिएको।

**राहदानी तथा कन्सुलर सेवा प्रवाह सम्बन्धी प्रमुख क्रियाकलापहरूः**

- २०७८ मंसिर ०१ गते औपचारिक समारोह आयोजना गरी राहदानी विभागबाट विद्युतीय राहदानी जारी कार्य आरम्भ गरिएको।हालसम्म द्रुतसेवामा राहदानी विभाग र नियमित सेवामा जिल्ला प्रशासन कार्यालयहरू, इलाका प्रशासन कार्यालयहरू र विदेशस्थित नेपाली नियोगहरूबाट विद्युतीय राहदानी जारी भइरहेको।७७ मध्ये ७० वटा जिल्ला प्रशासन कार्यालय, १८ मध्ये १६ वटा इलाका प्रशासन कार्यालयहरू र ४० मध्ये २२ नेपाली नियोगहरूमा विद्युतीय राहदानी सेवा शुरू भइसकेको।हालसम्म १ लाख ९५ हजार ६ सय ३७ विद्युतीय राहदानी जारी भएको।
- जिल्लाबाट छिटो राहदानी पाउने व्यवस्थाको लागि काठमाडौं उपत्यका र काभ्रेका जिल्ला प्रशासन कार्यालयहरूमा एक हप्ताभित्रै र उपत्यका आसपासका जिल्ला र हवाई सेवा भएका जिल्लाहरूमा दुई हप्ताभित्र राहदानी प्राप्त हुने व्यवस्था मिलाइएको।राहदानी यथा समयमै ढुवानी गरी लानको लागि हुलाक सेवा विभागसँग MOU गरी छिटो राहदानी वितरण हुने व्यवस्था भएको।
- प्रहरी प्रतिवेदनको कन्सुलर प्रमाणीकरण २०७८ भाद्र १३ गतेदेखि पूर्ण रूपमा अनलाईन प्रणालीमा लगिएको।२०७८ चैत मसान्तसम्म १ लाख ७८ हजार १ सय ४० थान पुलिस रिपोर्टको अनलाईन प्रमाणिकरण गरिएको।प्रमाणीकरण गरिएका अन्य कागजातको संख्या १ लाख २८ हजार ४ सय ९२ रहेको।

- कन्सुलर सेवा प्रक्रया सम्बन्धी सूचना/जानकारी प्रवाह गरी सेवा प्रवाह थप सहज, सरल र प्रभावकारी बनाउन कन्सुलर प्रमाणीकरण र कानुनी परामर्श, उद्धार, क्षतिपूर्ति लगायतका सेवा प्रवाहसम्बन्धी कन्सुलर सेवा हातेपुस्तिका मिति २०७८ भाद्र १३ गते प्रकाशन गरी स्थानीय तहमा वितरण कार्य शुरू गरिएको र विभागको वेवसाईटमा राखिएको।

## ८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्त्वपूर्ण आयोजना/योजना/ कार्यक्रमको प्रगतिः

| क्र.सं. | आयोजना/योजना/कार्यक्रम | प्रगति |
|---|---|---|
| १ | नेपालको निर्यात व्यापार, लगानी प्रवर्द्धन र पर्यटन प्रवर्द्धनमा परराष्ट्र मन्त्रालय र विदेशस्थित नियोगहरूले पुऱ्याउन सक्ने सहयोग/भूमिका सम्बन्धमा सातवटै प्रदेशमा अन्तर्क्रिया तथा छलफल | आर्थिक कूटनीति थप प्रभावकारी बनाउन प्रदेश १, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश गरी ५ वटा प्रदेशमा निर्यात व्यापार, लगानी प्रवर्द्धन र पर्यटन प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको। |

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३५५९९० | २५१८९७ | ७०.७६ |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ३९२४७५४ | ३५५७८५२ | ९०.६५ |
| ३२६०००१३३ | सीमा नापी टोली | ३०००० | २४७६ | ८.२५ |
| ३२६०१०११३ | राहदानी विभाग | १२३८७७६ | १२१७४९० | ९८.२८ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | २०७०० | १७९९२ | ८६.९२ |
| | **कुल जम्मा** | **५५७०२२१** | **५०४७७०७** | **९०.६२** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | ४२४४०० | २८२७६० | ६६.६३ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ७५३३७५ | ६८१७५५ | ९०.४९ |
| ३२६०००१३४ | सीमा नापी टोली | ३६७०० | १२६१ | ३.४४ |
| ३२६०१०११४ | राहदानी विभाग | ३२४२५ | ३०७४४ | ९४.८२ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | ७६०० | ६६५४ | ८७.५५ |
| | **कुल जम्मा** | **१२५४५००** | **१००३१७४** | **७९.९७** |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

### चालु खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ४८५०५७ | १७८४८२ | ३६.८० |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ३८२८११३ | २७१०७१६ | ७०.८१ |
| ३२६०००१३३ | सीमा नापी टोली | २६७०० | ११८५ | ४.४४ |
| ३२६०१०११३ | राहदानी विभाग | १००६९०० | ५४९३५ | ५.४६ |
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | ३०७०० | १५६८८ | ५१.१० |
| | **कुल जम्मा** | **५३७७४७०** | **२९६१००५** | **५५.०६** |

### पुँजीगत खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | ५६४९७२ | ४८७८४ | ८.६३ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरू, स्थायी नियोगहरू र महावाणिज्य दूतावासहरू | ८७४१२८ | ८२१२५ | ९.४० |
| ३२६०००१३४ | सीमा नापी टोली | १६६०० | ० | ०.०० |
| ३२६०१०११४ | राहदानी विभाग | १०५०० | ३९७५ | ३७.८६ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | ७५०० | १४८५ | १९.८० |
| | **कुल जम्मा** | **१४७३७००** | **१३६३६९** | **९.२५** |

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## १. पृष्ठभूमि

**भूमि व्यवस्था**

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहीन दलितको हक कार्यान्वयन गर्ने तथा सन् २०३० सम्ममा हासिल गरिसक्नुपर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न, भूमि वर्गीकरण गरी भू-उपयोग योजना तयार गर्न, आधुनिक प्रविधिको प्रयोग मार्फत नाप-नक्सामा शुद्धता कायम गर्दै परम्परागत जग्गा प्रशासनको शैलीमा समय सापेक्ष सुधार गरी भूमि व्यवस्थालाई सुरक्षित, पारदर्शी, विश्वासनीय बनाउन र सम्पूर्ण भूमिलाई कित्ता नापी प्रणालीमा आवद्ध गर्दै भू-सूचना प्रणालीद्वारा अनलाईन सेवा प्रवाह तथा डिजिटल अभिलेख तयार गर्न आवश्यक नीति, कानून, पूर्वाधार तयारी तथा स्रोत साधन परिचालनमा मन्त्रालय क्रियाशील रहेको छ।

**सहकारीः**

सार्वजनिक र निजी क्षेत्रका साथै सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति राज्यले लिएको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्दछ। हाल देशभर विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्था तथा जिल्ला सहकारी संघ, विषयगत जिल्ला सहकारी संघ, विषयगत केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ लगायतका निकायहरू सहकारी क्षेत्रमा क्रियाशील रहेका छन्। वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तिकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ।

**गरिबी निवारण**

नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै वर्ग लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रूपले विपन्न वर्गलाई प्राथमिकता प्रदान गर्ने नीति अंगिकार गरेको छ। नेपालमा विगत दुई दशकदेखि गरिबी निवारणलाई प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिएको छ। गरिबीलाई आयमा आधारित गरिबी, मानवीय गरिबी तथा सामाजिक वञ्चितिकरण गरी मूलतः तीन आयाममा विभाजन गरिएको छ। हाल विभिन्न निकायबाट गरिब लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन। यी कार्यक्रमहरू वास्तविक लक्षित वर्गमा मात्र केन्द्रित हुने सुनिश्चित गर्न गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा रहेका छन्। यसबाट नेपालीको समग्र गरिबी र मानव विकास सूचकहरूमा उल्लेखनीय सुधार आएको छ। दिगो विकास लक्ष्य हासिल गर्न बहु-आयामहरूलाई सम्बोधन गर्दै गरिबहरूको प्रतिव्यक्ति आयमा वृद्धि गर्नुका साथै भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरूबीच विद्यमान रहेको आर्थिक असमानता न्यूनीकरण गर्न रूपान्तरणीय प्रयास भइरहको छ। त्यसैगरी, गरिबी न्यूनीकरण अन्तर सम्बन्धित विषय भएकाले यसका लागि सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारको एकीकृत र समन्वयात्मक भूमिकाको अपरिहार्यता महशुस गरिएको छ।

## २. दीर्घकालीन सोच

समन्यायिक, उत्पादनमूखी र दिगो भूमि व्यवस्था, आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता र सबै प्रकारको गरिबी मुक्त समाज निर्माण गर्ने।

## ३. उद्देश्य

- भूमिको समुचित उपयोग मार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्ने,
- योजना तर्जुमा, विपद् व्यवस्थापन तथा विकास निर्माणको लागि आवश्यक शुद्ध एवम् विश्वासनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउने,
- भूमि व्यवस्थालाई आधुनिक, प्रविधियुक्त, सरल, पारदर्शी र पहुँचयोग्य बनाउने,
- सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तिकरणको प्रक्रियामा सहभागी गराउने,
- सहकारी मूल्य र सिद्धान्तहरूको अनुशरण तथा पारस्पारिकता र स्वावलम्वनको संस्कार विकास र सुशासन कायम गर्ने,
- सहकारी संघसंस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउन ती संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- गरिब पहिचान एवम् गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने,
- गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने,
- राज्यको स्रोत, साधनमा गरिबको सहज पहुँच स्थापित गर्ने।

## ४. रणनीति

- भू-उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने,
- भूमिहीन दलित, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमिमाथिको अधिकार र पहुँच सुनिश्चित गर्ने,
- आधुनिक प्रविधिमा आधारित नापनक्साका आधारभूत पूर्वाधारहरू तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना व्यवस्थापन गर्ने,
- भौगोलिक सूचना पूर्वाधारको अवधारणाबमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने,
- कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमिनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने,
- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने,
- आधुनिक प्रविधिमा आधारित भूमिसम्बन्धी अभिलेखहरूको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने,
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने,
- सहकारीको माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय एवम् प्राविधिक सहयोग उपलब्ध गराउने,

- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रवन्ध मजबुत बनाउने,
- सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने,
- सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने,
- कृषि, वायोग्याँस प्लान्ट स्थापना र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने,
- सर्वेक्षण मार्फत गरिब घरपरिवार पहिचान गरी अद्यावधिक विवरण राख्ने,
- पहिचान भएका गरिब लक्षित गरी गरिबी निवारण योजना, कार्यक्रम तथा आयोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने,
- रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने,
- उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी यसमा गरिबको पहुँच सुनिश्चित गर्ने,
- गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत साधनमा गरिबहरूको पहुँच सुनिश्चित गर्ने,
- आधारभूत आवश्यकताका वस्तु तथा सेवामा गरिबहरूको पहुँच सुनिश्चित गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७८ | ७६ | २ | ० |
| २. | नापी विभाग र अन्तर्गत | २९९० | २०९६ | ८९४ | ३ |
| ३. | भूमि व्यवस्थापन तथा अभिलेख विभाग र अन्तर्गत | ३१५८ | २९९८ | १६० | ० |
| ४. | सहकारी विभाग | ३१ | २८ | ३ | ० |
| ५. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ३९ | ३७ | २ | ० |
| ६. | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | २४ | २३ | १ | ० |
| ७. | राष्ट्रिय भूमि आयोग | ६५३ | ४४५ | २०८ | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १३७ | गैर कानूनी रूपमा कब्जा गरिएका सार्वजनिक, सरकारी र गुठी जग्गाको खोज तथा पहिचान गर्ने सडक र सोको राइट अफ वे लगायत नेपाल सरकारले विभिन्न आयोजनाका लागि प्राप्त गरेका जग्गाको लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्ने। | • नेपाल सरकारले विभिन्न आयोजनाका लागि प्राप्त गरेका जग्गाको लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्न सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको। |
| १३८ | भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोबासीको पहिचान गरी लगत सङ्कलन, सत्यापन र अभिलेखाङ्कन कार्य गर्ने। | • ४ सय १९ स्थानीय तहमा सम्झौता सम्पन्न भएको र अन्यमा कार्य प्रक्रियामा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नाप नक्साङ्कन तथा पुर्जा वितरण गर्ने। | • ६८ स्थानीय तहमा नाप-नक्साङ्कन कार्य भएको साथै सिन्धुली, चितवन र झापामा १ सय ५२ जग्गाधनी पूर्जा वितरण गरिएको। |
| | विगतका आयोग समिति वा कार्यदल र जग्गा दर्ता समितिले वितरण गरेका जग्गासँग सम्वन्धित अधुरा कार्य सम्पन्न गर्ने। | • ५० अधुरा कार्य सम्पन्न गरी जग्गाधनी पूर्जा वितरण गरिएको। |
| १४० | भू-सूचना प्रणालीमा आधारित भू-उपयोग नक्सा डाटा हस्तान्तरण गर्ने। | • देशभरका सम्पूर्ण ७ सय ५३ स्थानीय तहको भू-उपयोग नक्सा डाटा हस्तान्तरण गरिएको। |
| | भू-उपयोग योजना तर्जुमा गर्न प्राविधिक सहयोग गर्ने। | • झापा, धनुषा काभ्रे, मकवानपुर, कास्की, दाङ जिल्लामा प्राविधिक सहयोग गरिएको। |
| १४१ | जग्गासम्बन्धी डिजिटल अभिलेख सुरक्षित भण्डारण र व्यवस्थापन गर्ने। | • डाटा सेन्टर निर्माण सम्बन्धमा खरिद कार्यको सम्झौता भएको। |
| | सबै मालपोत कार्यालयहरूमा विद्युतीय प्रणालीमा आधारित जग्गा प्रशासनसम्बन्धी सेवा विस्तार गर्न देशभर LRIMS लागू गर्ने। | • १ सय २६ वटा मालपोत कार्यालयमा Land Record Information Management System (LRIMS) प्रणाली लागू भई अनलाईन प्रविधिमा आधारित सेवा प्रवाह भएको। |
| | सेवाग्राहीले घरबाट नै जग्गा दर्ता, नामसारी लगायतका जग्गा प्रशासनसँग सम्बन्धित कार्य गर्न PAM प्रणाली विस्तार गर्ने। | • ७४ वटा भूमिसुधार/मालपोत कार्यालयमा Public Access Module (PAM) प्रणाली विस्तार गरिएको। |
| | मोठ श्रेस्ता रोक्कासम्बन्धी विवरण DMS प्रणालीमा आवद्ध गर्ने। | • २० वटा कार्यालयमा मोठ श्रेस्ता रोक्कासम्बन्धी विवरण DMS प्रणालीमा आवद्ध भएको। |
| १४२ | NeLIS सञ्चालनमा ल्याउने। | • ३१ वटा नापी कार्यालयहरूमा Nepal Land Information System (NeLIS) सञ्चालन गरिएको। |
| | मेरो कित्ता प्रणाली सञ्चालन ल्याउने। | • ३५ वटा नापी कार्यालयमा मेरो कित्ता प्रणाली सञ्चालन गरिएको। |
| १४३ | पश्चिम तराईका २० हजार वर्ग किलोमिटर क्षेत्रको लाईडर सर्वेक्षणबाट प्राप्त भू-सूचना प्रशोधनबाट DEM तथा Orthophoto तयार गर्ने। | • लाईडर डाटा प्रशोधन कार्य अन्तर्गत Vertical Accuracy Assessment को प्रारम्भिक प्रतिवेदन तयार भई Digital Evaluation Model (DEM) Generation को कार्य शुरू भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पूर्वी तराईका १५ हजार वर्ग किलोमिटर क्षेत्रको लाईडर सर्वेक्षणबाट नाप नक्साङ्कन कार्य गर्ने। | • JICA बाट २०७८ चैतमा सुचना प्रकाशन हुने गरी परिमार्जित समय तालिका प्राप्त भएको। |
| १४४ | सामाजिक एवम् आर्थिक सशक्तिकरण र उत्पादनशील क्षेत्रमा सहकारी संघ संस्थालाई परिचालन गर्ने | • २ वटा सहकारी व्यवसाय प्रवर्द्धन तालिम तथा सहकारीसम्बन्धी ४ वटा MTOT तालिम सम्पन्न भएको। |
| | सहकारी संस्थाहरूलाई Cooperatives and Poverty Management Information System (CoPOMIS) मा आवद्ध गर्ने। | • ११ हजार ४ सय १३ सहकारी संस्थालाई Cooperatives and Poverty Management Information System (CoPoMIS) मा आवद्ध गरिएको। |
| १४५ | सहकारी संघ संस्थाहरूको साझेदारीमा व्यावसायिक आयोजनाको लागि पुँजीगत अनुदान वितरण गर्ने। | • सहकारी संस्थाको साझेदारिमा ३ वटा सहकारी संस्थालाई पुँजीगत अनुदान वितरण गरिएको। |
| १४६ | सहकारी संघ संस्था र स्थानीय तहसँगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गर्ने। | • श्री अको कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बेनीघाट रोराङ धादिङ, सलाङ्घाट फलफूल तथा तरकारी सहकारी संस्था लिमिटेड, बेनीघाट रोराङ, धादिङ, साना किसान कृषि सहकारी संस्था लिमिटेड, हाडिंखोला, मनहरी, मकवानपुरमा तरकारी तथा फलफूल सङ्कलन केन्द्र निर्माण कार्य सम्पन्न गरिएको। साथै, विदुर नगरपालिका नुवाकोटमा जिल्लास्तरीय सहकारी बजार भवन, भरतपुर चितवनमा क्षेत्रीय सहकारी बजार, महालक्ष्मीस्थान, ललितपुरमा सेटलाइट सहकारी बजार, रत्ननगर नगरपालिका चितवनमा पालिकास्तरीय सहकारी बजार र बनेपा नगरपालिका, काभ्रेमा जिल्ला सहकारी बजार निर्माण कार्यको शुरूवात गरिएको। |
| १४७ | रोजगारीका अवसर विस्तार गर्ने सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरणका लागि प्राविधिक सहयोग र प्रतिफलमा आधारित अनुदान उपलब्ध गराइने। | • २० वटा सहकारी संस्थाहरूलाई सामाग्री तथा प्राविधिक सहयोग गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १४८ | २६ जिल्लाका विगतमा तयार भएको गरिब घर परिवार परिचयपत्रसम्बन्धी विवरण अद्यावधिक गरी वितरण गर्ने | • विवरण अध्यावधिक भई करिव ५ हजार गरिब घर परिवार परिचयपत्र वितरण भएको। |
| | ३८ जिल्लाका विगतमा संकलित गरिब घर परिवारसँग सम्बन्धित तथ्याङ्क प्रशोधन गर्ने। | • २३ जिल्लाबाट प्राप्त तथ्याङ्क प्रशोधन सम्पन्न गरी गुनासो सुनुवाइका लागि स्थानीय तहमा पठाइएको। १५ जिल्लाबाट प्राप्त तथ्याङ्क प्रशोधनको क्रममा रहेको। |
| | १३ जिल्लाका गरिब घर परिवारलाई परिचयपत्र वितरण गर्ने। | • १३ जिल्लामा तथ्याङ्क सङ्कलन कार्य प्रारम्भ भएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ | नयाँ तर्जुमा |
| २. | राष्ट्रिय भूमि आयोग गठन (प्रथम संशोधन) आदेश, २०७८ | संशोधन |
| ३. | राष्ट्रिय भूमि आयोग गठन (दोस्रो संशोधन) आदेश, २०७८ | संशोधन |
| ४. | कञ्चनपुर जिल्ला बेदकोट नगरपालिका अन्तर्गतका जग्गा नापजाँच सम्बन्धी गठन आदेश, २०७८ | नयाँ तर्जुमा |
| ५. | डिजिटल प्रणाली मार्फत जग्गा नापनक्सा तथा जग्गा प्रशासन सम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ६. | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ७. | विगतका आयोग, समिति र कार्यदलका बाँकी काम समाप्त गर्ने सम्बन्धी कार्यविधि,२०७८ | संशोधन |

### ख. प्राथमिकता प्राप्त आयोजनाहरू

**पहिलो प्राथमिकता प्राप्त कार्यक्रम (P1)**

**१. मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम**

जनताको मुख्य सम्पत्तिको रूपमा रहेको जग्गाको विवरणलाई व्यवस्थित तवरबाट भण्डारण गर्न भूमिसुधार तथा मालपोत कार्यालयहरूको भवन निर्माण, श्रेस्ता वाईण्डिङ्ग तथा तामेली व्यवस्थापन, भौतिक अवस्थामा सुधार, कर्मचारीहरूको वृत्ति विकासका साथै देशभरका १ सय २६ भूमिसुधार तथा मालपोत कार्यालयमा Land Record Information Management System (LRIMS) लागू गरी जग्गाको कारोबार अनलाईन मार्फत हुने व्यवस्था मिलाइएको। मालपोत कार्यालयहरूमा सेवाग्राहीहरूको चाप कम गर्न Online Appointment System लागू गर्न प्रारम्भिक कार्य भइरहेको। सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाईन प्रविधि मार्फत जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्न सक्ने प्रणाली Public Access Model (PAM)

७४ वटा भूमिसुधार तथा मालपोत कार्यालयमा लागू गरिएको । साथै, सोही प्रणालीबाट बैंक, वित्तीय संस्था तथा सञ्चय कोषले मालपोत कार्यालयमा नगईकनै जग्गा रोक्का फुकुवा गर्न सक्ने प्रविधि विकास गरिएको। जनताको सम्पत्तिको रूपमा रहेको जग्गाको लिखत ७ लाख ८४ हजार पाना स्क्यानिङ्ग भएको। LRIMS र Nagarik App मा Integration भई जग्गाधनी स्वयंले आफ्नो जग्गा र रोक्काको विवरण हेर्न सकिने प्रविधि विकास गरिएको।

२. **जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रमः** जग्गा प्रशासनलाई चुस्त, दुरुस्त, सेवाग्राहीमैत्री, प्रविधिमैत्री बनाउने तथा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्ने सन्दर्भमा ४ सय १९ स्थानीय तहमा सम्झौता सम्पन्न भएको, ६८ स्थानीय तहमा नाप-नक्साङ्कन कार्य भएको साथै सिन्धुली, चितवन र झापामा १ सय ५२ जग्गाधनी पूर्जा वितरण गरिएको तथा ५० अधुरा कार्य सम्पन्न गरी जग्गाधनी पूर्जा वितरण गरिएको।

३. **कित्तानापी तथा नापी कार्यालय सुदृढीकरण कार्यक्रमः** सरकारी, सार्वजनिक एवम् व्यक्तिगत जग्गाहरूको नापनक्सा गरी कित्तामा आधारित भूमि लगत तयार गरी राज्यको जग्गा प्रशासन तथा व्यवस्थापन कार्यमा सहयोग पुर्‍याउने तथा नापी कार्यालयहरूको भवन निर्माण, नक्सा डाटाको व्यवस्थापन तथा कार्यालयको भौतिक अवस्थामा सुधारसम्बन्धी कार्यक्रम गर्न नापी कार्यालयहरूबाट प्रदान गरिने नक्सा प्रिन्ट लगायतका सेवा अनलाईन मार्फत जुनसुकै स्थानबाट प्राप्त गर्न विकास गरिएको “Merokitta” प्रणाली र नेपाल भू-सूचना प्रणाली (Nepal Land Information System -NeLIS) ३५ नापी कार्यालयमा लागू गरिएको। कित्तानापी नापनक्सा गर्ने कार्य अन्तर्गत विशेष नापी ८ हजार ३ सय १९ हेक्टर, गाउँब्लक नापी २ सय ३८ हेक्टर, पुनः नापी ६ सय १ हेक्टर गरी जम्मा ९ हजार १ सय ५७ हेक्टर नापनक्सा सम्पन्न भएको र पुर्जा वितरण तर्फ पुनःनापीबाट ६ सय १, गाउँब्लकबाट ११ हजार १ सय ४१, विशेष नापीबाट ७ हजार ९ सय २३ गरी जम्मा १९ हजार ६ सय ६५ जग्गाधनी पूर्जा वितरण गरिएको।

४. **स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रमः** नेपालको भू-उपयोग (Land Use), भू-क्षमता (Land Capability) र भू-प्रणाली (Land System) नक्साहरू तयार गर्ने, दूर सम्वेदन प्रविधिबाट भूमिस्रोत तथा स्थलरूप नक्साहरू तयार तथा अद्यावधिक गर्ने। नाप नक्सासँग सम्बन्धित डिजिटल डाटाहरूको व्यवस्थित अभिलेखीकरण गर्दै Geoportal मार्फत भौगोलिक सूचना पूर्वाधारलाई सवलीकरण गर्न, भौगोलिक सूचना उत्पादनमा हुनसक्ने दोहोरोपना हटाउन, एकरूपता कायम गर्न र विभिन्न निकायबाट उत्पादित भौगोलिक सूचनाको सहज अन्तर-सञ्चालनशीलताको लागि राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार नीति, २०७८ को मस्यौदा तयार भएको। भूमिको वैज्ञानिक वर्गीकरण, समुचित उपयोग तथा दिगो व्यवस्थापनका लागि तयार भएको भू-उपयोग नक्सा/डाटा देशभरका ७ सय ५३ स्थानीय तहहरूमा हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको।

५. **खगोल तथा भू-मापन कार्यक्रमः** परिशुद्ध नापनक्साको पूर्वाधारको रूपमा देशभर स्थापना गरिएका विभिन्न दर्जाका नियन्त्रण विन्दुहरू एवम् समुद्री सतह देखिको उचाइ विन्दु चिन्हहरू (Bench Marks) को अत्याधुनिक प्रविधिको प्रयोग गरी स्थापना, सञ्जालीकरण, सम्भार, संरक्षण र व्यवस्थापन; ग्राभिटी नक्सा (Gravity Anomaly) तयार गर्ने तथा विभिन्न

निकायहरूलाई आवश्यक पर्ने नियन्त्रण विन्दु, उचाइ विन्दुको तथ्याङ्क उपलब्ध गराउन खोटाङ्ग र रामेछाप जिल्लामा पर्ने अघौलीदेखि दिक्तेल बजारसम्म २५ कि.मि र खुर्कोट देखि मन्थली एयरपोर्टसम्म १८ कि.मि. गरी ४३ कि.मि. समतलन कार्यका लागि मनुमेन्टेशन कार्य सम्पन्न। १ सय १० कि.मि. ग्राभिटी फिल्ड कार्य र डाटा प्रशोधन कार्य सम्पन्न। हर्कपुरदेखि हलेसीसम्म दोस्रो दर्जा समतलन सर्भेक्षण ४२ कि.मि. र रामटारदेखि धुलिखेलसम्म ४० कि.मि.प्रथम दर्जा समतलन सम्पन्न। नापनक्सा हुने २० जिल्लाको Control Network सुदृढीकरण गर्न जि.एन.एस.एस सर्भेक्षण कार्य भएको।

६. **सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रः** सहकारी शिक्षा, सूचना तथा प्रशिक्षणसँग सम्बन्धित क्रियाकलापहरूका माध्यमबाट देशको सहकारी क्षेत्रको प्रवर्द्धन, आवद्ध जनशक्तिहरूको क्षमता अभिवृद्धि तथा सहकारी क्षेत्रमा केन्द्रित रही अध्ययन, अनुसन्धान एवम् विकासमा नेतृत्वदायी भूमिका निर्वाह, उद्यमशिलता विकास गर्न र स्वःरोजगारी सृजना गर्न ५ सय ६० जनालाई व्यवसाय प्रवर्द्धन सम्बन्धी विभिन्न किसिमका तालिम प्रदान गरिएको।

७. **सहकारी क्षेत्र सुदृढीकरण आयोजनाः** सहकारी क्षेत्रको विकास, भौतिक अवस्थामा सुधार, सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको वृत्ति विकाससम्बन्धी तालिम /गोष्ठी सञ्चालन साथै सहकारी क्षेत्रको प्रवर्द्धन गर्ने कार्य भइरहेको। सहकारी क्षेत्रको प्रवर्द्धन, विस्तार तथा पुनर्निर्धारणसम्बन्धी कार्यविधि, २०७८ स्वीकृति लागि पेश गरिएको, सहकारी संस्थाहरूले वित्तीय कारोबार गर्दा लिने व्याजदरमा सीमा कायम गर्नका लागि सन्दर्भ व्याजदर निर्धारण भएको। सहकारी संस्थाको प्रवर्द्धन तथा व्यवसाय विस्तारका लागि नेपाल सरकारबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ स्वीकृत भएको। सहकारी व्यवसाय प्रवर्द्धन तालिम २ र सहकारी सम्बन्धी MTOT तालिम ४ वटा सम्पन्न भएको। सहकारी सम्बन्धी एकीकृत तथ्याङ्कको लागि विकास गरिएको Cooperatives and Poverty Management Information System (CoPOMIS) प्रणालीमा ११ हजार ४ सय १३ सहकारी संस्थालाई आवद्ध गरिएको। सहकारी मार्फत व्यवसायिक प्रवर्द्धन गर्न प्रतिफलमा आधारमा विगतमा सम्झौता भई अनुदान दिन बाँकी ३ वटा सहकारी संस्थालाई पुँजीगत अनुदान वितरण गरिएको।

८. **गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमः** देशभरिका गरिब घरपरिवार पहिचान गरी गरिबी न्यूनीकरणका लागि गरिब लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत २६ जिल्लाका विगतमा तयार भएको गरिब घर परिवार परिचयपत्र सम्बन्धी विवरण अद्यावधिक गरी करिव ५ हजार गरिब घर परिवार परिचयपत्र वितरण भएको, २३ जिल्लाका २ सय १४ स्थानीय तहहरूको गरिब परिवार पहिचान गरी प्रारम्भिक सूची स्थानीय तहहरूमा पठाई गुनासो सुनुवाई प्रक्रिया शुरू भएको, १५ जिल्लाका १ सय ८३ स्थानीय तहको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भई तथ्याङ्क विश्लेषण गरी गरिब परिवार पहिचान गर्ने कार्य भइरहेको, १३ जिल्लाका १ सय १५ स्थानीय तहमा तथ्याङ्क सङ्कलनका लागि ११ वटा MTOT र TOT तालिम सञ्चालन गरी तथ्याङ्क सङ्कलन कार्य भइरहेको।

९. **गरिबी निवारण कोषः** गरिब विपन्न समूदायमा केन्द्रित रही लक्षित समुदायहरूलाई सामुदायिक संस्थाहरू मार्फत सङ्गठित गरी गरिब लक्षित कार्यक्रम सञ्चालन गरी जीवनयापनमा सुधार गर्ने।

## ग. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरूः

- **जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रमः**
  भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी लगत सङ्कलन, सत्यापन र अभिलेखाङ्कन कार्य अन्तर्गत ४१९ स्थानीय तहमा सम्झौता सम्पन्न भएको। ३९५ स्थानीय तहमा लगत सङ्कलनका लागि ३५ दिने सूचना प्रकाशन गरिएको। ६८ स्थानीय तहमा नापनक्साङ्कन कार्य भइरहेको साथै सिन्धुली, चितवन र झापामा नापनक्सा सम्पन्न गरी १५२ जग्गाधनी पूर्जा वितरण गरिएको। विगतको आयोगबाट पूर्ण हुन नसकेका अधुरा कार्यहरू सम्पन्न गरी ५० जग्गाधनी पूर्जा वितरण गरिएको।

## घ. अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भईरहेका आयोजनाहरूः

- सहकारी बजार विकास कार्यक्रम (CMDP) नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (MOLCPA) तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्वारा सन् २०१८ फेब्रुअरीबाट शुरू भएको। यसले फलफूल तथा तरकारी उत्पादन गर्ने कृषकहरूको आम्दानीमा वृद्धि तथा जीविकोपार्जनमा सुधार ल्याउन एवम् उपभोक्तालाई उचित मूल्यमा ताजा फलफूल तथा तरकारीको परिपूर्तिको सुनिश्चितता गर्न फलफूल तथा तरकारीको सहकारी बजार प्रणाली विकास गर्ने उद्देश्य लिएको छ। यस कार्यक्रम अन्तर्गत श्री अको कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बेनीघाट रोराङ, धादिङमा सङ्कलन केन्द्र निर्माण कार्य सम्पन्न गरिएको। कृषकहरूले उत्पादन गरेको तरकारी तथा फलफूल बजारसम्म ढुवानी गर्न २० वटा सहकारी संस्थाहरूलाई ढुवानी साधन उपलब्ध गराइएको। चाबहिल सहकारी बजार सवलीकरण अन्तर्गत तरकारी तथा फलफूल बजारीकरणका लागि अनलाईन वेबसाईट तथा मोबाईल एपको मस्यौदा तयार भएको। बेनीघाट, रोराङ धादिङमा पालिकास्तरीय सहकारी बजार निर्माणको कार्य ५ वटा सम्पन्न भई बजार सञ्चालनमा रहेको।
- जर्मन प्राविधिक सहायता अन्तर्गत देशको कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा Local and Provincial Economic Development (LPED) परियोजना अन्तर्गत कृषि उत्पादन र उत्पादकत्वको प्रवर्द्धनमा सहयोग पुऱ्याइएको।

## ङ. अन्य सम्पादित महत्त्वपूर्ण कार्यहरूः

- सबै मालपोत कार्यालयलाई पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव नगरी प्रचलित कानूनबमोजिम सबै अंशियारले अंश पाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि परिपत्र गरिएको।
- सार्वजनिक, सरकारी जग्गाको संरक्षणको लागि त्यस्ता जग्गाहरूको जिल्लागत र पालिकागत विवरण तयार भइरहेको।
- राष्ट्रिय सहकारी नीति, २०६९ मा समायानुकुल परिमार्जन गर्न माननीय मन्त्रीस्तरबाट समिति गठन भई सो सम्बन्धी कार्य भइरहेको।
- भू-उपयोग नियमावली मस्यौदा तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद् पठाइएको।

- भूमि सम्बन्धी नियमावली संशोधन मस्यौदा सहमतिका लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको।
- मुक्त कमैया, कमलरी, हलियाको पुनःस्थापनको अवस्था अध्ययन तथा हरूवा चरुवाहरूको अवस्था अध्ययनको लागि अध्ययन कार्यदल गठन भई लुम्बिनी प्रदेश तथा सुदूरपश्चिम प्रदेशका केही जिल्लाको वस्तुस्थितिको अध्ययन सम्पन्न भएको।

## ८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्त्वपूर्ण आयोजना/योजना/ कार्यक्रमको प्रगतिः

- जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहबाट नियुक्त भएका गणक तथा सुपरिवेक्षकहरूलाई तालिम प्रदान गरी गरिब घर परिवार पहिचान गर्न तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित पालिकाहरूमा कर्मचारी खटाइएको।
- ३ सय ३८ स्थानीय तहमा गरिबसँग विश्वेश्वर कार्यक्रम मार्फत गरिब लक्षित कार्यक्रम सञ्चालन गरिएको।
- मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिको बैठक बसी आवश्यक छलफल एवम् अन्तरक्रिया गरिएको।
- संघीय सरकारबाट तयार भएको भू-उपयोग नक्सा/डाटा सम्बन्धित स्थानीय तहमा हस्तान्तण भई प्राविधिक अभिमुखीकरण गरिएको।
- सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (Cooperatives and Poverty Management Information System- CoPoMIS) मा सहकारी संस्थाहरूलाई आवद्ध गर्न विभिन्न स्थानीय तहको समन्वयमा तालिम सञ्चालन गरिएको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३७७२७३ | २६५६५० | ७०.४१ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | ९०४९८ | ३४३४४ | ३७.९५ |
| ३३६००१०२३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | २४५५०० | २१६३९५ | ८८.१४ |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | २५२५५० | १८०१५७ | ७१.३४ |
| ३३६०१०११३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | १०५७६० | ४९७०५ | ४७.०० |
| ३३६०१०१२३ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | १८२२१३० | १४३९७४३ | ७९.०१ |
| ३३६०११०१३ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १६६९०० | १३५३७४ | ८१.११ |
| ३३६०२०११३ | नापी विभाग | ६९५०० | ५२७६४ | ७५.९२ |
| ३३६०२०१२३ | नापी कार्यालयहरू | १६२०८७२ | १२७४९६१ | ७८.६६ |
| ३३६०२१०१३ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | १४२६०२ | ११३२३३ | ७९.४० |
| ३३६०२१०२३ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १७७७५७ | १६६४५५ | ९३.६४ |
| ३३६०२१०३३ | खगोल तथा भू-मापन कार्यक्रम | ५७३०० | ५०११७ | ८७.४६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०३०११३ | सहकारी विभाग | २७३०० | २२६८० | ८३.०८ |
| ३३६०३०१२३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ५१८०० | ३१७४९ | ६१.२९ |
| ३३६०३१०१३ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १५५१०० | ४४७२६ | २८.८४ |
| ३३६०४०११३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १०४००० | ७०३५८ | ६७.६५ |
| ३३६३१०११३ | राष्ट्रिय सहकारी विकास बोर्ड | ५४४०० | ४६०७२ | ८४.६९ |
| ३३६५१०११३ | गरिबी निवारण कोष | ४७८५० | १६३६७ | ३४.२० |
| | कुल जम्मा | ५५६९०९३ | ४२१०८५० | ७५.६१ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३००० | २७२६ | ९०.८७ |
| ३३६००१०१४ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | १८६०० | १५५६५ | ८३.६८ |
| ३३६००१०३४ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | ६०७१० | २६१५३ | ४३.०८ |
| ३३६०१०११४ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | ६४०० | ५५७५ | ८७.११ |
| ३३६०१०१२४ | भूमि सुधार तथा मालपोत कार्यालयहरू | ५८७०० | ५३५५५ | ९१.२३ |
| ३३६०११०१४ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | २५८००० | १८०६१६ | ७०.०१ |
| ३३६०२०११४ | नापी विभाग | ४६०० | ४३०३ | ९३.५५ |
| ३३६०२०१२४ | नापी कार्यालयहरू | ७३९५९ | ६७९२४ | ९१.८४ |
| ३३६०२१०१४ | कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम | ४२३०४५ | ३२०६६९ | ७५.८० |
| ३३६०२१०२४ | स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम | १५५२६५३ | ६४५१०० | ४१.५५ |
| ३३६०२१०३४ | खगोल तथा भू-मापन कार्यक्रम | ६२०८७ | ४१०२४ | ६६.०८ |
| ३३६०३०१२४ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ५२०० | २६२४ | ५०.४६ |
| ३३६०३१०१४ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | १६२०० | ८१३२ | ५०.२० |
| ३३६०४०११४ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १४४०० | १३८६२ | ९६.२७ |
| ३३६५१०११४ | गरिबी निवारण कोष | ५००० | ० | ०.०० |
| | कुल जम्मा | २५६२५५४ | १३८७८२९ | ५४.१६ |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०००११३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०९८३६ | ६५९४४ | २१.२८ |
| ३३६००१०१३ | गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) | ११४२०० | ३३००४ | २८.९० |
| ३३६००१०२३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | १८०५६४ | ७१६१९ | ३९.६६ |
| ३३६००१०३३ | जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम | ६१८८०० | ५४८५१ | ८.८६ |
| | | • ५७ वटा बाल गृहहरू मार्फत ती बाल गृहरूमा रहेका ३ सय ५२ जना बालबालिकाको पारिवारिक पुनःमिलन गरिएको छ भने ३३ जना बालबालिकाको संस्थागत पुनःस्थापनासहित ३ सय ८५ बालबालिकाको पारिवारिक पुनःमिलन तथा पुनःस्थापना गरिएको। |
| ८० | सबै प्रदेशमा अपाङ्गता पुनःस्थापना केन्द्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिने। बौद्धिक अपाङ्गता भएका बालबालिकाको उपचार सेवालाई सहज र प्रभावकारी बनाइने। अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामाग्रीको उत्पादन गर्ने संस्थालाई अनुदान उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइएको। सार्वजनिक भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाइने। | • अपाङ्गमैत्री नेपाल घोषणा सम्बन्धी सूचक तयार गर्ने कार्यका लागि परामर्शदाताको प्रस्ताव छनौट भएको।<br>• पाँचवटा संघीय मन्त्रालयहरूमा अपाङ्गता पहुँच परिक्षण गरी प्रतिवेदन तयार गर्ने कार्यका लागि परामर्शदाताबाट प्रस्ताव प्राप्त भएको।<br>• अपाङ्गता भएका व्यक्तिहरूको लागि १ हजार ९२ थान सहायक सामग्री उत्पादन तथा वितरण गरिएको। |
| ८३ | राज्यका सबै अङ्गमा लैङ्गिक समानताको नीति अवलम्बन गरिने। नेपाल सरकारबाट अनुदान प्राप्त गरी सञ्चालन हुने निकायको कार्यकारी तहमा न्यूनतम ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने। | • लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भएको। |
| ८४ | राष्ट्रपति महिला उत्थान कार्यक्रमको माध्यमबाट महिला उद्यमशीलता विकास गरिने। विपन्न महिलालाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा संलग्न गराइने। सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरिने। दुर्गम क्षेत्रका गर्भवती तथा | • महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र स्थापनाका लागि प्रति केन्द्र २ लाखका दरले १ सय वटा स्थानीय तहमा बजेट तथा कार्यक्रम हस्तान्तरण गरिएकोमा ३५ स्थानमा महिला उद्यमशीलता सहजीकरण केन्द्र व्यवस्थापन समिति गठन भएको।<br>• दुर्गम क्षेत्रका जोखिममा परेका १ सय ३२ जना गर्भवती तथा सुत्केरी महिलाको हवाइ उद्दार गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुत्केरी महिलाको हवाई उद्दार गर्ने कार्यलाई थप प्रभावकारी बनाइने। | |
| ८५ | सामाजिक कलङ्कको रूपमा रहेको दाइजो प्रथाको अन्त्य गरिने। महिला विरूद्धका कुरीति, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण, महिला शिक्षाका कार्यक्रम सञ्चालन गरिने। महिला हिंसा विरूद्ध कडा कानूनी प्रबन्ध गरिनेछ। घरेलु हिंसामा परेका वेवारिसे महिलालाई संरक्षण गर्न भक्तपुरको सूर्यविनायकमा मङ्गला-साहना पुनःस्थापना केन्द्र निर्माण गरिने। | • प्रदेश १ को धनकुटा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, बागमती प्रदेशको धादिङमा सामाजिक कुरीति विरूद्धको अभियान सञ्चालन गरिएको।<br>• मंगला साहना दीर्घकालीन पुनःस्थापना केन्द्रका लागि भक्तपुरको सूर्यविनायकमा सघन शहरी विकास तथा भवन निर्माण आयोजनाबाट विस्तृत परियोजना प्रतिवेदनको तयारी भइरहेको।<br>• मनोसामाजिक विमर्श केन्द्र सञ्चालन गर्न १६ वटा जिल्लाका २७ वटा महिलासँग सम्बन्धित संस्थाहरूसँग सम्झौता गरी रु.१ लाख २५ हजारका दरले अनुदान उपलब्ध गराइएको।<br>• सातै प्रदेशको एक एक स्थानीय तहमा स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिलाई लैङ्गिक सहिष्णुता तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्ने कार्यक्रम अन्तर्गत त्रिबेणी गाउँपालिका रोल्पा, मेचीनगर नगरपालिका झापा, लम्किचुहा नगरपालिका कैलाली, हिमाल गाउँपालिका जुम्लामा कार्यक्रम सञ्चालन गरिएको।<br>• सातै प्रदेशको एक एक स्थानीय तहमा कोभिड लगायत विपद्मा आईपर्ने समस्या तथा समाधान सम्बन्धी संरक्षण विषय क्षेत्रको भूमिकाबारे अभिमुखीकरण कार्यक्रम अन्तर्गत मुस्ताङ्ग जिल्लाको थासाङ गाउँपालिका, ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका, कालिकोट जिल्लाको तिलागुफा नगरपालिकामा कार्यक्रम सञ्चालन भएको। |
| ८६ | विपन्न, दलित, आदीवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला, वादी, कमलरी, | • जीविकोपार्जन सुधार कार्यक्रमका लागि १ सय ११ वटा स्थानीय तह छनौट गरी प्रति स्थानीय तहमा रु. ८ लाख ९० हजारका |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कमैया, चेपाङ्ग, राउटे, लोपोन्मुख, सीमान्तकृत लगायत वञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने। | दरले बजेट तथा कार्यक्रम वित्तीय हस्तान्तरण गरी पठाइएको र ७ सय जनाले तालिम प्राप्त गरेका।<br>• ८ वटा स्थानीय तहहरूबाट ५९ जना अपाङ्गता भएका बालबालिकाको उपचार सहयोगको लागि विवरण प्राप्त भएकोमा जुम्लाका १७, जाजरकोटको १, हुम्ला १ र डोटी १ गरी २० जना अपाङ्गता भएका बालबालिकाको उपचार गरिएको। |
| ८७ | बालबालिकाको मानसिक र शारीरिक विकासका लागि पोषणयुक्त खाना, गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच, खेलकुद तथा मनोरञ्जनका अवसर प्रदान गरिने। स्थानीय तहसँगको साझेदारीमा १५ स्थानमा बालउद्यान तथा बाल मनोरञ्जन स्थल निर्माण गरिने। | • बाल उद्यान तथा बाल मनोरञ्जन स्थल निर्माणसम्बन्धी नमूना कार्यविधि तयार भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहमा पठाइएको। |
| ८८ | बालबालिकाको सर्वाङ्गिण विकास तथा बालसाहित्यको प्रवर्द्धन गर्न बाल प्रज्ञा प्रतिष्ठान स्थापना गरिने। बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई वहुआयामिक विकास गर्न झापाको दमकमा गुणस्तरीय शिक्षा सहितको चिल्ड्रेन प्याराडाइज स्थापना गरिने। | • बालबालिकाको सर्वाङ्गिण विकास तथा बालसाहित्यको प्रवर्द्धन गर्न बाल प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि अवधारणापत्रको मस्यौदा तयार गरिएको। |
| ८९ | मोरङ्ग, भक्तपुर, कास्की र बाँके जिल्लामा सरकारीस्तरबाट बालसुधार गृह सञ्चालन गरिने। तनहुँको ढकालटारमा व्यवस्थित बालसुधार गृह निर्माण गर्न बजेट व्यवस्था गरिएको। | • बाँकेको नेपालगञ्जमा बाल सुधार गृह भवन निर्माण गर्ने कार्य ६० प्रतिशत सम्पन्न भएको।<br>• सरकारीस्तरबाट बाल सुधार गृह सञ्चालनका लागि हालसम्म कर्मचारी व्यवस्थापन हुन नसकेकोले चालु आ.व. २०७८/७९ सम्मका लागि युसेफ नेपालसँग सम्झौता गरी सञ्चालन गरिएको।<br>• तनहुँको ढकालटारमा व्यवस्थित बाल सुधार गृह निर्माण गर्नको लागि कुल लागत रु ४१ करोडको विस्तृत परियोजना प्रतिवेदन तयार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | भएको र शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई कास्की, पोखरालाई रु.४ करोड अख्तियारी हस्तान्तरण भई उक्त भवनको निर्माण शुरु भएको।<br>• बालबालिका सम्बन्धि राष्ट्रिय नीति, २०७८ को मस्यौदा तयार गरिएको।<br>• बालबालिका सम्बन्धी १० वर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरिएको। |
| ९० | बाल अधिकारको संरक्षण, प्रवर्द्धन र नियमन गर्न देशभरका सबै स्थानीय तहमा बालकल्याण अधिकारी तोकिने। | • गत आ.व. २०७७/७८ मा तोकिएका ३० समेत गरी हालसम्म १ सय ८१ वटा स्थानीय तहहरूमा बाल कल्याण अधिकारीहरू तोकिएको। |
| ९१ | एक सय शैया भन्दा ठूला स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकका लागि अलग वार्ड स्थापना गरी उपचार गर्ने व्यवस्था मिलाइने। ज्येष्ठ नागरिकका लागि मिलन केन्द्र, दिवा सेवा केन्द्र र आरोग्य आश्रम सञ्चालन गरिने। काठमाडौंको गोठाटारमा अस्पतालको सुविधा सहित ५ सय क्षमताको ज्येष्ठ नागरिक आबास निर्माण गर्न आवश्यक रकम व्यवस्था गरिने। | • ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी परिमार्जित मापदण्ड स्वीकृत भई १४ स्थानीय तहमा रु. ३ करोड ४६ लाख बजेट पठाइएको।<br>• ज्येष्ठ नागरिक अस्पताल र ज्येष्ठ नागरिक वृद्धाश्रमको छुट्टा-छुट्टै कार्यक्रमको रूपमा विस्तृत परियोजना प्रतिवेदन तयार भएको। १ सय ६५ बेडको ज्येष्ठ नागरिक वृद्धाश्रम र ४५ बेडको ज्येष्ठ नागरिक अस्पतालको निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभागमा वित्तीय हस्तान्तरण गरी कार्य अगाडि बढाइएको। |
| ९२ | एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिक रूपमा अशक्त, असहाय, आफ्नो परिवार र संरक्षण नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधोपचार र संरक्षणको व्यवस्था गरिने। अल्जाइमर्स लगायत बुढ्यौलीका रोगबाट प्रभावित ज्येष्ठ नागरिकको निःशुल्क औषधोपचारको व्यवस्था गरिने। | • पशुपति वृद्धाश्रममा ९९ जना र अन्य वृद्धाश्रममा १ हजार ४ सय २ जना गरी जम्मा १ हजार ५ सय १ जना ज्येष्ठ नागरिकले संरक्षण सेवा पाइरहेका।<br>• ज्येष्ठ नागरिकको क्षेत्रमा कार्य गर्ने ८४ वटा संघ-संस्थाहरूलाई रु.१० करोड १३ लाख बजेट अनुदान पठाइएको र उक्त संस्थाहरू मार्फत १ हजार भन्दा बढी ज्येष्ठ नागरिकले सेवा लिइरहेका। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्म सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति / कानून/ कार्यविधि/ निर्देशिका/ मापदण्डहरू

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | बालबालिका सम्बन्धी नियमावली, २०७८ | नयाँ तर्जुमा |
| २ | अपाङ्गता ग्राम निर्माण तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ३ | ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन मापदण्ड, २०७८ | नयाँ तर्जुमा |

### ख. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरू

**राष्ट्रपति महिला सशक्तिकरण परियोजना**

- मङ्गला-सहाना दीर्घकालीन पुनस्थापना केन्द्र (सूर्यविनायक नगरपालिका-४, भक्तपुर) को विस्तृत परियोजना प्रतिवेदन तयार गर्न शहरी विकास तथा भवन निर्माण आयोजनामा वित्तीय हस्तान्तरण गरिएको।

### ग. वार्षिक विकास कार्यक्रम

**महिलातर्फ**

- बहुआयामिक नमूना ग्रामको लागि छनौट भएका ६ वटा स्थानीय तह (उर्लाबारी नगरपालिका-मोरङ्ग, गोलबजार नगरपालिका-सिरहा, राप्ती नगरपालिका-चितवन, नेपालगञ्ज उपमहानगरपालिका-बाँके, नारायण नगरपालिका-दैलेख र धनगढी उपमहानगरपालिका-कैलाली) मा विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि रु.६० लाख बजेट पठाइएको।
- जीविकोपार्जन सुधार कार्यक्रमको लागि मानव विकास सूचकाङ्कमा पछाडि परेका ५५ जिल्लाका १ सय ११ स्थानीय तह छनौट गरी ती स्थानीय तहमा रु.८ लाख ९० हजारका दरले बजेट तथा कार्यक्रम पठाइएकोमा ७ सय जनाले तालिम प्राप्त गरेका।
- महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालनका लागि १ सय वटा स्थानीय तह छनौट गरी सम्बन्धित स्थानीय तहमा रु.२ लाखका दरले जम्मा २ करोड बजेट पठाइएकोमा ३५ स्थानमा महिला उद्यमशीलता सहजीकरण केन्द्र व्यवस्थापन समिति गठन भएको। अन्यमा कार्यक्रम सञ्चालनको प्रक्रियामा रहेको।
- रोजगारमूलक तालिम सञ्चालनका लागि सातवटा प्रदेशका सातवटा स्थानीय तहहरू (उर्लाबारी नगरपालिका-मोरङ्ग, गोलबजार नगरपालिका-सिरहा, राप्ती नगरपालिका-चितवन, रघुगङ्गा गाउँपालिका-म्याग्दी, नेपालगञ्ज उपमहानगरपालिका-बाँके, नारायण नगरपालिका-दैलेख र धनगढी उपमहानगरपालिका-कैलाली) मा प्रति स्थानीय तहमा रु.११ लाखका दरले बजेट पठाइएको।
- महिला उद्यमी मेला मधेश प्रदेश, वाग्मती प्रदेश र गण्डकी प्रदेशमा आयोजना गरिएको।
- प्रत्येक प्रदेशका २० जना महिला र १ महिला समुहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम अन्तर्गत ७ प्रदेशमा बजेट वित्तीय हस्तान्तरण गरिएको।
- मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरूका लागि रोजगारमूलक तालिम अन्तर्गत पुनःस्थापना केन्द्र (थ्रिएन्जल्स) पोखरामा रहेका १५ जना सहभागीहरूलाई (लेडिज जुत्ता चप्पल बनाउने) तालिम सञ्चालन भएको।

- हिंसा पीडित/प्रभावित महिलाहरूलाई राष्ट्रियस्तरको दीर्घकालीन पुनःस्थापना केन्द्र मंगला-साहना पुनःस्थापना केन्द्रमा पुनःस्थापना गरिएको।
- Commission on the Status of the Women (CSW) को ६६औं सम्मेलनमा सहभागिता जनाइएको।
- सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW) को ७ औं आवधिक प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयारिको चरणमा रहेको। साथै, प्रतिवेदन उपर राय सुझाव दिन निर्देशक समिति तथा कार्य समिति गठन भएको।

**ज्येष्ठ नागरिकतर्फ**

- गोठाटारमा ज्येष्ठ नागरिक अस्पतालसहितको ज्येष्ठ नागरिक वृद्धाश्रम निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभागमा रु. ५ करोडको अख्तियारी पठाइएको।
- ज्येष्ठ नागरिक मिलन केन्द्र भवनको प्राविधिक Drawing Design तयार भएको।
- ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न स्थानीय तहहरूको छनौट तथा केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत भई १४ स्थानमा मिलनकेन्द्र निर्माणको लागि रु. ३ करोड ४६ लाख निकासा दिएको।

**अपाङ्गतातर्फ**

- सहायक सामग्री उत्पादन तथा वितरणको लागि संस्थासँग सम्झौता गरी कार्य सञ्चालन भइरहेको र १ हजार ९२ थान सहायक सामाग्री वितरण गरिएको।
- नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र जोरपाटी, काठमाडौंलाई ५० जना अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना सेवा उपलब्ध गराउन रु.५० लाख र कुष्ठरोग निवारण संघ काठमाडौंद्वारा १ सय ३० जना कुष्ठरोग प्रभावित व्यक्तिहरूलाई पुनःस्थापना सेवा उपलब्ध गराउन रु.४५ लाख अनुदान उपलब्ध गराइएको।
- अपाङ्गता ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७८ स्वीकृत भएको।
- मन्त्रालयलाई अपाङ्गमैत्री निकायको रूपमा विकास गर्न संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयलाई कार्यक्रम कार्यान्वयन गर्न रकमान्तर भई अख्तियारी पठाइएकोमा बोलपत्र आह्वान गरिएको।
- मन्त्रालयको वेभसाइट अपाङ्गतामैत्री बनाउन प्रारम्भिक सोध अध्ययन (Initial Research Studies) को प्रतिवेदन  तयार भएको।
- यस अवधिमा सहाराबिहीन थप ३१ जना गरी कुल १ हजार ९ सय ८४ जना अपाङ्गता भएका व्यक्तिलाई पुनःस्थापना केन्द्रमा संरक्षण गरिएको।
- अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित ४२ वटा संघ-संस्थाहरूलाई रु. ३ करोड ६५ लाख बजेट कार्यक्रम सञ्चालन कार्यविधिसहित पठाइएको।

**बालबालिकातर्फ**

- सिंहदरबार परिसर भित्र दिवा शिशु स्याहार सञ्चालन गर्न रु.४८ लाख, बालबालिका विरूद्ध हुने हिंसा विरूद्धको दक्षिण एसियाली प्रयास (SAIEVAC) लाई रु.५० लाख र नेपाल बाल सङ्गठनलाई रु.३० लाख अनुदान उपलब्ध गराइएको।

- बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ (CRC) को छैठौं/सातौं आवधिक प्रतिवेदन संयुक्त राष्ट्र संघमा पेश गरिएको।

**विभागतर्फ**

- विद्यालयस्तरका बालबालिकालाई लागु औषध दुर्व्यसनी, बालविवाह नियन्त्रण कार्यक्रम ८ जिल्लाका स्थानीय तहहरूमा सञ्चालन गरिएको।
- स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिलाई लैङ्गिक सहिष्णुता तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी ५ जिल्लामा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- सामाजिक कुरीति तथा हानिकारक अभ्यास विरूद्ध सचेतना कार्यक्रम ५ वटा जिल्लाका विभिन्न स्थानीय तहमा सञ्चालन गरिएको।
- कोभिड लगायत विपद्मा आईपर्ने समस्या तथा समाधानसम्बन्धी संरक्षण विषय क्षेत्र (Protection Cluster) सम्बन्धी अन्तर्क्रिया ४ जिल्लामा सञ्चालन गरिएको।
- मनोसामाजिक विमर्श केन्द्र सञ्चालन गर्न विभिन्न जिल्लाका २७ वटा संस्थाहरूसँग सम्झौता गरी रु.१ लाख २५ हजार का दरले अनुदान उपलब्ध गराइएको।

**राष्ट्रिय बाल अधिकार परिषद्**

- २४ वटा जिल्लाका २ सय ३४ वटा स्थानीय बाल अधिकार समितिका ७ सय ४१ जना सदस्य तथा कर्मचारीहरूलाई अभिमुखीकरण गरिएको।
- बाल संरक्षणका लागि सामाजिक सुरक्षा कार्यक्रम लागू गर्न गराउन स्थानीय तहका पदाधिकारीहरूसँगको प्रदेश स्तरीय छलफल कार्यक्रम अन्तर्गत हालसम्म २ सय जनाभन्दा बढी पदाधिकारीसँग अन्तर्क्रिया सम्पन्न गरिएको।
- नेपाल र भारतमा ओसारपसार तथा बेवारिसे बनाइएका नेपाली बालबालिकाको उद्दार, स्वदेश फिर्ती, पारिवारिक पुनःमिलन र सहायता कार्य अन्तर्गत तेस्रो त्रैमासिक सम्ममा ४४ जना बालबालिकाको उद्दार गरिएको।
- बेवारिसे भेटिएका, बाल गृहमा अनाधिकृत रूपमा राखिएका र अन्य जोखिमयुक्त अवस्थाबाट उद्दार गरिएका बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि अस्थायी संरक्षण सेवा उपलब्ध गराउने सूचीकृत संस्थाहरूलाई उपलब्ध गराउने अनुदान कार्य अन्तर्गत १ सय १६ जना बालकहरू र ७४ जना बालिकाहरू २४ वटा संस्थाहरूको संरक्षणमा रहेका।
- नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूलाई १ सय ४ दिनको सेवा प्रवाह तथा बाल अधिकार प्रवर्द्धनका लागि अभिमुखीकरण कार्यक्रम अन्तर्गत नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठानका २८ जना अधिकृतहरूलाई अभिमुखीकरण गरिएको।
- आमाबाबु नभएका, विपन्न दलित र अपाङ्गता भएका २० जना बालबालिकाहरूको उपचार गरिएको र ९ जना बालबालिकाहरू उपचाररत रहेका।
- बालबालिकासम्बन्धी कानूनी प्रावधानहरू लगायत कानून विपरित बालबालिकालाई परिवारबाट अलग गराउने कार्य रोकथामका लागि पाँच जिल्लाका ३२ वटा स्थानीय तहका १ सय ८५ जनाको सहभागितामा जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

- मापदण्ड विपरित सञ्चालनमा रहेका बाल गृहहरूबाट २२ बालक र ११ बालिकाको उद्दार गरिएको।
- जोखिम, विपद् तथा आपतकालीन अवस्थाबाट पीडित तथा प्रभावित बालबालिकालाई परिषद् तथा हेल्पलाइन केन्द्रहरूबाट आपतकालीन नगद तथा जिन्सी सहयोग र अस्थायी संरक्षण सेवा प्रदायक संस्थाहरूलाई अनुदान कार्यक्रम अन्तर्गत बालक १ सय ६१ र बालिका ३२ गरी कुल १ सय ९३ जनालाई संरक्षण गर्न अनुदान सहयोग गरिएको।

**घ. अन्तराष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भइरहेका आयोजनाहरू**

| संस्था | परियोजनाको संख्या | कुल बजेट |
|---|---|---|
| अन्तराष्ट्रिय गैर-सरकारी संस्था | ८१ | रु.३३ अर्ब ९४ करोड |
| गैर-सरकारी संस्था | १,०१४ | रु. २४ अर्ब ४१ करोड |

**कार्यक्रम प्रगति**

- प्रत्येक मन्त्रालय एवम् केन्द्रीय निकायहरूमा तोकिएका लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person) सँग मन्त्रालयले तयार गरेको लैङ्गिक सम्पर्क व्यक्तिको TOR को प्रभावकारी कार्यान्वयन सम्बन्धमा अन्तर्क्रिया गरिएको।
- अन्तर्राष्ट्रिय महिला दिवस, राष्ट्रिय महिला दिवस र लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन गरिएको।

**८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्त्वपूर्ण योजना/योजना/कार्यक्रमको प्रगतिः**

- बहुआयामिक नमूना ग्राम निर्माणका लागि रासी नगरपालिका चितवन, गोलबजार नगरपालिका सिराहा, उर्लाबारी नगरपालिका मोरङ गरी जम्मा ३ वटा विस्तृत परियोजना प्रतिवेदन (DPR) अन्तिम चरणमा रहेको।
- मानव विकास सूचकाङ्कमा पछाडि परेका ५५ जिल्लाका १ सय ११ स्थानीय तह छनौट गरी ती स्थानीय तहमा रु. ८ लाख ९० हजारका दरले बजेट तथा कार्यक्रम पठाइएकोमा ७ सय जनाले तालिम प्राप्त गरेका।
- सातै प्रदेशबाट छनौट भएका बहुआयामिक नमूना बस्तीका दलित, अल्पसंख्यक, अतिसीमान्तीकृत, सीमान्तीकृत समुदायका महिला र किशोरीहरूका लागि लक्षित कार्यक्रम अन्तर्गत सिराहा, उर्लाबारी, मोरङमा थाकलबाट हस्तकलाका सामाग्री निर्माण सम्बन्धी एक महिने सीप विकास तालिम सम्पन्न गरिएको।
- हिंसा पीडित महिला तथा किशोरी अल्पकालीन सेवा केन्द्र, सञ्चालनका लागि २१ वटा स्थानीय तहहरूमा प्रति स्थानीय तह रु.३ लाखका दरले बजेट पठाइएको।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यकका तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने कार्यक्रमको लागि ७ सय ५३ वटा स्थानीय तहहरूमा रु.१ लाखका दरले रकम पठाइएको र ती स्थानीय तहहरूबाट तथ्याङ्कसम्बन्धी प्रतिवेदन आउने क्रम जारी रहेको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

### चालु खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००० ११३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ९६८६९ | ७४७९० | ७७.२१ |
| ३४००००१२३ | पशुपती वृद्धाश्रम | २८७०० | १५५८० | ५४.२८ |
| ३४०००१०१३ | लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम | ३७३०० | २९७२६ | ७९.६९ |
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम | १०८५०० | ९२८७० | ८५.५९ |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम | ८१३२१ | ५९७९६ | ७३.५३ |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ७६५०० | ३८१९२ | ४९.९२ |
| ३४००११०१३ | महिला तथा बालबालिका विभाग | ५२५०० | ३६६७२ | ६९.८५ |
| ३४०४१०११३ | समाज कल्याण परिषद् | २५०० | २५०० | १००.०० |
| ३४०८१०११३ | राष्ट्रिय बाल अधिकार परिषद् | ७२२५० | ६७९०५ | ९३.९९ |
| | **कुल जम्मा** | **५५६४४०** | **४१८०३०** | **७५.१३** |

### पुँजीगत खर्च

(रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११४ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १३२०० | ११५३६ | ८७.३९ |
| ३४००००१२४ | पशुपती वृद्धाश्रम | ३०० | २९६ | ९८.८० |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम | ८३०० | १११५ | १३.४३ |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम | ४८२०० | ४६५५५ | ९६.५९ |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १००० | ३८५ | ३८.५० |
| ३४००११०१४ | महिला तथा बालबालिका विभाग | ३४६५६ | ५६७६ | १६.३८ |
| ३४०४१०११४ | समाज कल्याण परिषद् | ५५०० | ५५०० | १००.०० |
| ३४०८१०११४ | राष्ट्रिय बाल अधिकार परिषद् | ८४०० | ७४७५ | ८८.९९ |
| | **कुल जम्मा** | **११९५५६** | **७८५३८** | **६५.६९** |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

### चालु खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ९८५०० | ५९५९१ | ६०.५० |
| ३४००००१२३ | पशुपती वृद्धाश्रम | ३०३०० | १३४०३ | ४४.२३ |
| ३४०००१०१३ | लैङ्गिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम | ३६६०० | २१८८५ | ५९.७९ |
| ३४०००१०२३ | सामाजिक विकास कार्यक्रम | ९३४०६ | ३९६९९ | ४२.५० |
| ३४०००१०३३ | बाल विकास कार्यक्रम | ७५८०० | २९९७० | ३९.५४ |
| ३४०००१०५३ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ६६६१० | ३४२८२ | ५१.४७ |
| ३४००११०१३ | महिला तथा बालबालिका विभाग | ३२९०० | १८३१२ | ५५.६६ |
| ३४०४१०११३ | समाज कल्याण परिषद् | ४५०० | २३३३ | ५१.८५ |
| ३४०८१०११३ | राष्ट्रिय बाल अधिकार परिषद् | ७१२०० | ४०२६१ | ५६.५५ |
| | **कुल जम्मा** | **५०९८१६** | **२५९७३६** | **५०.९५** |

**पुँजीगत** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११४ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ६४०० | १८०३ | २८.१८ |
| ३४००००१२४ | पशुपती वृद्धाश्रम | ५०० | ० | ०.०० |
| ३४०००१०२४ | सामाजिक विकास कार्यक्रम | ५७००० | १५३३ | २.६९ |
| ३४०००१०३४ | बाल विकास कार्यक्रम | ५१९०० | २६४६ | ५.१० |
| ३४०००१०५४ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ११००० | ० | ०.०० |
| ३४००११०१४ | महिला तथा बालबालिका विभाग | २५९०० | १५६२६ | ६०.३३ |
| ३४०८१०११४ | राष्ट्रिय बाल अधिकार परिषद् | ३५०० | २२०३ | ६२.९४ |
| | **कुल जम्मा** | **१५६२००** | **२३८११** | **१५.२४** |

# युवा तथा खेलकुद मन्त्रालय

## १. पृष्ठभूमि

युवा तथा खेलकुदको विकास र विस्तार गर्दै समृद्ध राष्ट्र निर्माणका लागि युवा परिचालन गर्ने, खेलकुदको माध्यमबाट नागरिकको स्वास्थ्य तथा तन्दुरूस्ती अभिवृद्धिमा मद्दत गर्दै राष्ट्रिय गौरव बढाउन युवा तथा खेलकुद मन्त्रालयले कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। नेपालको दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि युवा र खेलकुदको विकास गरी गरिबी न्यूनीकरण, स्वस्थ समाज निर्माण र आर्थिक वृद्धिका लागि युवाको परिचालन गर्नु अपरिहार्य भएको छ। राष्ट्रिय युवा नीति, राष्ट्रिय खेलकुद नीति र दिगो विकासका लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै युवाको क्षमता विकास गरी परिचालन गर्ने, युवालाई रोजगार र स्वरोजगार बन्न मद्दत गर्ने, सबैलाई खेलकुद अभ्यासको अवसर सिर्जना गर्ने, खेलकुदका पूर्वाधारहरूको विकास गर्ने र खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजना गर्ने कार्यलाई जोड दिइनेछ।

## २. दीर्घकालीन सोच

- युवाको सर्वाङ्गीण विकास राष्ट्र निर्माणको प्रमुख आधार (युवा)।
- स्वच्छ, व्यावसायिक तथा प्रविधिमैत्री खेलकुद अभिवृद्धि (खेलकुद)।

## ३. उद्देश्य

### युवा

- युवाको दक्षता र क्षमताको विकास गर्ने,
- युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउने,
- शासकीय प्रक्रिया, सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्ने,
- युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउने।

### खेलकुद

- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्ने,
- खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यावसायिक बनाउने,
- सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्ने।

## ४. रणनीति

### युवा

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने।
- युवालाई उद्यम र व्यावसाय सञ्चालनमा प्रोत्साहन गर्ने।
- युवाद्वारा सञ्चालित उद्यम, व्यावसाय तथा उद्योगको प्रवर्द्धन गर्ने।
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने।

- तीन तहमा नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने।
- युवा स्वयंसेवी संस्कृतिको विकास गर्ने।
- स्काउट संरचनालाई विकास र विस्तार गर्ने।

**खेलकुद**

- सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नती गर्ने।
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।
- खेलकुद विकासमा आवद्ध संघ संस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने।
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने।
- समाजमा खेलकुदको महत्त्व स्थापित गर्दै सबैलाई खेलकुदमा सहभागी हुने अवसर सिर्जना गर्ने।
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त/फाजिल |
|---|---|---|---|---|
| १. | युवा तथा खेलकुद मन्त्रालय | ५७ | ५७ | ० |
| २. | राष्ट्रिय खेलकुद परिषद | १००० | ५५७ | ४४३ |
| ३. | राष्ट्रिय युवा परिषद | ३० | २८ | २ |
| ४. | नेपाल स्काउट | ५५ | ५५ | ० |
| ५. | युवा तथा साना व्यावसायी स्वरोजगार कोष | ६८ | ५२ | १६ |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट बक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २४७ | युवाको क्षमता अभिवृद्धि गरी देशभक्त, अनुशासित र उद्यमशील बनाइने। मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवाको सार्थक सहभागिताका लागि युवा लक्षित कार्यक्रम सञ्चालन गरिने। | • ६ सय २ जना युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको। २ हजार ३ सय १७ जनालाई उद्यम परामर्श प्रदान गरिएको। युवा क्लव गठन तथा नमूना संसद अभ्यासका लागि ७२ जनालाई तालिम प्रदान गरिएको। |
| २४८ | युवा तथा साना व्यावसायी स्वरोजगार कोष मार्फत प्राविधिक र व्यावसायिक सीप सहित कर्जा | • स्वरोजगार सिर्जनाका लागि युवा तथा साना व्यावसायी स्वरोजगार कोषमा भएको रू. ७७ करोड ४९ लाख सहकारी मार्फत कर्जा लगानी गरिएको। विभिन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुविधा उपलब्ध गराई आगामी वर्ष थप १२ हजार युवालाई स्वरोजगार बनाइने। युवा तथा साना व्यावसायीलाई युवा स्वरोजगार कोषबाट प्रवाह गरिएको कर्जाको सुरक्षण प्रिमियमको ५० प्रतिशत अनुदान दिने। | व्यावसाय सञ्चालन गरी थप ८ हजार १ सय ५० जना स्वरोजगार भएका। ३३ वटा सहकारी संस्थाहरू मार्फत १ हजार १ सय १९ जना व्यावसायीलाई व्याज अनुदान निकासा गरिएको। ४ हजार ४ सय ५७ जना व्यावसाय र व्यावसायीको बीमा गरिएको। |
| २४९ | राष्ट्रिय युवा परिषद मार्फत युवा शक्तिलाई संगठित गरी विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण, राहत, उद्दार तथा जनचेतना अभिवृद्धि लगायतका सामाजिक कार्यमा परिचालित गरिने। आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण प्रक्रियामा युवाको नेतृत्वदायी भूमिका स्थापित गरिनेछ। राष्ट्रिय युवा परिषदको अग्रसरतामा सबै प्रदेशमा युवा नवप्रवर्तन केन्द्र स्थापना गरिने। | • उद्यमशीलता, कृषि, शिक्षा र विपद् व्यवस्थापन तथा स्वास्थ्य जनचेतनामा १ हजार २५ जना युवा परिचालन गरिएको। राष्ट्रिय युवा परिषद, काठमाडौं विश्वविद्यालय र काभ्रेको नमोबुद्ध नगरपालिकाबीच सम्झौता भई नमोबुद्ध नगरपालिकामा नवप्रवर्तन तथा इन्क्युवेशन सेन्टर सञ्चालन गरिएको। यस सेन्टरबाट इन्नोभेटिभ आइडिया भएका युवाहरूबाट प्राप्त प्रस्ताव अध्ययन गरी १ सय ११ जना युवालाई लाइभ अडिसनका लागि छनौट गरेको। यसै आर्थिक वर्ष भित्र ती युवाहरूको इन्नोभेटिभ आइडियाहरूको लाइभ अडिसन गर्ने तयारी भइरहेको। |
| २५० | पाँचदेखि पच्चीस वर्ष उमेर समूहका विद्यार्थीलाई स्काउटमा समाहित गरी अनुशासित, स्वावलम्बी र स्वयंसेवीभाव सहित राष्ट्र निर्माणमा सक्रिय गराइने। आगामी वर्ष १३ हजार विद्यालयमा नेपाल स्काउट विस्तार गरिने। | • नेपाल स्काउटले ३२ जना स्काउटरहरूलाई Boys Scout एडभान्स तालिम र १ हजार ६६ जनालाई आधारभुत स्काउट तालिम प्रदान गरिएको। २५ जना Leader Trainer लाई CLT (Course for Leader Trainer) तालिम प्रदान गरिएको। विपद् व्यवस्थापन, स्वस्थ्य जनचेतना, कोभिड विरूद्धको अभियान लगायत विभिन्न पर्व तथा दिवसहरूमा थप ६० हजार १ सय ६ जना स्काउट स्वयंसेवक परिचालन गरिएको। ७० जना स्काउटलाई विपद् व्यवस्थापन तालिम प्रदान गरी टास्क फोर्स गठन गरिएको। उक्त टास्क फोर्सले सम्बन्धित प्रदेशमा ६० जनाका दरले स्काउटहरूलाई विपद् व्यवस्थापनका लागि अभिमुखीकरण प्रदान गरेको। |
| २५१ | समुदायस्तरदेखि नै खेलकुदको विकास र विस्तार गरी शारीरिक | • भौतिक प्रगति ७२ प्रतिशत र वित्तीय प्रगति १९.७४ प्रतिशत हासिल भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | र मानसिक रूपमा स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्न खेलकुद पूर्वाधार विकास, खेलकुद प्रतियोगिता आयोजना, खेलकुद प्रशिक्षण सञ्चालन तथा प्रतिभावान खेलाडीलाई प्रोत्साहन प्रदान गर्ने। | • स्थानीयस्तरमा १ लाख ३५ हजार जना र राष्ट्रियस्तरमा ८ हजार ४ सय जना खेलाडीलाई खेलकुद प्रशिक्षण भइरहेको। ५९ वटा राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गरिएको। ८ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना र २९ वटा अन्तर्राष्ट्रिय प्रतियोगतामा सहभागी भएको। अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक प्राप्त गर्ने १ सय ९३ जना खेलाडीलाई जनही मासिक रू.६ हजारका दरले, प्रथम ओलम्पियन ३ जनालाई जनही मासिक रू. १० हजारका दरले र ओलम्पिकमा सहभागी ५६ जना खेलाडीलाई जनही मासिक रू. ४ हजारका दरले सम्मान तथा प्रोत्साहन भत्ता वितरण गरिएको। ९ जना प्रतिभावान खेलाडी तथा प्रशिक्षकलाई जनही रू. १ लाख नगदसहित राष्ट्रिय प्रतिभा सम्मान प्रदान गरिएको। माल्दिभ्समा आयोजित साफ च्याम्पियनसीप प्रतियोगितामा द्वितीय स्थान हासिल गर्ने नेपाली पुरूष फुटबल टिममा २३ जना खेलाडीलाई जनही रू ५ लाख, प्रशिक्षक, डाक्टर र व्यवस्थापकलाई जनही रू. ३ लाख नगद, ४ जना अफिसियललाई प्रमाण पत्र प्रदान गरिएको। वंगलादेशमा आयोजित सेन्ट्रल जोन भलिबल प्रतियोगितामा स्वर्ण पदक हासिल गर्ने नेपाली महिला भलिबल टोलीका १२ जना खेलाडीलाई जनही रू. ५ लाख, प्रशिक्षक र डाक्टरलाई जनही रू. ३ लाख र व्यवस्थापकलाई रू. २ लाख नगदसहित सम्मान गरिएको। |
| २५३ | मोरङ्गको वैद्यनाथपुर, काठमाडौंको मुलपानी, रूपन्देहीको भैरहवा, दाङको लमही, बाँकेको नेपालगञ्ज र कञ्चनपुरको महेन्द्रनगरमा क्रिकेट मैदान निर्माण सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरिएको। आगामी वर्ष पोखरामा रङ्गशाला निर्माण सम्पन्न गरिने। | • मुलपानी क्रिकेट एकेडेमीको प्याभिलियन ब्लकको जगको Footing ढलान कार्य सम्पन्न भएको, पार्किङ्ग र ल्याण्डस्केपिङका लागि रिटेनिङ वालको कार्य सम्पन्न भई आयोजनाको २७.२५ प्रतिशत कार्य सम्पन्न भएको। कोहलपुर क्रिकेट रङ्गशालामा ड्रेन निर्माण, गेट मर्मत ट्युववेल जडानको कार्यको ठेक्का मूल्याङ्कन भइरहेको। भैरहवा क्रिकेट मैदानको प्यारापिटको भित्री पार्टिसन गारो र प्लाष्टर गर्ने कार्य भइरहेको तथा इलेक्ट्रिकल वायरिङको कार्य चालु रही आयोजनाको २० प्रतिशत कार्य सम्पन्न भएको। |
| २५५ | धनगढी, विरेन्द्रनगर, नेपालगञ्ज, | • वीरगञ्ज रङ्गशालाको टाइविमको ढलान सम्पन्न भई |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | वीरगञ्ज, जनकपुर र इटहरीमा प्रादेशिक रङ्गशाला निर्माण अघि बढाइने। सबै स्थानीय तहमा खेलग्राम निर्माण गर्न रकम छुट्याएको। | पिल्लर ढलानका लागि फर्मा जडान कार्य चालु रही आयोजनाको ३.५ प्रतिशत कार्य सम्पन्न भएको। सुर्खेत रङ्गशाला आयोजनाको ३.५ प्रतिशत कार्य सम्पन्न भएको। धनगढी रङ्गशालाको प्यारापिटको ब्लक निर्माणको ठेक्का बमोजिम निर्माण कार्य सम्पन्न भई आयोजनाको ४२.७५ प्रतिशत कार्य सम्पन्न भएको। |
| २५७ | आगामी आर्थिक वर्ष नवौं राष्ट्रिय खेलकुद आयोजना गरिनेछ। अन्तर्राष्ट्रियस्तरमा पदक हासिल गर्न सम्भाव्य खेल पहिचान गरी प्रोत्साहन गरिने। अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिता वृद्धि गरिने। | • आगामी २०७९ साल जेठ २२ देखि २८ सम्म पोखरामा नवौं राष्ट्रिय खेलकुद आयोजना गर्ने मन्त्रिपरिषद्बाट निर्णय भई कार्य अगाडि बढाइएको। |
| २५८ | नेपाललाई खेल पर्यटनको उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्न अन्तर्राष्ट्रियस्तरको खेल विद्यालयको सम्भाव्यता अध्ययन गरिने। | • अन्तर्राष्ट्रियस्तरको खेलकुद विश्वविद्यालयको सम्भाव्यता अध्ययन कार्य भई प्रतिवेदनको प्रारम्भिक मस्यौदा प्राप्त भएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू: | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | राष्ट्रिय स्वयंसेवक नीति, २०७९ | मस्यौदा तयार |
| २. | राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ | मस्यौदा तयार |
| ३. | स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण कार्यविधि, २०७५ | संशोधन |
| ४. | खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७५ | संशोधन मस्यौदा |
| ५. | राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७७ | संशोधन |

### ख. प्राथमिकता प्राप्त आयोजना (P1)

- राष्ट्रिय युवा परिचालन कार्यक्रम
- खेलकुद विकास कार्यक्रम
- नेपाल स्काउट

**ग. वार्षिक विकास कार्यक्रमः**

**आ.व. २०७८/७९ को वार्षिक विकास कार्यक्रम कार्यान्वयनका अन्य मुख्य मुख्य उपलब्धिहरू**

- युवाको क्षेत्रमा कार्यरत ४ जना पत्रकारलाई जनही रू. ५० हजारका दरले र १२ जना प्रतिभावान युवालाई जनही रू. १ लाखका दरले नगदसहित राष्ट्रिय युवा प्रतिभा सम्मानद्वारा सम्मान गरिएको।
- मानवता प्रवर्द्धनका लागि ३ सय ८० जना युवा सहभागी गराई सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- राष्ट्रिय अपाङ्ग कोषसँगको सहकार्यमा अपाङ्गता भएका १ सय जना युवालाई सहयोग सामग्री वितरण गरिएको।
- २ सय ५० जना खेलकर्मीहरूलाई खेलकुदमा प्रतिवन्धित औषधी सेवन विरूद्धको सचेतना प्रदान गरिएको।
- १ सय २० जना खेलाडी तथा प्रशिक्षकलाई खेलकुदमा लैङ्गिक हिंसा विरूद्धको सचेतना प्रदान गरिएको।
- १ सय २० जना खेलाडी र १० जना अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीबीच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको।
- खेलकुदका ४५ वटा राष्ट्रियस्तरका संघ संस्थालाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको।
- थप २ सय जनाले खेलकुद पूर्वाधार निर्माण कार्यमा रोजगार प्राप्त गरेको।

**८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्त्वपूर्ण आयोजना/योजना/कार्यक्रमको प्रगतिः**

| क्र.सं. | आयोजना/योजना/कार्यक्रम | प्रगति |
|---|---|---|
| १ | खेलग्राम निर्माण | • स्थानीय तहसँगको सहलगानीमा खेलग्राम निर्माणका लागि १ सय ७२ वटा पालिकालाई जम्मा रू.२५ करोड वित्तीय हस्तान्तरण गरिएको। |

**९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः**

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ४८१०४ | ३९७५० | ८२.६३ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | १५८६३ | ४४९५ | २८.३४ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | १८८०० | १३७८२ | ७३.३१ |
| ३४३००१०३३ | नेपाल स्काउट | ७५००० | ७५००० | १००.०० |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | ९०४६२५ | ७०३८०० | ७७.८० |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ९३९०० | ५१३४५ | ५४.६८ |
| ३४३५१०११३ | युवा स्वरोजगार कोष | १२५६०० | ४८०९८ | ३८.२९ |
| | **कुल जम्मा** | **१२८१८९२** | **९३६२७०** | **७३.०४** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | १५५० | १५४९ | ९९.९३ |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ७७२२३७ | ४५५५५२ | ५८.९९ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ११०० | १०९२ | ९९.२९ |
| ३४३५१०११४ | युवा स्वरोजगार कोष | ८०० | ७४८ | ९३.४९ |
| | कुल जम्मा | ७७५६८७ | ४५८९४१ | ५९.१७ |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ४८४०० | ३१०९९ | ६४.२५ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | २८४०० | २९७५ | १०.४७ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | ४३३०० | २३७१० | ५४.७६ |
| ३४३००१०३३ | नेपाल स्काउट | ४६००० | ३३१४० | ७२.०४ |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | ९८९००० | ४९३८५९ | ४९.९४ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | ८७३०० | ४०००० | ४५.८२ |
| ३४३५१०११३ | युवा स्वरोजगार कोष | १२४२०० | ४९०२३ | ३९.४७ |
| | कुल जम्मा | १३६६६०० | ६७३८०६ | ४९.३१ |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | १८०० | १३६५ | ७५.८२ |
| ३४३००१०३४ | नेपाल स्काउट | ७००० | ७००० | १००.०० |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | ५२४००० | ३१२०३ | ५.९५ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | ३५०० | ८६० | २४.५९ |
| ३४३५१०११४ | युवा स्वरोजगार कोष | १४०० | ८३१ | ५९.३७ |
| | कुल जम्मा | ५३७७०० | ४१२६० | ७.६७ |

# रक्षा मन्त्रालय

## १. पृष्ठभूमि

मुलुकलाई आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरूबाट स्वतन्त्र र सुरक्षित राख्दै नेपाली जनताको जीउ धनको सुरक्षा र संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न र नेपालको भौगोलिक अखण्डता र एकतालाई अटल र अक्षुण्ण राख्न रक्षा मन्त्रालय सदैव क्रियाशील रही आएको छ। नेपालको संविधानको भाग २८, धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने व्यवस्था रहेको छ। संविधान प्रदत्त दायित्वहरू निर्वाह गर्ने क्रममा हालका दिनमा नेपाली सेनाले मूलतः बाह्य सुरक्षा, प्रतिरक्षा, आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, प्रकृति संरक्षण, नेपाल सरकारको निर्देशनबमोजिम राष्ट्रिय पहिचान बोकेका ठूला एवम् रणनीतिक महत्त्वका विकास निर्माण, कोरिडोर तथा सडक खण्डहरू, मुलुकका महत्त्वपूर्ण ऐतिहासिक सांस्कृतिक संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवम् संयुक्त राष्ट्रसंघको आह्वान अनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता नेपाल सरकारले सुम्पेको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्दै आइरहेको छ। मुलुकमा संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना पश्चात् सेनामाथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण र पुनःसंरचना, नागरिक-सैनिक सम्बन्ध जस्ता विषयहरू शासकीय प्रणालीभित्र प्राथमिकताका साथ कार्यान्वयन भइरहेको छन्।

## २. दीर्घकालीन सोच

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भावको रक्षा एवम् राष्ट्रिय मूल्य-मान्यता र गरिमामा आधारित रहेर राष्ट्रिय हितको पहिचान र प्रवर्द्धन गर्दै नेपाललाई सुरक्षित, शान्तिपूर्ण, सुशासित, समतामूलक, एकताबद्ध र समृद्ध राष्ट्रको रूपमा विकास गर्ने।

## ३. उद्देश्य

- रक्षा मन्त्रालय र नेपाली सेनाको भौतिक, मानवीय तथा प्राविधिक क्षेत्रमा क्षमता अभिवृद्धि गरी थप दक्ष, आधुनिक र व्यावसायिक बनाउने।
- सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गर्दै मुलुकलाई सुरक्षित बनाउने।
- रणनीतिक महत्त्वका विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउने।
- आधारभूत राष्ट्रिय मूल्य मान्यता, राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक-सैनिक सम्बन्धलाई सुदृढ गर्ने।
- सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय स्तरमा मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्ने।
- संयुक्त राष्ट्र संघको नेतृत्वमा विश्व शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने।
- मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनमा योगदान पुऱ्याउने।

## ४. रणनीति

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति, रणनीति र कानून तथा संगठनात्मक पक्षमा समसामयिक सुधार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने।
- सरकारका तीनवटै तह तथा नेपाली सेनाबीच उचित संयन्त्र निर्माण र समन्वय सुदृढ गरी मुलुकमा विश्वसनीय र भरपर्दो सुरक्षा प्रणालीको विकास गर्ने।
- नेपाली सेनालाई समयानुकुल दक्ष, आधुनिक, व्यावसायिक, प्रविधि-मैत्री तथा साधनस्रोत सम्पन्न बनाउने एवम् कर्मचारीको क्षमता अभिवृद्धि गर्ने।
- नेपाली सेनालाई मुलुकको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, नदी, खानी, वनजङ्गल र प्रकृति संरक्षण कार्यमा सहभागी गराउने तथा ठूला एवम् रणनैतिक महत्त्वका विकास आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्दा राज्यको सुरक्षामा पर्ने प्रभावबारे सुरक्षा प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गर्ने।
- राष्ट्रिय स्वार्थ र हित विपरीतका क्रियाकलापहरूलाई नियन्त्रण र निरुत्साहित गर्ने।
- नेपाली सेनामा वृत्ति विकासका नवीन पक्षहरूलाई समावेश गरी क्षमतावान् र उच्च मनोबलयुक्त जनशक्ति निर्माण गर्ने।
- नेपाली सेनाको सामरिक र रणनैतिक महत्त्वका विकास निर्माण कार्यहरू सम्पादन गर्ने तथा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।
- नेपाली सेनासम्बन्धी कानूनमा समसामयिक सुधार गरी मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा थप योगदान पुर्‍याउने।
- आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको जगेर्ना तथा राष्ट्र र राष्ट्रिय हितप्रति समर्पित जनशक्तिको निर्माण गर्दै नागरिक-सैनिक सम्बन्धलाई सौहार्दपूर्ण तुल्याउने।
- नेपाली सेना र अन्य सुरक्षा निकायबीच समन्वय र सहकार्य विस्तार गर्दै विश्व शान्ति स्थापनामा नेपालको भूमिका वृद्धि गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल | कैफियत |
|---|---|---|---|---|---|
| १. | १४२ (निजामती) | १२३ | १९ | १३ | रक्षा मन्त्रालय, नेपाली सेना र राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय अन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतको दरबन्दी समेत |
| २. | ९६,४२२ (नेपाली सेना) | ८५,०३७ | ११,३८५ | - | |
| ३. | २१ (अन्य) | १८ | ३ | - | |

* नेपाली सेना अन्तर्गत निजामतीतर्फ कार्यालय सहयोगी फाजिलमा रहेको।

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा उल्लिखित बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १५९ | चुरे तथा तराई-मधेश क्षेत्रमा १ करोड ५० लाख वृक्षारोपण गरिने। शहरी क्षेत्रका सडक किनारा, आवास क्षेत्र र खुला क्षेत्रमा फलफूलका विरुवा रोपी हरित शहर विकास गरिने। वृक्षारोपण र संरक्षण | • सिरहा जिल्लाको मण्ठादेवी सामुदायिक वनमा १.५ कि.मि. काँडे तारबार लगाउने कार्य, नवलपरासी जिल्लाको वनदेवी सामुदायिक वनमा १.९ कि.मि. काँडे तारबार लगाउने कार्य तथा दाङ्ग जिल्लाको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतलाई परिचालन गरिने। | जनकल्याण र नेवारीकोट सामुदायिक वनमा ५.५ कि.मि. काँडे तारबार लगाउने कार्य सम्पन्न भएको।<br>• चितवन जिल्लाको किङ्गफीसर-४ तालको जीर्णोद्धार, संरक्षण, संवर्द्धन र पुनःनिर्माण अन्तर्गत तालको गहिराई बढाउने कार्य सम्पन्न भएको।<br>• वृक्षारोपण कार्य जेठ र असार महिनामा सम्पन्न गर्ने कार्ययोजना रहेकोले सोही अनुसार कार्य भइरहेको। |
| १७३ | सिम्रौनगढ, मकवानपुरगढी, जितगढी, सिन्धुलीगढी लगायत ऐतिहासिक गढी-किल्लाको संरक्षण र विकास गरिने। धार्मिक-साँस्कृतिक तथा सिमसार क्षेत्रमा परिपथ निर्माण गर्न विस्तृत अध्ययन गरिने। | • रूपन्देही जिल्लास्थित जितगढीमा भ्यू डेक, वृज न्याम्प, गार्डेनिङ्ग, लाइटिङ्ग र फोटो वुथ निर्माणको ३३% भौतिक प्रगति भएको। |
| २७८ | काठमाडौं-तराई/मधेश द्रुतमार्गको निर्माणलाई तिव्रता दिइने। द्रुतमार्गमा पर्ने सुरूङ्गमार्ग र उचाईयुक्त पुल निर्माण कार्य आगामी वर्ष प्रारम्भ गरिने। | • द्रुतमार्गको सुरुङ्ग मार्ग प्याकेज नं. १ र २ को निर्माण कार्य प्रारम्भ भएको।<br>• प्याकेज नं.३, ४ र ५ (राजदमार-निजगढ खण्ड) को मोविलाइजेशन सहित कार्य प्रारम्भ भएको।<br>• द्रुतमार्ग लेनडाँडा, राजदमार खण्ड प्याकेज नं. ६ र ७, सिस्नेरी महादेवटार खण्ड प्याकेज नं. ८ को Tender Documents हरू तयार भएको।<br>• वृक्षारोपण कार्यको लागि १ सय ५२ हेक्टर सरकारी जग्गा प्राप्ति गरी बोलपत्र खुला गरी मिति २०७८/१२/२३ गते आशय पत्र (LOI) जारी गरिएको।<br>• हालसम्ममा ४ लाख २ हजार ८ सय २३ बिरुवाहरू विभिन्न स्थानमा रोप्ने कार्य भएको र संरक्षणको व्यवस्था समेत मिलाइएको। |
| २८१ | अरनिको राजमार्गको धुलिखेल-दोलालघाट-कोदारी खण्ड स्तरोन्नति तथा विस्तार गरिने। गल्छी-स्याफ्रुवेशी- | **बेनीघाट - आरुघाट - लार्केभञ्ज्याङ्ग सडक आयोजना (गोरखा):**<br>• १.५ कि.मि. ट्र्याक निर्माण कार्य अन्तर्गत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | रसुवागढी र काठमाडौं-विदुर सडकलाई डेडिकेटेड डवल लेनमा स्तरोन्नति गरिने। ओलाङचुङ्गोला, किमाथाङ्का, लामावगर, लार्के, कोरला, हिल्सा, यारी र टिङ्करसम्मको पहुँचमार्ग निर्माण तथा सुधार गरिने। | कुल ०.५ कि.मि ट्र्याक निर्माण कार्य भएको।<br>• ४ कि.मि. ट्र्याक स्तरोन्नति अन्तर्गत कुल ३ कि.मि. ट्र्याक स्तरोन्नति भएको। |
| २८२ | उत्तर-दक्षिण सडक कोरिडोर निर्माण कार्यलाई तीब्रता दिइने। मेची कोरिडोरको देउराली-भैंसे खण्ड, तमोर कोरिडोरको चतरा-ओलाङ्चुङ्गोला खण्ड, कोशी कोरिडोरको खाँदबारी-किमाथाङ्का खण्ड, त्रिशुली कोरिडोर त्रिशुली-स्याफ्रुबेसी-रसुवागढी खण्ड, कालीगण्डकी कोरिडोर, सेती लोकमार्गको टिकापुर-साँफे खण्ड निर्माण कार्यलाई अघि बढाइने। | **कोशी कोरिडोरको खाँदबारी-किमाथाङ्का खण्डः**<br>• २.५ कि.मि. ट्र्याक निर्माण अन्तर्गत कुल १.७ कि.मि. (५-६ मिटर चौडाइको ०.२३ कि.मि. र ३ मिटरको १.२७ कि.मि.) ट्र्याक निर्माण भएको।<br>• लक्ष्य अनुसार ०.५ कि.मि. ट्र्याक स्तरोन्नति भएको।<br>• **कालीगण्डकी कोरिडोर** अन्तर्गत पहिरो हटाउने कार्य शत प्रतिशत सम्पन्न भई माघ महिनामा फौज फिर्ता भएको। |
| २८३ | कर्णाली राजमार्गको सुर्खेत–खुलालु खण्ड दुई लेनको बनाइने। नाग्मा–गमगढी सडक स्तरोन्नति गरिने। हुम्ला जिल्लाको सिमिकोटलाई आगामी आर्थिक वर्ष राष्ट्रिय राजमार्ग सञ्जालमा जोडिने। | • पहिरो हटाउने कार्य कार्तिक महिनामा नै सम्पन्न भएको।<br>• ३ कि.मि. ट्र्याक निर्माण अन्तर्गत कुल १.२५ कि.मि. ट्र्याक निर्माण भएको।<br>• फाल्गुन महिनामा सुनखाडा इलाकामा क्याम्प निर्माण सम्पन्न भएको। |
| २८५ | महाकाली कोरिडोरको ब्रम्हदेवमण्डी-झुलाघाट-दार्चुला-खलङ्गा–टिङ्कर सडकको निर्माणलाई तीब्रता दिइने। | • ७ कि.मि. ट्र्याक निर्माण अन्तर्गत ३.२३ कि.मि ट्र्याक निर्माण भएको। |
| ३९२ | अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने हातहतियार, सुरक्षा उपकरण तथा सवारीसाधनको व्यवस्था गरी सुरक्षा निकायलाई सुदृढ र सवलीकरण गरिने। सीमा, सुरक्षा, अपराध तथा अवैध व्यापार नियन्त्रण गर्न सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी वलका थप १ सय २० बोर्डर आउट पोष्ट स्थापना गरिने। | **Weapon Accessories and Spare Parts तथा Small Arms Ammunition को कच्चा पदार्थ खरिदः**<br>• Weapons Accessories and Spare Parts खरिद गर्न विभिन्न दूतावास मार्फत प्राप्त प्रस्तावको मूल्याङ्कन गर्ने क्रममा रहेको।<br>• Small Arms Ammunition को सम्झौता सम्पन्न भएको र प्रतीतपत्र खोली Formal Order दिएको।<br>• इमल्सन एक्सप्लोसिभ उत्पादनको लागि आवश्यक कच्चा पदार्थ तथा प्याकेजिङ्ग |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | सामग्रीहरूको खरिद सम्झौताको क्रममा रहेको।<br>**हवाईजहाज तथा हेलिकप्टरहरूको स्पेयर पार्टस खरिदः**<br>• हवाईजहाज तथा हेलिकप्टरहरू (Sky Truck, Bell, Advanced Light Helicopter (ALH), Agusta र Ecureuil) को स्पेयर पार्टस खरिद गर्न ५ वटा प्याकेजको मूल्य प्रस्ताव माग गरेकोमा २ वटा प्याकेजको सम्झौता सम्पन्न भएको।<br>• MI-17 हेलिकप्टरको Spare Parts खरिदका लागि विदेशी दूतावासमार्फत मूल्य प्रस्ताव माग गरिएको। |
| ३९८ | नेपाली सेनाको क्षमता अभिवृद्धि गरी राष्ट्रिय सुरक्षा एवम् प्रतिरक्षा र विकास एवम् विपद् व्यवस्थापनमा परिचालन गरिने। | • हालसम्म देशभर कुल २ हजार ४ सय ८६ जना स्थानीयलाई सामुदायिक विपद् प्रतिकार्य तालिम प्रदान गरिएको।<br>• सरोकारवाला निकाय तथा विदेशी सेनासँग तालिम/अभ्यास सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत Program for Enhancement of Emergency Responses (PEER) र Disaster Response Exercise and Exchange (DREE) तालिम कोभिड-१९ का कारण रद्द भएको।<br>• Urban Search and Rescue Medium Team तयार गरी International Search and Rescue Advisory Group (INSARAG) Accreditation को प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयमार्फत INSARAG सचिवालयलाई पत्राचार भएको। |
| ३९९ | बङ्करदेखि ब्यारेकसम्म कार्यलाई निरन्तरता दिइएको। | **बङ्करदेखि ब्यारेक कार्यक्रमः**<br>• निर्माणको क्रममा रहेको कार्यक्रम संख्या- १ सय १३<br>• बोलपत्र सूचना प्रकाशित भई मूल्याङ्कनको क्रममा रहेका कार्यक्रम - ५(कार्यक्रम संशोधित भई थप गरिएको ३४ कार्यक्रम (४४ संरचना) सहित कुल १ सय १९ कार्यक्रम अन्तर्गत १ सय ४५ संरचना) |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३९९ | राष्ट्रिय सेवा दललाई राष्ट्रियता, देशभक्ति र राष्ट्र सेवामा समर्पित गराइनेछ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिने। | **राष्ट्रिय सेवा दलः**<br>• मिति २०७८।०८।१९ गतेबाट क्याडेट छात्र/छात्राहरू सहभागी गराई सिनियर डिभिजनको लागि १ हजार ६ सय ५६ जना र जुनियर डिभिजन तालिमको लागि ६ हजार ८४ जना गरी जम्मा ७ हजार ७ सय ४० जना समावेश गराई पहिलो चरणको संस्थागत तालिम माघ महिनामा स्थान विशेषमा (सम्बन्धित विद्यालयहरूमा) सम्पन्न भएको।<br>• वार्षिक सामूहिक क्याम्प सञ्चालन योजना अनुसार जुनियर डिभिजनतर्फ ११ वटा र सिनियर डिभिजनतर्फ १ वटा वार्षिक सामूहिक क्याम्प सम्पन्न। सिनियर डिभिजन तालिमको २ वटा वार्षिक सामूहिक क्याम्प मिति २०७८/१२/२३ गतेदेखि सञ्चालन भई मिति २०७९/०१/०८ गते समापन भएको। |
| | | **राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयः**<br>• विश्वविद्यालयको विधेयक, संक्षिप्त अवधारणा पत्र र सांगठनिक संरचनाको स्वरूपको मस्यौदाहरू तयार गरी स्वीकृतिको प्रक्रियामा रहेको।<br>• भौतिक संरचना निर्माण गर्न राष्ट्रिय योजना आयोगबाट सहमति प्राप्त भएको।<br>• बहुवर्षीय आयोजना स्वीकृतिको लागि राष्ट्रिय योजना आयोगमा लेखी पठाइएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत्र मसान्तसम्ममा सम्पादन भएका कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कार्यविधि/निर्देशिकाहरूः

| क्र.सं. | नीति/कार्यविधि/निर्देशिका | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | Ammunition Master Key (AMK) को नीति, २०७८ | नयाँ तर्जुमा |
| २. | राष्ट्रिय सेवा दल तालिममा खटिएका शिक्षकहरूलाई कार्यक्षमता/योग्यताको आधारमा पदोन्नती गर्दा अङ्क प्रदान गर्ने नीति, २०७८ | नयाँ तर्जुमा |
| ३. | सैनिक सेवा नियमावली, २०६९ (चौथो संशोधन) | संशोधन |
| ४. | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश (पहिलो संशोधन), २०७८ स्वीकृत भएको। | संशोधन |

| क्र.सं. | नीति/कार्यविधि/निर्देशिका | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| ५. | अति विशिष्ट तथा विशिष्ट व्यक्तिको सुरक्षार्थ तथा समारोह व्यवस्थापनमा खटिने सुरक्षा तथा समारोह व्यवस्था प्रमुख, पार्श्ववर्ती, निकटतम सुरक्षाकर्मी, अंगरक्षक र अन्य सुरक्षाकर्मी व्यवस्थापन निर्देशिका, २०७७ | नयाँ तर्जुमा |
| ६. | विविध क्षेत्रबाट प्राप्त हुने पुस्तक तथा शोधपत्रहरू नेपाली सेनाको तालिममा समावेश गर्ने सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ७. | अधिकृत क्याडेट तालिम निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ८. | पदिक तथा बिल्लादार अधिकृत क्याडेट तालिम निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ९. | विविध सेवा वृत्ति विकास कार्यालय प्रमुखको पदोन्नती सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| १०. | प्रकृति संरक्षण ट्रफी प्रतियोगिता (पहिलो संशोधन) निर्देशिका, २०७८ | संशोधन |
| ११. | उपसेनानी र सहसेनानीको लागि दूर शिक्षा तथा परीक्षा सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| १२. | नेपाली सेनाको परिमार्जित निरीक्षण प्रारूप, २०७८ | संशोधन |

## ख. अन्य सम्पादित महत्त्वपूर्ण कार्यहरूः

| क्र.सं. | क्रियाकलाप | प्रगति |
|---|---|---|
| १. | भरतपुर, कैलाली, झापा, मोरङ्ग, कपिलवस्तु, पर्सा र नेपालगञ्जमा होल्डिङ्ग सेन्टर निर्माण | • हालसम्मको भौतिक प्रगति ९०.७९% |
| २. | सगरमाथा, ल्होत्से, कञ्चनजङ्गा र मनास्लु हिमालको सफाई | • २०७८/१२/२२ गतेबाट अभियान शुरु भई २०७९/०२/२२ समापन हुने योजना रहेको।<br>• कुल ३५ टन फोहर सङ्कलन गर्ने लक्ष्य अनुसार हालसम्म २५ प्रतिशत कार्य सम्पन्न भएको। |
| ३. | संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेनामा नेपालको सहभागिता | • हालसम्म १ लाख ४० हजार २ सय २ जना (१ हजार ८ सय ४५ महिला सैनिक) शान्ति स्थापनार्थ विभिन्न शान्ति मिसनमा सहभागी भएको। फौज योगदान गर्ने मुलुकमा नेपाल हाल दोस्रो स्थानमा रहेको। |

- **नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य अन्तर्गत सम्पादित मुख्य कार्यहरूः**

| क्र.सं. | मुख्य कार्यहरूको विवरण | सेवा संख्या |
|---|---|---|
| १. | जमिनी खोज तथा उद्धार | १०५ जना |
| २. | हवाई खोज उद्धार | ५८ जना |
| ३. | आगलागी नियन्त्रण | ८७ स्थान |
| ४. | स्वास्थ्य शिविर (११ स्थान) | ३ हजार ४६० जना |

| क्र.सं. | मुख्य कार्यहरूको विवरण | सेवा संख्या |
|---|---|---|
| ५. | रक्तदान | ३६ जनाबाट |
| ६. | सचेतनामूलक कक्षा सञ्चालन | १३ स्थान |
| ७. | सर्पदंश उपचार | २६५ जना |

- **कोभिड-१९ रोकथाम, नियन्त्रण तथा प्रतिकार्यमा नेपाली सेनाबाट खटिएको जनशक्तिको विवरणः**

| विवरण | स्थान | खटिएको संख्या |
|---|---|---|
| क्वारेन्टिन | १ | २० |
| अक्सिजन प्लाण्ट | १ | १० |
| शव व्यवस्थापन | विभिन्न स्थान | ७१० |

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ७१९६८ | ५४२५५ | ७५.३९ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४९१०० | ४१०२२ | ८३.५५ |
| ३४५०१०११३ | जंगी अड्डा | ४२७९६२२२ | ४२०५३८०० | ९८.२७ |
| ३४५०१०१२३ | सैनिक हवाई महानिर्देशनालय | ६१९२२४ | ५८९३२७ | ९५.१७ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १४७४४४६ | १४५१६०७ | ९८.४५ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३०२७८ | १२७०१७ | ९७.५० |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | २२८६४३ | २१८०१२ | ९५.३५ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २१२१५५ | २१०८०४ | ९९.३६ |
| | **कुल जम्मा** | **४५५८२०३६** | **४४७४५८४४** | **९८.१७** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ४२४०० | ४०६५८ | ९५.८९ |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | १५०० | १४७५ | ९८.३० |
| ३४५०१०११४ | जंगी अड्डा | ८८१४१८९ | ७६०६७४५ | ८६.३० |
| ३४५०१०१२४ | सैनिक हवाई महानिर्देशनालय | १७३८७४ | १७३८७३ | १००.०० |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १०८३७८ | ४०९४८ | ३७.७८ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ३४७४३ | ३३०८५ | ९५.२३ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | ६६०३ | ६२१६ | ९४.१४ |
| ३४५०१०१६४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ५७८१ | ५४११ | ९३.५९ |
| | **कुल जम्मा** | **९१८७४६८** | **७९०८४१०** | **८६.०८** |

| अन्य निकायहरूबाट अख्तियार प्राप्त बजेटको प्रगतिः | | | | |
|---|---|---|---|---|
| ३३७००१०१३ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | १२८४०० | ९३६५६ | ७२.९४ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १३८४०० | १३६९४५ | ९८.९५ |

| अन्य निकायहरूबाट अख्तियार प्राप्त बजेटको प्रगतिः | | | | |
|---|---|---|---|---|
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ३७८५२९५ | ३७२७१८८ | ९८.४६ |
| ३२९००१०४३ | राष्ट्रिय चूरे तराई मधेश संरक्षण विकास समिति | ३९९६३ | ३६५५९ | ९१.४८ |
| | **कुल जम्मा** | **४०९२०५८** | **३९९४३४८** | **९७.६१** |

| अन्य निकायहरूबाट अख्तियार प्राप्त बजेटको प्रगतिः | | | | |
|---|---|---|---|---|
| ३३७००१०१४ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | ८८४०४०० | ८६३७४८१ | ९७.७० |
| | विभिन्न ५ सडक कोरिडोरहरू निर्माण | ६७४९८३ | ६४२८७४ | ९५.२४ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १८०१०० | ११७५५५ | ६५.२७ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ७३२०० | ६९४७६ | ९४.९१ |
| ३२९००१०४४ | राष्ट्रिय चूरे तराई मधेश संरक्षण विकास समिति | ३९९६३ | ३६५५९ | ९१.४८ |
| | **कुल जम्मा** | **९८०८६४६** | **९५०३९४५** | **९६.८९** |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ७१८४८ | ४३३९० | ६०.३९ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४८८०० | ३०८२४ | ६३.१६ |
| ३४५०१०११३ | जंगी अड्डा | ४१५६३५५५ | ३२९३०१८८ | ७९.२३ |
| ३४५०१०१२३ | सैनिक हवाई महानिर्देशनालय | ६३०७०० | ३२५३०९ | ५१.५८ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल | १३६५९०० | १११०९३८३ | ८१.२२ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १२२९०० | ८७७०६ | ७१.३६ |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | ३९१४०० | २१९२५८ | ५६.०२ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | २०५९०० | १५९२४२ | ७७.३४ |
| | **कुल जम्मा** | **४४४०१००३** | **३४९०५३००** | **७८.६१** |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ९४०० | ० | ०.०० |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | ४५०० | १५७१ | ३४.९१ |
| ३४५०१०११४ | जंगी अड्डा | ७५९१८८९ | २२७१०४१ | २९.९१ |
| ३४५०१०१२४ | सैनिक हवाई महानिर्देशनालय | १४३५०० | ८२९५ | ५.७८ |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ३६२५०० | २६८७१७ | ७४.१३ |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ४५४०० | ८२११ | १८.०९ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | ९०० | ३९७ | ४४.०६ |
| ३४५०१०१६४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | १९०० | ० | ०.०० |
| | **कुल जम्मा** | **८१५९९८९** | **२५५८२३२** | **३१.३५** |

| अन्य निकायबाट अख्तियारी प्राप्त बजेटको प्रगतिः | | | | |
|---|---|---|---|---|
| ३३७००१०१३ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | ८७५०० | ३८५४३.२९ | ४४.०५ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | ३८९७३०० | २८६८०६४ | ७३.५९ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १४१५०० | २४३२० | १७.१९ |
| | **कुल जम्मा** | **४१२६३००** | **२९३०९२७** | **७१.०३** |

| अन्य निकायबाट अख्तियारी प्राप्त बजेटको प्रगति | | | | |
|---|---|---|---|---|
| ३३७००१०१४ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | ८८४०४०० | ६३४३५०५ | ७१.७६ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय | १८४५०० | ३३५१४ | १८.१६ |
| ३२९००१०४४ | राष्ट्रिय चूरे तराई मधेश संरक्षण विकास समिति | ३६४८५ | १६१४० | ४४.२३ |
| | विभिन्न ५ सडक कोरिडोरहरू निर्माण | ७८३००० | ३५३७५१ | ४५.१८ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशनालय | १८९१०० | ३०७२२ | १६.२५ |
| | **कुल जम्मा** | **१००३३४८५** | **३७७७६३२** | **६७.५५** |

# वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमि

वन तथा वातावरण मन्त्रालयका प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरू समावेश छन्। वन अन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरूको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन र तिनबाट प्राप्त वस्तु र सेवाको न्यायोचित उपयोग गर्ने विषय पर्दछन्। वातावरण कार्यक्षेत्र तर्फ तीनै तहका सरकार, समुदाय र निजी क्षेत्रको सहयोग र सहकार्यमा खासगरी प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन रहेका छन्। जलवायु परिवर्तन तर्फ मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरूबाट बच्न अनुकूलनका उपयाहरूको खोजी र विस्तार गर्नु, त्यसका निम्ति अन्तराष्ट्रिय वित्त, प्रविधि र ज्ञानमा पहुँच बढाउनु, जलवायु परिवर्तनको न्यूनीकरण हुने गरी स्रोतको व्यवस्थापन गर्नु र हरितगृह ग्याँसको उत्सर्जनको नियमित मापन गर्नु जस्ता क्रियाकलापहरू रहेका छन्। यी तीनवटै कार्यक्षेत्रमा लैङ्गिक तथा सामाजिक समावेशीकरण, अध्ययन-अनुसन्धान, क्षमता विकास र शासकीय सुधार प्रमुख अन्तरसम्बन्धित पक्षहरू हुन्।

## २. दीर्घकालीन सोच

वन क्षेत्रको दिगो व्यवस्थापन, सफा, स्वच्छ र हरित वातावरण तथा जलवायु समानुकूलित समाजको निर्माणवाट नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि र सुखमा योगदान।

## ३. उद्देश्य

**राष्ट्रिय वन नीति, २०७५**

- वन क्षेत्रको उत्पादकत्व उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने,
- वन पैदावरमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धन गर्ने,
- संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरूबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुर्‍याउने,
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण पुनःस्थापना दिगो उपयोग गर्ने
- वन क्षेत्रको संरक्षण र सोको बहुआयमिक उपयोग गर्ने,
- फलफूल लगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने,
- हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुनःस्थापना गर्ने,
- जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने,
- कार्बन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुर्‍याउने
- वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने,
- वन क्षेत्रको अध्ययन अनुसन्धान शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने।

**राष्ट्रिय वातावरण नीति, २०७६**

- जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक र रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम नियन्त्रण र न्यूनीकरण गर्ने,
- घरेलु औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने,
- शहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने,
- विकासका सबै आयामहरूमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने,
- प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चिता गर्ने,
- वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने,
- वर्तमान तथा भावी पुस्ता बीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरूको उपयोग गर्ने,
- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने,
- जमिनको प्रयोग भू-उपयोग योजनाबमोजिम गर्ने,
- सम्भव भएसम्म उपलब्ध स्रोत साधनको पुनः प्रयोग र पुनःप्रशोधन गर्ने।

**राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६**

- सङ्कटासन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने,
- जलवायु परिवर्तनका प्रतिकुल प्रभावको जोखिममा रहेका पारिस्थितीकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने,
- न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको न्यायोचित परिचालन गर्ने,
- जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने,
- राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयहरूलाई एकीकृत गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने।

## ४. रणनीतिहरू

- सामुदायिक वन, साझेदारी वन, कबुलियती वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरूको प्रवर्द्धन र विकास गरिने,
- वन पैदावार सङ्कलनमा दिगोपना र प्रभावकारिताका लागि विज्ञान र प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गरी यस्ता प्रविधिहरूको थप विकास र विस्तार गर्दै लगिने,
- सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्न दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्डबाट वन प्रमाणीकरण गर्दै लगिने,
- हरित उद्योग प्रवर्द्धन र विकासका लागि निजी, सामुदायिक र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गरिने,

- वनमा आधारित सार्वजनिक संस्थानहरू मार्फत समेत हरित उद्योग सञ्चालन तथा रोजगारीका असरहरू सिर्जना गरिने,
- वन पैदावारको मूल्य निर्धारणलाई पारदर्शी बनाउदै सर्वसाधारणले सुलभ मूल्यमा काठ लगायतका वन पैदावार प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना गरिने,
- दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानिय र पर-स्थानीय संरक्षण र व्यवस्थापन गरिने,
- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र जस्ता अन्तर राष्ट्रिय पहिचानका संरक्षित क्षेत्र व्यवस्थापन बाहेक कुनै स्थानीय समुदायद्वारा परम्परा देखि संरक्षित हुँदै आएका वन क्षेत्रहरूलाई सामुदायिक संरक्षित क्षेत्रको रुपमा मान्यता दिइने,
- मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि भू-परिधी स्तरमा संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गहरूको एकीकृत र समुचित व्यवस्थापन गरिने,
- जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापनबाट पारिस्थितीकीय सन्तुलन कायम गरी वातावरणीय सेवाको प्रवर्द्धन र उपयोग बढाइने,
- वातावरणीय सेवाको मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिने,
- वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुऱ्याइने योगदान वापत अन्तर्राष्ट्रिय संयन्त्रहरूबाट भुक्तानी पाउने अवसरको उपयोग गरिने,
- निजी जग्गामा उत्पादित वन पैदावारलाई जग्गा धनीले कटान, प्रशोधन, बिक्री वितरण, ओसारपसार र प्रयोग गर्न पाउने व्यवस्था गरिने,
- निजी जग्गामा निजी वन, कृषि वन तथा तिनमा आधारित हरित उद्योगहरूलाई प्रवर्द्धन र विस्तार गर्न नवीनतम् प्रविधिहरू हस्तान्तरण गरिने,
- सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिइने,
- वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउन अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरू सिर्जना गरिने,
- स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोगसम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपर्युक्त वातावरण निर्माण गरिने,
- वन स्रोतको व्यवस्थापन गर्दा वनका श्रमिक, व्यवस्थापक समुदाय, महिला, आदिवासी जनजाती, दलित, मधेसी, थारु, मुस्लिम अल्पसंख्यक, फरक क्षमता भएका, विपन्न र पछाडि पारिएको समुदायको अधिकार सुनिश्चित गर्दै लाभमा उनीहरूको पहुँच वृद्धि गरिने,
- वन क्षेत्रका संस्था, नीति, कार्यक्रम, बजेट तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सिद्धान्तका आधारमा गरिने,
- वन क्षेत्रमा आयोजनाहरू सञ्चालन गर्दा प्रभावित समुदायको स्वतन्त्र पूर्व सुसूचित सहमति लिने व्यवस्था गरिने,
- वन क्षेत्रका सबै संस्थाहरूमा निर्णायक जिम्मेवारी सहित पचास प्रतिशत महिलाको सहभागिता हुने गरी रणनीति, कानून, बजेट, कार्यक्रम र अभ्यासको अवलम्बन गरिने,

- नेपाल पक्ष राष्ट्र भएका वन तथा वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि, आवश्यक कानूनी र संरचनागत व्यवस्था गरिने,
- जल, वायु, माटो, ध्वनी, विद्युत चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदुषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने,
- प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठान लगायत प्रदुषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनी, गुणस्तरको नक्साङ्कन गरिने,
- औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदुषित पानीको प्रशोधनको व्यवस्था गरिने,
- उद्योग र अन्य व्यवसायहरूबाट निष्कासन हुने प्रदुषणयुक्त धुँवा, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रबिधि कार्यान्वयनमा ल्याइने,
- घरभित्रको वायु प्रदुषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुलो, विद्युतीय चुलो, बायोग्याँस, सुधारिएको चुलो, चिम्नी जस्ता उपकरणहरूको प्रवर्द्धन गरिने,
- प्रदुषण नियन्त्रणका लागि आवश्यकता अनुसार सघनतामा आधारित मापदण्ड एवम् भारमा आधारित मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने,
- औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी बिसर्जन गरिने,
- फोहरमैलाबाट उर्जा उत्पादन गर्न प्रोत्साहन गरिने,
- विद्युतीय सवारीसाधन, हाईब्रिड सवारीसाधन वा हाईड्रोजन इन्धनबाट चल्ने सवारीसाधन जस्ता नवीनतम तथा स्वच्छ उर्जा खपत गर्ने सवारीसाधनहरूको प्रयोगलाई प्रोत्साहन गरिने,
- प्रदुषणजन्य प्लाष्टिकको उपयोगलाई वैकल्पिक वातावरण मैत्री माध्यमबाट प्रतिस्थापन गरिने,
- नदीको स्वच्छता कायम राख्न प्रदुषित पानी, ढल र फोहरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिने,
- गरीब, सीमान्तीकृत, भूमिहीन आदिवासी तथा सङ्कटासन्न घरधुरी, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी कृषिमा आधारित अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिने,
- दिगो वन व्यवस्थापन अवलम्बन गर्दै वनको कार्बन सञ्चिति वृद्धि गरिने,
- नवीकरणीय उर्जाको उत्पादन तथा उपयोग एवम् उर्जा किफायती प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने,
- स्थानीयस्तरमा भू-उपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरूको आधारमा वन, कृषि, आवास तथा औद्योगिक क्षेत्रहरूको निर्धारण गरिने,
- उद्योग तथा यातायात क्षेत्रका हरितगृह ग्याँस उत्सर्जन हुने मुख्य विन्दु र कारकहरू पहिचान गरी न्यूनीकरणका लागि मापदण्डहरू बनाई लागू गरिने,
- पर्यापर्यटन हरित पैदल मार्ग र पर्यटन गन्तव्यहरूको विविधीकरण जस्ता जलवायुमैत्री पर्यटन क्षेत्रको विकासमा मूलप्रवाहीकरण गरिने,
- जलवायु परिवर्तनबाट सिर्जित रोगवाहक किटाणु तथा संक्रामक रोगहरूको महामारी फैलिन नदिन पूर्वतयारी, पूर्वानुमान तथा रोकथाम गर्ने संयन्त्रको विकास गरिने,
- जलवायुजन्य प्रकोप रोकथाम न्यूनीकरण र पूर्वतयारी गर्न संघ, प्रदेश तथा स्थानीय तहमा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन प्रणालीको विकास गरिने,

- जलवायु परिवर्तनसँग सम्बन्धित विषयमा महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पिडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक र सबै प्रकारका अपाङ्गता भएका, गर्भावस्था, अशक्त तथा विपन्न व्यक्ति वा समूहहरूको चासोलाई सम्बोधन गरिने,
- विभिन्न विषयगत क्षेत्रहरूमा जलवायु परिवर्तनको असर र जोखिम एवम् न्यूनीकरण र अनुकूलनका उपायहरू सम्बन्धमा सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गरिने,
- जलवायु परिवर्तनले विभिन्न विषयगत क्षेत्रहरूमा पारेको असरको नियमित अध्ययन अनुसन्धान गर्दै यसको नतिजालाई निर्णय प्रक्रियासँग आबद्ध गरिने,
- अन्तर्राष्ट्रिय संयन्त्रमार्फत प्राप्त जलवायु वित्त परिचालन गर्दा प्रशासनिक खर्च कम गर्दै कम्तिमा ८० प्रतिशत रकम स्थानीय स्तरको कार्यक्रम कार्यन्वयनमा परिचालन हुने व्यवस्था सुनिश्चित गरिने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय | १२९ | ९३ | ३६ | |
| २ | वन तथा भू-संरक्षण विभाग र अन्तर्गत | १२९३ | ८१८ | ४७५ | ४२८-फरेस्टर |
| ३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गत | १९४४ | १३०२ | ६४२ | १ टा.ना.सु |
| ४ | वातावरण विभाग | ५५ | ४० | १५ | |
| ५ | वनस्पति विभाग र अन्तर्गत | २८८ | २३५ | ५३ | |
| ६ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ७३ | ४२ | ३१ | |
| ७ | रेड कार्यान्वियन केन्द्र | १३ | ९ | ४ | |

## ६. आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्यमा (प्रतिस्थापन बजेट वक्तव्य समेत) उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७७ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १५१ | काष्ठ, गैरकाष्ठ र जडीबुटीमा आधारित वनजन्य उद्यमलाई रोजगारी र आर्थिक उपार्जनसँग आबद्ध गरी उद्यमशीलता प्रवर्द्धन गरिने। मुलुकको आर्थिक समृद्धिमा वन क्षेत्रको योगदान अभिवृद्धि गर्न दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड कार्यान्वयनमा ल्याइने। | • राष्ट्रिय वनको दिगो व्यवस्थापन सम्बन्धी मापदण्ड सहितको कार्यविधिको मस्यौदा तयार भएको।<br>• राष्ट्रिय वन र निजी वनवाट १ करोड ५५ लाख क्यू. फिट काठ तथा १ लाख ८७ हजार चट्टा दाउरा उत्पादन तथा सङ्कलन भएको। |
| १५२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत शिवालिक तथा महाभारत क्षेत्रमा २ सय पोखरी निर्माण गरी | • १ सय ७२ वटा गल्छी/पहिरो नियन्त्रणका लागि संरचना निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ९० वटा निर्माण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | भूमिगत जलपुनर्भरण गरिने। चुरे क्षेत्रका १ सय ६४ नदी प्रणालीमा भूक्षय नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने। | • भूमिगत जलपुनर्भरण र सतहमुनिको पानी उपयोगका लागि २ सय ६२ वटा संरचना निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ६५ वटा पुनर्भरण पोखरी जस्ता संरचना निर्माण भएको।<br>• क्षतिग्रस्त भूमि पुनरूत्थान तथा अन्य संरक्षण का लागि ९५ हेक्टरमा संरचना निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ९५ हेक्टरमा संरचना निर्माण तथा वृक्षारोपण भएको।<br>• ३३ हेक्टर चुरे क्षेत्रका अति संवेदनशील क्षेत्रमा तारबारसहित पुनरूत्पादन संरक्षण तथा व्यवस्थापन वार्षिक लक्ष्य रहेकोमा १२ हेक्टरमा तारबारसहित पुनरूत्पादन संरक्षण तथा व्यवस्थापन भएको।<br>• ३०.९७ कि.मि.नदी तथा खोला किनारा स्थिरीकरण गर्ने वार्षिक लक्ष्य रहेकोमा २०.३८ कि.मि. स्थिरीकरण भएको। |
| १५३ | निर्यातको सम्भावना रहेका वोधिचित्त, रुद्राक्ष, चिराइतो, श्रीखण्ड, पाँचऔंले लगायतका उच्च मूल्ययुक्त वनस्पति र जडिबुटीको व्यावसायिक उत्पादन, प्रशोधन, प्रमाणीकरण र बजारीकरण गर्न प्रोत्साहित गरिने। भौगोलिक सम्भाव्यताका आधारमा वनस्पती एवम् जडिबुटीका नर्सरी विकास गरिने। जडिबुटी बालीको बीमा गरी प्रिमियम रकममा ५० प्रतिशत अनुदान दिइने। | • जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा ६५ टन सुगन्धित तेल उत्पादन गर्ने वार्षिक लक्ष्य रहेकोमा ११.४६ टन उत्पादन भएको।<br>• जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा १ करोड थान हर्वल केयर उत्पादन गर्ने वार्षिक लक्ष्य रहेकोमा यस ४७ लाख ८३ हजार ५ सय ७१ थान उत्पादन भएको।<br>• विदेश निकासीमा टेवा पुऱ्याउने उद्देश्यले १ हजार ५ सय वटा विभिन्न जडीबुटी प्रजातीका नमूनाहरूको परीक्षण, विश्लेषण, प्रमाणीकरण, गुण निर्धारण तथा सिफारिस गर्ने वार्षिक लक्ष्य रहेकोमा ९ सय ७४ वटा विभिन्न जडीबुटी प्रजातीका नमूनाहरूको परीक्षण, विश्लेषण, प्रमाणीकरण, गुण निर्धारण तथा सिफारिस गरिएको।<br>• विभिन्न प्रजातीका ८ लाख जडिबुटी विरुवा उत्पादन गर्ने वार्षिक लक्ष्य रहेकोमा २ लाख २५ हजार ८ सय जडीबुटी बिरुवा उत्पादन भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १५४ | राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सीमसार, वनस्पति उद्यान र सामुदायिक वनमा जैविक विविधता र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन पूर्वाधार विकास गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा कञ्चनपुर, बर्दिया, चितवन, नुवाकोट र दोलखा जिल्लामा प्रकृतिमा आधारित पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने। | **प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन पूर्वाधार विकासका लागि २० वटा संरक्षित क्षेत्रहरूमा**<br>• १२ वटा पर्यटकीय विश्रामस्थल निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ६ वटा पर्यटकीय विश्रामस्थल निर्माण भएको।<br>• ३५ कि.मि. पर्यटक पदमार्ग/गोरेटो बाटो निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा १६ कि.मि. पर्यटक पदमार्ग/गोरेटो बाटो निर्माण भएको।<br>• १ सय ५२ कि.मि. पर्यटक पदमार्ग/गोरेटो बाटो मर्मत/स्तरोन्नति गर्ने वार्षिक लक्ष्य रहेकोमा १ सय १० कि.मि. पर्यटक पदमार्ग/ गोरेटो बाटो मर्मत/स्तरोन्नति भएको।<br>• १२ वटा पर्यटक काठेपूल निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ९ वटा पर्यटक काठेपूल निर्माण भएको।<br>• ४१ वटा पर्यटक काठेपूल मर्मत गर्ने वार्षिक लक्ष्य रहेकोमा ९ वटा पर्यटक काठेपूल मर्मत भएको।<br>• ३२ वटा भ्यूटावर मर्मत गर्ने वार्षिक लक्ष्य रहेकोमा २० वटा पर्यटक भ्यूटावर मर्मत भएको।<br>• ६० कि.मि. वन पथ निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ३७ कि.मि. वन पथ निर्माण भएको।<br>• ५ सय १३ कि.मि. वन पथ ग्राभेलिङ्ग तथा मर्मत गर्ने वार्षिक लक्ष्य रहेकोमा ४ सय ६८ कि.मि. वन पथ निर्माण भएको। |
| १५५ | भक्तपुरको सूर्यविनायकमा निर्माणाधीन राष्ट्रिय प्राणी उद्यान र तनहुँमा भानुभक्त प्राणी उद्यानको निर्माण कार्य सम्पन्न गरिने। | • राष्ट्रिय प्राणी उद्यानको साविकको गुरुयोजनाको पुनरावलोकन सम्पन्न भई गुरुयोजना तयारी कार्य भइरहेको। |
| १५६ | मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्ग, घाँसे मैदान, सीमसार, प्राकृतिक पोखरी एवम् वासस्थानको संरक्षण गरिने। संरक्षित र मध्यवर्ती क्षेत्र भित्र | • मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि २८ कि.मि. मेषजाली सहितको तारबार निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा १७.६५ कि.मि. निर्माण सम्पन्न भएको र १९.२८ कि.मि. सोलार फेन्स निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा ५ कि.मि. निर्माण सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बसोवास गर्ने नागरिक र कर्मचारीलाई वन्यजन्तुको आक्रमणबाट हुन सक्ने क्षति परिपूरण गर्न दुर्घटना बीमा गरिने। | • ४ वटा वन्यजन्तु उद्दार केन्द्र निर्माण गर्ने वार्षिक लक्ष्य रहेकोमा २ वटा निर्माण सम्पन्न भएको।<br>• वन्यजन्तुका लागि १ सय ११ वटा पानी पोखरी निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने वार्षिक लक्ष्य भएकोमा ७३ वटा पानी पोखरी निर्माण, मर्मत तथा व्यवस्थापन भएको। |
| १५७ | वनजन्य पशुपन्छीको व्यावसायिक पालन गर्न निजी, सहकारी र सामुदायिक संस्थालाई प्रोत्साहित गरिने। पाँचऔले, केशर र यार्सागुम्वा जस्ता दुर्लभ एवम् बहुमूल्य वनस्पती तथा जडिबुटीको व्यावसायिक खेती गर्न अनुसन्धान केन्द्र स्थापना गरिने। बाघ, एकसिङ्गे गैडा, हात्ती, कस्तुरी, गोही, सालक जस्ता संकटापन्न तथा दुर्लभ वन्यजन्तुको संरक्षण गरिने। | • तराई भू-परिधि क्षेत्रका ५ वटा संरक्षित क्षेत्र तथा जैविक मार्गहरूमा बाघ गणनाका लागि तथ्याङ्क सङ्कलनको काम सम्पन्न भई तथ्याङ्क विश्लेषणको कार्य भइरहेको।<br>• बाघ, एकसिंघे गैडा, हात्ती, कस्तुरी, गोही, सालक जस्ता संकटापन्न तथा दुर्लभ वन्यजन्तुको संरक्षण भएको। |
| १५८ | रोजगारी र आय आर्जनको अवसर विस्तार गर्न वनक्षेत्रमा सामूहिक खेती र निजी जग्गामा कृषि वन लगाउन प्रोत्साहित गरिने। लुम्बिनी प्रदेश र प्रदेश नं २ का ५० स्थानीय तहमा समृद्धिका लागि वन कार्यक्रम सञ्चालन गरिने। | • कृषि वन प्रवर्द्धनका लागि १ सय ५१ हेक्टर वार्षिक लक्ष्य भएकोमा ३५.५ हेक्टरमा वृक्षारोपण सम्पन्न भएको। |
| १५९ | चुरे तथा तराई-मधेश क्षेत्रमा १ करोड ५० लाख वृक्षारोपण गर्ने। शहरी क्षेत्रका सडक किनारा, आवास क्षेत्र र खुला क्षेत्रमा फलफूलका विरुवा रोपी हरित शहर विकास गरिने। वृक्षारोपण र संरक्षण कार्यमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतलाई परिचालन गरिने। | • १ करोड ५० लाख विरुवा उत्पादन तथा वृक्षारोपण गर्ने वार्षिक लक्ष्य भएकोमा ४१ लाख ३ हजार वटा अन्य विरुवा उत्पादन तथा २ लाख ३६ हजार वृक्षारोपण भएको।<br>• ५५ वटा शहरी उद्यान विकास गर्ने वार्षिक लक्ष्य भएकोमा १० वटा शहरी उद्यान विकास भएको। |
| १६० | प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न | • ५५ पटक ४० माइक्रोन भन्दा कम मोटाईको प्लाष्टिक प्रयोगमा प्रतिबन्धसम्बन्धी परिपालना |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | २० माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा आगामी श्रावण १ गतेदेखि पूर्णरूपमा प्रतिबन्ध लगाइएको। सपिङ्ग मल तथा डिपार्टमेन्टल स्टोर लगायत सबै व्यापारिक प्रतिष्ठानमा प्लाष्टिकको झोलाको सट्टा सूती, जुट वा कागजका झोला प्रयोग गर्नुपर्ने व्यवस्था मिलाइएको। चालीस माइक्रोन भन्दा पातलो प्लाष्टिक झोला वा सीट उत्पादन गर्ने उद्योगले पुरानो मेशिनको पार्टपुर्जा प्रतिस्थापन गरी नयाँ जडान गरेमा हुने थप लगानी बराबरको रकम पुँजीगत अनुदान उपलव्ध गराइने। | अनुगमन गर्ने वार्षिक लक्ष्य भएकोमा १२ पटक अनुगमन भएको।<br>• प्लाष्टिकजन्य फोहोर व्यवस्थापन कार्ययोजनाको मस्यौदा तयार भएको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| १६१ | वातावरणीय प्रदूषणले मानव स्वास्थ्यमा पारेको प्रतिकुल प्रभावलाई नियन्त्रण गर्न र स्वच्छ एवम् वातावरणमैत्री विकासलाई प्रवर्द्धन गर्न विद्युतीय सवारी साधनको उपयोगलाई प्रोत्साहन गरिने। पेट्रोलियम पदार्थबाट सञ्चालन हुने हलुका सवारी साधनलाई सम्वत् २०८८ सम्ममा विद्युतीय सवारी साधनले विस्थापित गर्ने रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने। यसका लागि अवलम्बन गर्नुपर्ने नीति, छुट तथा सुविधा र पूर्वाधार विकासका सम्बन्धमा सुझाव दिन विज्ञ सहितको कार्यदल गठन गरिने। पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गरेमा ५ वर्षसम्म | • विद्युतीय सवारी साधनले विस्थापित गर्ने रणनीतिक योजनाको प्रारम्भिक मस्यौदा तयार भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नवीकरण शुल्क र सडक निर्माण तथा सम्भार दस्तुर छुट दिने व्यवस्था मिलाइएको। | |
| १६२ | रौतहट, बारा, पर्सा, चितवन, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर लगायतका तराई-मधेशका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरिने। जलवायु परिवर्तनको प्रतिकुल प्रभाव न्यूनीकरण गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने। | • वन क्षेत्रको कार्बन व्यापारमा सहभागी हुन तराईका १३ वटा जिल्लाहरूको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज स्वीकृत भई सन् २०१८ देखि कार्यान्वयनमा रहेको।<br>**जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि**<br>• राष्ट्रिय हानी र नोक्सानीको ढाँचा (L&D),<br>• तेस्रो राष्ट्रिय सञ्चार (TNC) ,<br>• ९ प्रमुख जलवायु संवेदनशील क्षेत्रहरू समेट्ने, संकटासन्नता र जोखिम मूल्याङ्कन तथा अनुकूलन विकल्पहरूको पहिचान, प्राविधिक आवश्यकता र क्षमता आवश्यकता मूल्याङ्कन प्रतिवेदनहरू,<br>• स्थानीय तहलाई ८० प्रतिशत जलवायु वित्तीय विनियोजन खुलाउने,<br>• खुद-शून्य हरित गृह ग्याँस उत्सर्जनको लागि दीर्घकालीन राष्ट्रिय निर्धारित योगदानको लागि कार्यान्वयन योजना,<br>• राष्ट्रिय अनुकूलन योजना जलवायु वित्तीय रणनीति र कार्य योजना तयार भएको। |
| १६३ | इलाम, राजविराज, जोमसोम, दिपायल लगायतका स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरिनेछ।वायु, ध्वनी तथा जल प्रदूषणसम्बन्धी क्षेत्रगत मापदण्ड अद्यावधिक गरी कायान्र्वयन गरिनेछ। | • वातावरणीय प्रभाव मूल्याङ्कनको अनुगमन तथा परीक्षण निर्देशिका तयारी तथा प्रकाशनको तयारीको कार्य भइरहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:- | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ | नयाँ |

## ख. राष्ट्रिय गौरवका आयोजनाहरू

| आयोजनाको नाम | प्रगति |
|---|---|
| राष्ट्रपति चुरे तराई संरक्षण कार्यक्रम | • ३७ वटा पोखरी निर्माण,<br>• कृषि वन प्रवर्द्धन कार्यक्रमका लागि ९ हेक्टर जग्गा छनौट,<br>• १२ स्थानमा चुरे क्षेत्रका अति सम्वेदनशिल क्षेत्रमा तारबारसहित पुनरूत्पादन संरक्षण तथा व्यवस्थापन तथा<br>• १ लाख ३० हजार वटा विरुवा उत्पादन गरिएको। |

## ग. प्राथमिकता प्राप्त आयोजना (P1, P2)

| आयोजनाको नाम | प्रगति |
|---|---|
| रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | • समृद्धिको लागि वन कार्यक्रमको आधार रेखा सर्वेक्षण कार्य सम्पन्न भएको।<br>• सेफगार्ड सूचना प्रणाली विकास तथा सञ्चालन कार्य सम्पन्न भएको।<br>• राष्ट्रिय वन सूचना प्रणाली विकास तथा सञ्चालन कार्यको अन्तिम प्रतिवेदन पुनरावलोकन चरणमा रहेको।<br>• वृक्षारोपण तथा वन पुनःस्थापना गर्ने सम्भावित क्षेत्रको नक्साङ्कन कार्य जारी रहेको।<br>• भू-उपयोग परिवर्तन तथा कार्बन अनुगमनसम्बन्धी एकवटा तालिम सम्पन्न भएको।<br>• रेड प्लस सरोकारवालाहरूलाई रेड कार्यान्वयन तालिम बुटवल र धुलिखेलमा सम्पन्न भएको।<br>• रेड प्लस सम्बन्धी सरोकारवालाहरूसँग विभिन्न ७ वटा स्थानमा अन्तर्क्रिया सम्पन्न भएको। |
| पहाडी साना किसानका लागि अनुकूलन आयोजना | • नवीकरणीय ऊर्जा प्रविधि (घरायसी सौर्य ऊर्जा) जडान गरी ४ सय १५ परिवार लाभान्वित भएका,<br>• सुधारिएको पानी घट्टमार्फत १ सय २६ परिवार लाभान्वित भएका,<br>• २५ वटा मुहान संरक्षण तथा खानेपानी व्यवस्थापन/पानी मुहान संरक्षण तथा व्यवस्थापन भई १ हजार ७ सय ३३ परिवार लाभान्वित भएका,<br>• ४८ वटा पोखरी निर्माण (संरक्षण/रिचार्ज, सिँचाइ पोखरी र प्लाष्टिक पोखरी) भई २ हजार ४ सय १७ घरधुरी लाभान्वित भएका,<br>• १० गोटा गल्छी/पहिरो नियन्त्रण भई २ हजार ४ सय १७ घरधुरी तथा ५.१ कि. मि. सिँचाइ कुलो निर्माण भई २ हजार ८ सय १५ घरधुरी लाभान्वित भएका। |
| स्वच्छ वातावरण कार्यक्रम | • स्वच्छ वातावरण कार्यक्रम आयोजना अन्तर्गत कुल ५७ वटा स्थानीय तहसँगको सहकार्यमा निर्माण गरिने उद्यान पार्कहरू सम्बन्धित स्थानीय |

| आयोजनाको नाम | प्रगति |
|---|---|
| | तहले नै निर्माण गर्ने गरी कुल ११ करोड १० लाख बजेट अख्तियारी प्रदान गरिएकोमा १० स्थानमा सम्पन्न (सूर्यविनायक नगरपालिका २ स्थान, जोरायल गाउँपालिका २ स्थान, व्यास नगरपालिका १ स्थान, कीर्तिपुर नगरपालिका १ स्थान, नारायण नगरपालिका १ स्थान, शैल्यशिखर नगरपालिका १ स्थान, शुक्लाफाँट नगरपालिका १ स्थान, मोहन्याल गाउँपालिका १ स्थान) अन्य अधिकांश स्थानमा निर्माण भइरहेको।<br>• वातावरणीय सचेतना सम्बन्धी सन्देश, सूचना, श्रव्यदृश्य सामग्री ने.टि.भी., रेडियो नेपाल र विभिन्न पत्रपत्रिकाबाट निरन्तर प्रचार प्रसार भइरहेको।<br>• विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम ३ विद्यालयमा सम्पन्न भएको। |
| जलवायु उत्थानशील चुरे कार्यक्रम | • समुदायमा आधारित संस्थाहरूको अभिलेखीकरण गरिएको।<br>• वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना तयारीका लागि परामर्श सेवा खरिद (ESMP) गरिएको।<br>• आयोजनाको वेबसाइट निर्माण तथा अद्यावधिक गरिएको।<br>• प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक मूलप्रवाहीकरण गोष्ठी/तालिम सञ्चालन गरिएको।<br>• आयोजनाको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक जग्गामा भएका वनहरूको पहिचान तथा अवस्थाको अध्ययनको लागि परामर्श सेवा खरिद भई सो कार्य स्थलगत अध्ययन भइरहेको। |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | • स्थानीय तहहरूसँगको साझेदारीमा शहरी वन विकास कार्यक्रम सञ्चालनका लागि ५ वटा स्थानीय तहहरूसँग सम्झौता सम्पन्न भएको।<br>• नीम, जामुन, बेल, कल्की, धुपी, कपुर, श्रीखण्ड लगायत विभिन्न प्रजातीका गरी ९० हजार विरुवा उत्पादन भएको।<br>• राष्ट्रिय वनको दिगो व्यवस्थापनसम्बन्धी मापदण्डसहितको कार्यविधिको मस्यौदा प्रतिवेदन तयारी गरिएको।<br>• वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र, बाँकेमा अनुसन्धानमूलक नर्सरीको स्तरोन्नति गरिएको।<br>• विभिन्न प्रजातीका १ हजार २ सय ७२ के.जी. उन्नत वन बीउ सङ्कलन/खरिद गरिएको।<br>• ६ स्थानमा पुरानो फलफूल वगैंचा, बीउ उत्पादन क्षेत्र तथा प्रजाती संरक्षण क्षेत्रहरूको व्यवस्थापन। |
| जलाधार संरक्षण तथा सीमसार | • २५ वटा गल्छी/पहिरो नियन्त्रण, १६ वटा संरक्षण पोखरी निर्माण, १४ वटा पानी मूहान/स्रोत संरक्षण १७ स्थानमा खोला किनारा |

| आयोजनाको नाम | प्रगति |
|---|---|
| व्यवस्थापन कार्यक्रम | संरक्षण, १३ स्थानमा सिंचाई कुलो मर्मत/निर्माण तथा ५० हजार बहुवर्षीय विरूवा उत्पादन गरिएको। |
| प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | • १ वटा प्रवेशद्वार निर्माण भएको, २४ पटक पर्यटकीय क्षेत्रको फोहरमैला व्यवस्थापन कार्य भएको, २७ पटक प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन कार्य भएको, ४ पटक पर्यटनसँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया गोष्ठी कार्य सम्पन्न भएको तथा ३ वटा संरक्षण क्षेत्रमा नेचर गाइड तालिम सम्पन्न भएको। |
| जडिबुटी विकास कार्यक्रम | • जम्मा ९ सय ७४ वटा नमूनाहरूको विश्लेषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस कार्य गरेको।<br>• जडीबुटी बिरुवा छनौट तथा नर्सरी तयारी कार्य भई २ लाख २५ हजार ८ सय जडीबुटी बिरुवा उत्पादन भएको।<br>• ७ अनुसन्धान केन्द्रबाट १५ वटा जडीबुटी खेती सम्बन्धी तालिम सरोकारवाला व्यक्ति/संस्थाहरूलाई प्रदान गरिएको।<br>• ९ वटा वनस्पति उद्यानहरूमा ८० प्रजातीका वनस्पतिहरूको जर्मप्लाजम थप भएको।<br>• पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रमका लागि सुदूरपश्चिम क्षेत्रमा ५ समुह/सहकारीहरूसँग सम्झौता भएको।<br>• जडीबुटी बीमा शुल्कमा अनुदान उपलब्ध गराउने निर्देशिकाको मस्यौदा तयार भएको। |
| वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | • यार्सागुम्वा, केसर र पाँचऔलेको बिउ उत्पादनसम्बन्धी सम्भाव्य अध्ययन कार्य फिल्ड र प्रयोगशालामा कार्य जारी रहेको।<br>• ४३ प्रजातीका १ सय २५ DNA नमूनाहरू DNA Barcodin, Genomic Characterization अध्ययनको लागि सङ्कलन गरिएको र ६६ वनस्पति नमूनाहरूबाट DNA Isolation गरिएको।<br>• २ वटा वनस्पति प्रजातीहरूको (*Dendrobium* sp. र *Pleione* sp.) टिस्युकल्चर प्रविधि विकास अध्ययन भएको।<br>• ९ वानस्पतिक प्रजातीहरूको फाइटोकेमिकल, फर्माकोलोजिकल, बायोकेमिकल र सुगन्धित तेल अध्ययन भएको।<br>• राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा रहेका १ लाख ७० हजार हर्वेरियम नमूनाहरूको व्यवस्थापन गरिएको। २३ वटा Taxa New to KATH को रूपमा समावेश गरीएको।<br>• २६ हजार ८ सय ८० हर्वेरियम नमूनाहरूको Digitization कार्य सम्पन्न गरिएको।<br>• ४ समुदायको वनस्पति स्रोतको परम्परागत ज्ञानको अभिलेखीकरण भएको।<br>• ११ वनस्पति उद्यानहरूमा विभिन्न किसिमका ल्याण्डस्केप/ जाति |

| आयोजनाको नाम | प्रगति |
|---|---|
| | विशेष उद्यानहरू, शैक्षिक वाटिका, ट्याक्सोनोमिकल फेमिली गार्डेन, ईथ्नोवोटानिकल वाटिका, फ्लोरल क्लक, जलिय उद्यान, फर्न उद्यान, ईण्डेमिक, अल्पाइन र एक्जोटिक गार्डेन लगायतका थिमेटिक वाटिकाहरू व्यवस्थापन गरिएको। |
| राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | • १ हजार १ सय ५३ हे. घाँसे मैदान व्यवस्थापन भएको,<br>• ६७.५ कि.मि अग्निरेखा निर्माण तथा ५ कि.मि. अग्निरेखा मर्मत कार्य सम्पन्न भएको,<br>• १ सय ८२ वटा साइनबोर्ड/सूचनाबोर्ड निर्माण तथा मर्मत भएको,<br>• ५१ वटा फोहरमैला व्यवस्थापनका लागि खाडल निर्माण भएको,<br>• १० वटा क्याम्प साईट निर्माण तथा मर्मत भएको,<br>• २ वटा कान्जीहाउस मर्मत भएको। |
| वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | • वनको प्रकार तथा पारीस्थितिकीय प्रणालीको नक्साङ्कन गर्ने कार्यको लागि फिल्ड कार्यलाई निरन्तरता दिइएको।<br>• Terrestrial LiDAR बाट वन स्रोत सर्वेक्षणका ११ गोटा प्लटहरूको फिल्ड मापन<br>• गत सालका सम्पन्न हुन नसकेका अधुरा कार्य सम्पन्न हुने प्रक्रियामा रहेका।<br>• TU र AFU का गरी १ सय २० जना इन्टर्न विभिन्न जिल्लामा परिचालन भएका<br>• टोमोग्राफको प्रयोग गरी रूखहरूमा धोधसम्बन्धी अध्ययन गरिएको,<br>• वन स्रोत सर्वेक्षण प्रतिवेदन प्रकाशन प्रयोजनार्थ तथ्याङ्क Validate गर्ने कार्य भई तथ्याङ्क विश्लेषण भइरहेको।<br>• TAL क्षेत्रमा रहेका २ सय १५ स्थायी नमूना प्लट पुनःमापन कार्य सम्पन्न (MRV को लागी) भएको।<br>• Shrub Species को Allometric Equations तयार गर्ने कार्यका लागि तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएको।<br>• सामुदायिक वनस्रोत मापन मार्गदर्शनको प्राविधिक परीक्षणको फिल्ड कार्य भएको। |
| वातावरण विभाग | • कुल ४ वटा आयोजनाहरूको वातावरणीय अनुगमन भएको र हालसम्म EIA स्वीकृत भएका १ वटा आयोजनाहरूको वातावरणीय परीक्षण तथा कुल १३ आयोजनाहरूको वातावरणीय अनुगमन,<br>• हालसम्म ३ प्रदेशमा सवारी प्रदूषण अनुगमन,<br>• कुल २७ स्थानमा स्थापना भएका गुणस्तर मापन केन्द्रबाट निरन्तर वायुको गुणस्तर मापन गरिराखिएको र सो को तथ्याङ्क देशभर रहेका कुल २८ वटा डिजिटल डिस्प्ले बोर्ड तथा वेबसाईट (https://pollution.gov.np) मार्फत सबैलाई निरन्तर जानकारी गराइएको। |

## घ. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरू

| आयोजनाको | प्रगति |
|---|---|
| समृद्धिका लागि वन कार्यक्रम | • वृहत जलाधार व्यवस्थापन केन्द्र, महाकालीबाट पाटन न.पा, सूर्नया गाउँपालिका, बैतडी र अजयमेरू गाउँपालिका, डडेल्धुरामा १ हजार २ सय २० वटा ओखरको विरूवा रोपण कार्य सम्पन्न भएको।<br>• कुल जम्मा ६ सय ६६ सामुदायिक वन कार्ययोजना पुनरावलोकनको लागि कार्यदिश तयार गरिएको।<br>• फरेष्ट्री काउन्सिलको विधेयक तर्जुमा गर्न सरोकारवालाहरूसँग छलफल कार्यको सहजीकरण गरिएको।<br>• समृद्धिको लागि वन कार्यक्रमको आयोजना सञ्चालन कार्यविधि, समुदायमा आधारित वन समुहहरूको अनुदान कार्यविधि, वृक्षारोपण कार्यविधि तयार भएको।<br>• आयोजना सञ्चालन गर्न आवश्यक न्यूनतम क्रियाकलाप सञ्चालनको लागि कार्यक्रम संशोधनको लागि पेश गरेको। |

## ङ. अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भइरहेका आयोजनाहरू

- पहाडी साना किसानका लागि अनुकूलनको आयोजना,
- नेपाल जलवायु सहयोग कार्यक्रम,
- एकीकृत भूपरिधि व्यवस्थापन कार्यक्रम,
- कर्णाली क्षेत्रमा खाद्य उत्पादन तथा खाद्य सुरक्षामा जलवायु परिवर्तनद्वारा सिर्जित चुनौतीसँग अनुकूलन गर्ने कार्यक्रम,
- पारिस्थितिकीय प्रणालीमा आधारित जलवायु अनुकूलन कार्यक्रम-दोश्रो,
- राष्ट्रिय अनुकूलन योजना तर्जुमा क्षमता विकास,
- जलवायु उत्थानशील चुरे कार्यक्रम।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | २३१३८५ | १६५१२३ | ७१.३६ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ५६२९७२ | ४६७९२४ | ८३.१२ |
| ३२९००१०२३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २३५६५० | ५०३३५ | २१.३६ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ९४४०० | ६२२१५ | ६५.९१ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १३८७०० | १००४५१ | ७२.४२ |
| ३२९००१०५३ | समृद्धिका लागि वन | १०००० | ० | ०.०० |
| ३२९००१०७३ | स्वच्छ वातावरण कार्यक्रम | २०००० | १२४९६ | ६२.४८ |
| ३२९००१०८३ | जलवायु उत्थानशील चुरे कार्यक्रम | १२०७०० | ५४७६ | ४.५४ |
| ३२९०१०११३ | वन तथा भू-संरक्षण विभाग | १८१६९० | १२५४९७ | ६९.०७ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | ७५५८९ | ३१६४६ | ४१.८७ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ६२४०० | २६३८५ | ४२.२८ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११०२३ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ४४४०० | २८७४६ | ६४.७४ |
| ३२९०११०४३ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | १४७१५० | ८०२० | ५.४५ |
| ३२९०२०११३ | वनस्पति विभाग | १७४६०० | १२५९१५ | ७२.१२ |
| ३२९०२१०१३ | जडिबुटी विकास कार्यक्रम | ७०८०० | ६४७५१ | ९१.४६ |
| ३२९०२१०३३ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ४७३०० | ४३५५५ | ९२.०८ |
| ३२९०३०११३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ४१०२०० | ३७५२५७ | ९१.४८ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | ३७८५२९५ | ३७२७१८८ | ९८.४६ |
| ३२९०३०१३३ | हात्तिसारहरू | १६३४५० | १३३६१३ | ८१.७५ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | ८७५९२५ | ७२२३८० | ८२.४७ |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५४९०० | ३५३९७ | ६४.४७ |
| ३२९०४१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | १०१९०० | ५८०३९ | ५६.९६ |
| ३२९०५०११३ | वातावरण विभाग | १६८३२० | ८४०४६ | ४९.९३ |
| ३२९०६०११३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ६४६६ | २४४६ | ३७.८३ |
| | **कुल जम्मा** | **७७८४१९२** | **६४५६८९८** | **८२.९५** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११४ | वन तथा वातावरण मन्त्रालय | २२०० | १९६२ | ८९.१९ |
| ३२९००१०१४ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ४३५२८ | ० | ०.०० |
| ३२९००१०२४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ६२४०० | १९३५१ | ३१.०१ |
| ३२९००१०३४ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | १०१५००० | ६७२२३० | ६६.२३ |
| ३२९००१०४४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १६८९०५९ | १५०६७०५ | ८९.२० |
| ३२९००१०५४ | समृद्धिका लागि वन | ५०००० | ३५८९० | ७१.७८ |
| ३२९००१०७४ | स्वच्छ वातावरण कार्यक्रम | १३१००० | ७५२४४ | ५७.४४ |
| ३२९००१०८४ | जलवायु उत्थानशील चुरे कार्यक्रम | २०३०० | ७४०९ | ३६.५० |
| ३२९०१०११४ | वन तथा भू-संरक्षण विभाग | ४१६०० | २४०६३ | ५७.८४ |
| ३२९०१०१२४ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | १०५३०० | ७९१८१ | ७५.२० |
| ३२९०११०१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ७६२०० | ४८२६४ | ६३.३४ |
| ३२९०११०२४ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ३०१००० | २७९११३ | ९२.७३ |
| ३२९०११०४४ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | २९७५०० | ३०५७५ | १०.२८ |
| ३२९०२०११४ | वनस्पति विभाग | ७८०० | ७४२१ | ९५.१४ |
| ३२९०२१०१४ | जडिबुटी विकास कार्यक्रम | ९०६०० | ६१७०५ | ६८.११ |
| ३२९०२१०३४ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ६५८०० | ५८४३४ | ८८.८० |
| ३२९०३०११४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | १४७५७९ | ६१११० | ४१.४१ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | ७३२०० | ६९४७६ | ९४.९१ |
| ३२९०३०१३४ | हात्तिसारहरू | २२३०० | १८११९ | ८१.२५ |
| ३२९०३१०१४ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | ५६४३०० | ४३८४१८ | ७७.६९ |
| ३२९०४०११४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ३५०० | ७४८ | २१.३८ |
| ३२९०४१०१४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ५२१० | ४६७७ | ८९.७७ |
| ३२९०५०११४ | वातावरण विभाग | १९०४८० | १०६३१५ | ५५.८१ |
| ३२९०६०११४ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | २००० | १०१३ | ५०.६४ |
| | **कुल जम्मा** | **५००७८५६** | **३६०७४२३** | **७२.०४** |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | १९८८१७ | ९०८४९ | ४५.६९ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ४२५६०० | ९१८१९ | २१.५७ |
| ३२९००१०२३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १६४०२० | २४०६२ | १४.६७ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ८३२०० | ४१२८६ | ४९.६२ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १३२७०० | ६७६१३ | ५०.९५ |
| ३२९००१०५३ | समृद्धिका लागि वन | ६८२०० | ७४४० | १०.९१ |
| ३२९००१०७३ | स्वच्छ वातावरण कार्यक्रम | १६३०० | २०४० | १२.५२ |
| ३२९००१०८३ | जलवायु उत्थानशील चुरे कार्यक्रम | १५१४०० | ९५३७ | ६.३० |
| ३२९०१०११३ | वन तथा भू-संरक्षण विभाग | १८७९०० | ९०६८४ | ४८.२६ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | ७१८४९ | २३८०० | ३३.१२ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २४१०० | ५२७० | २१.८७ |
| ३२९०११०२३ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | २८१०० | ५९४६ | २१.१६ |
| ३२९०११०४३ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | ३१३८० | ७८३७ | २४.९७ |
| ३२९०११०६३ | जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना | ९९००० | ० | ०.०० |
| ३२९०२०११३ | वनस्पति विभाग | १७१६५८ | १०१८१६ | ५९.३१ |
| ३२९०२१०१३ | जडिबुटी विकास कार्यक्रम | ४९८०० | १३४६० | २७.०३ |
| ३२९०२१०३३ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ४१४०० | २४५२९ | ५९.२५ |
| ३२९०३०११३ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | २५६८९३ | १३५०८४ | ५२.५८ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | ३८९७३०० | २८६८०६४ | ७३.५९ |
| ३२९०३०१३३ | हात्तिसारहरू | १५८२०० | १०३६९६ | ६५.५५ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | ८७८७७७ | ५२९८६७ | ६०.३० |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५१२०० | २६९२४ | ५२.५९ |
| ३२९०४१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ६७९९२ | १४६१० | २१.४९ |
| ३२९०५०११३ | वातावरण विभाग | १२८४०० | ३२४२८ | २५.२६ |
| ३२९०६०११३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ४१०८ | १४२१ | ३४.५९ |
| | कुल जम्मा | ७३८८२९४ | ४३२००८२ | ५८.४७ |

**पुँजीगत** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११४ | वन तथा वातावरण मन्त्रालय | १८०० | ८३९ | ४६.६४ |
| ३२९००१०१४ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ८२०० | ० | ०.०० |
| ३२९००१०२४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ६१५०० | ४१० | ०.६७ |
| ३२९००१०३४ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ७८०६०० | २३०६४२ | २९.५५ |
| ३२९००१०४४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १३९३७०० | ४५८३७४ | ३२.८९ |
| ३२९००१०५४ | समृद्धिका लागि वन | ३५००० | १७३४२ | ४९.५५ |
| ३२९००१०७४ | स्वच्छ वातावरण कार्यक्रम | १११००० | ६४३६ | ५.८० |
| ३२९००१०८४ | जलवायु उत्थानशील चुरे कार्यक्रम | ३७५०० | १७२७ | ४.६१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०१०११४ | वन तथा भू-संरक्षण विभाग | ३५००० | ४९५४ | १४.१५ |
| ३२९०१०१२४ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) | १०४२०० | ३१७५८ | ३०.४८ |
| ३२९०११०१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ६५५०० | ९५६२ | १४.६० |
| ३२९०११०२४ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम | ३२४२०० | ११५४३९ | ३५.६१ |
| ३२९०११०४४ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | ९८६०० | १७२८ | १.७५ |
| ३२९०११०६४ | जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना | ६८९०० | ० | ०.०० |
| ३२९०२०११४ | वनस्पति विभाग | १२४०० | ३२१८ | २५.९५ |
| ३२९०२१०१४ | जडिबुटी विकास कार्यक्रम | ४८८०० | १२८९२ | २६.४२ |
| ३२९०२१०३४ | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | ५०००० | १३५६५ | २७.१३ |
| ३२९०३०११४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | ९९६०० | १४२७१ | १४.३३ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना) | १८४५०० | ३३५१४ | १८.१६ |
| ३२९०३०१३४ | हात्तिसारहरू | ३५१०० | ५६४९ | १६.०९ |
| ३२९०३१०१४ | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | ६३०३३० | १४८७४६ | २३.६० |
| ३२९०४०११४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | १८०० | ४९२ | २७.३३ |
| ३२९०४१०१४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ६६०० | ७० | १.०६ |
| ३२९०५०११४ | वातावरण विभाग | १३७९०० | २५२१ | १.८३ |
| ३२९०६०११४ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ७०० | ४९७ | ७१.०६ |
| | कुल जम्मा | ४३३३४३० | १११४६४५ | २५.७२ |

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## १. पृष्ठभूमि

नेपालमा वि.सं. २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि शिक्षा मन्त्रालयको स्थापना भएको हो। राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरीको शिक्षा क्षेत्रको व्यवस्थापन र सेवा प्रदान गर्ने दायित्व र जिम्मेवारी यस मन्त्रालयको रहेको छ। वि.सं. २०७४ चैत्र १ मा शिक्षा मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय गाभिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय गठन भएको हो।

## २. दीर्घकालीन सोच

शिक्षा र विज्ञान तथा प्रविधिको विकासमार्फत देशको आर्थिक-सामाजिक रूपान्तरण गर्ने।

## ३. उद्देश्य

### विद्यालय शिक्षा

- प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,
- श्रम प्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सीपयुक्त नागरिक तयार गर्ने,
- व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,
- वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,
- रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,
- सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने।

### उच्च शिक्षा

- ज्ञानको उत्पादन र प्रयोग, विचारको विकास र परीक्षण, दिगो विकास, राष्ट्रिय विकासको लागि चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्ने,
- उच्च शिक्षालाई वैज्ञानिक, प्रवर्तनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री र रोजगारमूलक बनाउने,
- राष्ट्रिय स्वास्थ्य सेवाको आवश्यकता पूर्ति गर्नका लागि पेशागत दक्षता र सामाजिक दायित्वबोध भएका विवेकशील स्वस्थ जनशक्ति उत्पादन गर्नु तथा न्यायपूर्ण, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रणाली स्थापना गर्न सघाउनु।

### प्राविधिक तथा व्यवसायिक शिक्षा

- समाज र राष्ट्रको विकासको आवश्यकताअनुरूप दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने,

- गुणस्तरीय, नवप्रवर्तन र उद्यमशीलतामा आधारित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको अवसर सुनिश्चित गर्ने।

**सुशासन**

- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने र बेरूजूलाई शून्यमा झार्ने,
- कार्यसम्पादनमा पारदर्शिता प्रवर्द्धन गर्ने,
- काम कारबाहीमा जवाफदेहिता सुनिश्चित गर्ने,
- सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त बनाई प्रभावकारी बनाउने,
- अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई कार्य सम्पादनमा भएका कमी कमजोरीलाई सुधार गर्ने,
- कार्यसम्पादन तथा सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गर्ने।

## ४. रणनीति

- एक वर्ष अवधिको प्रारम्भिक बाल शिक्षा कार्यक्रमलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने। अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई जवाफदेही बनाउने,
- मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तक, प्रविधिमैत्री विद्यालयको वातावरण र दक्ष एवम् समर्पित शिक्षकमार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने,
- श्रम बजारमा जान इच्छुक युवाका लागि स्थानीय तहमै गुणस्तरीय प्राविधिक शिक्षा तथा सीप विकासको पहुँच सुनिश्चित गर्न प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय तथा सीप विकास केन्द्र स्थापना गर्ने,
- ज्ञानको स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधिमैत्री सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रणाली लागु गर्ने,
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने,
- परम्परागत र स्थानीय प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने,
- विज्ञान तथा प्रविधिका क्षेत्रमा विकास भएका परमाणु, सूचना, अन्तरिक्ष, जैविक र नानो लगायतका प्रविधिहरूको उपयोगका लागि अनुसन्धान, क्षमता विकास तथा नियमनलाई प्रभावकारी बनाउने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १८५ | १७९ | ६ | ० |

**६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको फागुन मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २१४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रीत गरिने। तीन वर्षभित्र सबै तहका सामुदायिक विद्यालय र क्याम्पसको कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, खानेपानी तथा शौचालयलगायत वैकल्पिक सिकाइ विधि अनुकूलका भवन तथा पूर्वाधार निर्माण गरिने। आगामी वर्ष प्राथमिकताको आधारमा १ हजार ५ सय सामुदायिक विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरिने। | • राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधिबमोजिम १ हजार ३ सय १० सामुदायिक विद्यालयमा २ कोठे भवन र १ हजार ६२ विद्यालयमा ४ कोठे भवन निर्माणको लागि विद्यालय छनौट भई स्थानीय तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएको।<br>• प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको। ।<br>• पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत भएको र सो कार्यक्रमको लागि १ सय ४० वटा विद्यालय छनौट भई वित्तीय हस्तान्तरणको लागि प्रक्रिया अगाडि बढाइएको।<br>• सामुदायिक विद्यालयमा डिजिटल पुस्तकालय/आईटी ल्याव व्यवस्थापनका लागि २ हजार १ सय ८१ विद्यालयहरू छनौट भई वित्तीय हस्तान्तरणको लागि प्रक्रिया अगाडि बढाइएको। |
| २१५ | आगामी शैक्षिकसत्रमा आधारभूत तहमा विद्यार्थी भर्नादर शतप्रतिशत पुऱ्याई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गरिने। गुरूकुल, मदरसा र गुम्वा जस्ता परम्परागत शिक्षा विधिलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गर्ने। | • शैक्षिकसत्र २०७८ मा आधारभूत तह कक्षा १-५ र कक्षा १-८ मा खुद भर्नादर क्रमशः ९६.९ र ९५.१ प्रतिशत पुगेको।<br>• शैक्षिकसत्र २०७८ मा कक्षा १ मा खुद प्रवेशदर ९६.३ प्रतिशत पुगेको।<br>• विद्यालय तहमा अध्ययनरत ३२ लाख ८८ हजार ९ सय २४ जना विद्यार्थीहरूलाई विपन्न लक्षित लगायत विभिन्न प्रकारका आवसीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको। यसका लागि जम्मा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | रु.३ अर्ब १७ करोड ९१ लाख ५३ हजार रकम रहेको।<br>• धार्मिक/परम्परागत (गुरूकुल, मदरसा र गुम्वा) विद्यालयलाई सञ्चालन अनुदान स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २१६ | प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रू. १५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइने। नेपाल सरकारले हाल उपलव्ध गराउदै आएको मासिक पारिश्रमिकमा वृद्धि गरिएको।न्यूनतम पारिश्रमिक भन्दा कम हुन आउने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने व्यवस्था मिलाइने। | • शैक्षिकसत्र २०७८ मा ३० हजार ७ सय १८ सामुदायिक बाल विकास केन्द्र रहेको।<br>• शैक्षिकसत्र २०७८ मा २६ हजार ४ सय ५४ सामुदायिक विद्यालय रहेको<br>• प्रारम्भिक बालविकास शिक्षक र विद्यालय कर्मचारीका लागि संघीय सरकारले व्यहोर्ने रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २१७ | बालबालिकाको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिकसत्र पूरा नगरी बीचमा नै कक्षा छोड्ने समस्या समाधान गर्न सार्वजनिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने। | • सार्वजनिक विद्यालयका कक्षा ५ सम्मका सबै बालबालिका (२९ लाख ९३ हजार ९ सय ३३ जना) दिवा खाजा कार्यक्रमबाट लाभान्वित भएका। |
| २१८ | शिक्षक-विद्यार्थी अनुपातको आधारमा शिक्षकको दरवन्दी मिलान गरिने। प्राथमिक तहमा बढी हुने दरवन्दी माध्यमिक तहमा रूपान्तरण गरी बढी भएको दरवन्दी खारेज गरिने। माध्यमिक तहका विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षक व्यवस्था गर्ने। | • स्थानीय तहमा दरबन्दी स्थानान्तरण गर्ने क्रममा १ हजार ३ सय ६२ खुद पुल दरबन्दी स्थानान्तरण भएको।<br>• हालसम्म कुल जम्मा १ हजार ४ सय ६६ खुद पुल दरबन्दी स्थानान्तरण भएको।<br>• शून्य दरबन्दी र एक मात्र दरबन्दी भएका माध्यामिक विद्यालयलाई विज्ञान, गणित र अंग्रेजी शिक्षक व्यवस्था गर्न शिक्षण सहयोगका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २१९ | आगामी दुई वर्षभित्र सबै सामुदायिक विद्यालयमा निःशुल्क ब्रोडब्याण्ड इन्टरनेट सेवा पुऱ्याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको अन्तसम्ममा मुलुकभरका | • हालसम्म ५१.२५ प्रतिशत सामुदायिक विद्यालयमा कम्प्युटर सुविधा उपलव्ध भएको।<br>• सबै माध्यमिक विद्यालय र आधारभूत तह |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | ६० प्रतिशत विद्यालयमा सेवा विस्तार गरिने। | (कक्षा ६-८) का विद्यालयलाई इन्टरनेट शुल्क उपलब्ध गराउने र थप १ हजार १२ विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने वित्तीय हस्तान्तरण गरिएको। |
| २२० | वैकल्पिक शिक्षण सिकाइ कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिने। विद्यालय जान नपाएका विद्यार्थीलाई लक्षित गरी सिकाइ पोर्टलको विकास तथा नेपाल टेलिभिजन मार्फत शैक्षिक च्यानल सञ्चालन गर्ने व्यवस्था मिलाउने। | • पाठ्यक्रममा आधारित थप श्रव्य तथा श्रव्यदृष्य पाठ उत्पादन कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत जारी रहेको।<br>• श्रव्यदृष्य पाठ उत्पादनका लागि विषयहरूको नक्साङ्कन गर्ने कार्य सम्पन्न भएको। श्रव्यपाठको लागि स्क्रिप्ट विकास गरिएको।<br>• कक्षा १-१० सम्मका ५ सय ९० वटा श्रव्यदृश्य पाठ उत्पादन भएको।<br>• श्रव्यदृष्य पाठ NTV+, Dishhome, Max TV, Mero TV, NET TV र Clear TV को School Education च्यानलबाट समेत नियमित रूपमा प्रशारण भई रहेको। |
| २२१ | सार्वजनिक विद्यालयमा कक्षा नौसम्म अध्ययन गर्ने बालबालिकालाई रङ्गीन पाठ्यपुस्तक छपाई गरी शैक्षिक शत्र शुरू हुनु अगावै निःशुल्क वितरण गरिने। कक्षा १२ सम्मका छात्रछात्रालाई निःशुल्क पाठ्यपुस्तक र छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्ने। | • सार्वजनिक विद्यालयमा कक्षा नौसम्म अध्ययन गर्ने बालबालिकालाई रङ्गीन पाठ्यपुस्तक छपाईको कार्य अन्तिम चरणमा रहेको।<br>• छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २२२ | जोखिममा परेको अल्पसंख्यक, लोपोन्मुख, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका बालबालिकाका लागि ताप्लेजुङ्ग, रसुवा, मुस्ताङ, मुगु, दार्चुला लगायतका १३ हिमाली जिल्लामा माध्यमिक तहका आवासीय विद्यालय सञ्चालन गरिने। | • हाल सञ्चालनमा रहेका हिमाली तथा अन्य आवसीय विद्यालयका लागि सशर्त अनुदानको रूपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।<br>• थप आवासीय विद्यालय सञ्चालनका लागि विद्यालय छनौटको मापदण्ड विकास भइरहेको। |
| २२३ | चेपाङ्ग, राउटे, बादी, माझी, मुसहर लगायत आर्थिक सामाजिक रूपमा सीमान्तकृत र लोपोन्मुख समुदाय, अपाङ्गता भएका | • लोपोन्मुख तथा अति सीमान्तकृत समुदायका विद्यार्थी एवम् कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका परिवारका |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यक्ति, सहिद परिवार, द्वन्द्वपिडित, कोभिड-१९ को संक्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्रा तथा एचआईभि एड्स संक्रमित बालबालिकाको शिक्षा प्राप्तिको अधिकारको संरक्षण गर्न छात्रवृत्ति प्रदान गर्ने। दलित, मुस्लिम महिला तथा मुक्त कमलरी महिला विद्यार्थीका लागि सबै विषयमा उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने र निःशुल्क शिक्षा सुनिश्चित गर्ने व्यवस्था मिलाउने। | छात्रछात्रा, एच.आइ.भी. एड्स संक्रमित, द्वन्द्वपिडित, अपाङ्ग, मुक्त कमलरी, राउटे, वादी लगायतका विद्यार्थीका लागि छात्रवृत्ति वितरण गर्नका लागि वित्तीय हस्तान्तरण गरिएको। |
| २२४ | दृष्टिविहिन बालबालिकालाई ब्रेल पाठ्यपुस्तक लगायत आधुनिक प्रविधिको सहायताबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइने। वौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि आवासीय सुविधा सहित प्रत्येक प्रदेशमा एक-एक विशेष विद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने। | • दृष्टिविहीन विद्यार्थीलाई ब्रेल पाठ्यपुस्तक छपाइको कार्य अन्तिम चरणमा रहेको। छपाइ पश्चात निशुल्क ब्रेल पाठ्यपुस्तक वितरण गरिने।<br>• विशेष विद्यालयको रूपमा छनौट भएका विद्यालयको भौतिक निर्माणका लागि प्रदेशमा वित्तीय हस्तान्तरण गरिएको। |
| २२५ | एक विद्यालय - एक स्वास्थ्यकर्मी नीति अवलम्बन गरी विद्यालयमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिने। प्रत्येक शैक्षिक-सत्रको शुरूमा सबै विद्यार्थीको अनिवार्य रूपमा आँखा, कान लगायतका आधारभूत स्वास्थ्य परीक्षण गर्ने व्यवस्था कार्यान्वयन गर्ने। | • विद्यालय नजिकको स्थानीय स्वास्थ्य संस्थाबाट आगामी शैक्षिक-सत्रको शुरूमा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम रहेको। |
| २२६ | माध्यमिक तहका विद्यार्थीलाई दैनिक पठनपाठनको अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद र सङ्गीत लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गर्ने। | • माध्यमिक तहका विद्यार्थीलाई दैनिक पठनपाठनको अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद र सङ्गीत लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहित गर्नका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सह तथा अतिरिक्त क्रियाकलापसम्बन्धी विषयवस्तु थप तथा अद्यावधिक गरिएको। |
| २२७ | विश्वविद्यालय अनुदान आयोगलाई राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण तथा विश्वविद्यालयको अनुगमन र नियमन गर्ने सवल र सक्षम निकायमा विकास | • राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड निर्माणका लागि विश्वविद्यालय अनुदान आयोगबाट नै कार्य शुरू गर्ने गरी आयोगबाट निर्णय भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने। विश्वविद्यालयलाई प्रदान गरिने अनुदान कार्यसम्पादनमा आधारित बनाइने। विश्वविद्यालय अनुदान आयोग मार्फत वितरण हुने अनुदान वृद्धि गरिने। | • राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड तयारीका लागि समिति गठन भएको।<br>• सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३ संशोधन गरिएको। क्याम्पसहरूलाई अनुदान निकासा गर्नको लागि प्रस्ताव आह्वान गरिएको। |
| २२८ | सत्तरी प्रतिशत प्राविधिक र तीस प्रतिशत साधारण शिक्षाको अवधारणा कार्यान्वयन गरिने। महोत्तरीको जलेश्वरमा इन्जिनियरिङ्ग कलेज स्थापना गरिने। कृषि तथा वन विश्वविद्यालयका आङ्गिक क्याम्पस विस्तार गरिने। | • पहुँच नपुगेका प्रदेश तथा जिल्लाहरूमा विज्ञान तथा प्राविधिक क्याम्पसको विस्तार गर्नका लागि सम्भाव्यता अध्ययन सम्पन्न भएको।<br>• विद्यमान प्राविधिक कार्यक्रहरूमा कोटा थप, नयाँ कार्यक्रम तथा विषय विस्तारका माध्यमबाट लागत साझेदारीका आधारमा प्राविधिक धार विस्तार गर्ने क्रियाकलाप अन्तर्गत ७ वटा शैक्षिक संस्थाको भौतिक संरचनाको विकास आरम्भ भएको र ७ वटा प्राविधिक कार्यक्रमहरूमा कोटा थप, नयाँ कार्यक्रम तथा विषय विस्तार गरिएको। |
| २२९ | मदन भण्डारी प्रोद्यौगिक विश्वविद्यालय आगामी दुई वर्षभित्र सञ्चालनमा ल्याइने। आगामी वर्ष विश्वविद्यालयको पूर्वाधार निर्माण प्रारम्भ गर्न बजेट व्यवस्था गरिने। | • मदन भण्डारी प्रोद्यौगिक विश्वविद्यालय सञ्चालन गर्नका लागि विधेयकको प्रारम्भिक मस्यौदा तयार भएको।<br>• भौतिक संरचना निर्माणका लागि जग्गा व्यवस्थापनका लागि छलफल जारी रहेको। |
| २३० | दुई वर्षभित्र योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालनमा ल्याउने गरी पूर्वाधार निर्माणको कार्य प्रारम्भ गर्न बजेट व्यवस्था गरिएको। | • भौतिक संरचना तयार गर्न जग्गा व्यवस्थापनका लागि गरिएको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएको। |
| २३२ | आगामी वर्ष सुदूरपश्चिम प्रदेशको गेटामा निर्माणाधीन मेडिकल कलेज सञ्चालनमा ल्याइनेछ। बुटवल मेडिकल कलेजको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिने। मधेश प्रदेशको बर्दिबास र कर्णाली प्रदेशको | • गेटा मेडिकल कलेजको निर्माणाधीन अस्पताल भवन तथा सोसँग सम्बन्धित अन्य संरचना गरी २१ वटा भौतिक संरचनाहरूको निर्माण सम्पन्न भएको।<br>• बर्दिबास र बुटवल मेडिकल कलेजको अन्तिम विस्तृत परियोजना प्रतिवेदन तयार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुर्खेतमा मेडिकल कलेज स्थापना गर्न जग्गा प्राप्ती र विस्तृत परियोजना प्रतिवेदन तयार गरिने। | भई स्वीकृतिको चरणमा रहेको।<br>• बर्दिबास मेडिकल कलेजका लागि जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुगेको।<br>• सुर्खेत मेडिकल कलेजको विस्तृत परियोजना प्रतिवेदन तयार भएको।<br>• सुर्खेत मेडिकल कलेजको IEE/EIA तयारी गर्ने कार्य भइरहेको। |
| २३४ | स्थानीय विशेषता र आवश्यकताका आधारमा सीपयुक्त दक्ष जनशक्ति तयार गर्न सबै स्थानीय तहमा प्राविधिक शिक्षालय सञ्चालन गरिने। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको सम्बन्धन र सम्बन्धित स्थानीय तहको व्यवस्थापनमा प्राविधिक शिक्षालय स्थापना गर्न सशर्त अनुदान उपलव्ध गराइने। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाईपाठ्यक्रम विकास, दक्ष प्रशिक्षक उत्पादन, शिक्षालयको गुणस्तर निर्धारण,सिकाइ प्रमाणीकरण र नियमन कार्यमा केन्द्रीत गरिने। | • ६ सय ३५ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुगेको।<br>• प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालनका लागि पूर्वाधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार भएको।<br>• स्तरोन्नतिसम्बन्धी पूर्वाधार निरीक्षण भई परिषद् समक्ष सिफारिस भएका मध्ये ६५ संस्थाले सम्वन्धन प्राप्त गरेका, डिप्लोमा तहका ५५ संस्था पूर्वाधार निरीक्षण भई परिषद् समक्ष सिफारिस गरिएका र डीप्लोमा तहका ५ संस्था परिषद् कार्यालयबाट सम्बन्धन प्रक्रियामा रहेकोमा १ वटा संस्थाले सम्बन्धन प्राप्त गरेको।<br>• उद्योगी, व्यावसायी, रोजगारदाताहरूको प्रत्यक्ष संलग्नतामा विषय विज्ञ, प्रशिक्षकहरूको सहयोगमा पाठ्यक्रम निर्माण / परिमार्जन / एकीकरणको कार्य भई रहेको।<br>• देशभरी रहेका सीप परीक्षण केन्द्रहरूमार्फत सीप परीक्षण र प्रमाणीकरण कार्य भइरहेको।<br>• गुणस्तर सुनिश्चितता मापदण्ड, २०७७ अद्यावधिकका गर्नका लागि प्रारम्भिक परीक्षणसम्बन्धी कार्य सम्पन्न भएको।<br>• ६ वटा शिक्षालयहरूको भौतिक पूर्वाधार विकास जारी रहेको। १ वटा शिक्षालयको भौतिक पूर्वाधार विकासका लागि वोलपत्र मूल्याङ्कनको कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २३५ | इतिहासको अध्ययन, अन्वेषण र खोज गरी भौगोलिक, राजनीतिक, साँस्कृतिक एवम् सामाजिक पक्षमा प्रामाणिकता स्थापित गर्न क्रियाशील रहेको इतिहास संशोधन मण्डललाई सवल बनाउन रकम उपलब्ध गराइने। काठमाडौंको जगडोलमा युनेस्को ग्राम निर्माण गरिने। | • इतिहास संशोधन मण्डलको सवलीकरण गर्न प्रस्ताव स्वीकृत भई रकम निकासा भएको।<br>• काठमाडौंको जगडोलमा युनेस्को ग्राम निर्माण गर्न प्रारम्भिक कार्यको शुरूवात गरिएको। |
| २३६ | समाजसँग विज्ञान र उत्पादनसँग प्रविधि तथा नवप्रवर्तन आवद्ध गरी वैज्ञानिक चेतना अभिवृद्धि गरिने। विज्ञान र प्रविधिसम्बन्धी कार्यलाई एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गर्न विज्ञान प्रविधि तथा नवप्रवर्तन परिषद् गठन गरिने। | • १० वर्षे विज्ञान प्रविधि तथा नवप्रवर्तन रणनीतिक कार्यान्वयन कार्ययोजनाको मस्यौदामा राष्ट्रिय विज्ञान परिषद् गठन गर्ने विषय समेत समावेश गरिएको। उक्त मस्यौदा विभिन्न सरोकारवाला मन्त्रालयमा रायको लागि पठाइएको। |
| २३७ | विज्ञान तथा प्रविधिका क्षेत्रमा विश्वस्तरको जनशक्ति उत्पादन गर्न स्थापित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय आगामी वर्ष सञ्चालनमा ल्याइने। मकवानपुरको चित्लाङ्गमा इन्जिनियरिङ्ग संकायको पूर्वाधार निर्माण कार्य सम्पन्न गरिने। काभ्रेको पाँचखालमा पूर्वाधार निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य आरम्भ गरिने। | • मकवानपुर जिल्लाको चित्लाङ्गमा पूर्वाधार निर्माण भइरहेको।<br>• काभ्रेको पाँचखालमा जग्गा प्राप्ति भई पूर्वाधार निर्माणका लागि गुरु योजना निर्माणको क्रममा रहेको। |
| २३८ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको पुनसंरचना गरिने। विपी कोइराला मेमोरियल विज्ञान संग्रहालयलाई विपी कोइराला राष्ट्रिय विज्ञान पार्कमा विकास गरिने। | • नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको पुनसंरचना गर्नका गठित मस्यौदा समितिबाट प्रारम्भिक मस्यौदा तयार भएको।<br>• साइन्स सिटीको विस्तृत अध्ययन अनुसन्धान गर्न सम्झौता र कायदिशको कार्य सम्पन्न भएको। |
| ४१५ | देशभरका शिक्षकहरूलाई निवृत्तभरण अधिकार पत्र लगायत निजले पाउने अन्य सेवा सुविधाहरू आगामी साउन १ गतेदेखि सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट वितरण गर्ने व्यवस्था मिलाउने। | • निवृत्तभरण अधिकार पत्रको पाना सकिएमा, हराएमा, पारिवारिक निवृत्तभरण अधिकार पत्र लगायत निजले पाउने अन्य सेवा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने गरी व्यवस्था मिलाई कार्यान्वयन भइरहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरु

| क्र.सं. | नीति, कानून, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना | नयाँ तर्जुमा/ संशोधन |
|---|---|---|
| १. | दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना | नयाँ तर्जुमा |
| २. | शिक्षक सेवा नियमावली, २०५७ को ११ औं संशोधन | संशोधन |
| ३. | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८ | नयाँ तर्जुमा |
| ४. | लेटर ग्रेडिङ् निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ५. | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ६. | डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना विकास र सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ७. | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ | नयाँ तर्जुमा |

### ख. प्राथमिकता प्राप्त आयोजना

- P1: विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र), राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना-दोस्रो र उच्च शिक्षामा विशिष्टता प्रवर्द्धन कार्यक्रम।
- P2: शिक्षाको लागि खाद्य कार्यक्रम र सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम।

### ग. रूपान्तरणकारी आयोजना/कार्यक्रम

१. सार्वजनिक विद्यालय सवलीकरण आयोजना
२. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रम

### घ. अन्तराष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयनमा रहेका आयोजनाहरूको प्रगति

| आयोजनाको नाम | विनियोजन | समीक्षा अवधिमा भएको खर्च | स्रोतको प्रकार | भुक्तानीको प्रकार (Mode of Payment) |
|---|---|---|---|---|
| उच्च शिक्षा सुधार परियोजना/उच्च शिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम | ६३८५ | ० | विश्व बैंकको ऋण | DLI मा आधारित सोधभर्ना |
| विद्यालय क्षेत्र विकास कार्यक्रम-केन्द्रस्तर | १०७९१.६६ | ९५०.३९ | नेपाल सरकार र दातृ निकाय | दातृ निकायको DLI मा आधारित सोधभर्ना प्रणाली |
| व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | ३९५३४ | ४४५३.०३ | नेपाल सरकार र विश्व बैंकको ऋण | दातृ निकायको DLI मा आधारित सोधभर्ना प्रणाली |
| शिक्षाको लागि खाद्य कार्यक्रम | ५६४६.३२ | १५२२.४ | नेपाल सरकार | वस्तुगत अनुदान |

| आयोजनाको नाम | विनियोजन | समीक्षा अवधिमा भएको खर्च | स्रोतको प्रकार | भुक्तानीको प्रकार **(Mode of Payment)** |
|---|---|---|---|---|
| | | | तथा WFP को वस्तुगत एवम् नगद अनुदान | र खर्चको शोधभर्ना प्रणाली |
| सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम | १७५ | ३.५ | युनिसेफको नगद अनुदान | खर्चको सोधभर्ना प्रणाली |

## ङ. दिगो विकास लक्ष्य सम्बद्ध आयोजना/कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य सम्पादित कार्यहरूः

**विद्यालय क्षेत्र विकास कार्यक्रम**

- विद्यालय क्षेत्र विकास कार्यक्रम विद्यालय शिक्षा विकासका लागि सञ्चालनमा रहेको प्रमुख कार्यक्रम हो। यस कार्यक्रमका लागि संघस्तरमा स्वीकृत १ अर्ब ५५ करोड ३ लाख बजेटमध्ये ८ महिनाको अवधिमा ६ करोड ८४ लाख ८४ हजार बजेट खर्च भएको।
- विद्यालय क्षेत्र विकास कार्यक्रम र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ६ हजार ९ सय ७६ नयाँ कक्षा कोठा निर्माण, ४ सय २२ वटा नमूना विद्यालय विकासका लागि भौतिक पूर्वाधारको कार्यक्रम तथा शिक्षण सहयोग अनुदान समेतका कार्यक्रमबाट ६२ हजार ५ सय ६२ जनाका लागि रोजगार सिर्जना भएको।

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**

- सामुदायिक विद्यालयहरूमा भौतिक सेवा सुविधा सुधार, आइसिटी प्रयोगशाला व्यवस्थापन तथा प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरूको प्रयोगशाला सुदृढीकरणका लागि विद्यालयहरू छनौट भई कार्यक्रम कार्यान्वयनका लागि सशर्त अनुदानको रूपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ। यस प्रकारको कार्यक्रम ४ हजार १ सय ७२ वटा सामुदायिक विद्यालयले प्राप्त गरेका।

**छात्रवृत्ति कार्यक्रम**

- आर्थिक वर्ष २०७८/७९ मा विद्यालय तहमा  अध्ययन ३२ लाख ८८ हजार ९ सय २४ जना विद्यार्थीहरूलाई विपन्न लक्षित लगायत विभिन्न प्रकारका आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको।
- छात्रवृत्ति वितरणबाट विद्यार्थीको समतामूलक पहुँच विस्तार, टिकाउदरमा सुधार र उनीहरूलाई गुणस्तरयुक्त सिकाइको अवसर उपलब्ध भई अनिवार्य तथा निःशुल्क शिक्षाको अवसर उपलब्ध गराउने सरकारको लक्ष्य प्राप्तिमा योगदान पुगेको।

**विद्यालय दिवा खाजा कार्यक्रम**

- देशभर पूर्व प्राथमिक कक्षादेखि कक्षा ५ सम्म अध्ययन गर्ने सबै विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरिएकोमा चालु आर्थिक वर्षमा यस कार्यक्रमबाट नगदमा आधारित ढाँचामा देशभरका २९ लाख ९३ हजार ९ सय ३३  विद्यार्थी प्रत्यक्षरूपमा लाभान्वित

भएका। यसबाट विद्यार्थीको नियमितता दरमा वृद्धि भई सिकाइ उपलब्धिमा सुधार हुने अपेक्षा गरिएको।

- विश्व खाद्य कार्यक्रमको सहयोगमा बस्तुगत सहायतामा आधारित दिवा खाजा कार्यक्रमबाट विभिन्न ६ जिल्ला (जाजरकोट, दैलेख, डोटी, अछाम, बझाङ र दार्चुला) का २ लाख ४६ हजार ७ सय ५५ विद्यार्थीहरू लाभान्वित भएका।

**अपाङ्गता (फरक क्षमता) भएका बालबालिकाका लागि शिक्षा**

- शैक्षिकसत्र २०७८ मा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा पहुँच अभिवृद्धि गर्न हाल ३३ वटा विशेष विद्यालय, २३ वटा एकीकृत विद्यालय, ३ सय ८० वटा स्रोत कक्षाको व्यवस्था र दृष्टि सम्बन्धी अपाङ्गता भएकाका लागि निःशुल्क रूपमा ब्रेल पाठ्यपुस्तक उपलब्ध गराउने तथा साङ्केतिक भाषा एवम् अन्य सिकाइ सामग्री विकास एवम् वितरण गर्ने कार्यक्रम सञ्चालन भएका। प्रत्येक प्रदेशमा १/१ वटा बहुअपाङ्गता भएका विद्यार्थीहरूका लागि र प्रत्येक प्रदेशका १/१ वटा स्थानीय तहमा अपाङ्गता भएका विद्यार्थीहरूका लागि आवासीय विद्यालयहरू निर्माणाधीन अवस्थामा रहेका।
- विद्यालय शिक्षामा भर्ना भएका बालबालिकाको सिकाइ निरन्तरताका लागि शैक्षिकसत्र २०७८ मा (आधारभूत तह तथा माध्यमिक तह तर्फ) ६२ हजार ७ सय ४ जना अपाङ्गता भएका बालबालिकालाई आवासीय एवम् गैह्रआवासीय छात्रवृत्तिमा समेटिएको। त्यसैगरी, अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान (दृष्टिविहीन विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय) कार्यक्रम अन्तर्गत १२ वटा विद्यालय सञ्चालनमा रहेका।

**नमूना विद्यालय**

- हालसम्म ४२२ सामुदायिक विद्यालयलाई नमूना विकासका लागि छनौट गरिएको। चालु आर्थिक वर्षमा उक्त विद्यालयहरूमा भौतिक पूर्वाधार तथा शैक्षिक विकासका लागि रकम विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिइएको। यसबाट सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि भई सार्वजनिक शिक्षाप्रति सर्वसाधारणको विश्वास बढ्ने अपेक्षा गरिएको।

**शिक्षामा सूचना प्रविधिको उपयोग**

- मुलुकभर सञ्चालित २६ हजार ४ सय ५४ सामुदायिक विद्यालय मध्ये १३ हजार ५ सय ५९ विद्यालयहरूमा कम्प्युटर सुविधा उपलब्ध भई ८ हजार ६ सय ७६ विद्यालयहरूले शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आएका।
- सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन ३ हजार १ सय ९३ माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना गरिएको।

**साक्षरता तथा निरन्तर शिक्षा**

- २०७८ असार मसान्तसम्म ५३ जिल्ला साक्षर घोषणा भएकोमा चालु आर्थिक वर्षमा अछाम, काठमाडौं र ताप्लेजुङ जिल्ला थप भई साक्षर घोषणा हुने जिल्ला ५६ पुगेको। हालसम्म गण्डकी र बागमती प्रदेश साक्षर प्रदेश घोषणा भएका।
- साक्षर घोषणा हुन बाँकी २१ जिल्ला मध्ये मुगु, जुम्ला, कालिकोट कैलाली, डोटी, बाँके र कपिलवस्तु  गरी ७ जिल्ला साक्षर जिल्ला घोषणा गर्ने चरणमा रहेका। बझाङ,

बाजुरा, कञ्चनपुर र महोत्तरी गरी ४ जिल्लामा थप कक्षा सञ्चालन पश्चात साक्षर घोषणा हुन सक्ने अवस्था रहेको। धनुषा, रौतहट, सर्लाही, सिराहा, सप्तरी, बारा, पर्सा, सोलुखुम्बु, हुम्ला र डोल्पा गरी १० जिल्लामा सघन अभियानको रूपमा साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको। साक्षरता घोषणा गर्न १४६ वटा स्थानीय तहलाई र १० वटा शिक्षा विकास तथा समन्वय इकाईलाई प्रस्तावमा आधारित अनुदान उपलब्ध गराइएको।

**प्राविधिक तथा व्यावसायिक शिक्षा**

- उद्यमी युवाहरूलाई लक्षित गरी ८ वटा आङ्गिक शिक्षालयहरू मार्फत उद्यमशीलता र व्यावसायिक विकासका लागि इन्कुवेसन सेन्टर सञ्चालनमा ल्याइएको।
- प्रयोगात्मक अभ्यासलाई उत्पादनमा आवद्ध गर्नको लागि ८० जना प्रशिक्षार्थीहरू इन्टर्नको रूपमा आङ्गिक शिक्षालयहरूका उत्पादन इकाईमा कार्यरत रहेका।
- १ हजार ६ सय ८८ जना प्रशिक्षकहरूको पेशागत र व्यावसायिक क्षमता विकास गरिएको। विभिन्न पेशासँग सम्बन्धित १७ हजार ८ सय ६३ जनाको सीप परीक्षण कार्य सम्पन्न भइसकेको। १९ हजार जनालाई छोटो अवधिको सीपमूलक तालीम प्रदान गरिएको।
- सातवटा नमूना पोलिटेक्निक इन्स्टिच्यूटहरू मध्ये ५ वटामा शैक्षिक भवन र २ वटामा कर्मचारी आवास निर्माण कार्य सम्पन्न भएको।
- प्रि डिप्लोमा तहका ३ वटा र छोटो अवधिका १ वटा पाठ्यक्रम निर्माण तथा डिप्लोमा तहका १४ वटा र प्रि डिप्लोमा तहका ५ वटा पाठ्यक्रमहरू परिमार्जन भएका। National Competence Standard (NCS) ५ वटा र National Occupation Skill Standard (NOSS) १ वटा निर्माण भएको।

**विज्ञान तथा प्रविधि**

- विधि विज्ञानसम्बन्धी परीक्षणका लागि प्रहरी तथा अदालत लगायतबाट प्राप्त भएका ६ सय ८० केशका २ हजार ३ सय ५ नमूनाहरूको परीक्षण गरी परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा प्रतिवेदन पठाइएको।
- खाद्य हरियाली शहर कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०७८ तयार भएको र खाद्य हरियाली शहर सञ्चालन गर्न सातवटै प्रदेशका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका गरी १५ स्थानीय निकायसँग समझदारी पत्रमा हस्ताक्षर भएको।

**उच्च शिक्षा**

- आर्थिक वर्ष २०७७/७८सम्म मुलुकभित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको संख्या गत आर्थिक वर्षको तुलनामा १.७५ प्रतिशतले बढेर ५ लाख ५६ हजार पुगेको। आर्थिक वर्ष २०७६/७७ मा यो सङ्ख्या ५ लाख ४७ हजार रहेको।
- मुलुक भित्र सञ्चालित विभिन्न ११ वटा विश्वविद्यालय र अन्तर्गतका क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरू मध्ये त्रिभुवन विश्वविद्यालयमा ४ लाख २२ हजार ६ सय ५३, काठमाडौं विश्वविद्यालयमा १६ हजार ८ सय ४७, पूर्वाञ्चल विश्वविद्यालयमा ४८ हजार ८ साय ५८, पोखरा विश्वविद्यालयमा ३२ हजार ४ सय ८४, मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा ८ हजार ६ सय ५६, नेपाल संस्कृत विश्वविद्यालयमा ३ हजार ४९,

सुदूर पश्चिमाञ्चल विश्वविद्यालयमा १३ हजार ८ सय ७३, कृषि तथा वन विज्ञान विश्वविद्यालयमा ४ हजार ४ सय २७, खुल्ला विश्वविद्यालय ९ सय ६९, राजर्षि जनक विश्वविद्यालयमा ३ सय ९९ र लुम्बिनी बौद्ध विश्वविद्यालयमा १ हजार ११ विद्यार्थी अध्ययनरत रहेका। त्यसैगरी, ६ वटा स्वास्थ्यविज्ञान प्रतिष्ठानमा ३ हजार ५ सय ७१ जना विद्यार्थी अध्ययनरत रहेका। यसरी त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या क्रमशः ७६.९ प्रतिशत र २३.१ प्रतिशत रहेको।

- विश्वविद्यालय अनुदान आयोगबाट हालसम्म ६४ वटा उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको। हालसम्म गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियामा देशभरका १ सय २७ वटा उच्च शैक्षिक संस्थाहरूको स्वःअध्ययन प्रतिवेदन स्वीकृत भएको। आशय पत्र बुझाएका ३ सय ८४ वटा संस्थाहरूको प्रमाणीकरण गर्ने कार्य भइरहेको।
- चिकित्सा शिक्षातर्फ शैक्षिकसत्र २०७७/७८ व्याचको स्नातक र स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन र सिफारिशको कार्य सम्पन्न भएको। शैक्षिकसत्र २०७८/७९ को लागि स्नातकोत्तर तहको सीट निर्धारण गरिएको।

## ८. प्रदेश र स्थानीय तहसँगको साझेदारी/समन्वयमा भएका महत्त्वपूर्ण आयोजना/योजना/कार्यक्रमको प्रगतिः

- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरूको पारिश्रमिकमा स्थानीय तहको समेत साझेदारी रहेको।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सम्बन्धन र सम्बन्धित स्थानीय तहको व्यवस्थापनमा प्राविधिक शिक्षालय स्थापनाको कार्यक्रम रहेको।
- विद्यालयलाई शिक्षण सहयोग अनुदान, विद्यालय कर्मचारीको तलब भत्ता, , निःशुल्क पाठ्यपुस्तकका लागि अनुदान, विभिन्न प्रकारका छात्रवृत्ति, विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान, दिवा खाजा, छात्राहरूको लागि सेनेटरी प्याड लगायतका कार्यक्रमका लागि सशर्त अनुदानको रूपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको र स्थानीय तहबाट कार्यान्वयन भएको।
- विशेष विद्यालयको रूपमा छनौट भएका विद्यालयको भौतिक निर्माण गर्न प्रदेशमा वित्तीय हस्तान्तरण भएको र प्रदेशबाट निर्माण कार्य हुने।
- शिक्षक तालिम प्रदेशस्तरबाट समेत सञ्चालन भइरहेको।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली तीनै तहबाट व्यवस्थापन हुने गरेको।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका भौतिक सुविधा विस्तार, डिजिटल सिकाइ केन्द्र स्थापना, डिजिटल पुस्तकालय/आईटी ल्याव व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि संघीय तहबाट प्रस्ताव आह्वान र विद्यालय छनौट भई रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने र स्थानीय तहबाटै कार्यान्वयन हुने।
- सबैका लागि शिक्षा (शिशु विकास कार्यक्रम) कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण हुने गरेको।
- राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गतका कार्यक्रम सञ्चालनको लागि प्रदेश तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भई प्रदेशबाटै कार्यान्वयन हुने गरेको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४८७७०० | ३३४९८९ | ६८.६९ |
| ३५०००० १२३ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २९८०० | २५६१५ | ८५.९५ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | ४५५९०० | ४४१६१४ | ९६.८७ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १६००० | ४८०८ | ३०.०५ |
| ३५०००१०३३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | २८७९००० | ११४६३३० | ३९.८२ |
| ३५०००१०४३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | १२४३०० | ० | ०.०० |
| ३५०००१०८३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | २५७१४०६ | ३८५२४४ | १४.९८ |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ७२४१४२ | ८१६४२ | ११.२७ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाई | ६१५५७२ | ४५१६५१ | ७३.३७ |
| ३५००२०११३ | पाठ्यक्रम विकास केन्द्र | ६६१४८ | ५६२०३ | ८४.९६ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २०३०० | १८०३८ | ८८.८६ |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | २५९०० | २४४४४ | ९४.३८ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | १७९९९२०० | १५८९९०३५ | ८८.३३ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १६७६१४०० | १५३२१४०० | ९१.४१ |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १४२७०० | ३३७२० | २३.६३ |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १६६०० | १२५०० | ७५.३० |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ५१७०५४ | ४३४६०५ | ८४.०५ |
| ३५०२११०१३ | उच्च शिक्षा सुधार परियोजना | १७५१४०० | ७५१४०० | ४२.९० |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | ३००००० | ३००००० | १००.०० |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | १४९२५०० | ६६१५७९ | ४४.३३ |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २९३७०० | १५८९१५ | ५४.११ |
| | कुल जम्मा | ४७२९०७२२ | ३६५४३७३० | ७७.२७ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ८०४०० | ७५५४१ | ९३.९६ |
| ३५०००० १२४ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | १००९०० | ३६६३२ | ३६.३१ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | १९०० | ९४५ | ४९.७३ |
| ३५०००१०३४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | ४०० | ३४२ | ८५.५७ |
| ३५०००१०८४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १९०० | १६६३ | ८७.५२ |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ९०० | ८८१ | ९७.९० |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | ४६९०० | १७८८२ | ३८.१३ |
| ३५००२०११४ | पाठ्यक्रम विकास केन्द्र | ९०० | ८३६ | ९२.८७ |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | ६२०० | १०५५ | १७.०२ |
| ३५०२१०११४ | विश्वविद्यालय अनुदान आयोग | ७०००० | ७०००० | १००.०० |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | २०५०० | १९२४७ | ९३.८९ |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | ३५५०० | २६२३१ | ७३.८९ |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ९७१०० | ८४२७८ | ८६.७९ |
| | कुल जम्मा | ४६३५०० | ३३५५३३ | ७२.३९ |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ६८९७६८ | ३१९९९५ | ४६.३९ |
| ३५०००० १२३ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २९६०० | १९४९१ | ६५.८५ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | ५६४६३२ | १५२२४० | २६.९६ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १७५०० | ३५० | २.०० |
| ३५०००१०३३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | ३९५३४०० | ४३२६६५ | १०.९४ |
| ३५०००१०८३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १०७९१६६ | ९१५९४ | ८.४९ |
| ३५०००१०९३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १०४४५१२ | ० | ०.०० |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | १३२६३१० | ६१४२६ | ४.६३ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाई | ७१८९०० | ३०८३६२ | ४२.८९ |
| ३५००२०११३ | पाठ्यक्रम विकास केन्द्र | ५९२०० | ३९३४९ | ६६.४७ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २०५०० | १४१५६ | ६९.०५ |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | २६००० | १५१४६ | ५८.२५ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | १८०००००० | १३०७१९७३ | ७२.६२ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १८१८९२०० | १६५१६१५५ | ९०.८० |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १३२१०० | ७६३६० | ५७.८० |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १७००० | ९६७४ | ५६.९१ |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ८१९२०० | २१८३२ | २.६७ |
| ३५०२११०१३ | उच्च शिक्षा सुधार परियोजना | ६३८५०० | ० | ०.०० |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | ३००००० | २९२००० | ९७.३३ |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | १५१५०६० | २३१५३९ | १५.२८ |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २४४२०० | ९०१७९ | ३६.९३ |
| | **कुल जम्मा** | **४९३८४७४८** | **३१७६४४८५** | **६४.३२** |

**पुँजीगत** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ८६३०० | ८७३१ | १०.१२ |
| ३५०००० १२४ | पुस्तकालयहरू-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | १०१५०० | ३५३६ | ३.४८ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | १००० | ० | ०.०० |
| ३५०००१०३४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | १६८०० | १२६३८ | ७५.२२ |
| ३५०००१०८४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | २८२०० | ३४४५ | १२.२२ |
| ३५०००१०९४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ० | ० | ० |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ३१०० | १२०२ | ३८.७८ |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | ४८४०० | १०८३६ | २२.३९ |
| ३५००२०११४ | पाठ्यक्रम विकास केन्द्र | ४४०० | ५४१ | १२.३० |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | १८०० | ११५ | ६.३९ |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | १००० | ५३१ | ५३.१० |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | १५०० | ० | ०.०० |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ९५००० | २९७ | ०.३१ |
| | **कुल जम्मा** | **३८९०००** | **४१८७२** | **१०.७६** |

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## १. पृष्ठभूमि

मुलुकमा आन्तरिक रोजगारी प्रवर्द्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने, श्रमिकको हकहित एवम् पेशागत सुरक्षा प्रदान गर्ने, कार्य वातावरणलाई मर्यादित बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारीको प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने काम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरिरहेको छ। यस मन्त्रालयको मुख्य कार्यक्षेत्रमा आन्तरिक रोजगार प्रवर्द्धन, सीप विकास तथा तालिम, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा, योगदानमा आधारित सामाजिक सुरक्षा र वैदेशिक रोजगारका क्षेत्रमा राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना र कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने विषयहरू पर्दछन्।

नेपालको संविधानअनुरूप राज्य पुनःसंरचना गरी संघीय व्यवस्था कार्यान्वयन गर्ने क्रममा प्रशासनिक संरचनामा फेरबदल हुँदा वि.सं. २०७४ साल चैत ३ मा मन्त्रालयको कार्यक्षेत्र परिमार्जन भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रूपान्तरित भएको छ।

## २. दीर्घकालीन सोच

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने।

## ३. उद्देश्य

- देशभित्र उत्पादनशील रोजगारीका अवसर विस्तार गर्दै बेरोजगारीको दरमा न्यूनीकरण गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिमको श्रमशक्ति उत्पादन गर्न व्यावसायिक तथा सीप विकास तालिमलाई गुणस्तरीय बनाउने,
- असल औद्यौगिक श्रम सम्बन्ध कायम गर्ने,
- बालश्रम लगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने,
- एकीकृत सामाजिक सुरक्षा नीति अवलम्बन गरी आम नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा समेट्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने,
- श्रम र वैदेशिक रोजगारसम्बन्धी सूचना प्रणालीलाई एकीकृत र व्यवस्थित गर्ने,

## ४. रणनीति

- स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने।
- विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन र सामाजिक सम्बादको माध्यमबाट असल औद्योगिक एवम् श्रम सम्बन्धको विकास गर्ने,
- राष्ट्रिय आवश्यकताका आधारमा तालिम र सीप विकासद्धारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने,
- तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने,
- वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने,

- रोजगारी सिर्जना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारीसम्बन्धी कार्यको नियमन गर्न एक अधिकार सम्पन्न उच्चस्तरीय राष्ट्रिय रोजगार प्राधिकरण गठन गर्ने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | फाजिल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ७२ | ६९ | ३ | ० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कुल २२७५ (मन्त्रालयमा-१६, स्थानीय तहमा-२२५९) अस्थायी दरबन्दी रहेको। |
| २ | वैदेशिक रोजगार विभाग र अन्तर्गत | १३० | १२७ | ३ | ० | |
| ३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र अन्तर्गत | १७९ | १५९ | २० | ० | |
| ४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान र अन्तर्गत | ४७ | ३८ | ९ | ० | |
| ५ | वैदेशिक रोजगार बोर्ड | १८ | १६ | २ | ० | |

## ६. आर्थिक वर्ष २०७८/७९ को वजेट वक्तव्य (प्रतिस्थापन वजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ७० | सबै नागरिकलाई मर्यादित रोजगारी सुनिश्चित गर्न सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यमा काम र रोजगारीका अवसर सिर्जना गरिने। | • प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम १ सय दिनको रोजगारी कार्यक्रम सञ्चालन भएको।<br>• आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धमा प्रदेशस्तरीय गोष्ठी र प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको। |
| ७१ | प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनःसंरचना गरी बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी सुनिश्चित गरिने। स्थानीयस्तरमा सञ्चालन हुने सडक, सिँचाइ, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपण लगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई काममा लगाउनु पर्ने गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था मिलाइने। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आगामी वर्ष २ लाख रोजगारी सिर्जना गरिने। | • स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा ७ लाख ८ हजार २ सय ८९ जना बेरोजगार व्यक्ति सूचीकृत भएका। जसमध्ये करिब १ लाख ९ सय १० जनाले औसत ३४ दिनको रोजगारी प्राप्त गरेका। यी मध्ये ५५ हजार ६ सय ४१ जना व्यक्तिहरूको पारिश्रमिक भुक्तानी गरिएको।<br>• ६ सय ९३ स्थानीय तहबाट १७ हजार ३ सय ७९ आयोजनाहरू सञ्चालन भएका। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ७२ | श्रम बजारमा प्रवेश गर्ने युवा, वैदेशिक रोजगारबाट फर्किएका तथा स्वदेशमा रोजगार गुमाएका श्रमिकको सीप विकास गरी क्षमता अभिवृद्धि गर्न हस्तकला, प्लम्बिङ्ग, बिजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगढ, सिकर्मी, डकर्मी, सिलाइ कटाइ, ब्युटिसियन, कपाल कटाइ, सवारी साधन तथा मोवाइल मर्मत लगायतका व्यवसायमा थप १ लाख व्यक्तिलाई सीप विकास तालिम प्रदान गरिने। | • मन्त्रालय मातहतका निकायमध्ये व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड, सुरक्षित आप्रवासन परियोजनाबाट हालसम्म विभिन्न ट्रेडहरूमा ७ हजार ३ सय ९० जना व्यक्तिहरूले सीपमूलक तालिम प्राप्त गरेका। |
| ७३ | स्वदेशी उद्योगको आवश्यकता अनुरूपको सीपयुक्त जनशक्तिको विकास गर्न निजी क्षेत्रको साझेदारीमा उत्पादन तथा सेवामूलक उद्योगमा प्रशिक्षार्थी कामदारलाई तीन महिनाको न्यूनतम पारिश्रमिक बराबरको अनुदान उपलव्ध गराई कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्ने। यस अन्तर्गत तालिम प्राप्त गर्ने प्रशिक्षार्थी कामदारलाई आधारभूत तालिम दिई सोही उद्योगमा न्यूनतम २ वर्षको रोजगारी सुनिश्चित गर्ने व्यवस्था मिलाइने। यस कार्यक्रमबाट आगामी वर्ष थप २५ हजार रोजगारी सिर्जना हुने। | • चालु आ.व.मा करिब ३ सय जनालाई कार्यस्थलमा आधारित तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा कार्यस्थलमा आधारित (एप्रेन्टसिप) अनुरूप सञ्चालन कार्यविधि संशोधन गरिएको। |
| ७५ | कार्यस्थलमा हुने सबै प्रकारको भेदभाव तथा हिंसाको अन्त्य गरिने। समान कामका लागि समान पारिश्रमिकको सिद्धान्त लागू गरिने। श्रम अडिटको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने। श्रमिकको हक, हित, व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षा, न्यूनतम पारिश्रमिक र श्रम कानूनको परिपालना सुनिश्चित गरिने। | • श्रम ऐन तथा नियमावलीमा भएको व्यवस्था कार्यान्वयनको लागि श्रम तथा व्यावसायजन्य विभाग अन्तर्गतका श्रम तथा रोजगार कार्यालयहरूबाट नियमित रुपमा प्रतिष्ठानहरूको अनुगमन तथा निरीक्षण गर्ने गरिएको।<br>• हालसम्म १ हजार ८ सय ५४ प्रतिष्ठानमा श्रम कानूनको परिपालना (न्यूनतम पारिश्रमिक, व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य आदि) भए नभएको निरीक्षण भएको र २ हजार २ सय ३८ वटा श्रम अडिट प्रतिवेदन पेश भएको। |
| ७६ | औद्योगिक प्रतिष्ठान तथा सङ्गठित क्षेत्रमा कार्यरत श्रमिक एवम् कामदारको | • प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा सञ्चालित आयोजनामा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | निःशुल्क सामूहिक दुर्घटना बीमा गर्ने व्यवस्था मिलाइने। सार्वजनिक निकायबाट हुने निर्माण कार्यमा संलग्न श्रमिकको सामूहिक दुर्घटना बीमा अनिवार्य गरिने। | कार्यरत २ लाख श्रमिकको सामूहिक दुर्घटना बीमा सम्पन्न भएको। |
| ७९ | अशक्त, असहाय एवम् परित्यक्त व्यक्तिको संरक्षणको दायित्व नेपाल सरकारले वहन गर्ने। सबै प्रकारका बालश्रमको अन्त्य गरिने। आवश्यक सेवा, सुविधा, उपचार र बासको प्रवन्ध गरी सडक मानवमुक्त नेपाल निर्माण गरिने। बालबालिकाको खोजतलास, संरक्षण तथा पुनःस्थापना गरी सडक बालबालिकामुक्त नेपालको अवधारणा कार्यान्वयन गरिने। यस कार्यमा क्रियाशील संघसंस्थालाई प्रोत्साहन गर्न अनुदान उपलव्ध गराइने। | • बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम स्थानीय तहलाई बालश्रम मुक्त घोषणा गर्न स्थानीय तहसँग प्रस्ताव माग गरी ३८ वटा स्थानीय तहलाई घोषणा पूर्वको अनुदान रु. ३ लाख (प्रति स्थानीय तह) पठाउन मन्त्रालयबाट निर्णय भएको।<br>• ५ वटा स्थानीय तह बालश्रम मुक्त घोषणा भएका।<br>• १ हजार ८ सय २८ प्रतिष्ठानमा बालश्रम निरीक्षण भएको। |
| ८१ | योगदानमा आधारित निवृत्तभरण कोष ऐनमा संशोधन गरी प्राध्यापक, शिक्षक लगायत अन्य राष्ट्रसेवकलाई समेत यस प्रणालीमा आवद्ध गरिने। योगदानमा आधारित सामाजिक सुरक्षा कोषको दायरालाई फराकिलो बनाई स्वरोजगार व्यक्ति, असङ्गठित क्षेत्रका श्रमिक एवम् करार र ज्यालादारीमा कार्यरत श्रमिकलाई समेत आवद्ध गरिने। | • योगदानमा आधारित सामाजिक सुरक्षा योजना अन्तर्गत सामाजिक सुरक्षा कोषमा १७ हजार ३६ रोजगारदाता र ३ लाख २७ हजार ७ सय ८७ जना श्रमिकहरू सूचीकृत भएका। |
| ४१८ | सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइने। सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गरिने। नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइने। प्रमुख पदाधिकारी तथा आयोजना प्रमुखसँग परिमाणात्मक तथा मापनयोग्य सूचकसहित कार्यसम्पादन सम्झौता गरिने। | • मन्त्रालयका सचिव, सहसचिव, विभागीय प्रमुख लगायत मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरूको कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गरिएको।<br>• सेवाग्राही सन्तुष्टि सर्वेक्षणको लागि सर्वेक्षण फाराम तयार गरी सर्भेक्षणको काम अगाडि बढाइएको। |
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| २५ | राज्यबाट प्रदान गरिने सबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रमबाट | • सामाजिक सुरक्षाका सबै कार्यक्रमलाई एकीकृत गरी थप प्रभावकारी बनाउने |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | राज्यकोषमा पर्न गएको चाप कम गर्न यसका लागि दिगो आम्दानीको स्रोत व्यवस्थापन गर्न उच्च आय प्राप्त हुने क्षेत्रमा लगानी गर्ने प्रवन्ध गरिने। सामाजिक सुरक्षाका सबै कार्यक्रमलाई एकीकृत गरी थप प्रभावकारी बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था मिलाउन अध्ययन गरिने। | उद्देश्यले तालिमको एकीकृत नीति र संरचना प्रस्ताव गर्ने कार्यदिशसहित राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने माननीय सदस्यको संयोजकत्वमा यस मन्त्रालयका सचिव समेत सदस्य रहने गरी ४८ औं NDAC बैठकको निर्णयबमोजिम कार्यदल गठन भई काम भइरहेको। |
| २६ | बेरोजगार युवाहरूको विस्तृत लगत अद्यावधिक गरी एकीकृत अभिलेख तयार गरिने। श्रम समूह वा श्रम सहकारीमार्फत युवाहरूलाई संगठित गरी व्यवसायिक दक्षता अभिवृद्धि गर्न तालिमसहित यस्ता श्रम समूह वा श्रम सहकारीहरूले सार्वजनिक निर्माण क्षेत्रको रु.१० करोडसम्मको लागतको आयोजनामा आपसी प्रतिस्पर्धामार्फत सहभागी हुन पाउने कानूनी प्रवन्ध गरिने। सरकारबाट सञ्चालन हुने श्रममूलक रोजगार कार्यक्रममा विपन्न दलित एवम् अति गरिब नागरिकलाई पहिलो प्राथमिकता दिइने। | • स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरूको लगत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्टी गरी राख्ने गरिएको।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरूको प्राथमिकताक्रम निर्धारण गर्दा विपन्न दलित एवम् अति गरिब नागरिकहरूलाई समेत अङ्कभार दिने व्यवस्था रहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू:

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ | दोश्रो संशोधन |
| २ | कार्यस्थलमा आधारित तालिम (एप्रेन्टिसिप) सञ्चालन कार्यविधि, २०७६ | प्रथम संशोधन |
| ३ | आप्रवासी श्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ | नयाँ तर्जुमा/जारी |
| ४ | वैदेशिक रोजगार कल्याणकारी सूचना प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ | नयाँ तर्जुमा/जारी |

## ख. पहिलो प्राथमिकता प्राप्त (P1) आयोजनाको प्रगति (२०७८ चैतसम्म)

| क्र.सं. | कार्यक्रम तथा आयोजना | भौतिक प्रगति % | वित्तीय प्रगति % |
|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५० (रोजगारी संख्याको आधारमा) | ७.२६ |
| २ | युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना | ३० | ५.३६ |

## ग. अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थासँग सम्झौता भई कार्यान्वयन भइरहेका आयोजनाहरू:

स्वीस सरकारसँगको द्विपक्षीय सम्झौताबमोजिम मन्त्रालय अन्तर्गत सुरक्षित आप्रवासन परियोजना (जुन रोजगार प्रवर्द्धन कार्यक्रमको नामबाट सञ्चालित छ) सञ्चालन भइरहेको छ जसको समयावधि २०७९ असार मसान्तसम्म कायम रहेको छ। जसमा प्राविधिक सहायता हेल्भेटास नेपालले उपलब्ध गराउँदै आएको। साथै, आर्थिक वर्षको चैत महिनासम्म यस कार्यक्रमको भौतिक प्रगति करिब ९० प्रतिशत र वित्तीय प्रगति ४१.४९ प्रतिशत रहेको छ। यस परियोजनाको २ वर्ष समयावधि थप गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको।

## घ. दिगो विकास लक्ष्य सम्बद्ध आयोजना/कार्यक्रमहरूको कार्यान्वयन अवस्था :

दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं. ४ (उत्पादनशील शिक्षा/तालिम) र लक्ष्य नं. ८ (मर्यादित काम र उत्पादनशील रोजगारी) र लक्ष्य नं. १० (देशभित्र तथा देशहरूबीचको असमानता हटाउने) यस मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत रहेका छन्। उक्त लक्ष्य अन्तर्गत रहेका सूचकहरुको प्रगति देहाय बमोजिम रहेको छ :

| परिमाणात्मक लक्ष्य | सूचक | लक्ष्य (सन् २०३०) | हालसम्को उपलब्धि* |
|---|---|---|---|
| ***लक्ष्य नं. -४ समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसर प्रदान गर्ने।*** | | | |
| **परिमाणात्मक लक्ष्य नं. —** ४.४ सन् २०३० सम्ममा रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरु (Adults)को सङ्ख्या वृद्धि गर्ने | • प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त युवा तथा वयस्कहरु (**सङ्ख्या हजारमा-वार्षिक**) | ४८० | - |
| ***लक्ष्य नं.-८* स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने।** | | | |
| **परिमाणात्मक लक्ष्य नं.-८.३** | • लिङ्ग अनुसार गैर कृषि रोजगारीमा अनौपचारिक | १० | ८१.२ |

| परिमाणात्मक लक्ष्य | सूचक | लक्ष्य (सन् २०३०) | हालसम्को उपलब्धि* |
|---|---|---|---|
| उत्पादनशील गतिविधिहरु, मर्यादित रोजगारी सिर्जना, उद्यमशीलता, सिर्जनशीलता र नवप्रवर्तनलाई सहयोग गर्ने खालका विकासमूखी नीतिहरु प्रवर्द्धन गर्ने र वित्तीय पहुँच लगायत लघु, साना तथा मझौला उद्योगहरुको स्थापना र वृद्धिलाई प्रोत्साहन गर्ने। | रोजगारीको अनुपात (प्रतिशतमा) | | |
| **परिमाणात्मक लक्ष्य नं. - ८.५**<br>सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै महिला र पुरूषहरूको निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउनका साथै समान कामका लागि समान तलब प्रदान गर्ने लक्ष्य हासिल गर्ने। | • पेसा, उमेर र अपाङ्गता अनुसार महिला र पुरूष कर्मचारी/कामदारहरूको घण्टाको औसत आम्दानी (रु.) | १०० | - |
| | • बेरोजगारी दर (१५ वर्ष देखि ५९ वर्ष उमेरका) – (प्रतिशतमा) | १० | १९.६ |
| **परिमाणात्मक लक्ष्य नं. - ८.६**<br>सन् २०२० सम्ममा रोजगारी नपाएका, शिक्षा वा तालिम नलिएका युवाहरूको अनुपात उल्लेख रूपमा घटाउने | • शिक्षा, रोजगारी वा तालिममा संलग्न नभएका (१५-२४) वर्ष उमेर समूहका) युवाको अनुपात (प्रतिशतमा) | - | ३५.३ |
| | • युवा अर्ध बेरोजगारी दर (प्रतिशत) | १० | २१.४ |
| **परिमाणात्मक लक्ष्य नं. - ८.७**<br>निकृष्ट स्वरूपको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्य पारेर गराइने श्रमको उन्मूलन गर्न र सन् २०२५ सम्ममा सैन्य भर्ती र बाल सैनिकको प्रयोग लगायतका सबै स्वरूपका बालश्रम अन्त्य गर्न प्रभावकारी उपायहरू तत्काल अपनाउने | • बाल श्रमिकका रूपमा रहेका ५ देखि १७ वर्ष उमेर समूहका बालबालिकाको लिङ्ग र उमेर अनुसारको अनुपात **(प्रतिशतमा)** | - | ४७.८ |
| | • हानिकारक अवस्थाहरू भएको काम/स्थानहरूमा कार्यरत बालबालिका (प्रतिशत) | ० | - |
| **परिमाणात्मक लक्ष्य नं. - ८.८** | • लिङ्ग र माइग्रेन्ट स्टाटस अनुसार घातक र गैह्र | - | - |

| परिमाणात्मक लक्ष्य | सूचक | लक्ष्य (सन् २०३०) | हालसम्को उपलब्धि* |
|---|---|---|---|
| बसाइँसरी रोजगारीमा लागेका कामदारहरू (Migrant Workers) विशेष गरेर महिला कामदारहरू र खतरापूर्ण रोजगारीमा रहेका प्रवासी कामदारहरु लगायत सबै कामदाहरूको श्रमिक अधिकारहरूको रक्षा गर्ने साथै उनीहरूको लागि सुरक्षित एवम् भरपर्दो कार्य वातावरण प्रवर्द्धन गर्ने | घातक व्यावसायिक चोटपटक लाग्ने दरहरू | | |
| | • अन्तर्राष्ट्रिय श्रम संगठन textual स्रोतहरू र राष्ट्रिय कानूनी अधारमा श्रमिक अधिकारको राष्ट्रिय पालनाको स्तर/अवस्था (लिङ्ग र बसाइँसराईको अवस्था अनुसार) | - | - |
| लक्ष्य नं. १० - ***देशभित्र तथा देशहरुबीचको असमानता हटाउने*** | | | |
| **परिमाणात्मक लक्ष्य नं. १०.७** योजनाबद्ध र उपयुक्त ढङ्गले व्यवस्था गरिएका बसाइँसराइसम्बन्धी नीति समेतको कार्यान्वयन | • विदेशमा काम गर्ने कामदारहरुद्वारा व्यहोरिएको लागत (मलेशिया, दक्षिण कोरिया र मध्यपूर्वी देशहरुको निम्ति लाग्ने लागतको औसत) -अमेरिकी डलरमा | ५०० | ९०० |

⁎ Sustainable development goal progress assessment report 2016-19

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १२९०२१९ | ९३४५९६ | ७२.४४ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २३३०० | १२५३१ | ५३.७८ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३९०६२५ | ३०७६६८ | ७८.७६ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७०११९२ | ४०३९१ | ५.७६ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३०६०० | २१४७१ | ७०.१७ |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरू | १०५३०० | ७२७९५ | ६९.१३ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २०९०० | १०९८५ | ५२.५६ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १३९२०० | १०२८४४ | ७३.८८ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ४०१७०० | ६७१२६ | १६.७१ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | १८२०० | १३४२५ | ७३.७६ |
| | **कुल जम्मा** | **३१२१२३६** | **१५८३८२९** | **५०.७४** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १६४५० | ११३०५ | ६८.७२ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ३००० | २१७२ | ७२.४१ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३६०० | २२२३ | ६१.७६ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | १८०० | ४०७ | २२.५८ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरू | १६१५० | १२४८१ | ७७.२८ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ५०० | ४५५ | ९०.९० |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | ४६०० | ४५४६ | ९८.८२ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ६५०० | ५६९७ | ८७.६५ |
| | कुल जम्मा | **५२६००** | **३९२८५** | **७४.६९** |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १७५९०० | ६१३१६ | ३४.८६ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | २४६०० | ११९५५ | ४८.६० |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३५११०० | १४४२७२ | ४१.०९ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३२६८०४ | २३७२६ | ७.२६ |
| ३७१००१०३३ | युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना | ८४४१९१ | ४०४९२ | ४.८० |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३२६०० | १६४३० | ५०.४० |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरू | १६१७०० | ७०८७१ | ४३.८३ |
| ३७१०११०२३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २५६०० | १४५३३ | ५६.७७ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १५५६०० | ८७७८६ | ५६.४२ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ३१८८०० | ११२६१४ | ३५.३२ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | १९१०० | ११४४४ | ५९.९२ |
| | कुल जम्मा | **२४३५९९५** | **५९५४३९** | **२४.४४** |

**पुँजीगत** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ७५०० | २५२४ | ३३.६५ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ३९०० | २८२६ | ७२.४६ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | ६३०० | ४०२० | ६३.८० |
| ३७१००१०३४ | युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना | ५४९०० | ७६८१ | १३.९९ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४५०० | ७१ | १.५७ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरू | ३२४०० | १०११६ | ३१.२२ |
| ३७१०११०२४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | २९०० | १०३० | ३५.५१ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | १५१०० | १९३२ | १२.७९ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | ११८०० | ५२३५ | ४४.३६ |
| | कुल जम्मा | **१३९३००** | **३५४३४** | **२५.४४** |

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## १. पृष्ठभूमि

प्रकृति र संस्कृतिको धनी नेपाल आकर्षण, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय रूपमा विश्व पर्यटन बजारमा परिचित रहेको छ। नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ। देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ। पर्यटन क्षेत्रको विकास र विस्तार सहित आन्तरिक र बाह्य हवाई यातायात विकास गरी थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन यो मन्त्रालय केन्द्रित रहेको छ।

## २. दीर्घकालीन सोच

मुलुकको समृद्धिको एक अग्रणी सम्वाहक पर्यटन क्षेत्र रहने।

## ३. उद्देश्य

- नेपाललाई गुणस्तरीय पर्यापर्यटन अनुकूल र सुरक्षित बनाई आकर्षक तथा प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने।
- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधीकरण गरी पर्यटन संस्कृतिको विकास गर्ने।
- पर्यटकीय क्षेत्रबाट प्राप्त लाभ जनस्तरमा पुऱ्याउने।

## ४. रणनीति

- पर्यटनलाई सबै मौसममा चलायमान बनाउन प्रविधि तथा गतिविधिको विकास गर्ने।
- छिमेकी मुलुकहरू तथा प्रमुख पर्यटन बजारमा व्यापक प्रचारप्रसार र प्रवर्द्धन गरी गुणस्तरीय पर्यटक वृद्धि गर्ने,
- पर्यटकीय गतिविधिहरूलाई सुरक्षित, दिगो र गुणस्तरीय बनाउने,
- पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकूद जस्ता क्षेत्रहरू समेटेर एकीकृत पर्यटन विकासमा जोड दिने,
- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणा अनुरूप पर्यटन पूर्वाधारहरूको विकास, बजारीकरण र प्रर्वद्धन गर्ने,
- तीनै तहका सरकारबीच समन्वय कायम गरी पर्यटकीय गन्तव्यस्थलको एकीकृत विकास तथा विस्तार गर्ने,
- पर्यटकीय उपजको मूल्य श्रृङ्खलामा आबद्ध गरी जनस्तरसम्म लाभ पुऱ्याउने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८४ | ६४ | २० | १ |
| २ | पर्यटन विभाग | २४ | २२ | २ | - |

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| ३ | पुरातत्त्व विभाग र अन्तर्गत | ४४९ | १९३ | २५६ | ६ |
| ४ | राष्ट्रिय अभिलेखालय | ३० | १५ | १५ | - |
| ५ | नारायणहिटी दरबार संग्रहालय विकास समिति | १९७ | १२४ | ७३ | - |
| | कुल जम्मा | ७८४ | ४१८ | ३६६ | ७ |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६६ | आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीलाई १० दिनको पारिश्रमिक बराबरको रकमसहित पर्यटन काज उपलब्ध गराइने। निजी क्षेत्रमा कार्यरत कर्मचारीलाई समेत सोही अनुसारको सुविधा प्रदान गर्न प्रेरित गरिने। | • पर्यटन काज कार्यक्रम सञ्चालन गर्न मस्यौदा तयार भई रायको लागि सरोकारवाला निकायको राय/परामर्शको लागि लेखी पठाइएको। |
| १६६ | पर्यटन क्षेत्रको विविधीकरण र विस्तारका लागि निजी क्षेत्रसँगको सहकार्यमा एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने। सन्दकपुर, धनुषाधाम, इन्द्रसरोवर, पञ्चासे, निग्लिहवा, कुपिण्डे दह र भादगाउँ लगायतका स्थानमा पर्यटन पूर्वाधार निर्माण गरिने। मुक्तिनाथ क्षेत्रको आनी गुम्बा र कागबेनीको पिण्डस्थान पुनःनिर्माण कार्यलाई निरन्तरता दिइएको। | • सन्दकपुर ९० प्रतिशत, धनुषाधाम ७० प्रतिशत, ईन्द्रसरोवर ९५ प्रतिशत, पन्चासे ९५ प्रतिशत, भादा र रारा ७८ प्रतिशत पर्यटन पूर्वाधार निर्माण सम्पन्न।<br>• आनि गुम्बा र पिण्डस्थान पुनःनिर्माण कार्य सम्पन्न। |
| १६७ | काठमाडौं उपत्यका नजिकका सम्भाव्य स्थानमा पदयात्रा मार्ग, हाइकिङ डेस्टिनेसन एवम् साइक्लिङ्ग ट्रेल निर्माण गरिने। फेवाताल वरिपरी वातावरण मैत्री साइकल सर्किट निर्माण गरिने। दार्चुलादेखि ताप्लेजुङ्गसम्म हिमालय पदमार्ग निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरिने। चुरे तथा | • उपत्यका वरपर हाइकिङ डेस्टिनेसनमा पूर्वाधार निर्माण कार्य १५ कि.मी. सम्पन्न।<br>• चुरे तथा महाभारत श्रृङ्खलाका सम्भाव्य स्थानमा पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रलाई जग्गा लिज दिने लगायत विषयमा कार्यविधि मस्यौदा तयारी कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | महाभारत श्रृङ्खलाका सम्भाव्य स्थानमा होटल, मोटल, रिस लगायत शितल आवास निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रलाई लिजमा जग्गा उपलब्ध गराइने। | |
| १६८ | रारा, शे-फोक्सुण्डो ताल, खप्तड लगायत प्राकृतिक दृष्टिले महत्त्वपूर्ण स्थानलाई आकर्षक पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गरिने। | • रारा क्षेत्रमा पूर्वाधार निर्माणको लागि DPR तथा IEE/EIA अध्ययनको लागि सम्झौता तथा कार्यादेश दिएको। |
| १६९ | डोल्पा, हुम्लाको सिमीकोट, धादिङ्गको रुवीभ्याली, दोलखाको रोल्वालिङ्ग, ताप्लेजुङ्गको ओलाङ्गचुङ्गगोला लगायतका क्षेत्रमा पदयात्रा मार्ग निर्माण गरिने। पदयात्रा तथा हिमाल आरोहणमा जाने पर्यटकको सुरक्षा तथा उद्धारका लागि जिपिएस ट्र्याकिङ्ग सहितको एकीकृत पर्यटन सूचना प्रणाली कार्यान्वयनमा ल्याइने। | • कञ्चनजङ्गा, रुवीभ्याली, दोलखा, मकालु, च्छो रोल्पा, अन्नपूर्ण, धौलागिरी, मनास्लु, सगरमाथा लगायतका स्थानमा ६५ कि.मि. पदमार्ग निर्माण सम्पन्न भएको।<br>• Global Positioning System (GPS) Tracking System को लागि २० वटा Global Positioning System (GPS) Device खरिद भई परीक्षणको क्रममा रहेको। पर्वतारोहण र ट्रेकिङ्गको सिजनमा टेस्ट भएपछि पूर्ण रूपमा लागू हुने। |
| १७२ | स्थानीय तह र निजी क्षेत्रको समन्वय एवम् सहकार्यमा कृषि पर्यटन, पर्यापर्यटन, हिमालयन योगा पर्यटन, उच्च उचाई खेल पर्यटन, शैक्षिक पर्यटन र सम्मेलन पर्यटन प्रवर्द्धन गरिने। प्रदेश र स्थानीय तहको लागत साझेदारीमा २ सय १६ स्थानमा सञ्चालित पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइएको। | • पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज साझेदारी कार्यक्रम सञ्चालन रहेका ६३ स्थानीय तहमा पहिलो निकासा भएको। |
| १७३ | सिमरौनगढ, मकवानपुरगढी, सिन्धुलीगढी, जितगढी लगायत ऐतिहासिक गढी-किल्लाको संरक्षण र विकास गरिने। धार्मिक-सांस्कृतिक तथा सिमसार क्षेत्रमा परिपथ निर्माण गर्न विस्तृत अध्ययन गरिने। | • मकवानपुर गढी संरक्षण प्रथम चरणको कार्य सम्पन्न भएको।<br>• धार्मिक-सांस्कृतिक तथा सिमसार क्षेत्रमा परिपथ निर्माण कार्यको खरिद प्रक्रिया सम्पन्न भएको। |
| २४० | परम्परागत संस्कृति एवम् पुरातात्विक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी सफ्टपावरको रूपमा विश्वसामु प्रस्तुत | • परम्परागत संस्कृति एवम् पुरातात्विक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न Soft Power Inventory, Photo Documentation गरी प्रचार प्रसार गर्ने लगायत कार्यक्रम |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने। लुम्बिनी विकास गुरुयोजनाको बाँकी काम दुई वर्षभित्र सम्पन्न गरिने। अन्तर्राष्ट्रियस्तरका विख्यात योजनाविदद्वारा लुम्बिनी, तिलौराकोट, रामग्राम र देवदह क्षेत्र समेटी बृहत लुम्बिनी विकास गुरुयोजना तयार गरिने। | कार्यान्वयनको लागि आवश्यक समन्वय र सहजीकरण भइरहेको।<br>• समग्र गुरुयोजनाको बाँकी कार्यमा चालु आ.व.को लक्ष्य २.४ प्रतिशतमा ०.७२ प्रतिशत प्रगति हासिल भएको।<br>• बृहत्तर लुम्बिनी क्षेत्रको गुरुयोजनाको अवधारणा (Conceptual Master Plan) तयार भएको।<br>• नोमिनेसन डोसेर तयारीको लागि तिलौराकोट कपिलवस्तु वर्ल्ड हेरिटेज इनिसियल प्रोजेक्टको फाइनल रिपोर्ट प्राप्त भएको।<br>• लुम्बिनी गुरुयोजनाअनुसार पवित्र उद्यानमा रहेका गोलाइ पोखरी तथा सर्कुलर लेभीमा लेभिको स्ट्याण्डर्ड स्लोप निर्माण र पोखरीहरूको गहिराई लेभलिङ्ग लगायत कार्यको गत आ.व.मा शुरू भएको कार्यको समग्रमा ५५ प्रतिशत भौतिक प्रगति हासिल भई कार्य चालु अवस्थामा रहेको।<br>• ५ हजार मानिस अट्ने हल तथा ध्यान साधना केन्द्र भवन निर्माणको योजनाअनुसारको दोस्रो फेजको निर्माण करिव ८० प्रतिशत भौतिक प्रगति हासिल भएको।<br>• गौतमबुद्ध फलफूल बाटीका निर्माण गर्ने र सर्भिस सडक वरिपरी ल्याण्डस्केप निर्माण गर्ने कार्य बृक्षारोपण र ल्याण्डस्केपको कार्य सम्पन्न भएको।<br>• परातत्त्व विभागको समन्वय र स्वीकृतिमा तिलौराकोट, गोटीहवा, निग्लीहवा, अरौराकोट, सिसहनीया, धमनीहवा, सगरहवा, रामग्राम र देवदहमा तीर्थयात्री तथा पर्यटकीय सेवा सुविधा विस्तार गर्न शौचालय, ध्यान प्लेटफर्म, पैदलमार्ग, संरक्षण लगायतका संरचना निर्माण तर्फको ३ वटा कार्यको सम्झौता भई कार्य शुरू भएको। हालसम्म ३५ प्रतिशत भौतिक प्रगति हासिल भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २४१ | बृहत पशुपति क्षेत्र विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिने। पशुपतिनाथ मन्दिरको प्रवलीकरण लगायत पूर्वाधार निर्माण गर्ने। | • बृहत पशुपति क्षेत्र विकास गुरुयोजना मस्यौदा तयार भएको तथा अन्तिम रुप दिन छलफल र समन्वय भइरहेको।<br>• पशुपतिनाथ मन्दिरको मूल संरचनाको प्रवलीकरण गर्ने (चाँदीको ढोका, छाना, गारो लगायत)को लगत ईस्टिमेट तयारी कार्य अन्तिम चरणमा रहेको।<br>• विश्वरुपा मन्दिर संरक्षण कार्य खरिद प्रक्रियामा गएको, मुद्दाको अन्तिम किनारा नलागेसम्म स्थगित अवस्था रहेको।<br>• मृगस्थलीमा भूक्षय नियन्त्रण गर्ने कार्य सम्पन्न भएको।<br>• नेपाल वेद विद्याश्रम माध्यामिक विद्यालयको प्लस टु भवन तथा पूर्वाधार विकास कार्यको बोलपत्र आह्वान भएको।<br>• गौरीघाट चौघेरा सत्तल संरक्षण कार्य ५० प्रतिशत सम्पन्न भएको।<br>• दर्शनमार्ग स्तरोन्नति तथा मर्मत रङ्गरोगन कार्य सम्पन्न भएको।<br>• दाफा भजनघर संरक्षण कार्य गर्न सम्झौता/कार्यादेश तयार गरिएको।<br>• अग्नीहोत्रशाला तथा चार शिवालय संरक्षण कार्य ६० प्रतिशत कार्य सम्पन्न भएको।<br>• मृगस्थलीमा पाताल भएको सत्तललाई पुनःनिर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न TOR तयारी कार्य भइरहेको।<br>• पशुपति क्षेत्रको निकास ढलको विस्तृत अध्ययन तथा नक्साङ्कनका लागि TOR तयारी भइरहेको।<br>• जितजङ्ग प्रकाशेश्वर सत्तलको विस्तृत ड्इङ्ग डिजाइनका लागि परामर्श सेवा सम्झौता सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त भएको। |
| २४२ | जानकी मन्दिर र तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न प्रक्रिया अगाडि बढाइने। जनकपुरलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको रूपमा | • तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।९।३० को निर्णयानुसार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास गर्न हरेक वर्ष अष्टावक्र शास्त्रार्थ सहितको धार्मिक सम्मेलन आयोजना गरिने। चितवनको अयोध्यापुरीमा राम मन्दिर निर्माण गर्न बजेट विनियोजन गरिएको। | संरक्षित स्मारक क्षेत्र घोषणा भई नक्सा तयार भइसकेको।<br>• जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न जनकपुर उपमहानगरपालिकाबाट क्षेत्र निर्धारण गरी नक्साङ्कनको पूर्व तयारी सम्पन्न भएको।<br>• चितवनको अयोध्यापुरीमा राम मन्दिर निर्माण क्षेत्र पहिचानका लागि विज्ञ टोलीसँग छलफल भइरहेको। |
| २४५ | विभिन्न जातजाति एवम् भाषाभाषीको रहनसहन, रीतिरिवाज, कला, संस्कृति र परम्परा झल्कने गरी काठमाडौंको कीर्तिपुरमा निर्माणाधीन राष्ट्रिय सांस्कृतिक संग्रहालय दुई वर्षभित्र सम्पन्न गरिने। प्रदेश सरकारको समन्वय र सहकार्यमा प्रत्येक प्रदेशमा प्रादेशिक संग्रहालयको स्थापना र विकास गरिने। | • राष्ट्रिय सांस्कृतिक संग्रहालय निर्माण गर्न चालु आ.व.(०७८/७९) मा विनियोजित बजेट कीर्तिपुर नगरपालिकामा पठाउने सम्बन्धमा आवश्यक छलफल भइरहेको।<br>• प्रादेशिक संग्रहालय निर्माणको मापदण्ड तथा ढाँचा तयार गर्न प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने काम भइरहेको। |
| ३५२ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत परियोजना प्रतिवेदन निर्माण, लगानीको ढाँचा निर्धारण र तदनुरुपको पूर्वाधार विकास एवम् सञ्चालनका लागि अन्तर्राष्ट्रिय लगानीकर्ता छनौट गरिने। आगामी आर्थिक वर्षमा जग्गा अधिग्रहण, साइट क्लियरेन्स लगायत विमानस्थल निर्माणको पूर्व तयारीका कार्य सम्पन्न गरिने। | • निजगढ विमानस्थल गुरुयोजना निर्माण गर्ने कार्य ८० प्रतिशत कार्य सम्पन्न भएको (Interim Design Report) प्राप्त भएको।<br>• निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल जग्गा अधिग्रहण कार्य हालसम्म ७०-१-९-४ (विगाहा) क्षेत्रफल नेपाल नागरिक उड्डयन प्राधिकरण (दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना) को नाममा नामसारी भएको।<br>• निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि नदी कटान नियन्त्रण गर्ने ठेक्का व्यवस्थाको लागि Detail Design र Cost Estimate तयार गर्ने कार्य सम्पन्न भएको। |
| ३५३ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई नेपालको मौलिक संस्कृति झल्किने बुटिक विमानस्थलमा रूपान्तरण गर्न प्रारम्भ गरिएको स्तरोन्नति कार्य सम्पन्न गरिने। यस विमानस्थलको हवाई चापलाई सम्बोधन गर्न ट्क्यासी-वे | **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतितर्फः**<br>• ह्याङगर निर्माण कार्यको स्वीकृति पत्र (LOA) दिइएको, ट्याक्सी वे विस्तार कार्यको Retender का लागि सूचना प्रकाशित भएको।<br>• समग्र भौतिक प्रगतिः ८.९२ प्रतिशत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विस्तार, पाकिङ्ग-वे निर्माण सम्पन्न गरिने। टर्मिनल भवनको स्तरोन्नति आरम्भ गरिने। | • समग्र वित्तीय प्रगति : ५.५९१ प्रतिशत<br>• Embankment Filling: ४ लाख ८० हजार घ.मि. (२३%)<br>• Sub-Surface Drainage को काम निरन्तर भइरहेको।<br>• Golf Course स्थानान्तरण हुन नसक्दा काममा असर परेको।<br>• त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थलमा रूपान्तरण गर्न Canopy Construction कार्य हालसम्म ९१ प्रतिशत सम्पन्न भएको। |
| ३५४ | पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको बाँकी निर्माण कार्य सम्पन्न गरी आगामी आर्थिक वर्ष सञ्चालनमा ल्याइने। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन तथा दोस्रो टर्मिनल भवन र अन्य पूर्वाधार निर्माण गरिने। | • गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल थप निर्माण कार्यको लागि ठेक्का व्यवस्थाको लागि Detail Design र Cost Estimate तयार गर्ने कार्य भइरहेको।<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रथम चरणको निर्माण कार्य सम्पन्न भई Calibration Flight भइसकेको।<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनामा Cargo Building देखि Apron सम्मको सडक, Periphery Road पुरानो Runway लाई Rehabilitation गरी नयाँ Parallel Taxiway ठेक्का व्यवस्थाको लागि Detail Design र Cost Estimate तयार गर्ने कार्य भइरहेको।<br>• पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यको भौतिक प्रगति ९३ प्रतिशत कार्य सम्पन्न। |
| ३५५ | आन्तरिक विमानस्थल विस्तार, स्तरोन्नति र आधुनिकीकरणलाई निरन्तरता दिइने। इलामको सुकिलुम्बा, गुल्मीको सिमीचौर र डोल्पाको मसिनचौरमा परीक्षण उडान गरिने। चन्द्रगढी, राजविराज, तुम्लिङ्गटार, जनकपुर, धनगढी, अर्घाखाँची, स्वर्गद्वारी, पाटन, दार्चुला लगायतका विमानस्थलको भौतिक | • इलामको सुकिलुम्बामा विमानस्थलमा परीक्षण उडान सम्पन्न भएको।<br>• गुल्मी र डोल्पाको विमानस्थलमा कालोपत्रे (Asphalt) को काम सम्पन्न भई Marking को काम अन्तिम चरणमा रहेको।<br>• अर्घाखाँची विमानस्थल निर्माण कार्य सम्पन्न भएको। ६ सय ५० मिटर रनवे स्ट्रिप तयार भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पूर्वाधार निर्माण तथा स्तरोन्नति गरिने। सुर्खेत र भरतपुर विमानस्थलको विस्तार एवम् स्तरोन्नति गरिने। नेपालगञ्ज र विराटनगर विमानस्थलमा नयाँ टर्मिनल भवन निर्माण आरम्भ गरिने। वातावरणीय प्रभाव मुल्याङ्कन सम्पन्न गरी दाङ्गको नारायणपुर विमानस्थल निर्माण कार्य प्रारम्भ गरिने। | • जनकपुर विमानस्थलको चेनलिङ्क फेन्सिङको काम सम्पन्न, ड्रेनेज मर्मत कार्य सम्पन्न, रनवे ग्रेडिङ्ग कार्य सम्पन्न भएको।<br>• राजविराज विमानस्थलमा धावनमार्ग ट्याक्सी वे एप्रोन ड्रेनेज निर्माण कार्य सम्पन्न भएको।<br>• तुम्लिङटार विमानस्थलको नयाँ टर्मिनल टावर भवन निर्माण Structure को काम सम्पन्न भई Finishing को काम अन्तिम चरणमा रहेको।<br>• बैतडी पाटन विमानस्थलको पहिलो तहको ढलानको तयारी हुदै।८०% Structure को काम सम्पन्न भएको।<br>• नेपालगञ्ज र विराटनगर विमानस्थलको Redesign सम्पन्न भई Estimate Review हुँदै।<br>• दाङको नारायणपुर विमानस्थलको TOR Scoping को काम शुरू भएको। |
| ३५६ | ओखलढुङ्गाको खिजी चण्डेश्वरी विमानस्थल सञ्चालनमा ल्याइने।ताप्लेजुङ्ग सुकेटारको धावनमार्ग विस्तार कार्य सम्पन्न गरिने।तेह्रथुमको चुहानडाँडा विमानस्थलको निर्माण कार्यलाई तीव्रता दिइने।सुकेटार विमानस्थललाई रविन्द्र अधिकारी विमानस्थल र चुहानडाँडा विमानस्थललाई आङ्ग छिरिङ्ग शेर्पा विमानस्थल नामाकरण गरिने। | • ओखलढुङ्गाको खिजी चण्डेश्वरी विमानस्थल सञ्चालनमा ल्याउन टेष्ट फ्लाइटको लागि तयारी भइरहेको।<br>• ताप्लेजुङ्ग सुकेटारको धावनमार्ग विस्तार कार्यका लागि माटोको काम सम्पन्न भई Sub Base, Base को काम सम्पन्न भएको।<br>• चुहानडाँडा विमानस्थल निर्माण गर्न TOR Scoping Document स्वीकृतिका लागि पेश भएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्म सम्पादन भएका मुख्य कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | राष्ट्रिय संस्कृति नीति, २०६७ | संशोधन |
| २. | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | संशोधन |
| ३. | गैर सैनिक हवाई उडान ऐन, २०१५ | संशोधन |
| ४. | पर्यटन ऐन, २०३५ | संशोधन |

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| ५. | अभिलेख संरक्षण ऐन, २०४६ | संशोधन |
| ६. | प्रतिलिपि अधिकार ऐन, २०५९ | संशोधन |
| ७. | हवाई यातायात सेवा सञ्चालन संस्थाको दायित्व तथा बीमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | नयाँ तर्जुमा |
| ८. | क्यासिनो नियमावली, २०७० | संशोधन |
| ९. | दुर्घटना जाँच नियमावली, २०७८ | नयाँ तर्जुमा |
| १०. | हवाई सेवा व्यवस्थापन नियमावली, २०७८ | नयाँ तर्जुमा |
| ११. | नागरिक उड्डयन नियमावली (पाँचौं संशोधन), २०७८ | संशोधन |
| १२. | विमानस्थल सेवा शुल्क नियमावली, २०७८ | नयाँ तर्जुमा |
| १३. | पर्यटन काज सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |

## ख. राष्ट्रिय गौरवका आयोजनाहरू

| क्र.सं. | आयोजना/कार्यक्रम | भौतिक प्रगति | वित्तीय प्रगति |
|---|---|---|---|
| १. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ९४% | ७४.८१% |
| २. | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | १००% | १००% |
| ३. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल (मास्टर प्लान) | ९७% | १६.८७% |
| ४. | पशुपति क्षेत्र विकास कोष | ८०% | ३०% |
| ५. | लुम्बिनी विकास कोष | ८६% | ४८.४१% |

## ग. अन्य सम्पादित महत्त्वपूर्ण कामहरू

- पशुपति क्षेत्र विकास कोष, नारायणहिटी दरबार संग्रहालय लगायतका सार्वजनिक निकायहरूको स्वामित्वमा रहेका सरकारी सम्पत्तिहरूको अनाधिकृत प्रयोगलाई रोक लगाउन गठित छानबिन समितिद्वारा अध्ययन भई प्राप्त समितिको प्रतिवेदन कार्यान्वयनार्थ सरोकारवाला निकायमा पठाइएको। साथै, सरकारी सम्पत्तिको संरक्षण गर्ने कार्यलाई तीब्रता दिइएको।
- क्यासिनो रोयल्टी बापतको असुल उपर गर्नुपर्ने बक्यौता रकममध्ये करिव रु ९५ करोड असुल उपर भएको।
- पर्यटन पूर्वाधार तथा पर्यटन विकास साझेदारी कार्यक्रम अन्तर्गत प्रदेश र स्थानीय तहको लागत सहभागितामा कार्यक्रमहरू सञ्चालन, अनुगमन तथा मूल्याङ्कन कार्य गरिएको।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को पूर्व स्वीकृति प्राप्त भई मन्त्रालय अन्तर्गतको पर्यटन विभागको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भइरहेको।
- मन्त्रालय अन्तर्गतका विकास समितिहरूमा रिक्त पदहरूमा पदाधिकारी नियुक्ति गरिएको।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३२१२६७ | २६६४३० | ८२.९३ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ७९०० | ० | ०.०० |
| ३२५००१०२३ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | ७७९३८ | ३६८०८ | ४७.२३ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४३६३२५ | ४१५०१८ | ९५.१२ |
| ३२५०१०११३ | पर्यटन विभाग | १४५४०० | १३०७७७ | ८९.९४ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ६५४७५६ | ७७३८१ | ११.८२ |
| ३२५०२०११३ | परातत्त्व विभाग | ४११९८ | ३८२७१ | ९२.९० |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | ३१७०० | २३५१७ | ७४.१९ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २९०० | १२७१ | ४३.८३ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ९०९८९ | ८७०८८ | ९५.७१ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १५९०० | ११२२७ | ७०.६१ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरू | ७१०० | ३९४८ | ५५.६१ |
| ३२५०२०१७३ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | २४१०० | १८७४८ | ७७.७९ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरू | ७९५०० | ५९४१७ | ७४.७४ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १२२०० | ९२९८ | ७६.२१ |
| ३२५०२१०१३ | पुरातात्त्विक स्थल संरक्षण आयोजना | २४०० | २२८९ | ९५.३८ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १३०० | ७८७ | ६०.५४ |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २४१०० | १७७१३ | ७३.५० |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १२२३७ | १००३१ | ८१.९८ |
| ३२५२१०११३ | भाषा आयोग | ६२७०० | ५४२५७ | ८६.५३ |
| ३२५४१०११३ | वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् | ५५००० | ४९००० | ८९.०९ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | ६५९९३५ | ६५४९३५ | ९९.२४ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | ९५६७९८ | ७०३७९० | ७३.५६ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ४४००० | ३५०१५ | ७९.५८ |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७६२०० | ६२७८९ | ८२.४० |
| | कुल जम्मा | ३८४३८४२ | २७६९८०६ | ७२.०६ |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८०० | १९८६ | ७०.९२ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | १०० | ० | ०.०० |
| ३२५००१०२४ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | १८६३९६ | १२४७३४ | ६६.९२ |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०१०० | ९९ | ०.९८ |
| ३२५०१०११४ | पर्यटन विभाग | १३०० | १२६५ | ९७.२९ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १३०५५०० | ११८११४९ | ९०.४७ |
| ३२५०२०११४ | परातत्त्व विभाग | १५४००० | १२६३१२ | ८२.०२ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | ९२०० | ८४२३ | ९१.५६ |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २८०० | २२७० | ८१.०६ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | ४५०० | ४४८१ | ९९.५७ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | २६०० | २१६७ | ८३.३६ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरू | ६२०० | ५५५० | ८९.५१ |
| ३२५०२०१७४ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | ४४०० | ४०७१ | ९२.५३ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरू | २१०० | १६७३ | ७९.६४ |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १००० | ४५८ | ४५.७९ |
| ३२५०२१०१४ | पुरातात्त्विक स्थल संरक्षण आयोजना | ३७३८०० | २४७३७१ | ६६.१८ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १५००० | ९७८४ | ६५.२२ |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | ४२९०० | ३५६५४ | ८३.११ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | २३०० | २९६ | १२.८८ |
| ३२५२१०११४ | भाषा आयोग | १२०० | ११८५ | ९८.७७ |
| | कुल जम्मा | २१२८१९६ | १७५८९२८ | ८२.६५ |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १२५००५ | ५६९०८ | ४५.५२ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ८१०० | ९७५ | १२.०४ |
| ३२५००१०२३ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | ६०० | ७१ | ११.७९ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ११५७५० | ४६००९ | ३९.७५ |
| ३२५००१०५३ | सांस्कृतिक संस्थान | १६००० | १३८०० | ८६.२५ |
| ३२५०१०११३ | पर्यटन विभाग | १४२२०० | १०३१४८ | ७२.५४ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ३०३३७४ | ४०००१ | १३.१९ |
| ३२५०२०११३ | परातत्त्व विभाग | ४६४०० | ३१७६१ | ६८.४५ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्राहालय (छाउनी) | २९२०० | १७४१२ | ५९.६३ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २००० | ४७४ | २३.६८ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ९५२०० | ६२१३२ | ६५.२७ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १४२०० | १०३५१ | ७२.८९ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरू | ६७०० | ३१३५ | ४६.७९ |
| ३२५०२०१७३ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | २४२०० | १३९७५ | ५७.७५ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरू | ७६००० | ४६६६९ | ६१.४१ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १२४०० | ७६४९ | ६१.६८ |
| ३२५०२१०१३ | पुरातात्त्विक स्थल संरक्षण आयोजना | १४०० | ४५ | ३.१८ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १००० | ४५८ | ४५.८० |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २४००० | ११८७७ | ४९.४९ |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | १३२०० | ६९०६ | ५२.३२ |
| ३२५२१०११३ | भाषा आयोग | ४८४१५ | २८६१९ | ५९.११ |
| ३२५४१०११३ | वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् | ४०१०० | ३१२५३ | ७७.९४ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | ३५४२४५ | ११०३१४ | ३१.१४ |
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | १५००००० | ११२०००० | ७४.६७ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ४०००० | ८८४९ | २२.१२ |
| ३२५६१०१२३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १४९८०० | ११७३५८ | ७८.३४ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५६१०१३३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ५२३०० | ३८३३८ | ७३.३० |
| ३२५६१०१४३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ७७४०० | ६५९२७ | ८५.१८ |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ७८५०० | ४०१७० | ५१.१७ |
| | **कुल जम्मा** | **३३९७६८९** | **२०३४५८१** | **५९.८८** |

## पुँजीगत खर्च

(रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६७४५ | २०२५ | ३०.०३ |
| ३२५००१०२४ | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना | ५८०० | ० | ०.०० |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | २०००० | ० | ०.०० |
| ३२५०१०११४ | पर्यटन विभाग | ३५०० | १३५४ | ३८.७० |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १५११२०० | ३९७१३० | २६.२८ |
| ३२५०२०११४ | परातत्त्व विभाग | १५५००० | ४५९ | ०.३० |
| ३२५०२०१२४ | राष्ट्रिय संग्राहालय (छाउनी) | १०१०० | २७३७ | २७.१० |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ४९०० | २१७९ | ४४.४७ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | १५००० | ३२५४ | २१.७० |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | २६०० | १८६६ | ७१.७५ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरू | ११०० | ९४३ | ८५.७३ |
| ३२५०२०१७४ | संग्रहालयहरू (जातीय संग्रहालय समेत) | ४६०० | १३६६ | २९.६९ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरू | १९०० | ७३ | ३.८७ |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १८०० | ३७१ | २०.६४ |
| ३२५०२१०१४ | पुरातात्त्विक स्थल संरक्षण आयोजना | ४७७६०० | ५९४६१ | १२.४५ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ३८०० | ० | ०.०० |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | १८४०० | ७५२ | ४.०९ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ३००० | ९६८ | ३२.२७ |
| ३२५२१०११४ | भाषा आयोग | ६०० | ५७७ | ९६.२४ |
| | **कुल जम्मा** | **२२४७६४५** | **४७५५१७** | **२१.१६** |

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## १. पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग पनि संविधान र कानूनको अधीनमा रही तीनै तहको सरकारले गर्ने व्यवस्था गरेको छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीयताको व्यवस्थापन गर्ने सन्दर्भमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापन गर्ने केन्द्रीय निकायको रूपमा आफ्नो भूमिका निर्वाह गर्दछ। सङ्घीयता व्यवस्थापनको सन्दर्भमा यस मन्त्रालयले सङ्घ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबीचकोसम्पर्क र सम्बन्धका विषयमा एवम् स्थानीय पूर्वाधार निर्माणमा आवश्यक नीति, मापदण्ड, कानून निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्दछ। उल्लिखित कार्यभार पूरा गर्न मन्त्रालयले आफ्ना क्रियाकलापहरूलाई बृहद रूपमा सङ्घीयता कार्यान्वयनमा सहजीकरण, सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापन, स्थानीय पूर्वाधार विकासमा सहजीकरण तथा सेवा प्रवाह र सुशासन गरी चार आधार स्तम्भमा केन्द्रित रही कार्यान्वयन गर्दै आएको छ।

## २. दीर्घकालीन सोच

सबल सङ्घीयता, सक्षम, सुदृढ र जनउत्तरदायी सार्वजनिक प्रशासनको विकास गर्ने।

## ३. उद्देश्य

- **सङ्घीयता कार्यान्वयनमा सहजीकरणः** स्थानीय तहको संस्थागत क्षमता विकास तथा सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनमा सङ्घीय एकाइहरूबीच प्रभावकारी समन्वय र सहजीकरण गर्ने,
- **सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापनः** सार्वजनिक प्रशासनमा सदाचारी, व्यावसायिक एवम् उत्तरदायी जनशक्तिको प्राप्ति, विकास र उपयोग सुनिश्चित गर्ने,
- **स्थानीय पूर्वाधार विकासमा सहजीकरणः** दिगो र सन्तुलित स्थानीय पूर्वाधार विकासका लागि सहजीकरण गर्ने,
- **सेवा प्रवाह र सुशासनः** सहज, सुलभ र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहका लागि नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने।

## ४. रणनीति

- सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रशासनिक अन्तरसम्बन्ध सुदृढ गर्ने,
- सङ्घ र स्थानीय तह एवम् प्रदेश र स्थानीय तहबीच प्रभावकारी अन्तरसम्बन्ध कायम गर्ने,
- स्थानीय तहको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने,
- स्थानीय तहले हासिल गरेको उपलब्धिलाई एकीकृत राष्ट्रिय उपलब्धिमा समावेश गर्ने,
- स्थानीय तहको अनुदान वितरणलाई कार्यसम्पादनसँग आवद्ध गर्ने,
- स्थानीय तहको दिगो र सन्तुलित आर्थिक तथा सामाजिक विकासका लागि समन्वय र सहजीकरण गर्ने,

- सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी अनुरूप जनशक्ति प्रक्षेपण गरी सार्वजनिक सेवामा प्रतिभावान व्यक्तिहरूको आकर्षण अभिवृद्धि गर्ने,
- निजामती कर्मचारीहरूमा पेशागत आचरण र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने,
- वृत्तिपथ तथा सेवा सुविधा पुर्वानुमानयोग्य बनाई निजामती कर्मचारीलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउने,
- प्रशासन सुधारलाई संस्थागत गर्न निरन्तर सुधारलाई कार्य संस्कृतिको रूपमा विकास गर्ने,
- सार्वजनिक सेवालाई प्रभावकारी बनाउन प्राज्ञिक निकाय तथा विज्ञहरूसँगको सहकार्यमा अध्ययन अनुसन्धान गर्ने,
- दिगो स्थानीय पूर्वाधार विकासका लागि नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने,
- सबै स्थानीय तहमा न्यूनतम आधारभूत पूर्वाधारहरू विकासका लागि समन्वय र सहजीकरण गर्ने,
- स्थानीय पूर्वाधार विकासमा सहलगानी तथा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने,
- स्थानीय पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास सहायतालाई एकीकृत रूपमा परिचालन गर्ने,
- विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गर्ने,
- सार्वजनिक सेवामा नागरिकको सरल, सहज र सुलभ पहुँच सुनिश्चित गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह गरिने सार्वजनिक सेवामा गुणस्तरीयता कायम गर्न आवश्यक नीति, कानून तथा मापदण्ड तयार गरी लागू गर्ने,
- प्रशासकीय सुशासन कायम गर्न आवश्यक औजारहरूको विकास गरी कार्यान्वयन गर्ने,
- सार्वजनिक प्रशासनलाई पारदर्शी, सदाचारयुक्त र जनउत्तरदायी बनाउने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १६४ | १६२ | २ | - |
| २ | स्थानीय पूर्वाधार विभाग र अन्तर्गत आयोजना/कार्यक्रम (अस्थायी दरबन्दी समेत) | २८८ | २६२ | २५ | १ |
| ३ | राष्ट्रिय किताबखाना (निजामती) | ७१ | ६२ | ९ | १ |
| ४ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ८५ | ८१ | ४ | |
| ५ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १३४ | ४४ | ९० | - |
| ६ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ११ | ११ | - | - |
| ७ | निजामती कर्मचारी अस्पताल विकास समिति | ४६५ | ४१५ | ५० | - |
| ८ | तराई मधेश समृद्धि कार्यक्रम | १३ | १३ | - | - |
| ९ | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५२ | ३७ | १५ | - |

**६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लिखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३५९ | तराई-मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिने। उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम र उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम कार्यान्वयन गर्ने। | • तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ स्वीकृत भई चालु आ.व.मा विनियोजित रकम वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा बाँडफाँट गरी ५ सय १८ आयोजना/कार्यक्रमहरू कार्यान्वयन भइरहेका।<br>• उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत भएको।<br>• उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम तोकिएको मापदण्डअनुरुप विपन्न वर्ग लक्षित समृद्धि उन्मुख कार्यक्रम सञ्चालनको लागि ४३ वटा स्थानीय तहलाई वित्तीय हस्तान्तरण मार्फत बजेट उपलब्ध गराइएको।<br>• उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय भइरहेको। |
| ३६१ | तुइन तथा जोखिमपूर्ण अस्थायी साँघु विस्थापन गर्ने कार्यक्रम अन्तर्गत आगामी वर्ष ७ सय ३० झोलुङ्गे पुल निर्माण सम्पन्न गरिने। नयाँ तुइन जडान गर्न रोक लगाइएको। | • ३ सय २ ओटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको।<br>• ८० वटा नयाँ झोलुङ्गे पुल निर्माणको लागि ठेक्का बन्दोवस्त गरिएको।<br>• ५ सय ५० ओटा नयाँ झोलुङ्गे पुल को विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको।<br>• पहिचान भएका १ सय ४३ तुइन मध्ये २०७८ चैत मसान्तसम्ममा १ सय ३४ तुइन झोलुङ्गे पुलद्वारा विस्थापित गरिएको। |
| ३६२ | आगामी दुई वर्षभित्र सबै स्थानीय तहका प्रशासनिक भवन निर्माण सम्पन्न गरिने। आगामी वर्ष ७० प्रशासनिक भवन निर्माण सम्पन्न गरी थप १ सय भवन निर्माण शुरू गरिने। | • स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत भई कार्यविधिअनुसार १ सय ४४ वटा स्थानीय तहलाई वजेट बाँडफाँट गरिएको।<br>• थप २८ वटा नयाँ भवनको निर्माण शुरू भएको।<br>• थप ७ वटा क्रमागत भवनको निर्माण सम्पन्न भएको। |
| ३६३ | स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रमको अनुगमन र | • जिल्ला समन्वय समितिको अनुगमन कार्यविधि स्वीकृत भई प्रणाली अद्यावधिक कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रतिवेदन गर्न जिल्ला समन्वय समितिको क्षमता विकास गरिने। जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघलाई अनुदानको व्यवस्था गरिएको। | • जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघलाई २५ लाखका दरले अनुदान उपलब्ध गराइएको। |
| ४०९ | राष्ट्रसेवक कर्मचारीको मनोवल बढाई सार्वजनिक सेवालाई प्रभावकारी बनाइने। निजामती कर्मचारीको रू. १० लाखको सामूहिक दुर्घटना बीमा र रू. १ लाखको स्वास्थ्य बीमा प्रिमियम वापतको रकम नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाइएको। | • निजामती कर्मचारीको जीवनमा आई पर्नसक्ने भवितव्य घटना तथा दुर्घटनाका कारण मृत्यु, शारीरिक अशक्तता तथा अङ्गभङ्ग लगायतका विविध प्रकारका अनिश्चिततायुक्त जोखिमहरू न्यूनीकरण गरी सोको जोखिम हस्तान्तरण गर्न सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालनका लागि "निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" जारी गरी कार्यान्वयनमा लगिएको।<br>• निजामती कर्मचारी र परिवारको औषधोपचार (स्वास्थ्य) बीमासम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको। |
| ४१३ | प्रादेशिक तहका अस्पतालसँगको सहकार्यमा निजामती अस्पतालको सेवा विस्तार गरिने। निजामती कर्मचारीबाट सङ्कलन भएको सामाजिक सुरक्षा कर वापतको ५० प्रतिशत रकम निजामती सेवा अस्पतालको पूर्वाधार विकास तथा सेवाको विस्तारका लागि उपलव्ध गराइने। निजामती अस्पतालमा निजामती कर्मचारीका लागि शैय्याको संख्या निश्चित गरिनुका साथै डेडिकेटेड बहिरङ्ग सेवा सञ्चालन गरिने। | • सङ्घीय निजामती कर्मचारीहरूलाई प्रदेशस्तरमै स्वास्थ्य सेवा उपलब्ध गराउन सो सम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको। |
| ४१४ | निजामती कर्मचारीका सन्ततिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न सबै प्रदेशमा निजामती विद्यालय स्थापना गरिने। प्रदेशसँगको साझेदारी र सहकार्यमा धनकुटा र दिपायलमा | • निजामती कर्मचारीको सन्ततीको लागि मधेश प्रदेश र कर्णाली प्रदेशमा विद्यालय निर्माण सम्बन्धी कार्यको लागि कार्यविधिको मस्यौदा तयार भएको।<br>• निजामती कर्मचारीका सन्ततीलाई स्वदेशी विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनका |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सञ्चालित निजामती विद्यालयको स्तरोन्नति गरिने। निजामती कर्मचारीका सन्ततिलाई प्रदेशगत रूपमा प्रतिस्पर्धा गराई स्नातक र सो भन्दा माथिल्लो तहको अध्ययनका लागि रू. ५ लाखसम्म छात्रवृत्ति उपलव्ध गराइने। | लागि योग्यताका आधारमा शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने उद्देश्यले "निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८" नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा लगिएको। |
| ४१८ | सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाइने। सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गरिने। नागरिकबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाइने। प्रमुख पदाधिकारी तथा आयोजना प्रमुखसँग परिमाणात्मक तथा मापनयोग्य सूचक सहित कार्यसम्पादन सम्झौता गरिने। | • विभिन्न १२ वटा निकायमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्पन्न भएको।<br>• विभिन्न १० वटा निकायको व्यवस्थापन परीक्षण सम्पन्न भएको।<br>• सङ्घ, प्रदेश र स्थानीय तहको आगामी दश वर्षको लागि आवश्यक जनशक्ति प्रक्षेपण र एकीकृत योजना तयारीको प्रक्रिया अन्तिम चरणमा रहेको।<br>• सार्वजनिक प्रशासन, व्यवस्थापन, सुशासन प्रवर्द्धन तथा प्रशासन सुधारका विविध विषयमा अन्तरमन्त्रालय समन्वय र सहजीकरणका लागि नेपाल सरकारका सबै मन्त्रालयका प्रशासन महाशाखा प्रमुखबीच त्रैमासिक रूपमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिइएको।<br>• मन्त्रालय र अन्तर्गत वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको प्रोफाईल अद्यावधिक गरिएको।<br>• विद्युतीय पेन्सन प्रणाली (e-Pension) का लागि अध्ययन प्रतिवेदनको मस्यौदा तयार भएको। |
| ४३१ | स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा सामयिक संशोधन गरिने। आयोजना व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय तालिकामा परिमार्जन गरिने। | • स्थानीय सरकार सञ्चालन ऐन संशोधनको मस्यौदा उपर कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट राय प्राप्त भई सोही बमोजिम विधेयकको पुनरावलोकन भइरहेको। |
| | | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| **प्रतिस्थापन बजेट वक्तव्यको संक्षिप्त व्यहोरा** | | |
| ३७ | उच्च हिमाली क्षेत्रमा छरिएर रहेका घर परिवारलाई एकीकृत वस्तीको रूपमा विकास गर्दै जान नमूना एकीकृत वस्ती निर्माणको प्रारम्भ गरिने। | • उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम तोकिएको मापदण्ड अनुरुप एकीकृत बस्ती विकाससम्बन्धी क्रियाकलाप सञ्चालनका लागि ८ वटा स्थानीय तहलाई वित्तीय हस्तान्तरण मार्फत बजेट उपलब्ध गराइएको। |
| ५३ | वित्तीय सङ्घीयतालाई थप प्रभावकारी बनाउन स्रोतहरूको बाँडफाँट, क्षमता अभिवृद्धि लगायत संविधान बमोजिमको अधिकार प्रयोगमा प्रदेश र स्थानीय तहलाई थप प्रभावकारी बनाइने। | • स्थानीय तहको लागि विभिन्न १० वटा विषय क्षेत्रमा नमूना कानूनको मस्यौदा तयार भइरहेको।<br>• गाउँ / नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत भई सफ्टवेयर अपग्रेड गर्ने कार्य सम्पन्न भएको।<br>• स्थानीय तहले कार्यसम्पादनको क्रममा अनुभूत गरेका समस्याहरूको स्थलगत सहजीकरण गर्न सातै प्रदेशका लागि सहसचिवको नेतृत्वमा कार्यटोली गठन भई १३ वटा स्थानीय तहमा स्थलगत रूपमा सहजीकरण गरिएको।<br>• स्थानीय तह आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ स्वीकृत गरी स्थानीय तहहरूलाई अभिमूखीकरण प्रदान गर्न शुरू गरिएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरूः- | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | तराई–मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| २. | नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ३. | निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलव्ध गराउने सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ४. | पोषणमैत्री स्थानीय तह कार्यान्वियन निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ५. | स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ | नयाँ तर्जुमा |
| ६. | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ७. | गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८ | संशोधन |
| ८. | "निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" | नयाँ तर्जुमा |

## ख. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरू

| आयोजना/कार्यक्रमको नाम | सम्पादित प्रमुख कार्यहरू |
|---|---|
| प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | हाल कार्यक्रमको Project Scoping Mission भइरहेको। |

## ग. वार्षिक विकास कार्यक्रम

**सङ्घीयता कार्यान्वयनमा सहजीकरण**

- स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकाससम्बन्धी नीतिको मस्यौदा तयार भएको।
- स्थानीय तहको स्वःमूल्याङ्कन प्रतिवेदनको आधारमा क्षमता विकास योजनाको प्रारूपको मस्यौदा तयार भएको।
- स्थानीय तहको विज्ञापन करसम्बन्धी नमूना कार्यविधिको मस्यौदा तयार भएको।
- Local Economic Development Plan को नमूनाको मस्यौदा तयार भएको।
- नवप्रवर्तन साझेदारी कोष (IPF) कार्यक्रम सञ्चालनको लागि अनलाईन प्रणाली तयारी तथा अभिमूखीकरण कार्यशाला गोष्ठी सम्पन्न भएको।
- स्थानीय तहको स्रोत परिचालनसम्बन्धी ५ प्रदेशको ७ स्थानमा अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको।
- १९ वटा स्थानीय तहमा सङ्घीयता सहजीकरण एवम् २ वटा प्रदेशमा सङ्घीयता सम्बाद कार्यक्रम भएको।
- "स्थानीय तहमा विपद् पछिको आर्थिक सामाजिक पुनर्लाभ योजना तर्जुमा सम्बन्धी दिग्दर्शन" को मस्यौदा तयार भएको।
- अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धनसम्बन्धी कार्यविधि (नमुना) को मस्यौदा तयार भएको।
- स्थानीय तहहरूको लागि GESI Index र Framework तयार गर्ने कार्य भइरहेको।
- सङ्घीयता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सहभागितामूलक विकास लगायतका विषयमा प्रसार सामग्री तयारी तथा प्रसारण कार्य भएको।

**सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापन**

- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालनका लागि तालिम आवश्यकता पहिचान कार्य भइरहेको।
- प्रदेश र स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्डको मस्यौदा तयार भएको।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश हुन आएका सबै निकायहरूको दरबन्दी स्वीकृतिका लागि पेस गरिएको। विशिष्ट श्रेणीको दरवन्दी पुनरालोकन प्रतिवेदन तयार भएको।
- सङ्घ अन्तर्गतको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड/कार्यविधिको मस्यौदा तयार भएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट २०८२ जना (लामो र छोटो अवधिको समेत) अधिकृत कर्मचारीलाई प्रशिक्षण प्रदान गरिएको।

- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत स्थानीय तहमा कार्यरत १०६ जना अधिकृत (छैंटौ र सातौ तह) र संघमा कार्यरत निजामती सेवाका राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणी तथा प्रदेश र स्थानीय तहमा कार्यरत चौथो र पाँचौ तहका ६४ जना कर्मचारीलाई सेवाकालीन प्रशिक्षण प्रदान गरिएको।
- विभिन्न स्थानीय तहका ४५ जना जनप्रतिनिधि तथा कर्मचारीहरूलाई दिगो विकास लक्ष्य स्थानीयकरणसम्बन्धी प्रशिक्षण प्रदान गरिएको ।
- स्थानीय शासन र स्थानीय विकाससम्बन्धी विविध विषयलाई समेटी स्नातकोत्तर तहको पाठ्यक्रम तर्जुमाको लागि पाठ्यक्रम तर्जुमा समिति गठन भएको।

**स्थानीय पूर्वाधार विकासमा सहजीकरण**

- समावेशी भवन निर्माण गर्ने कार्य २०७८ असार मसान्तमा ३५ प्रतिशत रहेकोमा हाल ६५ प्रतिशत प्रगति हासिल भएको।
- दार्चुला जिल्लाको व्यास गाउँपालिका वडा. नं. २ दुम्लिङ देखि वडा. नं. १ छाङरुसम्म घोडेटो बाटो निर्माण कार्यको ३५ प्रतिशत प्रगति हासिल भएको।
- ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत सुदूर पश्चिम र कर्णाली प्रदेशमा ३३ वटा खानेपानी तथा ३० वटा सिँचाइ तथा बहुउपयोगी योजना सम्पन्न भई ४० हजार २०० जनसङ्ख्या लाभान्वित भएको। विद्यालय, स्वास्थ्य चौकी तथा सार्वजनिक स्थानमा १५ वटा संस्थागत शौचालय निर्माण सम्पन्न भएको। सुधारिएको पानीघट्ट तथा सुधारिएको चुल्होबाट २ हजार जनसङ्ख्या लाभान्वित भएको।
- ग्रामीण सडक सञ्जाल सुधार आयोजनाबाट ९८ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको। साथै, ४६.६४ किलोमिटर सडक चौडाई विस्तार तथा मोड सुधार, ६३.०८ किलोमिटर सडकको नाली तथा टेवा पर्खाल सहितका संरचना निर्माण, ५५.८४ किलोमिटर सडकमा सब बेसको कार्य सम्पन्न भएको। त्यसैगरी, ५३० किलोमिटर सडकको विस्तृत परियोजना प्रतिवेदनको मस्यौदा तयार भएको।
- ग्रामीण पहुँच कार्यक्रम अन्तर्गत मुगु-हुम्ला लिङ्क रोडको १३.५ किलोमिटर सडक निर्माण सम्पन्न भएको।
- स्थानीयस्तरका सडकपूल तर्फ १० वटा सडक पुल निर्माण सम्पन्न भएको। साथै, २० वटा नयाँ सडक पुलको विस्तृत परियोजना प्रतिवेदन तयार भएको।
- साना सिँचाइ कार्यक्रमतर्फ प्रदेश १ का पहाडी क्षेत्रका स्थानीय जनताको जीवनस्तर सुधारका लागि सिँचाई सुविधाको पहुँच वृद्धि गर्न २६६ वटा नयाँ योजनाको पि.पि.आर तयार भएको। २० वटा नयाँ योजना र ८४ वटा क्रमागत योजनाको निर्माण सम्पन्न भएको।

**सेवा प्रवाह र सुशासन**

- सामाजिक समावेशीकरण मूलप्रवाहीकरण नमूना कार्यढाँचाको मस्यौदा तयार भएको।
- फोहरमैला व्यवस्थापन राष्ट्रिय नीतिको मस्यौदा स्वीकृतिको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको।

- ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी सामग्रीको व्यवस्थापन नियमनको प्रयोजनार्थ "निर्माणमुखी केही सामग्रीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को मस्यौदा तयार गरी सरोकारवाला निकायबाट राय/सुझाव माग भइरहेको।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत १३१ वटा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरूलाइ क्रियाशील गरिएको।२२७ वटा विद्यालय खानेपानी तथा सरसफाइ योजना सञ्चालन गरिएको। २१५ वटा महिला समूह सहकारी मार्फत विपन्न परिवारको आयआर्जनमा सुधारको लागि अनुदान प्रदान गरिएको। २३ वटा जिल्लास्तरीय अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको।साथै, पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- राष्ट्रिय किताबखाना (निजामती) को समन्वयमा स्थानीय तहमा कार्यरत अन्य सेवाका कर्मचारीहरूको विवरण व्यवस्थापनका लागि वैयक्तिक सूचना एकीकृत प्रणालीको कीर्तिपुर र टोखा नगरपालिकाहरूमा परीक्षण कार्य प्रारम्भ भएको
- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान अन्तर्गत राजवंशी, दूरा, ताजपुरिया, थारु, जिरेल सहित ५ वटा जातिको संस्थागत भवन निर्माण भएको।
- आदिवासी जनजातिहरूको परम्परागत ज्ञान सीपमा आधारित पेशा व्यावसायको प्रवर्द्धन मार्फत आय आर्जन वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित वेतबास, राडीपाखी, ढाका बुनाई, अल्लो कपडा तालिमबाट १५० जना लाभान्वित भएको।
- ५०० जना आदिवासी जनजाति समुदायका मानिसहरूलाई सामाजिक समावेशीकरण, लैंगिक समानता तथा समसामयिक विषयहरूमा सचेतनामूलक अभिमूखीकरण गरिएको।सोही समुदायका २४० जनालाई सरकारी सेवा प्रवेश पुर्व तयारी कक्षा सञ्चालन कार्यक्रम अन्तर्गत लोकसेवा आयोगको नायब सुब्बा र शाखा अधिकृत तयारीको लागि प्रशिक्षण प्रदान गरिएको।
- ४ वटा आदिवासी जनजातिहरूको परम्परागत, ऐतिहासिक, सांस्कृतिक स्थलहरूको श्रव्य दृश्य सामग्री तयार गरिएको।

## ८. अन्य सम्पादित महत्वपूर्ण कार्यहरूः

### शासकीय व्यवस्था र अन्तरसम्बन्धित विषय क्षेत्र

- वैदेशिक सहायतामा सञ्चालन हुनेगरी प्रदेश तथा स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP), ग्रामीण सडक सञ्जाल सुधार आयोजना अतिरिक्त लगानी (RCIP-AF) तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयनको लागि तयारी चरणका कार्य प्रारम्भ भई आगामी आर्थिक वर्षदेखि कार्यान्वयन हुने गरी बजेटमा प्रस्ताव गरिएको।
- “स्थानीय तहको भगिनी सम्बन्ध स्थापनासम्बन्धी निर्देशिका, २०७८” को मस्यौदा स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाइएको।
- तुलसीपुर उप-महानगरपालिका र स्पेनको बिलबाओ नगर परिषद्बीच भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा प्रस्ताव तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाइएको।
- भारत सरकारको अनुदान सहयोगमा सञ्चालन हुँदै आएको साना विकास परियोजना अन्तर्गत सञ्चालन हुने आयोजनाहरूको लागत सीमा रु १० करोड कायम गर्न र त्यस्ता योजनामा

गाउँपालिकाको योगदान २० प्रतिशतबाट घटाई १० प्रतिशत कायम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रस्ताव पठाइएको।

- स्थानीय तहहरूको सूचना प्रविधिको लेखाजोखा गरी अध्ययन प्रतिवेदन तयार पारिएको।
- मन्त्रालयद्वारा ओखलढुङ्गा र गोरखा जिल्लाका स्थानीय तहहरूका लागि २ स्थानमा बेरुजु फछ्र्यौट व्यवस्थापन तथा क्षमता अभिवृद्धि कार्यशाला गोष्ठी सञ्चालन गरिएको।
- लैङ्गिक उत्तरदायी बजेट निर्माण कार्यविधि सम्बन्धी सरोकारवाला निकायसँग २ वटा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- चालु आ.ब. को चैत मसान्तसम्म मन्त्रालय र अन्तर्गत निकायको बेरुजु फछ्र्यौट १४.४० प्रतिशत (१ अर्ब ८८ करोड ५३ लाख) भएको।
- ७ वटा स्थानीय तहमा सामाजिक समावेशीकरण नीति तथा लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको।
- "स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७" अनुसार स्थानीय तहको वित्तीय सुशासन जोखिम लेखाजोखा गर्ने कार्यका लागि तयार भएको अनलाईन प्रणाली (FRRAP) अनुशिक्षण कार्यक्रम सम्पन्न भएको।

## ९. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३०५८४७ | २०७८२७ | ६७.९५ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १८७७०० | ८१५३९ | ४३.४४ |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ६४०० | ४०७७ | ६३.७० |
| ३६५००१०४३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६८५८८३२ | ६०७०९२५ | ८८.५१ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | ११६७९१४ | ९६४८४७ | ८२.६१ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १३८४३७ | ५३२२१ | ३८.४४ |
| ३६५००१०७३ | तराई मधेश समृद्धि कार्यक्रम | १६१०० | १०६९० | ६६.४० |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४५०४०० | २८३९६२ | ६३.०५ |
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | १६६९५०० | ० | ०.०० |
| ३६५००११०३ | साना विकास परियोजना | ४८०००० | २६६५०० | ५५.५२ |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | २५६०० | २०४२८ | ७९.८० |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १६८०० | ८३६१ | ४९.७७ |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०४१०० | ७४६७८ | ७१.७४ |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २६००० | २०७७९ | ७९.९२ |
| ३६५०११०४३ | ग्रामीण पहुँच कार्यक्रम | ३२०० | २५२५ | ७८.९१ |
| ३६५०११०६३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २५०० | २०१९ | ८०.७६ |
| ३६५०११०७३ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ४२५०० | ० | ०.०० |
| ३६५०११०९३ | साना सिँचाइ कार्यक्रम | २४०० | १७४९ | ७२.८८ |
| ३६५०११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४१०० | २५९१ | ६३.१९ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०११११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ५०००० | २६७१२ | ५३.४२ |
| ३६५०२०११३ | निजामती किताबखाना | ५०५३१ | ४२८५३ | ८४.८१ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ७९६०० | ५७३१० | ७२.०० |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २४५५०० | १३७०४४ | ५५.८२ |
| ३६५६१०१३३ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५२५०० | ३८०३९ | ७२.४६ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | ६६१६२२ | ४७६८२९ | ७२.०७ |
| | कुल जम्मा | १२६४८०८४ | ८८५५५०६ | ७०.०१ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९८०० | ९७६५ | ९९.६४ |
| ३६५००१०४४ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३३०३ | ३३०३ | १००.०० |
| ३६५००१०७४ | तराई मधेश समृद्धि कार्यक्रम | ३०० | १२० | ४०.०० |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १२८६०० | १०८७२६ | ८४.५५ |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | ७४७८० | ३८४५३ | ५१.४२ |
| ३६५०११०१४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १०० | १०० | ९९.८९ |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ५६०९२०० | २८३५७१८ | ५०.५५ |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २९२४३०० | २४५१२७१ | ८३.८२ |
| ३६५०११०४४ | ग्रामीण पहुँच कार्यक्रम | ११००० | ० | ०.०० |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ५८३७०० | ४५५४९३ | ७८.०४ |
| ३६५०११०९४ | साना सिँचाइ कार्यक्रम | १४७३०० | ० | ०.०० |
| ३६५०११११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १२६२२०० | ९०७३५९ | ७१.८९ |
| ३६५०१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ४३३२५७८ | ४४४८१ | १.०३ |
| ३६५०२०११४ | निजामती किताबखाना | ४५६२० | ४५५०६ | ९९.७५ |
| ३६५६१०१३४ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६३०० | ६१७५ | ९८.०१ |
| | कुल जम्मा | १५१३९०८१ | ६९०६४७१ | ४५.६२ |

## १०. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ८०९९४५ | १७९९९६ | २२.२२ |
| ३६५०००१२३ | अतिरिक्त समूह | १९७२०० | ५४७५५ | २७.७७ |
| ३६५००१०२३ | सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ५४०० | ० | ०.०० |
| ३६५००१०४३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ० | ० |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरू | ११०३३८१ | ६४७०४३ | ५८.६४ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ८८८०० | ५३००४ | ५९.६९ |
| ३६५००१०७३ | तराई मधेश समृद्धि कार्यक्रम | १३६०० | ७९४२ | ५८.३९ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ५७१८०० | १५३३२५ | २६.८१ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५००१०९३ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | १०००००० | ० | ०.०० |
| ३६५००१११३ | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ८५५००० | ० | ०.०० |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | २५३०० | १५१५३ | ५९.८९ |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १३९०० | ७८९९ | ५६.८३ |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०३७०० | ५२९१५ | ५१.०३ |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २६६०० | १७९१३ | ६७.३४ |
| ३६५०११०४३ | ग्रामीण पहुँच कार्यक्रम | ३१०० | १९१५ | ६१.७९ |
| ३६५०११०६३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | २५०० | १२२५ | ४९.०१ |
| ३६५०११०९३ | साना सिँचाइ कार्यक्रम | ४३००० | ११७१ | २.७२ |
| ३६५०१११०३ | साना विकास आयोजना | ४८०००० | ० | ०.०० |
| ३६५०११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४००० | २१८९ | ५४.७३ |
| ३६५०१११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | १६८६५४ | ५३९२१ | ३१.९७ |
| ३६५०२०११३ | निजामती किताबखाना | ५१६०० | ३५००६ | ६७.८४ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ६२९०० | ३४०७३ | ५४.१७ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २३१५०० | १२६२४८ | ५४.५३ |
| ३६५६१०१३३ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ५३७०० | ३०५२९ | ५६.८५ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | ७०३१०० | १०९७९७ | १५.६२ |
| | कुल जम्मा | ६६१८६८० | १५८६०२१ | २३.९६ |

**पुँजीगत** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १०२०० | ३९१८ | ३८.४२ |
| ३६५००१०७४ | तराई मधेश समृद्धि कार्यक्रम | ४०४०० | ० | ०.०० |
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ११६१०० | १६१३२ | १३.९० |
| ३६५००११२४ | कर्णाली समृद्धि कार्यक्रम | २४५००० | ० | ०.०० |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | १८३८०० | २५०६७ | १३.६४ |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ४५७६८०० | १५७०४०१ | ३४.३१ |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २८५५४०० | १६००४५७ | ५६.०५ |
| ३६५०११०४४ | ग्रामीण पहुँच कार्यक्रम | १५०० | ० | ०.०० |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ६९५४०० | ५८०३७ | ८.३५ |
| ३६५०११०९४ | साना सिँचाइ कार्यक्रम | १२४००० | ० | ०.०० |
| ३६५०११११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ९९५९०० | ४१३१४० | ४१.४८ |
| ३६५०१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | २५८९२०० | ८५६१ | ०.३३ |
| ३६५०२०११४ | निजामती किताबखाना | १५९०० | ४४६८ | २८.१० |
| ३६५६१०१३४ | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६६०० | ३२२८ | ४८.९१ |
| | कुल जम्मा | १२४५६२०० | ३७०३४११ | २९.७३ |

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## १. पृष्ठभूमि

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि २०२८ साल साउन १ गते सञ्चार मन्त्रालयको स्थापना भएको थियो। यस अघिसम्म सूचना तथा सञ्चार क्षेत्रका विषयहरू हेर्ने जिम्मेवारी निर्माण, यातायात तथा सञ्चार मन्त्रालयलाई सुम्पिएको थियो।प्रशासन सुधार आयोग, २०४८ को सुझाव अनुसार तत्कालीन सञ्चार मन्त्रालयलाई २०४९ सालदेखि सूचना तथा सञ्चार मन्त्रालय नामाकरण गरिएको थियो। नेपाल सरकारको २०७४/११/११ को निर्णयबाट यस मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम भएको छ।

नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता, वाक र प्रकाशन स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हकको प्रत्याभूति गर्ने व्यवस्था रहेकोले यस मन्त्रालयको भूमिका महत्त्वपूर्ण रहेको छ। सञ्चार र सूचना प्रविधिको क्षेत्रमा भएको द्रुततर विकाससँगै नयाँ प्रविधि ग्रहण गर्नुपर्ने आवश्यकता देखिएको छ। यस क्षेत्रमा सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट भएको लगानी र प्रयासबाट सूचना तथा सञ्चारमा जनताको पहुँच बढेको छ। सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सेवाहरू प्रवाह गर्दै मुलुकको सर्वाङ्गीण विकास र मुलुकको समग्र पक्षहरूको विकासमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग गर्न गराउन मन्त्रालयको अग्रणी भूमिका रहेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयको रूपमा रहेको छ।यस मन्त्रालय अन्तर्गत प्रेस काउन्सिल, नेपाल दूरसञ्चार प्राधिकरण जस्ता स्वायत्त निकायका साथै गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजन जस्ता सार्वजनिक सञ्चार माध्यमहरू समेत गरी १८ वटा निकायहरू रहेका छन्।खासगरी मन्त्रालयले दीर्घकालीन सोचसँगै आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र सुरक्षण मुद्रण जस्ता महत्त्वपूर्ण ६ वटा क्षेत्रगत सोचसहित मन्त्रालयगत रणनीति/कार्यनीति, लक्ष्य तथा उद्देश्य तय गरेको छ।

## २. दीर्घकालीन सोच

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

<u>**क्षेत्रगत सोच**</u>

- **आम सञ्चारः** संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच विस्तार गर्ने।
- **दूरसञ्चारः** दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराई रोजगारी सिर्जना र उद्यमशीलता विकासमा जोड दिने।
- **सूचना प्रविधिः** सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी समुन्नत र आर्थिक समृद्धिमा योगदान गर्दै जाने।
- **हुलाक सेवाः** हुलाक सेवालाई व्यावसायिक, प्रतिस्पर्धी, विश्वसनीय र आत्मनिर्भर बनाउने।

- **चलचित्रः** नेपाली चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गरी नेपालको राष्ट्रिय एकता प्रबर्द्धन र आर्थिक वृद्धिमा योगदान बढाउदै जाने ।
- **सुरक्षण मुद्रणः** राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकरलगायतका सुरक्षण कागजातहरू देशभित्रै मुद्रण गर्न सुरक्षण मुद्रणालय स्थापना गरी सञ्चालन गर्ने।

## ३. उद्देश्य

सञ्चार तथा सूचना प्रविधिलाई नवीनतम, भरपर्दो गुणस्तरीय र पहुँचयोग्य बनाई राष्ट्रको समष्टिगत विकासमा योगदान पु¥याउने।

## ४. रणनीति

- सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने।
- पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गर्दै आमसञ्चारमा सबै नागरिकको पहुँच विस्तार गर्ने।
- दूरसञ्चार एवम् ब्रोडब्याण्ड सेवाको पहुँच देशभर पु¥याउने।
- डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने।
- हुलाक सेवालाई संस्थागत पुनःसंरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने।
- चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने।
- सुरक्षण मुद्रणको व्यवस्था गर्ने।
- विज्ञापन बजार व्यवस्थित बनाउने।

## ५. जनशक्ति विवरण

| क्र.स. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त / फाजिल |
|---|---|---|---|---|
| १. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८५ | ८४ | १ |
| २. | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५९ | ५४ | ५ |
| ३. | मुद्रण विभाग | १०८ | ७५ | ३३/१ |
| ४. | सूचना तथा प्रसारण विभाग | ४० | ३५ | ५ |
| ५. | हुलाक सेवा विभाग | ६२९४ | ४९१२ | १३८२ |
| ६. | नेपाल दूरसञ्चार प्राधिकरण | ११० | ९८ | १२ |
| ७. | नेपाल टेलिभिजन | ४३४ | २७७ | १५७ |
| ८. | चलचित्र विकास बोर्ड | ३३ | २९ | ४ |
| ९. | विज्ञापन बोर्ड | २५ | १६ | ९ |
| १०. | गोरखापत्र संस्थान | ५४६ | २९७ | २५० |
| ११. | नेपाल दूरसञ्चार क.लि. | ४२७७ | ३८७० | ४०७ |
| १२. | सूचना प्रविधि विभाग | ३५ | ३१ | ४ |
| १३. | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १९ | ११ | ८ |
| १४. | राष्ट्रिय सूचना आयोग | ३७ | ३३ | ४ |
| १५. | प्रेस काउन्सिल | २९ | १३ | १६ |
| १६. | राष्ट्रिय समाचार समिति | १६५ | १३७ | २८ |
| १७. | न्यूनतम पारिश्रमिक निर्धारण समिति | - | ४ | |

| क्र.स. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त / फाजिल |
|---|---|---|---|---|
| १८. | रेडियो प्रसार सेवा विकास समिति | ५५८ | ३६० | २०५/७ |
| १९. | सुरक्षण मुद्रण केन्द्र | ३३ (१-स्थायी, ३२-अस्थायी) | - | ३३ |

**६. आर्थिक बर्ष २०७८/७९ को बजेट वक्तव्य (प्रतिस्थापन बजेट वक्तव्य समेत) मा उल्लेखित नीति तथा कार्यक्रमहरूका बुँदाहरूको २०७८ चैत मसान्तसम्मको प्रगति विवरण :**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५९ | १६ बर्ष भन्दा माथिका विद्यार्थीहरूलाई एक थान निःशुल्क सिमकार्ड वितरण गर्ने। | • कार्यविधि तयार भई निःशुल्क सिमकार्ड वितरण गर्ने कार्य सम्पन्न भएको। |
| ३७१ | सञ्चारगृह, सञ्चारकर्मी र समग्र प्रेस जगतको व्यावसायिकता विकास गर्ने नीति अवलम्बन गरिने। | • सञ्चारकर्मीको व्यावसायिक क्षमता अभिवृद्धि गर्न हालसम्ममा ९७ जना पत्रकारलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको। |
| ३७२ | सूचना र सञ्चार प्रविधिको अधिकतम उपयोग गर्न डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिने। डिजिटल प्रविधिको उपयोग गरी सार्वजनिक सेवामा आमनागरिकको सरल र सहज पहुँच विस्तार गरिने। ज्ञान र सूचनामा आधारित डिजिटल अर्थतन्त्रको विकास गरिने। | • चालु आर्थिक वर्षमा ८२ वटा शहर/ शहरोन्मुख क्षेत्रमा Fiber to the Home (FTTH) सेवा विस्तार भई हाल सम्म २०९ वटा क्षेत्रमा सेवा विस्तार भएको।<br>• कागजरहित सरकारका लागि नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणालीको सूचना प्रविधि विभागसहित २० वटा सरकारी निकायमा कार्यान्वयन गर्ने लक्ष्य लिइएकोमा मन्त्रालय र अन्तर्गतका विभाग लगायत ६ वटा निकायमा प्रयोगमा रहेको। साथै, सिंहदरबार भित्रका निकायमा लागू गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय लगायतमा तालिम प्रदान गरिएको।<br>• सरकारी निकायहरूका ५० वटा सूचना प्रविधि प्रणालीको साइबर सेक्युरिटी अडिट गर्ने लक्ष्य लिइएकोमा ४४ वटा सरकारी निकायहरूको साइबर सेक्युरिटी अडिट सम्पन्न गरिएको।<br>• सबै स्थानीय तहहरूमा सूचना प्रविधि सेवा केन्द्र स्थापना गर्ने सम्बन्धी कार्य प्रारम्भ गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • स्थानीय तहले प्रयोगमा ल्याएको Common Mobile Apps लाई स्थानीय तहको अनलाईन सेवा प्रवाह गर्न सक्ने गरी Upgrade गरी नागरिक एप्ससँग अन्तर आवद्धता गर्न परामर्शदातासँग सम्झौता भई स्तरोन्नतिको कार्य सम्पन्न भएको।<br>• एकीकृत सञ्चार तथा सूचना प्रविधि नीति तर्जुमाका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा प्रारम्भिक कार्य भइरहेको।<br>• सूचना तथा प्रसारण विभागबाट अनलाईन सञ्चार माध्यम दर्ता/नवीकरण, प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरण गर्ने कार्य अनलाईन माध्यमबाट शुरू गरिएको।<br>• राष्ट्रिय साइबर सुरक्षा नीतिको मस्यौदा तयार गरिएको। |
| ३७३ | श्रमजीवी पत्रकारको लागि रु. ७ लाखसम्मको दुर्घटना बीमा गरी बीमा प्रिमियमको ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने व्यवस्था मिलाइने। आगामी साउन १ गतेदेखि नेपाल पत्रकार महासंघको सदस्य रहेका पत्रकारलाई सूचना तथा प्रसारण विभागले जारी गरेको उपचार सुविधा परिचयपत्रको आधारमा देश भित्रका सबै सरकारी स्वास्थ्य संस्थामा निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइने। सञ्चारकर्मीको पेशागत दक्षता अभिवृद्धि तथा व्यावसायिकता विकास गर्न आगामी आर्थिक वर्षभित्र आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरिने। | • श्रमजीवी पत्रकारको लागि रु.७ लाखसम्मको दुर्घटना बीमा गर्ने सम्बन्धमा निर्देशिका संशोधन भई राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग बीमा गर्ने प्रक्रिया अगाडि बढेको। |
| ३७४ | नेपालको प्रेस र पत्रकारिताको इतिहासलाई जीवन्त राख्न सञ्चार ग्राम परिसरमा प्रेस संग्रहालय स्थापना गरिने। कोभिड-१९ बाट प्रभावित भई रोजगारी गुमाएका | • कोभिड-१९ बाट प्रभावित भई रोजगारी गुमाएको पत्रकारहरूलाई लेखनवृत्ति सुविधा उपलब्ध गराउने सम्बन्धी कार्य प्रारम्भ गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पत्रकारलाई लेखनवृत्ति र सञ्चारगृहलाई पुनर्कर्जा तथा व्यावसायिक निरन्तरता कर्जा सुविधा दिइने। | |
| ३७५ | नेपाल सरकारले सञ्चार प्रतिष्ठानलाई लोककल्याणकारी विज्ञापन बापत उपलब्ध गराउने रकमको १० प्रतिशत पत्रकार कल्याणकारी कोषमा जम्मा गर्ने व्यवस्थालाई शीघ्र कार्यान्वयन गरिने। निजी क्षेत्रबाट समेत विज्ञापन वापत प्राप्त आम्दानीको १० प्रतिशत रकम उक्त कोषमा जम्मा गर्न प्रोत्साहित गरिने। कल्याणकारी कोष परिचालन कार्यविधि तीन महिनाभित्र तर्जुमा गरी कार्यान्वयनमा ल्याइने। | • कल्याणकारी कोष परिचालन नमूना कार्यविधि मस्यौदा तयार भएको। |
| ३७६ | दूरसञ्चार सेवाको गुणस्तर सुधार गरिने। आगामी श्रावण १ गतेदेखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम सञ्चालनमा ल्याईने। | • देशका मुख्य पाँचवटा शहरमा 5G सेवा सञ्चालन गर्ने सम्बन्धमा 5G सेवा परीक्षण गर्न नेपाल टेलिकमलाई स्वीकृति दिएको।<br>• मोवाइल सेवा तथा Fixed Broadband इन्टरनेटको गुणस्तरको तुलनात्मक मापन (Benchmarking) गरी तोकिएको मापदण्डबमोजिम भए नभएको एकीन गरी गुणस्तर सुधार गर्ने सम्बन्धमा परामर्शदाताबाट प्राप्त प्रस्तावहरू मूल्याङ्कन कार्य भइरहेको।<br>• मोबाइल डिभाइस म्यानेजमेन्ट प्रणाली सञ्चालनसम्बन्धी कार्यविधि नेपाल दूरसञ्चार प्राधिकरणबाट तयार भएको।<br>• मोबाइल डिभाइस म्यानेजमेन्ट प्रणाली सञ्चालनमा आएको। |
| ३७७ | ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी स्थानीय तहका केन्द्र, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक क्याम्पस र माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार गरिने। | • ७ सय ३८ स्थानीय तहको केन्द्र, ६ हजार १ सय ९० वडा कार्यालय, ५ हजार २ सय १७ माध्यमिक विद्यालय, ४ हजार १ सय ६९ स्वास्थ्य केन्द्र ब्रोडव्याण्ड विस्तारको कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आगामी दुई वर्ष भित्र देशभर अप्टिकल फाईवर बिच्छाई सूचना महामार्ग निर्माण सम्पन्न गरिने। सबै स्थानीय तहमा फोरजी सेवा विस्तार गरिने। राष्ट्रिय साइबर सुरक्षा अनुगमन केन्द्रको संस्थागत सुदृढीकरण गरी वेबसाइट, एप्लिकेसन र सर्भरको साइबर सुरक्षा मजबुत तुल्याइने। | • १ हजार ५ सय ५७ कि.मि. अप्टिकल फाइबर विच्छाइएको।<br>• सामुदायिक क्याम्पस र आधारभूत विद्यालयमा ब्रोडव्याण्ड सेवा विस्तार गर्न सामुदायिक क्याम्पस र आधारभूत विद्यालयहरूको लगत सङ्कलन कार्य सम्पन्न भएको।<br>• ब्रोडव्याण्ड विस्तारको कार्य शुरू गर्न ७२ पालिकासँग MOU भई अधिकांशमा खरिद प्रक्रिया प्रारम्भ भएको र २ सय ८३ पालिकासँग सम्झौता भई कार्य प्रारम्भ भएको। सामुदायिक क्याम्पसको Requirement Analysis गर्न नियुक्त परामर्शदाताबाट Inception Report प्राप्त भएको।<br>• हाल सम्म ७ सय ३२ स्थानीय तहमा फोर जी सेवा विस्तार भएको। |
| ३७८ | सरकारी विज्ञापनमा सबै प्रकारका पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाईन सञ्चारमाध्यमको न्यायपूर्ण पहुँच सुनिश्चित गरिने। | • नयाँ विज्ञापन नीति तर्जुमा गर्ने सम्बन्धमा प्रारम्भिक मस्यौदा प्राप्त भई विज्ञापन बोर्डमा छलफलको क्रममा रहेको।<br>• छापा माध्यमहरूलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने सम्बन्धमा कार्यविधि/मापदण्ड स्वीकृत भएको तथा लोककल्याणकारी विज्ञापन वितरण र भुक्तानी भएको।<br>• एफ.एम., रेडियो र टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने सम्बन्धी कार्यविधि/मापदण्ड स्वीकृत भई ४ सय ३८ एफ. एम., ६० वटा टि.भी. लाई लोककल्याणकारी विज्ञापन वितरण गरिएको। |
| ३७९ | सरकारी निकायबाट प्रदान गरिने सबै प्रकारका सेवालाई नागरिक एप्ससँग अन्तरआबद्ध गरिने। | • ६० वटा अनलाईन सेवालाई नागरिक एप्समा अन्तर आबद्धता गरी सञ्चालनमा ल्याउने लक्ष्य लिइएकोमा हालसम्म ४२ वटा सेवालाई नागरिक एपमा आबद्ध गरिएको। |
| ३८० | सबै प्रदेशमा चलचित्र छायाङ्कनस्थल निर्माण गरिने। गणेश हिमाल क्षेत्रमा चलचित्र छायाङ्कनस्थल बनाउन सम्भाव्यता अध्ययन गरी निर्माण प्रारम्भ गरिने। काभ्रेको बनेपामा | • प्रदेश सरकारसँग सहकार्य गर्ने गरी MOU र मापदण्ड स्वीकृत भएको।<br>• छायाँङ्कनस्थलको दीर्घकालीन विकास प्रवर्द्धन गर्न पहिचान गरिएका स्थान मध्ये सुदुरपश्चिम |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आधुनिक चलचित्र स्टुडियो निर्माण गरिने। उत्कृष्ट चलचित्र निर्माणका लागि स्टोरी बैंकको अवधारणा कार्यान्वयनमा ल्याइने। | प्रदेशको कैलाली जिल्लास्थित घोडाघोडी नगरपालिकासँग सम्झौता भएको।<br>• जग्गा प्राप्तिको प्रक्रियामा वन तथा वातावरण मन्त्रालयलाई आवश्यक पर्ने प्रतिवेदन, जग्गाको सिमाङ्कन, क्षेत्रफल लगायतको विवरण एकीन भई फाईल वन विभागमा पेश भएको।<br>• उत्कृष्ट चलचित्र निर्माणका लागि स्टोरी बैंक सञ्चालन गर्ने सम्बन्धमा उत्कृष्ट ५ वटा स्टोरी समितिद्वारा छनौट गरिएको। |
| ३८१ | हुलाक सेवाको पुनःसंरचना गरी आधुनिक र व्यावसायिक बनाइने। नागरिकता, राहदानी लगायतका महत्त्वपूर्ण दस्तावेज हुलाक सेवा मार्फत् सुरक्षित र छरितो रूपमा नागरिकको घरदैलोसम्म पुऱ्याइने। हुलाकमार्फत इ-कमर्शको सेवा विस्तार गर्न सम्भाव्यता अध्ययन गरिने। | • हुलाक सेवा प्रणालीको पुनःसंरचनाका लागि अध्ययन भैरहेको।<br>• हुलाकमार्फत् इ-कमर्सको सेवा विस्तार गर्न सम्भाव्यता अध्ययनका लागि परामर्शदाता छनौट भई सम्झौताको प्रक्रियामा रहेको।<br>• राहदानी लगायतका सबै सरकारी कागजातहरू ७७ वटै जिल्लामा हुलाकमार्फत ढुवानी गर्ने सम्बन्धमा हुलाक सेवा विभाग र राहदानी विभागबीच सम्झौता भई हुलाक मार्फत राहदानी ढुवानीको कार्य शुरू भएको। |
| ३८२ | पाँचथर, भोजपुर, सिराहा, पर्वत, दाङ्ग लगायतका विभिन्न नौ स्थानमा ट्रान्समिटर थप गरी रेडियो नेपालको पहुँच विस्तार गरिने। | • प्रसारण पहुँच वृद्धिका लागि आवश्यक यन्त्र/ उपकरण/स्पियर पार्टस/अप्टिकल फाइबर खरिद, जडान र प्रसारण लिङ्क स्थापना गर्ने सम्बन्धी बोलपत्रको सूचना प्रकाशन भएको।<br>• प्रसारण पहुँच विस्तारका लागि पर्वत जिल्लाको दुर्लुङ्गकोटमा एफ.एम. रिले केन्द्र स्थापना गरी प्रसारण विस्तार गर्न स्थलगत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भइ जडान टोली गठन भएको। ट्रान्समिटर सिष्टम खरिद अन्तर्गत १ किलोवाट, ५ सय वाट र २ सय ५० वाट क्षमताका १५ वटा ट्रान्समिटर खरिदको लागि बोलपत्र आह्वान अनुसार खरिद सम्झौता सम्पन्न भई प्रतितपत्र (LC) खोल्ने तयारीमा रहेको।<br>• पर्वत जिल्लामा प्रसारण पहुँच वृद्धिको लागि सम्झौता भएको।<br>• उपत्यकासहित १० स्थानहरूमा अप्टिकल फाइवर लिङ्क स्थापना भएको। अन्य स्थानको लागि उपकरण खरिद भइ लिङ्क स्थापनाको कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | जारी रहेको। कर्णाली प्रदेशको जुम्ला, कालिकोट, प्रदेश नं. १ को सोलुखुम्बु, इलाम, सुदुरपश्चिमको खोड्पे बैतडी, बुढितोला कैलाली, उडीतोला डोटी, गण्डकी प्रदेशको तनहुँ बन्दिपुर, दाउन्नेमा इन्टरनेट कनेक्टिभिटी लिङ्क स्थापना भएको। |
| ३८३ | नेपाल टेलिभिजनको प्रसारणलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन एनटीभी वर्ल्ड सञ्चालनमा ल्याइने। | • डि.पि.आर.को पुनरावलोकन भएको,<br>• आवश्यक यन्त्र/उपकरण खरिदका लागि सूचना प्रकाशन भई खरिद सम्झौता सम्पन्न भएको। |
| ४२८ | नेपाल दूरसञ्चार कम्पनीको स्वामित्व र प्रतिफलमा सेवा ग्राहीको पँहुच विस्तार गर्न कम्पनीका मोवाईल, ल्याण्डलाइन र इन्टरनेट सेवा उपभोग गर्ने प्राकृतिक व्यक्तिलाई कम्पनीको २२ प्रतिशत शेयर विनिवेश गरिने। हाल कम्पनीको सेवा उपयोग गरिरहेका र आगामी २०७८ पुष मसान्तसम्म थप हुने ग्राहकले समेत शेयर खरिदमा सहभागी हुने व्यवस्था मिलाइने। कम्पनीको शेयर विनिवेशसम्बन्धी विस्तृत प्रक्रिया र शेयर मूल्यको विवरण आगमी २०७८ असोज मसान्त भित्र तयार गरिने। | • नेपाल दूरसञ्चार कम्पनीको २२% शेयर विनिवेश गर्ने सम्बन्धमा KYC अद्यावधिक भएको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका कार्यहरू

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:-

| क्र.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन |
|---|---|---|
| १. | राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७७ | संशोधन |
| २. | सरकारी कार्यालयको वेवसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८ | नयाँ तर्जुमा |
| ३. | नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७५ | संशोधन |
| ४. | 5G लगायत नयाँ प्रविधिको परीक्षणसम्बन्धी कार्यविधि, २०७८ | नयाँ तर्जुमा |
| ५. | आन्तरिक नियन्त्रण कार्यविधि | नयाँ तर्जुमा |

**ख. पहिलो प्राथमिकता प्राप्त (P1) आयोजना तथा कार्यक्रमहरूको आ.व. २०७८/७९ को तेस्रो त्रैमासिक अवधिको प्रगति विवरणः**

**राष्ट्रिय सूचना प्रविधि केन्द्रः**

- कोहलपुर डाटा सेन्टरको भवन निर्माण गर्ने कार्य सम्झौताको प्रक्रियामा रहेको।
- ललितपुरमा डाटा सेन्टर र इन्टरनेट एक्सचेञ्ज सेन्टर निर्माणको लागि MTEF को सीमाभित्र रही बजेट व्यवस्था गर्ने गरी स्रोत सुनिश्चितता प्रदान भएको ।
- Web application निर्माणका लागि QR Code Based Gate Pass System निर्माण गर्न प्रस्ताव माग भएको।
- सिंहदरबार भित्र रहेको सबै मन्त्रालय/कार्यालयमा फाइवरबाट इन्टरनेट पुऱ्याइएको तथा समय-समयमा फाइवर तथा L3 Switch मा समस्या आउँदा मर्मत सम्भार गर्दै आएको।

**ग. रूपान्तरणकारी आयोजनाः डिजिटल नेपाल फ्रेमवर्क**

डिजिटल रूपान्तरणको लागि ८ वटा प्रमुख क्षेत्रहरू र यी अन्तर्गत ८० वटा डिजिटल पहलहरू पहिचान गरिएकोमा यस अन्तर्गतका मूख्यमूख्य कार्यक्रमहरूको प्रगतिः

- १० सरकारी निकायहरू को GEA Audit (Government Enterprise Architecture Audit) कार्य भइरहेको।
- नेशनल ल्याङ्गवेज कम्प्यूटेसनल रिसोर्स प्याक तयार गर्न विश्वविद्यालय, मन्त्रालय, प्रज्ञा प्रतिष्ठान, भाषा आयोग लगायतका प्रतिनिधिसहित छलफल भई अध्ययनको कार्यको लागि परामर्शदाता छनौट र सम्झौता समेत भएको।
- ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरू मध्येः (नेपाल दूरसञ्चार प्राधिकरण) १६ प्याकेजः६५ जिल्लाहरूमा १००%, १ प्याकेजः ५ जिल्लाहरूमा ५०% भन्दा बढी कार्य सम्पन्न, १ प्याकेजः ४ जिल्लाहरूमा ५०% भन्दा बढी कार्य सम्पन्न भएको। सार्वजनिक सेवा प्रवाहको लागि उच्च गतिको इन्टरनेटसम्बन्धी अध्ययन भएको।
- Wi-Fi in Religious Places अन्तर्गत कार्य सम्पन्न भएको। Annapurna Circuit र Muktinath Temple अन्तर्गत ६५% कार्य सम्पन्न भएको। Everest Base Camp अन्तर्गत १००% कार्य सम्पन्न भएको। मनास्लु, Lamjung र Langtang Circuit को Site Survey, TOR स्वीकृत भई खरिद प्रक्रियामा रहेको।
- स्पेक्ट्रमको उपलब्धता तथा व्यवस्थापन सुधार गर्न 900, 1800, 2100 MHz Band मा बढाबढ गरी फ्रिक्वेन्सी वितरण गरिएको। 900 र 1800 MHz Band मा टुक्रा टुक्रा गरी वितरण गरिएको Frequency लाई Reframing गरेर सेवा प्रदायकहरूलाई Broadband सेवा प्रदान गर्न सहज हुनेगरी Contiguous Spectrum प्रदान गरिएको।
- VSAT सेवाको लागि थप फ्रिक्वेन्सी बाँडफाँट गरिएको।
- IOT/M2M, UWB, ISM आदिमा प्रयोग तथा दूरसञ्चार सेवा विविधीकरणको लागि Unlicensed Band पहिचान गरी रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति समक्ष सिफारिश गरिएको।
- Frequency को Intra-band तथा Inter-band Interference को पहिचान तथा निराकरण सम्बन्धमा अध्ययन गर्न त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थानसँग MOU गरिएको।
- नागरिक एपमा हालसम्म विभिन्न सरकारी निकायका ४२ वटा सेवाहरूलाई आवद्ध गरिएको।

- ७ सय ५१ वटा सरकारी निकायहरूलाई E-attendance Device वितरण गरिएकोमा ५ सय ८७ वटा निकायहरूमा Active रहेको र ४ सय ८२ वटा स्थानीय तहहरूमा Software वितरण गरिएकोमा ३ सय ५७ वटा स्थानीय तहहरूमा Active रहेको।
- चालु आर्थिक वर्षमा १० वटा सरकारी निकायलाई GEA सम्बन्धी तालिम दिने र १० वटा सरकारी निकायको GEA Audit गर्ने कार्य भइरहेको। ।
- "स्थानीय तहका लागि Common Template मा निर्मित मोबाइल एप्स" मा Digital Wallet सुविधा सहित Upgrade गरी हाल ६ सय ६४ वटा स्थानीय तहहरूले प्रयोगमा ल्याइएको।
- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली विकास गरी मन्त्रालय र सूचना प्रविधि विभाग लगायत ६ वटा विभिन्न निकायमा कार्यान्वयन भइरहेको।
- ललितपुर जिल्ला अन्तर्गतका गाँउपालिका शैक्षिक संस्था, स्वास्थ्य संस्थामा ब्रोडव्याण्ड सेवा पुऱ्याउन सेवा प्रदायकसँग सम्झौता भई ब्रोडव्याण्ड सेवा विस्तारको कार्य प्रारम्भ भएको।
- सिंहदरबार, पद्मकन्या क्याम्पस र सञ्चारग्राममा Free Wi-Fi Hotspot स्थापना गरिएको।
- हालसम्म ७ सय ३८ पालिकाको कार्यालय, ६ हजार १ सय ९० वडा कार्यालय, ४ हजार १ सय ४७ स्वास्थ्य केन्द्र र ५ हजार १ सय ९६ सामुदायिक माध्यामिक विद्यालयमा ब्रोडव्याण्ड ईन्टरनेट जडान कार्य सम्पन्न भएको।
- Tribhuvan University (TU), Institute of Engineering (IOE) मार्फत उपरोक्त अध्ययन/अनुसन्धान गर्न/गराउन प्राधिकरण र IOE बीच Memorandum of Understanding (MOU) भएको।
- नेपालमा 5G को सम्भाव्यता सम्बन्धमा अध्ययन गर्न परामर्शदातासँग सम्झौता भई प्रतिवेदन प्राप्त भएको।
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई 5G परीक्षणको अनुमति प्रदान गरिएको।
- निर्माणाधीन काठमाडौं-निजगढ दुर्तमार्गमा Fibre Connectivity व्यवस्था गर्न Ducting गर्नका लागि सेवा प्रदायक छनौट गरी अनुदान दिई कार्य गराउने कार्यको Technical Specifications/BOQ/Design तयार गरी नेपाली सेना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, रक्षा मन्त्रालय र सडक विभागलाई पठाइएको।
- ९ सय ३० वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरिएको।
- संघीय निर्वाचन क्षेत्रका निर्वाचन क्षेत्रमा ९ सय ३० विद्यालयमा सूचना प्रविधि प्रयोगशाला निर्माण गर्ने कार्यको Monitoring, Evaluation र Certification गर्न Third Party नियुक्त गरी Monitoring, Evaluation र Certification गर्ने काम सम्पन्न भएको।
- हालसम्म १२ हजार १ सय ३९ कि.मि. अप्टिकल फाइबर नेटवर्क निर्माण भएको।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

### चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४३४५८४ | ३९७०८१ | ९१.३७ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १५८२०० | १४७४५२ | ९३.२१ |
| ३५८०१०११३ | मुद्रण विभाग | ७८१५८ | ६३३२८ | ८१.०३ |
| ३५८०२०११३ | सूचना तथा प्रसारण विभाग | १३५२५० | १०३३४५ | ७६.४१ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | ८४६७४ | ३४८८७ | ४१.२० |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २८४२८८ | २३७४७७ | ८३.५३ |
| ३५८०३०१३३ | गोश्वारा हुलाक | २०२९५० | १७६८५८ | ८७.१४ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३२५५००३ | २६५३४०५ | ८१.५२ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १५५५० | ९२४६ | ५९.४६ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १४३५० | ८३६५ | ५८.२९ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४०८०० | २३१८९ | ५६.८४ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ३९२०० | २४९४४ | ६३.६३ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १४५०० | ८५६४ | ५९.०६ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ५१२३३ | ४२१०९ | ८२.१९ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ५०४०० | ५०४०० | १००.०० |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १३८३०० | १३८३०० | १००.०० |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ७३०० | ५९२२ | ८१.१२ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | ३२४२५५ | ३२४२५५ | १००.०० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | १६५०० | ११२८९ | ६८.४२ |
| | **कुल जम्मा** | **५३४५४९४** | **४४६०४१६** | **८३.४४** |

### पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५५५७ | २४५५ | ४४.१७ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ७९७०३१ | ७७६५८४ | ९७.४३ |
| ३५८०१०११४ | मुद्रण विभाग | ८६७५ | ६६७७ | ७६.९७ |
| ३५८०२०११४ | सूचना तथा प्रसारण विभाग | २११४३ | १८९२८ | ८९.५२ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ६४०० | ५२७९ | ८२.४९ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | ५५९२ | ४९१३ | ८७.८६ |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | १५४०० | १४६५९ | ९५.१९ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ७४१६० | ५५९७७ | ७५.४८ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | २०० | १७० | ८४.७५ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | १०० | १०० | १००.०० |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | २०० | २०० | ९९.८५ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | २७६६०० | २२९१७७ | ८२.८५ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ४११०० | २८४७२ | ६९.२७ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १००० | ९८५ | ९८.४६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ७०० | ६८४ | ९७.७० |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | ७७३९२७ | ७६४१०५ | ९८.७३ |
| | कुल जम्मा | २०२७७८५ | १९०९३६३ | ९४.१६ |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५३६८९० | २६८६१९ | ५०.०३ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १५७३०० | ७४७१५ | ४७.५० |
| ३५८०१०११३ | मुद्रण विभाग | ८५३०० | ४११३८ | ४८.२३ |
| ३५८०२०११३ | सूचना तथा प्रसारण विभाग | ३७१०० | १८३८३ | ४९.५५ |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | १४८१७० | २१५९० | १४.५७ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २४३६०० | १५४५१० | ६३.४३ |
| ३५८०३०१३३ | गोश्वारा हुलाक | १९७९०० | १३७२१० | ६९.३३ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | ३२१२८४० | १९६८२९७ | ६१.२६ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १५६०० | ९६१६ | ६१.६४ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १२६०० | ७५६६ | ६०.०५ |
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ३९६०० | ७५३३ | १९.०२ |
| ३५८०४०११३ | सुचना प्रविधि विभाग | ३४२९२ | २०३७२ | ५९.४१ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १९४०० | ६५५९ | ३३.८१ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ४६२०० | २९२५१ | ६३.३१ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ४६९०० | ४११६५ | ८७.७७ |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १३५८०० | १०२२८९ | ७५.३२ |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ५९०० | ३६०४ | ६१.०९ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | २४०००० | १८५२८८ | ७७.२० |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | १३८०० | ७१२२ | ५१.६१ |
| | कुल जम्मा | ५२२९१९२ | ३१०४८२८ | ५९.३७ |

**पुँजीगत खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १८५०० | ११७२ | ६.३३ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५८३८०० | १८२२४२ | ३१.२२ |
| ३५८०१०११४ | मुद्रण विभाग | ११८०० | १५२६ | १२.९३ |
| ३५८०२०११४ | सूचना तथा प्रसारण विभाग | १७४०० | ३३४५ | १९.२२ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ४४०० | ७५१ | १७.०६ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | ७५०० | १०९९ | १४.६५ |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | १६००० | ३०९१ | १९.३२ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ६०६०० | २०१९७ | ३३.३३ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | ५०० | ३९८ | ७९.५७ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | १०० | ९९ | ९९.४४ |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ३०० | २०० | ६६.६३ |
| ३५८०४०११४ | सुचना प्रविधि विभाग | १९४५०० | ७३१० | ३.७६ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | २६६०० | १५५ | ०.५८ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | ८०० | ७५७ | ९४.५७ |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ७०० | ९९ | १४.१६ |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | १०२०१०० | १४९००२ | १४.६१ |
| कुल जम्मा | | १९६३६०० | ३७१४४२ | १८.९२ |

# शहरी विकास मन्त्रालय

## १. पृष्ठभूमि

शहर तथा शहर उन्मुख बस्तीहरूको योजनावद्ध शहरी पूर्वाधार विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्न तथा तत्सम्बन्धी विकासका क्रियाकलापहरूमा तीब्रता ल्याउन एक छुट्टै नेतृत्वदायी निकायको आवश्यकता महशुस भई २०६९ जेष्ठ ५ गते यस मन्त्रालयको गठन भएको हो। रणनैतिक सडक बाहेकका शहरी सडकको निर्माण तथा सम्भारको जिम्मा पनि यस मन्त्रालयले पाएको छ। शहरी विकास मन्त्रालयका तीन महाशाखाहरूले मन्त्रालय अन्तर्गतका नीतिगत कार्य गर्नुका साथै मन्त्रालय अन्तर्गतका निकायहरूबाट भइरहेका निर्माण कार्य तथा सेवा प्रवाह कार्यको अनुगमन तथा मूल्याङ्कन गर्दछ।

## २. दीर्घकालीन सोच

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर शहर तथा बस्तीहरू निर्माण गर्ने,
- सुरक्षित, किफायती, वातावरणमैत्री भवन निर्माण गर्ने।

## ३. उद्देश्य

- व्यवस्थित, सफा, सुविधायुक्त, पूर्वाधार सेवा सहितको सुन्दर शहर तथा बस्तीहरूको विकास गर्ने,
- सबै आय वर्गका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण, स्तरोन्नति तथा सुधार गर्ने।

## ४. रणनीति

- शहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने,
- आवास विकासमा सार्वजनिक-निजी साझेदारीको माध्यमद्वारा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गर्ने,
- भौगोलिक रूपमा विकट, सेवा सुविधा पुऱ्याउन कठिन, अपायक तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने तथा नजिकको एकीकृत बस्ती मा स्थानान्तरण हुन प्रोत्साहन गर्ने,
- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने,
- काठमाडौं उपत्यकाको शहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ बस्ती विकास, शहरी पुनःस्थापना कार्यक्रम, खुल्ला क्षेत्र व्यवस्थापन र सफा शहरको अवधारणालाई कार्यान्वयन गर्दै लैजाने।

## ५. जनशक्ति विवरण

| क्र.सं. | निकाय | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल |
|---|---|---|---|---|---|
| १ | शहरी विकास मन्त्रालय | ७७ | ७० | ७ | ० |
| २ | शहरी विकास विभाग | ३०३ | २९२ | ११ | २ |
| ३ | सङ्घीय सचिवालय | ५४ | ४४ | ७ | ३ |
| ४ | FPIU (७ वटा) | १२९ | ११२ | १७ | ० |

## ६. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा उल्लेखित बजेट वक्तव्यका बुँदाहरूको २०७८ चैतसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३२७ | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १ लाख ६८ हजार घरका खर र फुसका छानालाई जस्तापाताले प्रतिस्थापन गरिने। यसका लागि हाल प्रदान गरिँदै आएको अनुदान रकममा ५० प्रतिशतले वृद्धि गरी प्रति घर रु. ७५ हजार पुऱ्याइने। | • यस आ.व.को चैत मसान्तसम्म १ लाख ३७ हजार १५ लाभग्राही छनौट भई १ लाख २६ हजार ६ सय ९८ लाभग्राहीसँग सम्झौता भएको।<br>• हालसम्म यस कार्यक्रम अन्तर्गत २४ हजार ५ सय ९७ आवासहरू सम्पन्न भएको। |
| ३२८ | ताप्लेजुङ्ग, सर्लाही, मकवानपुर, पर्वत, प्युठान, जुम्ला, डडेल्धुरा लगायतका ७३ जिल्लाका अति विपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका २१ हजार ८ सय परिवारलाई जनता आवास कार्यक्रम अन्तर्गत निर्माणाधीन घर यसै वर्ष सम्पन्न गरी हस्तान्तरण गरिने। | • क्रमागत रहेका २० हजार ७ सय ७९ आवासहरूमध्ये ७ सय ३८ आवासहरू यस आ.व. को चैत मसान्तसम्ममा सम्पन्न भएको। |
| ३२९ | जोखिमयुक्त बस्ती स्थानान्तरण गर्न र छरिएर रहेका बस्ती एकीकृत गरी खानेपानी, विद्युत, सडक लगायत विकासका आधारभूत पूर्वाधार पुऱ्याउन मोरङ्ग, धनुषा, सिन्धुपाल्चोक, पर्वत, अर्घाखाँची, हुम्ला, बैतडी लगायतका ४१ जिल्लाका ८६ स्थानमा एकीकृत बस्ती विकास गरिने। | • डडेलधुराको परशुराम नगरपालिकामा निर्माण भइरहेको एकीकृत बस्तीमा आवास निर्माण गर्ने कार्यक्रम अन्तर्गत ३२ परिवारले सम्झौता अनुसार दोस्रो किस्ता लिएर निर्माण कार्य गरिरहेको।<br>• डडेलधुराको परशुराम न.पा.मा एकीकृत बस्तीमा पूर्वाधार निर्माणको काम सम्झौता भई निर्माण कार्य भइरहेको। |
| ३३० | सिन्धुपाल्चोक, गुल्मी, वाग्लुङ्ग, म्याग्दी, दाङ्ग, सुर्खेत, बाँके, बर्दिया लगायतका जिल्लामा विपद्वाट विस्थापित परिवारका लागि पुनःस्थापना कार्यक्रम कार्यान्वयन गरिने। | • सिन्धुपाल्चोकमा निर्माणको लागि प्रस्तावित एकीकृत बस्तीको लागि जग्गा प्राप्ति गर्न नसकिएको। |
| ३३१ | गौरीगञ्ज, धनकुटा, मौलापुर, चन्द्रपुर, गुण्डु, | • स्मार्ट सिटी निर्माणको लागि वातावरणीय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | काभ्रे भ्याली, वालिङ्ग, लुम्बिनी साँस्कृतिक, तुलसीपुर, दुल्लु, अमरगढी र भीमदत्त नगरपालिकामा दिगो, सुरक्षित र प्रविधिमैत्री स्मार्ट सिटी निर्माण गरिने। | प्रभाव मूल्याङ्कनको कार्य भइरहेको। |
| ३३२ | सघन शहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेशका जिल्ला सदरमुकामहरू महेन्द्रनगर, धनगढी, गुलरिया, नेपालगञ्ज, तौलिहवा, सिद्धार्थनगर, परासी, वीरगञ्ज, कलैया, गौर, मलङ्गवा, जलेश्वर, जनकपुरधाम, सिराहा, राजविराज, इनरुवा, विराटनगर, भद्रपुर तथा तीव्र रूपमा शहरीकरण भइरहेका नगरपालिकाहरूमा सडक, ढल, खानेपानी, मनोरञ्जनपार्क, बसपार्क, शिक्षा तथा स्वास्थ्य क्षेत्रका शहरी पूर्वाधार आयोजनाहरू कार्यान्वयन गरिने। | • क्षेत्रीय शहरी विकास आयोजना, बागमती सुधार आयोजना तथा उपत्यका विकास प्राधिकरण मार्फत यस आ.व.मा १ सय १० कि.मि. सडक स्तरोन्नति, १ सय ३० कि.मि. सडक, १.२ कि.मि ढल (ड्रेन), १ सय ६२ कि.मि. सतह नालाको निर्माण कार्य सम्पन्न भएको। |
| ३३६ | व्यवस्थित आवासको लागि एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहन गरिने। चाँगुनारायण, सूर्यविनायक, मध्यपुर, थिमी, शंखरापुर र कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रका चार स्थानमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गरी सार्वजनिक निजी साझेदारीमा नयाँ शहर निर्माण कार्य अगाडि बढाइने। म्याङ्गलुङ्ग, रामेछाप, भीमफेदी, बन्दीपुर, तानसेन, नारायण, जुम्ला खलङ्गा, सिलगढी लगायतका पुराना शहरहरूमा शहरी पूर्वाधार विकास गरी शहर पुनःजागृत गरिने। | • काठमाडौं उपत्यकामा प्रस्तावित चार स्थानका नयाँ शहरहरूमध्ये चाँगुनारायण, सूर्यविनायक, मध्यपुरथिमी, शंखरापुर र कागेश्वरी मनोहरा नगरपालिकाहरूमा बन्ने ईशान स्मार्ट सिटिको भौतिक विकास योजना स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरिएको। |
| ३३७ | स्थानीय तहमा राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्ड कार्यान्वयन गर्न क्षमता अभिवृद्धि गरिने। | • परिमार्जित नयाँ भवन संहिता सम्बन्धमा विभिन्न तालिमहरू सञ्चालन गरिएको। |
| ३३८ | नगर विकास कोषलाई नगर वित्त निगमको रूपमा पुनःसंरचना गरी पुँजी वृद्धि गरिने। निगमलाई नगर क्षेत्रका भौतिक पूर्वाधार विकासको लागि प्राविधिक सहायता र अनुदान मिश्रित वित्त परिचालन गर्ने संस्थामा विकास गरिने। | • शहरी पूर्वाधार विकास निगमको विधेयकको मस्यौदा तयार भई छलफल, राय, परिमार्जनका लागि सरोकारवाला निकायमा पठाइएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ३३९ | स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा वातावरणमैत्री प्रविधिमा आधारित फोहर प्रशोधन प्लान्टको स्थापना गर्न स्थानीय तहलाई अनुदान उपलब्ध गराइने। काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरमैला व्यवस्थापन सम्बन्धी समस्याको स्थायी समाधानको लागि बञ्चरेडाँडामा फर्नेस प्लान्ट स्थापना गरिने। | • निर्माणाधीन बन्चरे डाँडा ल्यान्डफिल साईटको पहिलो चरणको ८०% तथा दोस्रो चरणको कार्य ९०% निर्माण कार्य सम्पन्न भएको। |
| ३४१ | काठमाडौं उपत्यका भित्रका बागमती, विष्णुमती, इच्छुमती, कर्मनाशा, हनुमन्ते लगायतका नदीहरूको सफाइ तथा सौन्दर्यकरण गरिने। बागमती नदीको उद्गमस्थलको जलाधार संरक्षण तथा जलप्रवाहमा सुधार गर्न सुन्दरीजलमा नागमती बाँध निर्माण गरिने। | • धाप ड्याम निर्माणको अन्तिम चरणमा रहेको। आउँदो वर्षायामबाट पानी जम्मा गरिने।<br>• बागमती नदीमा २.६ कि.मि. नदी नियन्त्रण कार्य सम्पन्न।<br>• टेकुस्थित बागमती नदी किनारमा अवस्थित २८ वटा धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका धरोहरहरूको पुनर्निर्माण गर्ने कार्यको ७५% प्रगति रहेको। |
| ३४२ | सङ्घीय संसद लगायत निर्माणाधीन भवन, सम्मेलन केन्द्र र सभागृह निर्माण गर्ने। सरकारी स्वामित्वका सभागृह तथा सम्मेलन केन्द्र सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाइने। | • सङ्घीय संसद भवनको-४३%, मन्त्री आवासको-७८%, प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास भवन-७९%, प्रधानमन्त्री आवास भवन-९४%, मन्त्री निवास (दोस्रो चरणको)-३%, चण्डी दलको भवन- ५% प्रगति रहेको ।<br>• बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र -९१% र बुटवल अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र -५५% प्रगति रहेको ।<br>• विभिन्न जिल्लाहरूमा २६ वटा सभाहल निर्माणाधीन रहेको। |
| ३४३ | पुष्पलाल राजमार्ग र हुलाकी राजमार्गका २७ स्थानमा नयाँ शहर विकास गरिने। | • यस कार्यक्रम अन्तर्गत यस आ.व.मा ३५ कि.मि. सडक ट्र्याक खोल्ने, स्तरोन्नति गर्ने र ग्राभेल गर्ने कार्य सम्पन्न भएको, १८ कि.मि. सडक कालोपत्रे भएको, २३ कि.मि. सतह नालाको निर्माणको कार्य सम्पन्न भएको। |
| ३४४ | सरकारी कार्यालय र आवासको डिजाइन र | • मन्त्रालयबाट भवन निर्माण मापदण्ड |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सुविधामा एकरुपता कायम गर्न कार्यालयको कार्यक्षेत्र, सेवाको प्रकृति र कार्यरत जनशक्ति समेतको आधारमा शहरी विकास मन्त्रालयले भवन निर्माण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने। | तर्जुमा गर्ने कार्य भइरहेको। |
| ३४५ | लुम्बिनी प्रदेशको केन्द्र देउखुरी तथा सुदूर पश्चिम प्रदेशको केन्द्र गोदावरीमा पूर्वाधार निर्माणका लागि वित्तीय हस्तान्तरण गरिने। नवलपरासी पूर्व र रूकुम पूर्व जिल्ला सदरमूकामको पूर्वाधार विकास गरिने। | • नवलपरासी (बर्दघाट सुस्ता पूर्व) सदरमुकामको पूर्वाधार निर्माणको कार्य ८०% सम्पन्न भएको तथा सो क्षेत्रको मास्टर प्लान तथा भवनहरूको डिजाईनको कार्य अन्तिम चरणमा रहेको। |

## ७. चालु आर्थिक वर्ष (२०७८/७९) को चैत मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

| क.सं. | नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू | नयाँ तर्जुमा/संशोधन | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक निर्माणमा कन्टिजेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७७ | नयाँ तर्जुमा | यस आ.व.बाट कार्यविधि लागू गरिएको। |

### ख. रूपान्तरणकारी आयोजना/कार्यक्रमहरू

**नयाँ शहर आयोजना**

नयाँ शहर आयोजना अन्तर्गत ५० कि.मि. सडक ट्र्याक खोल्ने, स्तरोन्नति तथा ग्राभेल गर्ने कार्य सम्पन्न भएको, २३ कि.मि. सडक कालो पत्रे भएको, ३० कि.मि. सतह नालाको निर्माणको कार्य सम्पन्न भएको। यस आयोजना अन्तर्गत जग्गा विकास कार्यक्रम अन्तर्गत पुर्वाधार निर्माण कार्यको प्रगति २०% रहेको।

**शहरी कोरिडोर आयोजना**

यस आयोजना अन्तर्गत हाल अध्ययनको कार्य भइरहेको र आगामी आ.व.बाट निर्माणको कार्य शुरू गर्ने कार्यक्रम रहेको।

### ग. वार्षिक विकास कार्यक्रम

**शहरी विकास**

- व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि भन्ने दीर्घकालीन सोच र सर्वसुलभ, समृद्ध, दिगो र सुन्दर शहरको विकास गर्ने लक्ष्यसहित शहरी विकासतर्फ सघन शहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, स्मार्ट शहर, एक शहर एक पहिचान, बागमती सुधार आयोजना, धोवीखोला सुधार आयोजना, क्षेत्रीय शहरी विकास आयोजना जस्ता कार्यक्रमहरू सञ्चालन भइरहेका।

- बागमती नदी सफाइ अभियानलाई निरन्तरता दिँदै काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेको बागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदीहरू ढल र प्रदुषणमुक्त बनाउन यस आ.व. मा १.२ कि.मी. ढल निर्माण, तथा २.६ कि.मि. नदी नियन्त्रणको कार्य भएको। बागमती नदीमा सुख्खायाममा समेत न्यूनतम् वहाव कायम राख्ने उद्देश्यले निर्माण शुरू गरिएको धाप ड्याम निर्माणको कार्य ९९% सम्पन्न भएको। आउँदो वर्षामा यस ड्याममा पानी जम्मा गरी हिउँदमा पानी छोडिने।
- देश भरमा २७ वटा नयाँ शहर र १३ वटा स्मार्ट शहर निर्माण गर्न पूर्वाधारको निर्माण कार्य शुरू गरिएको। शहरहरूको योजनावद्ध रूपमा एकीकृत विकास गर्न १ सय ८५ वटा नगरपालिकाहरूको एकीकृत शहरी विकास योजना तयार गरिएको। थप ५० वटा नगरपालिकाहरूको योजना तयार गर्न परामर्शदाता नियुक्तिको प्रक्रियामा रहेको।
- काठमाडौंको साँखु-मूलपानी क्षेत्र र भक्तपुरको खरिपाटी सिन्टीटार लगायतको क्षेत्र (काठमाडौं ईशान) को एकलाख रोपनी, भक्तपुरको कटुञ्जे-गुण्डु क्षेत्र (काठमाडौं आग्नेह) मा १० हजार रोपनी र काठमाडौंको टोखा तारकेश्वर क्षेत्र (काठमाडौं उत्तर) क्षेत्रमा १० हजार रोपनीमा नयाँ उपशहर निर्माणका लागि सम्भाव्यता अध्ययन सम्पन्न भई भौतिक विकास योजना तर्जुमा भएको। सो मध्ये काठमाडौं ईशानको भौतिक विकास योजना स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको।
- ललितपुरको गोदावरी नगरपालिका डुकुछाप क्षेत्रमा १ हजार १ सय २५ रोपनीमा जग्गा विकास कार्यक्रम सञ्चालन गर्न भौतिक विकास योजना तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश भएको।

**आवास**

- एकीकृत बस्ती विकास अन्तर्गत मुगुमा पहिरोबाट प्रभावित ३४ परिवारहरूका लागि आवास निर्माण कार्य सम्पन्न भएको । पूर्वाधार निर्माणको लागि सम्झौता भई निर्माण कार्य शुरू भएको।
- डडेलधुराका ३५ परिवारका लागि आवास निर्माण कार्यमा ३२ परिवारले दोस्रो किस्ताको भुक्तानी लिई निर्माण कार्य भइरहेको । पूर्वाधार निर्माणको लागि सम्झौता भई निर्माण कार्य शुरू भएको।

**भवन निर्माण**

- बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सभाहलको प्रथम चरण (मुख्य सभाहल भवन)को निर्माण कार्य गत आ.व. मा सम्पन्न भएको। दोस्रो चरण अन्तर्गतका कार्यहरू (North Block, South Block, Staff Quarter, Paking) को ८७% निर्माण कार्य सम्पन्न भएको। प्रदर्शनी केन्द्रको निर्माण कार्य ५३% सम्पन्न भएको।
- भरतपुर सभाहलको ३४% निर्माण कार्य सम्पन्न भएको।
- ५९% निर्माण कार्य सम्पन्न भएको दमकमा भ्यू टावरको एघारौ तल्लाको ढलानको कार्य भइरहेको।

## ८. आर्थिक वर्ष २०७७/७८ को खुद बजेट तथा खर्चको विवरणः

### चालु खर्च

(रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | ९५११४ | ८६४२५ | ९०.८६ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १३९००० | ११९२५७ | ८५.८० |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण विभाग | ९५६२३ | ६९४३४ | ७२.६१ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १८२७०० | १४७७७९ | ८०.८९ |
| ३४७०१०१३३ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | १४७१४८ | ११५६५६ | ७८.६० |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | १३८४०९ | ४२२२५ | ३०.५१ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ३०० | २९० | ९६.५९ |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ७३२४१ | ५११३९ | ६९.८२ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ३९९४२ | २४२०५ | ६०.६० |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३४०० | २१२८ | ६२.५९ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २६४०० | १३१२७ | ४९.७२ |
| ३४७०१११०३ | नयाँ शहर आयोजना | ९२६०६ | ६६१४० | ७१.४२ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २१९५४४५ | १७६८०८७ | ८०.५३ |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १७४०० | १२७४३ | ७३.२४ |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | ६८०० | २३२० | ३४.११ |
| ३४७५११०१३ | नगर विकास कोष | २३०००० | १७७६०२ | ७७.२२ |
| ३४७७११०१३ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | ९४५०० | ८२३८७ | ८७.१८ |
| ३४७७११०२३ | धोविखोला कोरिडोर सुधार आयोजना | ५६०० | ४६०३ | ८२.१९ |
| | **कुल जम्मा** | **३५८३६२९** | **२७८५५४६** | **७७.७३** |

### पुँजीगत खर्च

(रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | १३१८० | ९७९१ | ७४.२९ |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | २६८९६३२ | २२२३२३६ | ८२.६६ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ४१५००० | ३०५०४३ | ७३.५० |
| ३४७०१०१३४ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | ७७००० | ६१६१० | ८०.०१ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | १२१५४२ | ८२०४४ | ६७.५० |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १९०४९३ | ११८७६८ | ६२.३५ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ११११४११५८ | ९५८९२२७ | ८६.०७ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २८५२११० | २६२३०३१ | ९१.९७ |
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १०१०० | ९२७५ | ९१.८३ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | १७००५० | ६८९७४ | ४०.५६ |
| ३४७०१११०४ | नयाँ शहर आयोजना | १८०४९५५ | १५४६२६७ | ८५.६७ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २७०५२१६ | ६३०१६२ | २३.२९ |
| ३४७०१११४४ | एकीकृत बस्ती विकास कार्यक्रम | ३४२४०० | २५६८३३ | ७५.०१ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | २८९६९१६ | २५९६१७४ | ८९.६२ |
| ३४७०१११८४ | शहरी कोरिडोर आयोजना | १९०० | ० | ०.०० |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७७११०१४ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | १५५९९५१ | १३८११४२ | ८८.५४ |
| ३४७७११०२४ | धोविखोला कोरिडोर सुधार आयोजना | २८४४८२ | २६९०८२ | ९४.५९ |
| | कुल जम्मा | २७२७६०८५ | २१७७०६६० | ७९.८२ |

## ९. आर्थिक वर्ष २०७८/७९ को खुद बजेट तथा चैत मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | ९४६०० | ३७६१३ | ३९.७६ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १२८५०० | ५७२३९ | ४४.५४ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण विभाग | ९८६०० | ५५८४० | ५६.६३ |
| ३४७०१०१२३ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १७४३०० | ८२४३२ | ४७.२९ |
| ३४७०१०१३३ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | २०३५०० | ९२९३६ | ४५.६७ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | ८५५०० | २४३१३ | २८.४४ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ३०० | ० | ०.०० |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ७५२०० | ३६८२७ | ४८.९७ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ५६६०० | १७३१७ | ३०.५९ |
| ३४७०११०७३ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १२०० | ७४१ | ६१.७७ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९६०० | १२२४९ | ४१.३८ |
| ३४७०१११०३ | नयाँ शहर आयोजना | ९८२०० | ५४४५१ | ५५.४५ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ५०७८०० | २९७६२८ | ५८.६१ |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १७८०० | १०३४२ | ५८.१० |
| ३४७०१११८३ | शहरी कोरिडोर आयोजना | ६६०० | १२४१ | १८.८१ |
| ३४७५११०१३ | नगर विकास कोष | १७०००० | ४५००० | २६.४७ |
| ३४७७११०१३ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | ९९४०० | ६५२२९ | ६५.६२ |
| ३४७७११०२३ | धोविखोला कोरिडोर सुधार आयोजना | ५७०० | २९४३ | ५१.६३ |
| | कुल जम्मा | १८५३४०० | ८९४३४१ | ४८.२५ |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | ९००० | २६२ | २.९१ |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | ३५००७७५ | १०५११५७ | ३०.०३ |
| ३४७०१०१२४ | सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ४२०००० | १६१९२५ | ३८.५५ |
| ३४७०१०१३४ | सङ्घीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरू | ८०००० | ३७१०५ | ४६.३८ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | ६३००० | १२५२४ | १९.८८ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | २२०००० | ३६८७ | १.६८ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ११६०७८०० | ३८३३०८८ | ३३.०२ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २०१२२८२ | १०८३१०७ | ५३.८२ |
| ३४७०११०७४ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ५००० | ९८१ | १९.६३ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | २९७४०० | १३०४८ | ४.३९ |
| ३४७०१११०४ | नयाँ शहर आयोजना | २९६०७०० | ८४५३३९ | २८.५५ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २८१०३०० | ६७६५५२ | २४.०७ |
| ३४७०१११४४ | एकीकृत बस्ती विकास कार्यक्रम | ९४८००० | ६२१३३ | ६.५५ |

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११११७४ | विशेष भवन निर्माण आयोजना | २५८७५०० | ७००५२१ | २७.०७ |
| ३४७०११११८४ | शहरी कोरिडोर आयोजना | ३०२०० | ० | ०.०० |
| ३४७७११०१४ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | १२४६७०० | ३०८२३२ | २४.७२ |
| ३४७७११०२४ | धोविखोला कोरिडोर सुधार आयोजना | १९४००० | १६७८८३ | ८६.५४ |
| | **कुल जम्मा** | **२८९९२६५७** | **८९५७५४४** | **३०.९०** |

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने मौलिक हकको व्यवस्था गरेको छ। देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चत गर्नु राज्यको दायित्व हो। यसै सन्दर्भमा लोककल्याणकारी राज्यको अवधारणाअनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानुपर्ने आवश्यकता छ। स्वास्थ्य क्षेत्रमा कार्यान्वयन गरिएका विभिन्न कार्यक्रमको परिणाम स्वरूप मातृ मृत्यु अनुपात २ सय ३९ प्रतिलाख जीवित जन्म, नवजात शिशु मृत्युदर २० प्रति हजार जीवित जन्म, पाँच वर्ष मुनिका बाल मृत्युदर ३२ प्रतिहजार जीवित जन्ममा झरेको र जन्मदाको अपेक्षित उमेर ७०.८ वर्ष भएको छ।

दिगो विकास लक्ष्यलाई विकास योजनामा आन्तरिकीकरण गर्ने क्रममा पन्ध्रौं योजनाका नतिजा सूचकका रूपमा दिगो विकास लक्ष्य सूचकलाई लिएको छ। नागरिकलाई स्वस्थ बनाउन आधुनिक, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा, स्वास्थ्य सुशासन र अनुसन्धान, विश्वभरीमा महामारी संकटको रूपमा फैलिएको कोभिड-१९ जस्ता रोगहरूको पहिचान तथा नियन्त्रणको लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत गुणस्तरीय, समतामूलक र न्यायोचित स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउन आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमबीच तादाम्यता गरिएको छ।

## २. दीर्घकालीन सोच

- स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक (स्वास्थ्य तथा पोषण)।
- उत्पादनशील जनसांख्यिक स्रोत (जनसङ्ख्या तथा बसाइँसराइ)।

## ३. उद्देश्य

- संघ, प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्ने (स्वास्थ्य तथा पोषण),
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिवृद्धि गर्दै नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रको रूपमा क्रमशः रूपान्तरण गर्ने (स्वास्थ्य तथा पोषण),
- बहुक्षेत्रीय समन्वय तथा साझेदारी सहित स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउदै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने (स्वास्थ्य तथा पोषण),
- सबै नागरिकलाई स्वस्थ, सवल र सक्रिय बनाई औसत आयुमा वृद्धि गर्ने (जनसंख्या तथा बसाइँसराइ),
- बसाइँसराइ तथा सहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदुपयोग गर्ने (जनसंख्या तथा बसाइँसराइ),
- जनसंख्यासम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्ने (जनसंख्या तथा बसाइँसराइ) ।

## ४. रणनीति

**स्वास्थ्य तथा पोषण**

- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूतदेखि विशिष्टिकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पँहुच सुनिश्चित गर्ने,
- आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनावद्ध विकास र विस्तार गर्ने,
- जीवनपथको अवधारणा (Life Course Approach) अनुरूप सबै उमेर समूहका नागरिकहरूको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गगीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा विस्तार गर्ने,
- जनसंख्याको वितरण, भौगोलिक अवस्थिति एवम् आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तहमा अस्पताल र स्वास्थ्य संस्थाहरू तथा सीप-मिश्रित सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने,
- स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वास्थ्य वित्तीय प्रणालीको विकास गर्ने,
- स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गर्दै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई व्यवस्थापन तथा नियमन गर्ने,
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधिजन्य सामाग्रीको उत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने,
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यका लागि सामुदायिक स्वास्थ्य प्रणाली सहितको एकीकृत उपाय अवलम्वन गर्ने,
- स्वास्थ्य सूचना प्रणालीलाई थप व्यवस्थित, एकीकृत र प्रविधिमैत्री बनाउँदै सबै तहको स्वास्थ्य सूचनाको मागलाई यथोचित सम्बोधन गरी अनुगमन, मूल्याङ्कन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रकियामा तथ्याङ्कको प्रयोग बढाउने,
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्रलाई समयानुकुल परिमार्जन गर्दै प्रदेशस्तरसम्म विकास र विस्तार गर्ने,
- आप्रवास प्रक्रियाबाट जन स्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्था मिलाउने,
- बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- बहुक्षेत्रीय समन्वय मार्फत सबै नीतिमा स्वास्थ्यलाई समावेश गर्ने।

**जनसङ्ख्या तथा बसाइँसराइ**

- किशोरकिशोरी तथा युवाहरूको सुरक्षित यौन तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमूखी कार्यक्रमको रूपमा विकास गर्ने,
- जनसांख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसरहरू सिर्जना गर्ने,
